सर्वाधिक बिक्री हुने
# साप्ताहिक
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १६ ● अंक ... काठमाडौं, शुक्रबार, असोज २९, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Oct 15, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-



मेरो संस्कृति मेरो गौरव : डेनमार्कको कोपेनहेगनमा यसै साता आयोजित दसैं महोत्सवमा रमाइरहेका नेपाली विद्यार्थी ।



## शुभ-विजया

नेपालीहरूको महान् चाड बडादसैंका अवसरमा सम्पूर्ण पाठक, विज्ञापनदाता, वितरक तथा शुभेच्छुकहरूमा मंगलमय शुभकामना ।

साप्ताहिक परिवार

(बडादसैंको बिदाका कारण साप्ताहिकको आगामी अंक कात्तिक १२ गते मात्र प्रकाशित हुनेछ ।)



# हामी सबैको दसैं

हिन्दूहरूको महान् पर्व बडादसैं नेपाली समाजमा व्यापक रूपमा विस्तारित धार्मिक उत्सव पनि हो । बडादसैंले नेपाली समाजलाई जसरी र जुन रूपमा प्रभावित गरेको छ त्यसको तुलना अरू कुनै चाडपर्वसँग हुन सक्दैन । पञ्चायतकालमा तत्कालीन शासकहरूले आफ्नो राजनैतिक अभीष्ट पूरा गर्न एक देश, एक भाषा, एक जाति, एक संस्कृति भन्ने नीति अपनाएका थिए । उक्त नीतिअन्तर्गत हिन्दू धर्मले नेपाली समाजमा राज्यको संरक्षणमा थप विस्तारित हुने अवसर पाएको आरोप कतिपय राजनीतिकर्मी तथा समाजशास्त्रीहरूले लगाउँदै आएका छन् । आफ्नो राजनैतिक अभीष्टका लागि तत्कालीन शासकहरूले हिन्दू धर्मको आडमा नेपाली समाजलाई जरैदेखि प्रभावित पार्ने दुस्साहससमेत गरेको आरोप पनि लाग्दै आएको छ । यो राजनैतिक तर्क हो ।

नेपाली समाजको सामाजिक संरचना हेर्ने हो भने नेपाल एकीकरण हुनुभन्दा पहिलेदेखि नै भिन्न जाति, भिन्न भाषा, भिन्न संस्कारको पृष्ठभूमिमा समेत बडादसैंले व्यापक महत्त्व पाएको इतिहासलाई आजको पुस्ताले नकार्न सक्दैन । काठमाडौं उपत्यकामा पुजिने प्रमुख देवी तुलजा भवानीको उपस्थितिले नेवार समुदायलाई बडादसैंसँग जसरी जोडेको थियो त्यसरी नै ताप्लेजुङस्थित विश्वप्रसिद्ध पाथिभराको मन्दिरले पनि स्थानीय समुदायलाई बडादसैंसँग गाँसेको थियो ।

पृष्ठ २० मा जारी






# सैंतीस वर्षदेखि मार हान्ने काम गर्दै



नुवाकोट- दसैंको रमझमले छोइसकेको छ। दसैंमा खानपिन र रमाइलो नहुने त कुरै भएन। देशका विभिन्न शक्तिपीठमा पशुबलिको लहर पनि चल्न थालिसकेको छ, तर यही रमाइलोमा चोखोनितो गरेर अर्थात् दसैंमा पनि माछामासु नखाई ३७ वर्षदेखि उपासेको काम गर्दै आएका छन् बेलकोटका मीनबहादुर रानामगर। रानामगरले नुवाकोटको नौ कोटमध्येको एउटा बेलकोटको निरञ्जना भगवतीको मन्दिरमा विनापरिश्रमिक उपासेको काम गर्दै आएका छन्। उपासेको काम मन्दिरमा चढाइने पशुलाई मार हानेर मन्दिरमा चढाउने हो।


'कालरात्रिका दिन एउटा सानो बोका दिन्छन्, त्यसैमा चित्त बुझाउने गरेको छु।' रानामगरले भने- 'बाबुबाजेको चलनलाई निरन्तरता दिने काम मात्र गरेको हुँ।'

पहिलेको जस्तो फुर्ती र उमङ्ग नभए पनि सकुन्जेल देवीको नाममा काम गर्ने रानामगर बताउँछन्। उमेरले ५३ टेकेका रानामगरले आफ्नो जीवनमा कति पशुको बलि दिए, उनी स्वयंलाई थाहा छैन। रानामगरले बर्सैनि बडादसैंमा मात्र राँगा, बोका, खसी एवं कुखुराको बलि (मार हान्दै) दिँदै आएका छन्। मन्दिरमा विजयादशमीको अवधिभर नौवटा बोका, दुई रागाँ, सुँगुर आदि पशुको बलि दिने चलन छ।

पहिले रानामगरका जेठा बाबुले उपासेको काम गर्थे, जेठा बाबुको मृत्युपछि मन्दिरको काम रानामगरले सम्हाल्दै आएका छन्। मन्दिरमा बसेबापत पहिले-पहिले उनले एकसरो कपडा पनि पाउँथे, तर मन्दिरको आर्थिक स्रोत बलियो नहुँदा हिजोआज पूजा चलाउनै समस्या पर्दै आएको छ। 'मलाई कसैले दिन्छन् र खाउँला भन्ने लोभ पनि छैन, मन्दिरको पूजा राम्रोसँग चले हुन्छ'- रानामगर भन्छन्।

बडादसैंको मुख्य आकर्षण नै कालरात्रि र महानवमीको दिन राँगा मार हान्ने जात्रा हो। यस दिन रागाँ नछिने अनिष्ट हुन सक्ने विश्वास गाउँलेहरूमा छ। राँगा नछिने बोकाको बलि दिनुपर्ने रानामगर बताउँछन्। 'पहिलो वर्ष मार हान्दा राँगो ठूलै थियो, छिन्छ कि छिन्दैन भन्ने डर मनमा थियो, रानामगर भन्छन्, २-३ हजार दर्शक, खाली पेट तर पनि साहसले मार हानेको छिन्यो। साह्रै खुसी लाग्यो।' पहिलो पटक उपासे बस्दा रानामगर १६ वर्षका थिए।

दसैंमा काम गरेबापत रानामगर ले आठ-नौ वर्ष अघिसम्म ८ मुरी धान उपासे खान्कीका रूपमा पाउँथे। मुलुकमा सशस्त्र द्वन्द्व सुरु भएपछि भगवतीका नामका गुठियारहरूले कुतवालीको धान बुझाउन छाडे। अहिले त तीन मुरी धान पनि नउठ्ने रानामगर बताउँछन्। 'मन्दिरको नाममा यही आठ रोपनी खेत छ, यो मन्दिरको गुठी हो,' घरअगाडिको खेत देखाउँदै उनी भन्छन्, '३७ वर्षको कमाइ यही एउटा खेत हो, त्यो पनि मोहियानी।'



घटस्थापनाको दिन सुरु हुने उनको मन्दिर-बसाइको दिनचर्या विजयादशमीको दिन मध्यान्ह मात्र सकिन्छ। मन्दिरमा बसुन्जेल एक छाक खाना र एक छाक फलफूल मात्र खानुपर्ने नियम छ। फूलपातीदेखि त गाउँघरमा काटिने बोका, खसी, राँगाको मार हान्ने काम उनले नै गर्दै आएका छन्। अहिले पशुबलिको विरोध भैरहेको छ, तर उनी पुर्खादेखि चल्दै आएको चलन, पशुको बलि दिँदा कुनै पश्चात्ताप नभएको बताउँछन्। पृथ्वीनारायण शाहको पालादेखि काठमाडौं हनुमानढोकाको वैदिक विधिअनुसार यहाँ विशेष पूजा हुन्छ। मन्दिरमा बस्न थालेपछि अहिलेसम्म तीनपटक राँगा नछिनेको बताउँदै रानामगर भन्छन्- 'राँगा नछिन्दा आफ्नो घरको दसैं पनि खल्लो हुन्छ।'

● **नवदीप अजनवी**

# नवमीमा मात्र खुल्ने शक्तिपीठ

शारदीय नवरात्रअन्तर्गत पर्ने बडादसैंमा शक्तिको उपासना गर्ने परम्पराअनुरूप मातृशक्ति भगवतीको आराधना गरिन्छ। भगवतीको आराधना प्रत्येक दसैंघर र शक्तिपीठमा हुन्छ। उपत्यकामा रहेका प्रमुख शक्तिपीठमध्ये तलेजु वा तुलजा भवानीको मन्दिर पनि एक हो। तलेजु मन्दिर यसकारण पनि महत्वपूर्ण मानिन्छ कि यो मन्दिर वर्षको एक दिन अर्थात् नवरात्रको महानवमीको दिन मात्र खुल्छ। त्यसैले उक्त दिन यो शक्तिपीठमा श्रद्धालु भक्तजनको भीड लाग्छ। अझ नेवार समुदायले त इष्टदेवीकै रूपमा तुलजा भवानीलाई पुज्ने गरेको छ।

तुलजा भवानीलाई मातृशक्ति भगवतीका रूपमा पूजा गर्ने परम्परा मल्लकालदेखि नै चलेको हो। तुलजा भवानीलाई नेपाल भित्र्याएका थिए- तत्कालीन सिम्रौनगढका राजा हरिहरसिंहदेवले। कर्नाटवंशी राजाहरूले तुलजा भवानीलाई कुलदेवीका रूपमा परम्परादेखि नै मान्दै आएका थिए। भारतीय मुसलमान शासक गयासुद्दीनले सिम्रौनगढमा आक्रमण गरेपछि हरिहरसिंह तलेजु भवानीलाई साथै लिएर भक्तपुर आइपुगे। भक्तपुरमा विधिपूर्वक प्रतिस्थापन गरिएपछि काठमाडौं ललितपुरलगायत अन्य राज्यमा पनि तुलजा भवानीलाई स्थापना गरियो।




अहिले काठमाडौं हनुमानढोका दरबार क्षेत्रमा रहेको यो मन्दिरको स्थापना मल्ल राजा रत्न मल्लले गरेका हुन्। मल्लराजाहरूको इष्टदेवीका रूपमा पुज्न थालेपछि शाहवंशीय राजाहरूले पनि तुलजालाई इष्टदेवीकै रूपमा श्रद्धा गर्न थालेको इतिहास छ। वि.सं. १६२० मा महेन्द्र मल्लले मन्दिरलाई भव्य रूपमा पुनर्निर्माण गराएका थिए। पछि प्रताप मल्लले पनि यो मन्दिरको जीर्णोद्धार गरे। प्रताप मल्ललाई तलेजु भवानीले प्रत्यक्ष दर्शन दिन्थिन् भन्ने किंवदन्तीसमेत पाइन्छ।

वि.सं. १९९० को महाभूकम्पमा परेर मन्दिरको माथिल्लो भाग क्षतिग्रस्त भएपछि ९६ सालमा यसको जीर्णोद्धार गरिएको तथ्य भेटिन्छ। प्यागोडा शैलीमा निर्मित तीनतल्ले तलेजु मन्दिर उच्च भागमा रहेकाले पश्चिमी भागमा रहेको सानो तर आकर्षक द्वारबाट छिरेर बाह्र सिढी उक्लिएपछि पुग्न सकिन्छ। सिँढीमा स-साना देवलहरू देखिन्छन्। मूलद्वार अगाडि मन्दिरको पहरा दिइरहेका मानिस तथा जनावरका मूर्तिहरू छन्। मन्दिरभित्र तुलजा भवानीको आकर्षक मूर्ति छ।

सर्वसाधारणका लागि वर्षको एक दिनमात्र खुल्ने भए पनि नित्य, विशेष र वार्षिक गरी तीन प्रकारको पूजा गरिन्छ। बडादसैंको महाअष्टमीका दिन विशेष पूजासहित बलि चढाएर कालरात्रि गर्ने परम्परा छ। मनकामना पूरा हुने विश्वासका साथ टाढा-टाढादेखिका भक्तजन बिहानैदेखि तुलजा भवानीको दर्शन गर्न आइपुग्छन्। काठमाडौं उपत्यकाका तीन सहरबाहेक नुवाकोट, बनेपा, दोलखा, नाला, आदि स्थानका साथै भारतको हैदरावाद र तिब्बतमा समेत तलेजु भवानीको मन्दिर छ।

● **रामप्रसाद धिताल**



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## मेष

कुरा काट्नेहरू सक्रिय रहे पनि घरेलु काममा सुधार आउनेछ। व्यवसाय एवं यात्रामा लाभ मिल्नेछ। धन आर्जन हुने योग भए पनि बुधबार र बृहस्पतिबार काममा बाधा-अवरोध सिर्जना हुनेछ। परिवारिक समस्या यथावत् रहनेछन्। स्वास्थ्य गडबड हुन सक्छ। प्रेममा लगाव बढ्दा अन्य कार्यमा समस्या आउन सक्छ।

## वृष

बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ। पदक प्राप्तिको बलियो सम्भावना छ। रोग एवं शत्रु बढ्ने भएकाले खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला।

## मिथुन

घरेलु समस्याले सताउनेछ। विवादको सामना पनि गर्नुपर्ला। मित्रबाट धोका हुनेछ। अरूको काममै व्यस्त हुनुपर्ला। सोमबारदेखि पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा गरेका प्रयास फलदायी रहनेछन्। यात्रामा हुने भेटघाटले मनोबल बढाउनेछ। धन आर्जन हुने योग पनि छ।

## कर्कट

यात्रा लाभदायी हुनुका साथै मान-सम्मान पाइने योग छ। पराक्रम बढ्ने क्रम यथावत् रहनेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम हात पर्ने योग छ। अध्ययनमा सफलता मिल्नेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहनुका साथै चिन्ता बढ्न सक्छ। काममा अवरोध पनि आउन सक्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्।

## सिंह

विवाद बढ्नुका साथै काममा अवरोध उत्पन्न हुन सक्नेछ। सफलताका लागि धैर्यतामा जोड दिनुपर्ला। सोमबार र बुधबार समय अनुकूल छ। व्यवसाय एवं यात्रामा लाभ हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम हात पर्ने योग छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अरूको मन जित्न सकिनेछ।

## कन्या

काममा सफलता प्राप्त हुनुका साथै अरूको मन जित्न सकिनेछ। भोजभतेरमा संलग्न हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। सोमबार र मंगलबार रोग, शत्रु, विवाद एवं चिन्ता बढ्नेछ। काममा अवरोध पनि उत्पन्न हुनसक्छ। कुरा काट्नेहरूले सताउनेछन्।

## तुला

काममा सफलता हात पर्नेछ। अरूको मन जित्न सकिनेछ। व्यवसायमा गरिएका प्रयास सकारात्मक रहनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। पहिलो भेटमै प्रभावित भै सहयोग गर्नेहरू धेरै हुनेछन। बिहीबार घरेलु समस्याले सताउनेछ। अध्ययनमा अवरोध उत्पन्न हुने देखिन्छ। झूटा आरोप पनि लाग्न सक्छ।

## वृश्चिक

पराक्रम बढ्नुका साथै काममा सुधार आउनेछ। अधुरा काम काम पूरा हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। मान-सम्मान पनि पाउनुहोला। रिसको वेग बढ्ने भएकाले धैर्यतामा जोड दिनुपर्नेछ। नैराश्यता एवं उदासीनता बढ्न सक्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। झूटा आरोप पनि लाग्न सक्छ।

## धनु

ऐतिहासिक काम गरेर अघि बढ्न सकिनेछ। मनमा शुभसोचले बास गर्नेछ। कुरा काट्नेहरू पनि प्रशंसा गर्न थाल्नेछन्। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मित्र तथा परिवारको सहयोग मिल्नेछ। घरजग्गाको बन्दोबस्त पनि

## मकर

काममा सफलता मिल्नेछ। आम्दानीको दरिलो स्रोत फेला पर्नेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाटमा मन रमाउनेछ। अध्ययनमा सफलता हासिल हुनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। बोलीको प्रभाव बढ्नेछ। आफन्तको सहयोग पाउनुहोला।

## कुम्भ


काममा सफलता पाउन गाह्रो पर्ला। धन आर्जन गर्ने अवसर जुटे पनि खर्चको तीव्रताले धन सञ्चय गर्न गाह्रो पर्नेछ। स्वास्थ्य गडबड हुन सक्छ। लेनदेनमा अघि नबढ्नुहोला। सोमबारदेखि बोलीको प्रभाव एवं पराक्रम बढ्ने तथा अधुरा काम पूरा हुने योग छ। घरजग्गाको बन्दोबस्त हुनसक्छ। यात्रामा लाभ देखिन्छ।

## मीन

सोच्ने शक्ति बढ्नेछ। काममा सफलता हात पर्नुका साथै धन आर्जन हुने योग छ। व्यवसाय एवं वैदेशिक कार्यमा सफलता मिल्नेछ। कर्ममा जोड दिनुहोला। सोमबार र मंगलबार खर्च एवं विवाद बढ्न सक्छ। काममा तगारो लगाउनेहरू सक्रिय हुनेछन्। सानो काममा पनि सफलता पाउन गाह्रो पर्नेछ। अध्ययनमा अवरोध आउन सक्छ।

## यो साताको पञ्चाङ्ग

असोज २९ : महाअष्टमी, ग्रामीण महिला दिवस, ३० गते : महानवमी, विश्व खाद्य दिवस, ३१ गते : विजयादशमी, खड्गजात्रा, गरिबी निवारणका लागि विश्व दिवस, कार्तिक १ गते : गिद्ध एकादशी अन्नपूर्ण जात्रा, ५ गते : कोजाग्रत पूर्णिमा, ६ गते : कार्तिक स्नान प्रारम्भ, आकाश दीपदान प्रारम्भ, ७ गते : संयुक्त राष्ट्रसंघ दिवस, विश्व विकासशील सूचना दिवस।



# बलिप्रथाको धार्मिक पक्ष




हिन्दूहरूको महान् पर्व बडादसैँका अवसरमा यतिबेला बहुसंख्यक नेपाली मीठो खान र भगवतीको आराधना गर्न आ-आफ्नै किसिमले जुटेका छन् । यो अवसरमा नेपाली समाजमा स्पष्ट रूपमा देखिने खर्च भनेकै खानपिन र रमझमको खर्च हो । खानपिनमा गरिने खर्चको ठूलो हिस्सा मासुमा हुने गरेको छ । दसैँमा मासुको स्रोतका रूपमा बलि चढाइएका कुखुरा, हाँस, बोका, राँगा नै हुने गरेका छन् । एक अनौपचारिक अनुमानअनुसार बडादसैँका अवधिमा नेपालमा लगभग २ लाख चौपाया विभिन्न मन्दिरमा बलि चढाइन्छन् । विगत केही वर्षयता मन्दिरहरूमा चढाइने बलिका विपक्षमा समेत विभिन्न संघ-संस्थाले सामूहिक तथा व्यक्तिगत रूपमा आवाज उठाउन थालेका छन् । यस्तो आवाजले मानिसहरूको धार्मिक आस्थामा खासै प्रभाव पारेको अनुभव नगरिए पनि बलिप्रथाले हिन्दू समाजमा प्राचीन कालदेखि नै महत्त्व पाउँदै आएको देखिन्छ ।

खासगरी हिन्दू समाजले उत्तर वैदिक युगबाट उपनिषद् युगमा प्रवेश गरेपछि बलि प्रथाले प्रश्रय पाउन थालेको देखिन्छ । उपनिषद् युगमा देवताहरूलाई प्रसन्न तुल्याउन अनेक नामले, अनेक रीतिले यज्ञहरू गर्न थालिएपछि यज्ञमा आहुती दिने नाममा पशु बलि प्रारम्भ भएको समाजशास्त्रीहरूको तर्क छ । यस्तो आहुती वा बलि दिइँदा पहिले-पहिले घोडाले पहिलो प्राथमिकता पाउँथ्यो । चक्रवर्ती राजाहरूले आफ्नो राज्य विस्तारका क्रममा गर्ने अश्वमेध यज्ञ त्यसैको उदाहरण हो । कालान्तरमा चक्रवर्ती राजाहरूको प्रभाव कमजोर हुँदै गएपछि क्षेत्रीय सामन्त र महासामन्तहरूले त्यसकै सिको गर्दै बोका, भेँडा, राँगाजस्ता पशुहरूलाई यज्ञ वेदीमा होम्न थालेका उदाहरण पनि विभिन्न हिन्दू धर्मग्रन्थहरूले उल्लेख गरेका छन् । सुरु-सुरुमा यज्ञ वेदीमा मात्र पशु बलि दिइने प्रथालाई कालान्तरमा हिन्दू समाजले विभिन्न मठ-मन्दिरमा समेत बलि दिने प्रचलनमा परिणत गरे ।

उपनिषद् कालमा व्यापकता पाए पनि वेदले समेत पशु बलिको उल्लेख गरेको छ । बेदहरूमा प्रमुख मानिने ऋग्वेदमा भनिएको छ- **धर्माणि प्रथमाणि, यज्ञो वै भुवनस्य नाभिः** अर्थात् बलिदान नै हाम्रो प्रमुख कर्तव्य हो । बलिदान नै संसारको आधार स्तम्भ हो । ऋग्वेद भन्छ- **यज्ञो वै सुतराम नौः, यज्ञेन् वा देवा दिवंगताः, ऋतस्य नः पथिनय अति विश्वानि दुरिता** अर्थात् बलिदान नै जीवनरूपी डुंगालाई खियाउने एउटा माध्यम हो र देवताहरूले पनि बलिदानमार्फत् नै स्वर्ग प्राप्त गरेका थिए । त्यसैले बलिदानद्वारा नै मोक्ष प्राप्त गर्न सकिन्छ । यी सूक्तिहरू, जसलाई ऋग्वेदमा उल्लेख गरिएको छ, ले यो कुरालाई पुष्टि गर्छन् कि सबै किसिमका पूजापाठमा बलिदानले सर्वोच्च स्थान प्राप्त गरेको छ र मानिसका सबै पापहरूबाट मुक्तिको बाटो भनेकै बलिदान हो ।

आजभोलि हिन्दू समाजको पुनरुत्थानका लागि व्यापक रूपमा प्रयोग गरिएको श्रीमद्भगवत गीता भन्छ- **श्लोः सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः । अनेन प्रविष्यध्वमेष वोऽस्तित्वष्ट कामधुक्** अर्थात् जीवनजगत्को सृष्टि गर्दा ईश्वरले समेत बलिदान गरेका थिए । ऋग्वेद भन्छ- **यज्ञ क्षपित कल्मशः, नायं लोकोऽस्त्य यज्ञस्य कुत्तोऽन्यः कुरुसत्तम्** अर्थात् जसले बलिदान गर्छ ऊ सबै किसिमका पापबाट मुक्त हुन्छ । जसले बलिदान गर्दैन उसले कुनै पनि किसिमको पुण्य प्राप्त गर्न सक्दैन ।

उपनिषद् कालमा आएर बलि प्रथाले हिन्दू समाजमा थप महत्त्व पायो । उपनिषद्हरूमा प्रमुख मानिएको माण्डकोपनिषद् भन्छ- **प्लवा ह्येते अदृढा यज्ञ रुपाः, प्लवा ह्येते सुरा यज्ञा अदृढाश्च न संशयः** अर्थात् बलिदान भनेको काठको डुंगाजस्तो मौन हुनुपर्छ । किनभने बलिदानका बेला कुनै पनि किसिमको आवाजले पूजापाठमा मग्न मानिसको ध्यान भंग गर्न सक्छ ।

उपरोक्त कथनहरूले के कुरा पुष्टि गर्छन् भने बलिदान मानव सभ्यतासँगै प्रारम्भ भएको हो र आफ्ना पापहरूबाट मुक्ति पाउन मानिसहरूले बलिदानलाई पहिलो अस्त्रका रूपमा प्रयोग गर्दै आएका छन् । बलि चढाइने पशुका बारेमा ऋग्वेदले भनेको छ- बलि चढाइने पशु निष्कलंक र मैथुन नगरेको हुनुपर्छ । बलि चढाउनु अघि त्यस्तो पशुको पूजा गर्नुपर्छ र चारैतिरबाट कपडाले छोप्नुपर्छ । बलि चढाइने पशुमा कुनै पनि किसिमको चोटपटक वा घाउ खत हुनुहुँदैन । बलि चढाउनुअघि त्यस्तो पशुलाई सुरापान गराउनुपर्छ र बलि चढाइसकेपछि त्यस्ता पशुको मासु प्रसादका रूपमा ग्रहण गर्नुपर्छ ।


## बलिप्रथाको विरोधमा

विगत केही समययता पशु अधिकारवादीहरूले धार्मिक मान्यता एवं आस्थाका कारण चढाइने बलि प्रथाका विरुद्ध आफूलाई सक्रिय बनाउँदै आएका छन् । नेपालमा पनि विस्तारै पशुबलिविरुद्ध जनमत सिर्जना गरिँदैछ । पछिल्लो केही वर्षयता महँगीका कारण पशु बलि सामाजिक रूपमै कमजोर हुन थालेको परिप्रेक्ष्यमा संगठित रूपमा समेत यसको विशेष हुन थालेको छ । यसबीच सर्वोत्कृष्ट जीवन साश्वत चिन्तन नामक समाजले धर्मका नाममा पशुबलि चढाएर मानिसले अधर्म गरिरहेको ठहर गर्दै पशुबलि निषेध चेतना अभियान नै सञ्चालन गरेको छ । यसका लागि उक्त संस्थाले बडादसैं प्रारम्भ हुनुभन्दा केही दिनअघि पशुबलिविरुद्ध जनचेतना जगाउन काठमाडौँमा शान्ति पैदलयात्रासमेत गरेको थियो । संस्थाले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ- पशुबलिका रूपमा हाम्रो समाजमा (१) देवीदेवताको मन्दिरमा विभिन्न चाडपर्व, तिथिविशेष एवं विभिन्न समयमा जिउँदो पशुलाई बलिको नाममा काटेर चढाउने र (२) जिउँदै पशुपंक्षीलाई देवीदेवताको नाममा मन्दिरहरूमा छोड्ने प्रचलन छ । पहिलोभन्दा दोस्रो प्रकारको बलि हेर्दा त्यति असहज देखिँदैन, तर त्यो पनि त्यत्तिकै क्रूर, पाशविक र निर्दयतापूर्ण छ भन्नैपर्छ । हिन्दू धर्मावलम्बीहरू वेद, उपनिषद्, स्मृति, पुराणहरूलाई नै श्रद्धा विश्वास एवं आदर गर्छन् । त्यसैगरी तन्त्र साहित्यलाई पनि उत्तिकै मान्छन् । पशु बलिलाई त्यहाँ प्रोत्साहन होइन दुरुत्साहन गरिएको छ । भगवान् गौतम बुद्धको जन्मभूमिका रूपमा रहको परम पवित्र देश नेपालमा दसौँ-एघारौँ शताब्दीपछि बंगालको तन्त्रको प्रभाव पर्न थाल्यो फलतः तन्त्र साहित्यको गूढार्थलाई नबुझी बाहिरी अर्थको पछि लाग्दा अनर्थ हुने किसिमका कतिपय चालचलनले बढावा पाए । त्यसमध्ये पशुबलि पनि एक हो । 'बलि' शब्दको अर्थ हुन्छ- अर्पण गर्नु, चढाउनु, उपहार दिनु आदि । पशुपक्षी आदि सबै प्राणी ईश्वरका सन्तान हुन् भन्ने कुरालाई हाम्रा धार्मिक साहित्यहरूले प्रशस्त प्रकाश पारेका छन् । अरू प्राणीसित दया, माया, करुणा र अहिंसा हरेक धर्मका विशेषता हुन् । संसारमा रहेका प्राणीहरूमध्ये मानिस नै त्यस्तो प्राणी हो जसमा अरुभन्दा भिन्न बुद्धि, विवेक र धर्म छ । यस्ता महत्त्वपूर्ण विशेषताहरू भएको मानिसबाट सबैप्रति दया, माया, स्नेह र सहानुभूतिको अपेक्षा रहनु स्वाभाविक हो । आफ्नै सन्तान पशुपक्षीलाई देवीदेवताहरूले खान्छन्, उनीहरूको रगत खोज्छन् भनेर तर्क गर्नु पाखण्डीपन हो ।

त्यसैगरी कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले एक प्रेस विज्ञप्ति जारी गरेर पशुबलिप्रथा बन्द गर्न आग्रह गर्दै भनेका छन्- अचेतनाले गर्दा पशुबलि दिइने चलन चलेको हो तर अब हामीले पशु बलिप्रथा बन्द गरी आफ्नो मानवीय व्यवहार प्रस्तुत गर्नुपर्छ ।पशु कल्याण सञ्जाल नेपालले समेत पशुबलिका विरुद्ध बडादसैँको पूर्वसन्ध्यामा एक प्रेस विज्ञप्ति जारी गरेको छ । जसमा भनिएको छ- जनावरप्रति हुने क्रूरताले कुनै धर्म, संस्कार तथा सम्पदा जगेर्ना गर्न सक्दैन । परम्पराको नाममा जनावरप्रति गरिने क्रूरता निकै विवादास्पद छ । कुनै पनि चाडपर्व सहिष्णुताका साथ मनाउनुपर्छ । चाडपर्वहरूमा सबै प्रकारको हिंसाको बन्देज गर्न सके यसलाई अझ रमाइलो र सकारात्मक अनुभूतिका साथ मनाउन सकिन्छ ।



# दैवी गुणअन्तर्गत के-के पर्छन् ?



हामी बडादसैँलाई आसुरी शक्तिमाथि दैवी गुण एवं शक्तिको विजयको प्रतीकका रूपमा मनाउँछौं। दैवी गुणहरूको संग्रह तथा अनुसरण गरेर आसुरी अवगुण एवं प्रवृत्तिलाई दमन गर्ने प्रेरणा प्राप्त गर्नु नै दसैंको मूल सन्देश हो। दैवी भाव र सम्पत्तिको संग्रह गरेर व्यवहार गर्ने हो भने जीवन सुन्दर एवं अनुसरणीय हुन्छ। दैवी भाव वा सम्पत्ति सम्पन्न अवस्थालाई सर्वश्रेष्ठ अवस्था भनिएको छ।

*गीतामा उल्लेखित मुख्य दैवी भाव, प्रवृत्ति तथा गुणहरू :*

**निर्भयता**

निर्भयमा नै भगवान्को निवास हुन्छ। निर्भयता निडरता होइन। निडरता त छलकपट, चोरी आदिमा पनि हुन्छ। अलिकति पनि आशंका रहेसम्म त्यहाँ भय हुन्छ। भय नै पाप र पतनको कारण हो। श्रद्धा र प्रेममा भय हुँदैन। जहाँ श्रद्धा, प्रेम हुन्छ त्यहाँ समभाव कायम भै निर्भयता प्राप्त हुन्छ।

**सत्वशुद्धि**

हामीमा शक्ति, बल, बुद्धि, आनन्द, ज्ञान, चेतना आदि गुण आन्तरिक रूपमै हुन्छन्। आन्तरिक ढंगबाटै यिनको सुधार हुन्छ। यसका लागि आन्तरिक शुद्धताको आवश्यकता पर्छ। यही तथ्यलाई हृदयंगम गरेर आफूभित्रका तत्त्वहरूमा सुधार ल्याउनुपर्छ।

**ज्ञान**

धर्म-दर्शनमा शास्त्रको यथार्थ बोधलाई ज्ञान भनिएको छ, जसले स्वधर्म र सत्कर्मप्रति प्रेरित गर्छ त्यही नै सच्चा ज्ञान हो। ज्ञानलाई योग भनिएको छ। योग त्यो शक्ति हो जसको माध्यमबाट परमात्माको दर्शन हुन्छ। समस्त दुःखका कारण अज्ञान हो भने ज्ञानबाट दुःखको निवारण हुन्छ। ज्ञानको महत्त्व बुझेर नयाँ-नयाँ ज्ञान प्राप्त गरी ज्ञानी बन्ने प्रयत्न गर्नु दैवी गुणको मुख्य लक्षण हो।

**दान**

दानको अर्थ हो दिनु। मानिसले आफ्नो आर्जनको केही अंश परहित सेवामा खर्च गर्नुपर्छ। नदी, वनस्पति, वायु आदि सबैले जल, फलफूल आदि सबैले अरूलाई प्रदान गर्छन्, आफूले लिँदैनन्। मानिस पनि प्रकृतिभित्रकै प्राणी भएकाले अरूलाई नदिई आफू मात्र भोग गर्नु प्रकृतिको शाश्वत नियमको उल्लंघन हो। दानको प्रभावले मानिसले उत्तम गति प्राप्त गर्छ।

**दमन**

इन्द्रिय र मनको नियन्त्रणबिना सुख-शान्ति सम्भव छैन। हाम्रा साधनाशास्त्रहरूमा इन्द्रियहरूलाई घोडा र मनलाई सारथीको संज्ञा दिइएको छ। जसरी रथलाई निर्दिष्ट स्थानमा पुर्‍याउन घोडालाई नियन्त्रणमा ल्याउनु आवश्यक छ, त्यसरी नै हामीलाई निश्चित लक्ष्यमा पुग्न मन शान्त र शुद्ध पारेर इन्द्रियलाई वशमा राख्नु आवश्यक छ।

**यज्ञ**

यज्ञको अर्थ हुन्छ सामूहिक देवपूजा। जुनसुकै मानव कल्याणकारी कार्यलाई महान् यज्ञको संज्ञा दिइएको छ। यज्ञबाट भूमि, भावना र वायुमण्डल शुद्ध हुन्छ। यज्ञबाट वर्षा, वर्षाबाट अन्न र अन्नबाट प्राणीको पालन हुन्छ। यज्ञ, तप र दानहीन मानिस पापको भागी बन्छ, यज्ञ यज्ञादि गरे देवत्व प्राप्त हुन्छ।

**स्वाध्याय**

शास्त्रमा निष्ठा राखेर नियमपूर्वक अध्ययन-मनन गर्नु स्वाध्याय हो। वेदादि शास्त्रले जीवन सुन्दर बनाउने प्रेरणा एवं आदर्शको पाठ सिकाइरहेका छन्, जसको अध्ययन, मनन गरेर वेदान्त दर्शनको बोध गर्न सकिन्छ। अध्ययनअनुसार नै मानिसको व्यक्तित्व वा स्वभाव निर्माण हुन्छ।

**अक्रोध**

क्रोधलाई आसुरी गुणको प्रमुख लक्षण मानिएको छ भने त्यसको विपरीत अक्रोध अर्थात् नम्रता र क्षमाशील स्वभावलाई दैवी गुणको। भनिन्छ, क्रोधलाई अक्रोधले जित्नुपर्छ। जसले सारथीले वेगले दौडिरहेको घोडालाई नियन्त्रणमा राखेझैं बढ्दै गरेको क्रोधलाई रोक्छ त्यसैलाई सच्चा सारथी भनिन्छ। क्रोधपूर्ण शब्दबाट झगडा सुरु हुन्छ, आगो लाग्छ भने जीवनको अन्त्यसम्म हुन बेर लाग्दैन।

**परनिन्दा नगर्नु**

अरूको दोषको बखान गर्नेले आफ्नै अवगुण प्रकट गर्छ। परदोषको निन्दा, चर्चाबाट व्यक्ति स्वयं दोषयुक्त बन्छ। अरूको दोष र अरूले के गरेन भनेर हेर्नुभन्दा आफ्नो दोष र आफूले के गरें-के गरिनँ भनी विचार गर्नु राम्रो हुन्छ। यसैबाट दैवी भाव र गुणयुक्त भै सद्भाव एवं सत्मार्ग प्राप्त हुन्छ। बुद्धिमान्हरू अरूको गुणको चर्चा गरेर समय खेर फाल्नुभन्दा त्यसलाई अपनाउने प्रयत्न गर्छन्।

**दया**

जहाँ दयाको भाव हुन्छ त्यहाँ देवताको बास हुन्छ। अरूप्रति गरिने दया र सेवाबाट दैवी गुण प्रकट हुन्छ। त्यसको विपरीत निष्ठुरता र निर्दयताको भाव दानवी गुणको मुख्य लक्षण हो। असहाय, अशक्त एवं दीनदुःखीप्रति दया गर्नु ठूलो धर्म हो।

**अभिमानरहित हुनु**

अहंकारलाई आसुरी गुणको मुख्य लक्षण र विनाशको कारण मानिन्छ। अहंकारी व्यक्तिले कहिल्यै पनि दैवी गुण र शक्ति सञ्चय गर्न सक्दैन। अहंकारले देवतासमेतलाई राक्षस बनाइदिन्छ, तर यसका विपरीत नम्रता र सरलताले मानिसलाई देवत्वयुक्त बनाइदिन्छ र उच्च स्थितिमा पुर्‍याइदिन्छ।

**तप**

पहेंलो वस्त्र पहिरिएर बस्नु वा निराहार बस्नु मात्र तप होइन। सत्यको पालनामा उत्पन्न कठिनाइ धैर्यपूर्वक सहनु वास्तविक एवं व्यावहारिक तप हो। सबै कार्य सिद्ध गर्न तपस्या आवश्यक छ। मानवजीवन तपस्याका लागि प्राप्त भएको हो। गीतामा शरीर, वाणी एवं मनले गरिने तीन प्रकारका तप उल्लेख छ।

**सरलता**

जसको जीवन-पद्धति र व्यवहार सरल हुन्छ, जो सद्गुण सम्पन्न छ त्यसलाई आन्तरिक शान्ति प्राप्त हुन्छ। व्यक्ति शिक्षित भैकन पनि यदि उच्छृंखल एवं छलकपटपूर्ण व्यवहार गर्छ भने ऊ अज्ञानी र आसुरी गुणयुक्त हुन्छ। अशिक्षित भएर पनि जो सरल, निर्दोष र निश्च्छल छ त्यसको हृदयमा देवत्व अनि ज्ञान हुन्छ।

**अहिंसा**

परमोधर्म भनेर अहिंसालाई सर्वश्रेष्ठ धर्म मानिएको छ। काटमार गर्नु मात्र हिंसा होइन। मन, वचन र शरीरद्वारा अरूलाई चोट पुर्‍याउनु पनि हिंसा हो। अरूको भावनामा चोट पुर्‍याएर कोही पनि अहिंसावादी बन्न सक्दैन। जसले अहिंसाको बाटो हिँडेर हिंसा गर्छ त्यसले धर्मको मार्गलाई त्यागेको मानिन्छ। अहिंसा र दया देवताको स्वभाव हो।

**सत्य**

सत्य नै धर्म हो। धर्म नै सुख र कल्याण हो। त्यसैले सत्यभन्दा ठूलो धर्म र असत्यभन्दा ठूलो पाप अर्को छैन। परमात्मा सत्य र प्रेमको स्वरूप हो। जो सधैं सत्यमा अटल र स्थिर रहन्छ त्यसको विजय निश्चित छ, 'सत्यमेव जयते' त्यसै भनिएको होइन। जसले सत्यको महत्त्व बुझेर त्यसलाई स्वीकार्छ उसको जीवन सरल, सरस, सुन्दर एवं अमृततुल्य बन्छ।

**लज्जा**

'या देवी सर्व भूतेषु शक्तिरूपेण संस्थिता' लज्जारूपमा रहेकी देवी भनेर लज्जाको भावलाई दैवी स्वभावका रूपमा उल्लेख गरिएको छ। लज्जाशील स्वभावलाई मानवजीवनको आन्तरिक भूषण तथा नारीहरूको सुरक्षा कवच भनिएको छ। धर्मविरुद्धको आचरण, दुष्कर्म र खराब दृष्टिप्रति लोकलाजको डर नमान्ने व्यक्ति कहिल्यै माथि उठ्न सक्दैन।

**स्थिरता**

मनको स्थिरता वा निश्चलता पनि दैवी गुण हो। चञ्चल बुद्धि भएको मानिस कुनै विषयमा स्थिर रहन सक्दैन। स्थिरताबिना ज्ञान प्राप्त हुँदैन। चञ्चलतामा छुद्रभाव र दृष्टि हुन्छ। उच्च र स्वच्छ भाव संग्रहका लागि चञ्चलताजस्तो छुद्र प्रकृति हटाई स्थिरता कायम राख्नु आवश्यक छ।

**तेजस्विता**

महाभारत भन्छ- जोसँग सत्य, धैर्य, तेज एवं साहस हुन्छ त्यसैले विजय प्राप्त गर्छ। मानवजीवन सफल बनाउन तेजस्विताको ठूलो महत्त्व छ। तसर्थ आफूलाई दैवी गुणसम्पन्न तुल्याई शीघ्र उन्नति र सफलता चाहनेले तीक्ष्ण र तेजस्वी मस्तिष्क निर्माण गर्नु अवश्यक छ। कसैको पनि योग्यता एवं क्षमताको मूल्यांकन उसको बाह्यरूप आकारबाट नभै तेज र गुणबाटै हुन्छ।

**क्षमा**

आफ्नो दोष र अज्ञानतालाई स्वीकार गर्दै सत्यतर्फ उन्मुख हुनु नै क्षमा हो। भूल गर्नु ठूलो कुरा होइन तर भूल स्वीकार गर्नु महान् हो। ज्ञानीहरू शत्रुताको बदला शत्रुता लिँदैनन्, बरु क्षमाद्वारा शत्रुलाई पनि आफ्नो वशमा पार्छन्।

**धैर्य**

एक पटक भृगु ऋषिले लातले हान्दा भगवान् विष्णुले 'ऋषिजी, तपाईंको पाउ त दुखेन ?' भन्नुभएको र शिवले कालकुट विषपान गरेर संसार शान्त पार्नुभएको शास्त्रमा उल्लेख छ। भगवान् बुद्धलाई जति गाली गरे पनि राम्रो वचनले उपदेश दिनुभयो। धैर्य एवं सहनशीलता नै महापुरुषको परिचय हो। धैर्यवान् एवं सहनशील व्यक्ति अनावश्यक दुर्गुण र विकृतिबाट टाढा रहन सक्छ, जसबाट दैवीभाव तथा शक्तिको उदय हुन्छ।

**पवित्रता**

परमात्मा आत्माको पवित्रताको अर्को नाम हो। जसको आत्मा पवित्र हुँदैन त्यहाँ परमात्माको निवास हुँदैन। अतः जहाँ क्लेष, कल्मष, अनिष्ट चिन्तन, अनुचित कल्पना हुँदैन र पवित्रता हुन्छ त्यहाँ परमात्माको बास हुन्छ। पवित्रतामै देवत्वको दैवीभाव एवं गुणको उदय भै महान् विचार र उत्कृष्ट कर्मको सिर्जना हुन्छ। यही नै दैवी भाव वा सम्पत्तिको संकेत हो।

● **रत्नबहादुर बस्नेत**



## दसैंको टीका थाप्दा पढ्नुपर्ने मन्त्र

विक्रम संवत् २०६७ साल अश्विन ३१ गते आइतबार विजयादशमीको शुभ उपलक्ष्यमा घटस्थापनादेखि आरम्भ गरिएको नवदुर्गा भवानीको पूजा बिसर्जन गर्ने साइत बिहान ८ बजेर ४७ मिनेटमा जुरेको छ, पूजा बिसर्जन गर्दा पढ्ने मन्त्र :

**ॐ जयन्ती मंगलाकाली भद्रकाली कपालिनी**
**दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तुते ।**
**जयत्वं देवी चामुण्डे जय भूता तिहारिणी**
**जय सर्वगते देवी कालरात्रि नमऽस्तुते ।**

ज्योतिषी पण्डित ओजराज लोहनीका अनुसार विजयादशमीको दिन बिहान देवी अपराजिताको पूजा गरी नवदुर्गालाई विर्सजन गरेर आफ्नो गुरु, पिता, माता तथा मान्यजनहरूबाट बिहान १० बजेर ४३ को शुभसाइतमा पूर्व मुख गरी टीका ग्रहण गर्नु शुभ हुन्छ।

नवरात्रिभरि स्थापना गरेर पूजा गरेको पूर्ण कलशको जलले अभिषेक गरेर मन्यजनहरूले पढ्ने वैदिक मन्त्र-

**ॐ श्रीर्वर्चस्वमायुष्मारोग्यमा भिधात्पवमानं मयियते**
**धनं धान्यं पशुं बहुपुत्र लाभं सात संवत्सरं दीर्घमायुः**
**ॐ मन्त्रार्थाः सफला सन्तु पूर्णा सन्तु मनोरथाः**
**शत्रुणां बृद्धि नाशोऽस्तु मित्राणामुदयस्तव**
**अव्याधिना शरीररेण मनासाच निराधिना**
**पूरपन्नर्थिनामाशास्त्वं जीवशारदां शतम्**
**आयुद्रोणसुते श्रियो दशरथे शत्रुक्षयो राहवे**
**ऐश्वर्य नहुषे गतिश्च पवने मानं च दुर्योधने**
**शौर्य सान्तनवे बलं हलधरे सत्यं च कुन्ती सुते**
**विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे**
**भद्रमस्तु शिवं चास्तु महालक्ष्मी प्रसिदतु**
**तुष्यन्तु मां सदा देवाः संपद सन्तु सुस्थिराः ।**

• सम्पादकीय •

## बडादसैँको सन्देश

**फेरि एकपटक नेपालीहरूको घरआँगनमा महान् पर्व बडादसैँ भित्रिएको छ। नेपाली समाजलाई व्यापक रूपमा प्रभावित पार्ने पर्व बडादसैँको रमझममा रमाउन बहुसंख्यक नेपाली यतिबेला आ-आफ्नै रीतिरिवाजअनुसार व्यस्त छन्। विगतका दसैँहरूको तुलनामा यस पटक कामचलाउ सरकारको मातहतमा रहेको पीडा अनुभूति गर्दै नेपालीहरूले बडादसैँ मनाउँदैछन्। राजनैतिक दलहरू सरकार गठन गर्न असफल भैरहेको अहिलेको पृष्ठभूमिमा नेपाली उपभोक्ता बजार पनि व्यापक रूपले प्रभावित छ, जसका कारण आम उपभोक्ताले यो वर्षको बडादसैँलाई महँगी र अभावका रूपमा पनि झेल्नुपरिरहेको छ। नेपालीहरूले सबैभन्दा बढी खर्च गर्ने अवसर बडादसैँको यो समयमा उपभोक्ता बजार नियन्त्रित हुन नसक्दा कतिपय समाजशास्त्रीले यो वर्षको दसैँ सोचेजस्तो उल्लासमय हुन नसक्ने जिकिर गर्दै आएका छन्। यस्तो अवस्थामा आमनेपालीका लागि बडादसैँको महत्त्व नै कमजोर हुने त होइन भन्ने प्रश्नसमेत तेर्सिएको छ।**

**पछिल्ला केही वर्षदेखि नै आर्थिक, राजनैतिक तथा सामाजिक रूपमा परिवर्तनको अनुभूति गरिरहेका नेपालीहरूले बडादसैँलाई थप उल्लासका साथ मनाउने क्रम पनि तीव्र हुँदै गएको छ। खासगरी एक दशकसम्म सञ्चालन भएको माओवादी जनयुद्धका कारण गाउँघरबाट विस्थापित भएकाहरूले पनि बडादसैँलाई गाउँघरमै स्वाभाविक रूपमा मनाउने वातावरण सिर्जना भैसकेको छ। गणतन्त्र स्थापनापछि बडादसैँले पाउँदै आएको राष्ट्रिय चाडको पगरी समाप्त गरिए पनि बडादसैँको प्रभाव नेपाली समाजमा कमजोर भएको छैन भन्ने अनुभूति हामी सबैले गर्दै आएका छौँ। गणतन्त्र स्थापनापछि नेपाली समाजमा मौलाउँदै गएको सर्व धर्म संस्कृतिले सबै जातजाति र धर्मप्रति सबै जातजाति र धर्मका अनुयायीहरूलाई सहिष्णु बनाउँदै लगेको छ। यस्तो सहिष्णुताको प्रभावका कारण पनि बडादसैँले थप महत्त्व पाएको अनुभूति गर्न सकिन्छ।**

**सर्वग्राह्य कुरालाई महत्त्व दिनु लोकतान्त्रिक पद्धति हो। दसैँ हिन्दू नेपालीहरूको महान् पर्व हो। मुलुक धर्मनिरपेक्ष घोषित भैसकेपछि दसैँलाई राजनैतिक मुद्दा बनाएर नेपाली समाजमा विभाजन ल्याउन खोज्ने तत्त्वहरू यतिबेला पाखा लागिसकेका छन्। समय र परिस्थितिअनुरूप दसैँको सांस्कृतिक पक्षलाई जगेर्ना गर्दै यसको महत्त्वलाई विस्तार गरिनुपर्छ। दसैँलाई नेपाली जनताको साझा पर्वका रूपमा विकसित गर्न र यसलाई एकताको प्रतीकका रूपमा सबै जातजाति तथा धर्मावलम्बीहरूले स्वीकार गर्न सक्ने अवस्थासम्म पुर्‍याउन हामीले अझै दत्तचित्त हुनुपर्छ।**

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।



# मसँग डेट जाने केटा पनि डराउँछ

मिस नेपाल प्रतियोगितामा गहिरो छाप छाड्ने सुन्दरीमध्ये एक हुन्- माल्भिका सुब्बा। सन् २००२ मा मिस नेपाल भएपछि उनले लामो समयसम्म कान्तिपुर टेलिभिजनमा कल कान्तिपुर कार्यक्रम चलाइन्। उनले चलाएको राजनीतिक कार्यक्रम 'तटस्थ तर्क' दर्शकले त्यति रुचाएनन्। त्यसपछि आफ्नो भाग्य परीक्षण गर्न भारतीय टेलिभिजनमा प्रवेश गरेकी माल्भिकाले करिब एक वर्ष 'भ्वाइस अफ इन्डिया' मा काम गरिन्। त्यसपछि नेपाल फर्किएकी माल्भिका अहिले एउटा हाउजिङ कम्पनीको बजार व्यवस्थापकका रुपमा कार्यरत छिन्। उनले आफ्नो सार्वजनिक छविलाई जागिरले थिच्न दिएकी छैनन्। यसै वर्ष उनले नविन सुब्बाको चलचित्र 'गुडबाई काठमाडौं'' मा अभिनय गरिन् भने उनले अभिनय गरेको टेलिशृंखला 'हाम्री सिवानी' नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको छ। भोकविरुद्धको युवाअभियानकी प्रवक्ता माल्भिकाले गत वर्ष न्युयोर्क पुगेर नेपालका तर्फबाट विरोध प्रदर्शनसमेत गरेकी थिइन्।

**नेपालका बौद्धिक जमातले तपाईंबाट धेरै आशा राखेका थिए, तर सोचेजस्तो प्रतिफल दिन सक्नुभएन भन्ने गुनासो आउन थालेको छ, के भन्नुहुन्छ ?**

म आफ्नो तर्फबाट प्रयास गरिरहेकी छु। काम पनि भैरहेको छ। गुडबाई काठमाडौं त्यसकै परिणाम हो। म जागिरमा मात्र सीमित छैन। टेलिफिल्म, म्युजिक भिडियोलगायत प्राकृतिक प्रकोपका साथै विभिन्न अभियानमा अभियन्ताका रूपमा पनि सक्रिय छु। यसै वर्षदेखि म पत्रपत्रिकामा लेखिकाका रूपमा पनि आउन थालेकी छु। एमबीबीएसका विद्यार्थीलाई व्यक्तित्व विकासको लेक्चर दिन्छु। हामीजस्ता युवाले निष्क्रिय हुनुहुँदैन भन्ने कुरामा म सचेत छु।

**तर पनि आशा गरेजस्तो परिणाम आएन भन्ने लाग्दैन ?**

अफर त अरुले गर्ने हो। म फेरि टेलिभिजन कार्यक्रममा जान सक्दिनँ। कारण टेलिभिजन च्यानलहरू अझै व्यवशायिक हुन सकेका छैनन्। मलाई महिनाको ५० हजार रुपैयाँभन्दा बढी पारिश्रमिक कुन टेलिभिजन च्यानल तयार छ ? १०-२० हजारका लागि रातदिन खट्ने अवस्थाबाट म माथि उठिसके भन्ने लाग्छ। चलचित्रबाट अफर त आइरहेको छ, तर कुनै स्क्रिप्टमा चित्त बुझ्दैन, कतै निर्देशकको क्षमतामाथि नै शंका लाग्छ। अलि बढी चुजी भइएछ की भन्ने पनि लाग्छ।

**हाउजिङ कम्पनीमा जागीर खाँदै जाँदा कतै प्रतिभाशाली माल्भिका हराउने त होइन ?**

मैले यहाँ जति पारिश्रमिक पाउँछु, अरुले दिन सक्छन् ? सक्छन् भने म तुरुन्तै सिर्जनशील काम ज्वाइन गर्छु। भोको पेटले स्क्रिनमा देखिने वा कलाकार हुने रहर गर्नु पनि हुँदैन। उचित दाम दिए राम्रो स्क्रिप्टको काम त गरिरहेकै छु। अरुलाई लाग्दो हो म पैसाका लागि मात्र काम गर्छु। काठमाडौंमा म जस्ती युवतीलाई मासिक ५० हजार जति खर्च आवश्यक हुन्छ तर पैसाका लागि मात्र म यहाँ बसेकी होइन, यहाँ म व्यवशाय पनि सिकिरहेकी छु। भोलिका दिनमा मैले पनि कुनै न कुनै विजनेस ज्वाइन गर्नुपर्छ। स्क्रिनले त्यो अवसर दिँदैन।

**कुन व्यवसाय गर्ने योजनामा हुनुहुन्छ ?**

मानिसले आफ्नो रुचिको बिजनेस गर्नुपर्छ। मलाई पहिरन वा कुनै सिर्जनशील व्यवसाय मनपर्छ। त्यसका लागि तयारी पनि गरिरहेकी छु। यद्यपि मेरो पहिचान स्क्रिनले नै बनाएको हो। म सार्वजनिक छविबाट बाहिर जान्न।

**अरूलाई जस्तै दसैंका शुभकामनाका फोन र म्यासेज आउन थालेका छन्, तपाईंका लागि दसैंले के महत्व राख्छ ?**

दसैं सबै नेपाली जस्तै मेरा लागि पनि प्रतिक्षाको पर्व हो। मिस नेपाल भएपछि लाइफ यति बिजी भयो कि परिवारलाई समय दिन सकिएन, दसैंले त्यो समय दिन्छ। मेरा लागि दसैं भन्ने बित्तिकै आमाको हातको पक्कु, झाँक्राको खल्पी, परिवारका सदस्यहरूसँगको भेटघाट महत्त्वपूर्ण हुन्छ। दसैंको एक हप्ता परिवारका सदस्यबाहेक अरूसँगको साथ म कल्पना पनि गर्न सक्दिनँ।

**यसको अर्थ मिस नेपालअघि तपाईंलाई दसैंको महत्त्व थाहा थिएन ?**

होइन, त्यो बेला म मीठो खाने, राम्रो लगाउने, मामाघर जाने, दक्षिणा गन्ने कामलाई नै दसैं मान्थे। त्यो बेला दसैं रोमान्टिक पर्व हुन्थ्यो। दसैं कहिलै नसकियोस् भन्ने लाग्थ्यो। अहिले दसैं वर्ष दिनको रिफ्रेसमेन्ट एवं भेटघाटको पर्वजस्तो बन्छ। परिवारसँग बसेर दसैंमा जुन रमाइलोका साथ खानपिन गरिन्छ, त्यो अरूबेला सम्भव छैन। त्यसैले मीस नेपाल अघि र पछिको दसैंले भिन्न-भिन्न प्रभाव छाडेको छ।

**तपाईंको परिवारमा मानिने दसैं र अरुको परिवारमा मानिने दसैंमा कुनै भिन्नता छ ?**

धेरै भिन्नता छ। मेरो परिवारले सम्पूर्ण नेपालको प्रतिनिधित्व गर्छ। मेरा जति पनि आफन्त हुनुहुन्छ, सबैले इन्टरकास्ट म्यारिज गर्नुभएको छ। कोही मधेसका, कोही पहाडका त कोही हिमालका हुनुहुन्छ। कोही विदेशका, कोही काठमाडौंका र कोही मिश्रित हुनुहुन्छ। त्यसैले दसैं पनि फ्युजन भएको छ। अग्रजहरूकहाँ जाँदा रक्सीको बोतल अनिवार्य चाहिन्छ। किनभने उहाँहरूले लिम्बु संस्कृति छाड्नु भएको छैन। बाँकी दसैंमा टीका लगाउने आ-आफ्नै चलन छ।

**मंगोल परिवारमा चाडपर्वमा रक्सी खाने चलन धेरै छ, तपाईंहरू कहाँ छ कि हरायो ?**

रक्सी बोकेरै जानुपर्ने नियम थोरै मात्र छ। यद्यपि खानपिनको प्रारम्भ मादक पदार्थबाटै हुन्छ। जस्तो महिलाहरू वाइन लिन्छन्। युवाहरू बियर पिउँछन्। पाका पुरुषहरू भने हार्ड ड्रिङ्क गर्छन्। यद्यपि कसैले खान्न भन्यो भने त्यसमा आपत्ति हुँदैन।

**तपाईंचाहिँ कति पेगसम्म पिउनुहुन्छ ?**

म हार्ड ड्रिङ्क गर्दिनँ। वाइन मात्र पिउँछु। दैनिक दुई-तीन गिलास पिउँछु। प्रत्येक घरमा जाँदा अनिवार्यरूपमा पिउने चलन भएकाले थोरै-थोरै पिइन्छ। मासु र वाइन थपिँदा अरू बेलाको भन्दा बढी खानपिन हुन्छ। हाम्रो परिवार मातृसत्तात्मक भएकाले महिलाहरूकै हालीमुहाली चल्छ। तासमा पनि महिलाहरू नै अघि हुन्छन्। रमाइलो पनि हामी नै गर्छौं। अरू बेला खानेकुरामा सचेत भए पनि दसैंमा बढी खानपिन गरिन्छ। त्यसैले दसैंमा म मोटाउँछु।

**तास खेल्नुहुन्छ ?**

म घरकी कान्छी भएकाले अरूले नै ठाउँ ओगटिहाल्छन्। फेरि मलाई तास खेल्न भन्दा हेर्न मन लाग्छ। म्यारिज, फ्लस र किट्टी मलाई मनपर्ने खेल हुन्।

**बाहिर तपाईंको जुन ग्ल्यामरस छवि छ, परिवारमा त्यो रहन्छ कि हराउँछ ?**

पूर्ण रूपमा हराउँछ। म यो माल्भिका रहन्न। परिवारमा मलाई यति सानो मानिन्छ कि अहिले पनि ममी र भाउजूले मलाई दसैं खर्च दिनुहुन्छ। म सक्षम छु, घरका लागि खर्च पनि गर्छु तर पनि दसैंको पहिरन किन्न मलाई खर्च दिने परिपाटी छ। यसले पनि म घरमा केटाकेटी नै हुन पाउँछु।

**दसैं महत्त्वपूर्ण पर्व हो भनेर दावी गर्नैपर्ने कुनै क्षण छ ?**

भ्वाइस अफ इन्डियामा काम गर्न दिल्ली जाँदा एउटा दसैं त्यही पर्‍यो। पहिले करियर ठूलो कुरा हो, दसैं आउँछ जान्छ भन्ने सोचें तर जब अष्टमी, नवमी र दशमी आउन थाल्यो। म त रुन पो थालें। अरू बेला परिवारको याद नआउने, त्यसबेला नै परिवारको महत्व थाहा भयो। मेरो यो अवस्था देखेर बुद्धिष्ट धर्म मान्ने मेरी रुम मेटले मलाई टिका लगाएर दक्षिणा दिइन्। सानामा पनि दसैंको प्रतिक्षा गरेर दिन बित्थ्यो। त्यसैले दसैंलाई महत्त्वपूर्ण पर्व भनिरहनु पर्दैन। दसैंको रमझमले नै यसलाई पुष्टि गर्छ।



माल्भिका सुब्बा (पूर्वमिस नेपाल)

**दसैंको टीकामा तपाईंका उमेरका दिदी-बहिनी श्रीमान् लिएर आशीर्वाद थाप्न पुग्छन्, तपाईं अहिलेसम्म एक्लै हुनुहुन्छ, कस्तो लाग्छ ?**

हाम्रो परिवारमा सबैको ढिलै विवाह भएको छ। मेरो पनि विवाहको उमेर हुँदैछ। अहिलेसम्म कसैले पनि टीका लगाउँदा श्रीमान् लिएर किन नआएको भनेका छैनन्। बरु घरकाले भन्दा बाहिरकाले माल्भिकाले विवाह गर्न ढिला गरी भनेर चिन्ता गर्छन्। मलाई भने त्यस्तो केही लागेको छैन।

**आमाले पनि चिन्ता गर्नुहुन्न ?**

अफेयर भएको बेला केटा कस्तो छ, विचार गर हैं भनेर सम्झाउनु हुन्छ, तर ब्रेक भएको थाहा पाए पछि चुप लाग्नुहुन्छ। त्यस्तो बेला विवाहको प्रसङ्ग नै उठ्दैन। उहाँको व्यवहारले म अझै केटाकेटी नै छु भन्ने लाग्छ।

**तपाईंको जीवनमा पटक-पटक ब्रेकअप भएको छ, यसको कारण के होला ?**

केटाहरूमा हुने साँगुरो मानसिकता। उनीहरू मेरो सामाजिक छवि पचाउन सक्दैनन्। पत्रपत्रिकामा आउने अन्तरवार्ता, गसिप वा तस्बिरहरू देखेपछि मेरा ब्याइफ्रेन्डहरूले मलाई लो-प्रोफाइलमा बस्ने सल्लाह दिन्छन्। पहिले त मैले उनीहरूको कुरा माने। कतिपय सञ्चारमाध्यमको आग्रहलाई पनि अस्वीकार गरें, तर जति उनीहरूको कुरा मान्यो, उनीहरू त्यति नै बढी सेक्रिफाइस गरोस् भन्ने चाहने।

**कति समयसम्म सेक्रिफाइस गर्नुहुन्छ ?**

पहिलो अफेयरका बेला मैले धेरै सेक्रिफाइस गरें तर जति गर्दा पनि जस नपाएपछि सेक्रिफाइस गर्न छाडिदिएको छु। अहिले त कस्तो छ भने डेटिङ सुरु भैसकेको हुँदैन बजारभरि माल्भिकाको लभको हल्ला चलिसक्छ। मेरा साथीहरू आफ्ना ब्यायफ्रेण्ड लिएर निस्फिक्री घुमिरहँदा मैलेचाहिँ आफ्ना कुरा पनि भन्न पाउँदिन।

**सेलिब्रेटीको लभको चर्चा त भैहाल्छ नि ?**

हुन्छ, ठीक छ तर पत्रपत्रिकाले भन्दा अघि केटाहरूले नै एसएमएस र फोनमार्फत मेरो चर्चा फैलाइसकेका हुन्छन्। यति ठूलो हल्ला हुन्छ कि बिचरा मसँग डेट जाने केटा पनि डराउँछ। केटीहरूले बढि कुरा काट्छन् भनिन्छ, तर काठमाडौंका केटाहरू केटीभन्दा पनि अघि छन्।

**जो युवक तपाईंसँग डेट जाने आँट गर्छ, उसले त यस्ता कुरा पचाउनुपर्ने होइन र ?**

पचाउनुपर्ने हो। बाहिरबाट जति सुकै आधुनिक भए पनि हाम्रो समाज अहिले पनि हिपोक्रेसीमै बाँचेको छ। युवाहरू पनि समाजकै अंग भएकाले उनीहरूमा पनि त्यो अंश हुन्छ।


**त्यसो भए त अवस्था चिन्ताजनक पो रहेछ, होइन ?**

चिन्ताजनक छैन। यत्ति हो अबचाहिँ मैले जीवन बुझिसके। मेरा लागि कस्तो केटा उपयुक्त हुन्छ, त्यो पनि अनुमान गरिसकें। अब म सानोतिनो इमोसनमा चिप्लिनेवाला छैन। अहिले त भित्रैदेखि स्ट्रोङ भएको महसुस गर्छु।

**तै पनि एक्लो जीवन त गाह्रै हुन्छ नि, होइन र ?**

सधैं पार्टनरसँग बस्दा पनि दिक्क हुन्छ। त्यही अनुहार कति हेर्नु, त्यही कुरा कति सुन्नु ? तर एक्लो बस्दा पनि खाली दिमाग सैतानका घर, अनावश्यक कुरा मनमा खेल्छ। दुवैमा ब्यालेन्स हुनुपर्छ।

● अश्विनी कोइराला



# रौनक छ गाउँको दसैंमा



● अश्विनी कोइराला

गाउँमा जन्मी-हुर्किएका धेरै प्रतिष्ठित व्यक्तिहरू यतिखेर सुनसान काठमाडौंमा दसैं मान्दैछन् । स-परिवार काठमाडौं हुनेहरू, गाउँ छाडेर बसाइँ सर्नेहरू एवं विभिन्न परिस्थितिले गाउँ फर्कन नपाएकाहरू गाउँको दसैं सम्झँदैछन् । उनीहरू सहरबाट गाउँ जाने लर्को हेर्दै गाउँमा बिताएको आफ्नो दसैंलाई मिस गरिरहेका छन्, तर उनीहरूको संख्या थोरै छ । धेरैजसो त गाउँमा बिताएका दसैंलाई सम्झना गर्दै त्यही रमाइलो गर्ने सुर कसेर गाउँ पुगिसके । दसैं मनाउन गाउँ जाने वा गाउँ सम्झेर सहरमै दसैं मनाउनेहरूको कथा कम चाखलाग्दो छैन । किनभने गाउँमा दसैंको जुन रौनक छ, त्यो सहरको दसैंमा छैन ।

चर्चित अर्थशास्त्री एवं नेपाल सरकारका सचिव कृष्णहरि बाँस्कोटाले पाँच वर्षयताका दसैं काठमाडौंमै मनाउँदै आएका छन् । बूढा भएका आमा-बुबा चितवन छाडेर आफूसँग बस्न थालेपछि उनले दसैंलाई काठमाडौंमै स्वागत गर्नुपरेको हो । आमा-बुबा आफूसँग भएपछि आफन्तहरू पनि उनकै घरमा आउने भए । पदीय रूपमा मात्र होइन, विद्वान्का रूपमा पनि सबैले मान्न थालेपछि उनको हातको टीका लगाउनेहरू काठमाडौं नै आइपुग्छन् । पहिलेको तुलनामा आर्थिक, सामाजिक एवं बौद्धिक रूपमा माथि उठे पनि उनलाई दसैंको नोस्टाल्जियाले छाड्न सकेको छैन । जब दसैं आउँछ, उनी गाउँ सम्झन बाध्य हुन्छन् । किन ? 'किनभने मैले जुन बेला गाउँमा दसैं मनाएँ, त्यो हार्दिकता अहिले छैन, काठमाडौंमा पनि छैन ।' बाँस्कोटा भन्छन्, 'जब दसैं आउँछ, मलाई पुरानो कृष्णहरिको सम्झना आउँछ ।'

कृष्णहरिले दसैंका तीनवटा स्टेज सम्झन्छन् । पहिलो नोस्टाल्जिया धादिङको केनलपुरको हो, जहाँ उनले आफ्नो विद्यार्थी जीवनको दसैं मनाए । केनलपुरमा कृष्णहरिले मासु त्यही बेला खान पाए जुन बेला दसैं आउँथ्यो । उनले त्यही बेला नयाँ पहिरन लगाउन पाए जुन बेला दसैं आउँथ्यो । त्यही बेला उनको हातमा पैसा पर्थ्यो- दसैंमा टीका लगाएपछि । त्यो समयमा उनी गाडी चढेर आमासँग टीका लगाउन मावली जान पाउँथे । विद्यालय जानु पर्दैनथ्यो, दसैंको लामो छुट्टी हुन्थ्यो । त्यही बेला पिङ पनि खेल्न पाउँथे ? खेल्न र घुम्न छुट थियो, अर्थात् एउटा बालकलाई जुन कुरा मन पर्थ्यो, त्यो सबै दसैंले दिन्थ्यो । जागिरे बुबाका छोरा भैकन पनि अरू बेला उनले कहिल्यै मनले मागेका कुरा गर्न पाएनन्, दसैं यस्तो पाहुना थियो, जसले वर्षभरिका सबै इच्छा एकसाथ पूरा गर्थ्यो । 'अहिले सम्झँदा आश्चर्य लाग्छ, म अघिल्लो वर्षको फाट्दै गएको पहिरन देखेर दुःखी हुन्नथें, जति दसैं आइरहेकोमा खुसी हुन्थें ।' बाँस्कोटा भन्छन्, 'मैले गाउँमा बिताएको दसैं सामान्य अवस्थामा सबैले मनाउने दसैं हो ।

बाँस्कोटाका अनुसार गाउँमा दसैंको रौनक बढ्नुको मुख्य कारण नै सहर वा विदेशबाट आउने आम्दानी र रेमिटान्स हो । बाहिरबाट भित्रिएको पैसाले नै सबैजसो गाउँमा खाने, लगाउने, रमाइलोको जोहो गरिन्छ । गाउँमा आफन्तहरूसँगै आधुनिक सामग्री भित्रिन्छन् । चारैतिरबाट नौला खबर आइपुग्छन् । देश-विदेश साँगुरिएर एउटा चियापसलमा, चौतारीमा अनि मानिसका घर-घरमा थुप्रिन्छन् । ती खबर रेडियो र टेलिभिजनको जस्तो औपचारिक भएर आउँदैन, बरु गाउँले शैलीमा अनौपचारिक रूपमै भित्रिन्छ । त्यसको रस सहरमा बसेर कल्पना पनि गर्न सकिँदैन । 'सहरबाट गाउँ जानेहरू, विदेशबाट देश भित्रिनेहरूलाई दसैं पिकनिकजस्तै हो ।' बाँस्कोटा भन्छन्, 'जुन यति रमझमका साथ बित्छ कि आफ्नो जागीर फर्कने बेलामा मात्र झल्याँस्स भइन्छ, पिकनिकमा चाँडै साँझ परेजस्तो ।'

चलचित्र निर्देशक एवं टेलिभिजन प्रस्तोता दिनेश डिसीले पनि केही वर्षयता काठमाडौंमै दसैं मनाइरहेका छन् । पहिले दसैंमा गाउँ जाँदा रमाइलो त लाग्थ्यो, तर गाउँमा रमाइलोको स्तर कति हुन्छ उनी मापन गर्न भ्याउँदैनथे । दुई-चार वर्षयता उनले गाउँमा मनाउने दसैंको वर्णन गर्न थाले भने दुई-चार दिन बिताइदिन सक्छन् । 'सहरमा न त रोटेपिङ हुन्छ, न त लिङ्गे पिङ्को प्रतिस्पर्धा नै ।' डिसी भन्छन्, 'गाउँको दसैंमा जताततै उल्लासको वातावरण हुन्छ । त्यो उल्लास सहरमा प्राप्त गर्न सकिँदैन ।' दिनेश डिसी दसैं नजिकिँदै जाँदा घरबाहिरको आँगनमा नयाँ बनेको अगेना सम्झन्छन् । जहाँ भर्खरै काटेको खसीको कान पोल्नेहरूको प्रतिस्पर्धा हुन्छ । काठमाडौंमा प्लास्टिकको झोलामा मासु बोकेर घर फर्कदा उनको जिब्रोमा गाउँले खसीका विभिन्न भागका मासुको भिन्दाभिन्दै परिकारको स्वाद रसाउँछ । पिङ मच्चाउन जान्नेहरूमध्ये दिनेश पनि एक थिए । त्यसैले दिनेशसँग पिङको दोहोरी खेल्न मरिहत्ते गर्नेहरू प्रशस्तै हुन्थे । घरै-घरको जंगलमा परिणत भएको काठमाडौं जस्तो सहरमा पिङ हाल्नु नै एकादेशको कथा हुने गरेको छ, प्रतिस्पर्धा त टाढाको कुराजस्तो लाग्छ उनलाई । उनी जन्मी-हुर्किएको इलाममा भने अहिले पनि त्यो प्रतिस्पर्धा कायमै छ ।

गाउँबाट सहर पसेकाहरूमध्ये धेरैको आर्थिक जीवन सम्पन्न भयो, तर त्यसले प्राकृतिक रमाइलो दिन नसकेको कथन गाउँ सम्झनेहरूको छ । सधैं एकैनासको परिवेश र एकै किसिमको कुराभन्दा भिन्न छ, गाउँको दसैं । किनभने गाउँलेहरूले वर्ष दिनसम्म मनाएको एकरसको जीवनमा दसैंले नयाँ तरङ्ग ल्याउँछ । उनीहरूले पनि फरक महसुस गर्छन् । बाहिरबाट गाउँ जानेहरूले त नयाँ अनुभव गर्ने नै भए, तर सहरमा नयाँ मान्छे थपिँदैनन् । न त नयाँपन नै बढी हुन्छ । 'दसैंको बेला वीरगन्जमा राति २ बजेसम्म पसल खोलिन्छ, तर काठमाडौंमा त सप्तमीदेखि सम्साँझै पसल बन्द हुँदो रहेछ ।' पूर्व मिसनेपाल उषा खड्गी भन्छिन्, 'वर्ष दिन तातेको काठमाडौं दसैंमा अचानक सेलाउँछ । गाउँ भने वर्ष दिन सेलाए पनि दसैंमा तात्छ ।' उषाको अनुभवमा गाउँलेहरूमा चाडपर्वमा बढी रमाइलो गरौं, मरिजाने जीवनमा अवसर आएको बेला सदुपयोग गरौं भन्ने भावना हुन्छ । सहरमा भने सधैं पार्टी, सधैं रमाइलो गर्ने बानी भएर होला, दसैंको महत्त्व कम हुन्छ ।

उषा खड्गीलाई वीरगन्जको दसैंले आकर्षित गर्ने मुख्य कुरा त्यहाँको मेला हो । तराईक्षेत्रमा दशहराको अवसरमा जताततै मेला लाग्छ । दसैंको किनमेल यस्तै मेलाहरूमा गरिन्छ । छोरी चेलीलाई बाहिर हिड्न अरू बेला कडाइ गरे पनि यस्ता मेला जान, किनमेल गर्न छुट हुन्छ । गाउँ वा सहरका चौकमा पण्डाल निर्माण गरिन्छन् । त्यहाँ आकर्षक दुर्गाको मूर्ति निर्माण गरेर देवीको प्राण प्रतिष्ठा गरिन्छ । माइक बजाएर नौ दिनसम्म पूजा, भजन-कीर्तन हुन्छ । त्यस क्षेत्र वरपरका मानिसहरू त्यही देवीलाई पुज्छन् । टीकाको दिन धूमधाम मेला लाग्छ । यही मेला हेर्न गाउँ-गाउँका मानिस जम्मा हुन्छन् । 'त्यो मेला टीकाको दिन उत्कर्षमा पुग्छ । यस्तो लाग्छ, जीवनको सारा खुसी त्यही मेलामा समाहित भएको छ ।' खड्गी भन्छिन्, 'यो यति आकर्षक हुन्छ कि घरमा मनाइने दसैं पनि फिक्का लाग्छ ।' सानैदेखि वीरगन्जको माईस्थानमा आमाले दुर्गा पूजा गरेको देखेकी खड्गी काठमाडौंका शक्तिपीठहरूको पूजा गरेर त्यसको तिर्सना मेट्छिन् ।

संघीयताविरोधी नेता चित्रबहादुर केसी गाउँको दसैंलाई वास्तविक दसैं मान्छन् । यद्यपि उनको गृहजिल्ला बाग्लुङमा अन्य स्थानको तुलनामा फरक दसैं हुन्छ । केसीका अनुसार बाग्लुङका गाउँहरूमा सामूहिक दसैं मनाइन्छ । गाउँका सबै व्यक्ति एकै स्थानमा भेला हुने नाच गान गर्ने, भलाकुसारी गर्ने चलन छ । 'प्युठान र गुल्मीतिर हरेक घरमा खसी ढाल्नैपर्ने प्रतिस्पर्धा हुन्छ ।' केसी भन्छन्, 'बाग्लुङमा भने एक दिनमा गाउँको एक दुई घरमा खसी ढालिन्छ । त्यो खसी सबैले बाँड्छन् । भोलिपल्ट अर्को घरमा त्यही प्रक्रिया दोहोरिन्छ ।' दसैंमा खर्च घटाउने चलनस्वरूप सामूहिक दसैंको अवधारणा प्रारम्भ भएको केसीको भनाइ छ । यसले एक-अर्कालाई राम्रोसँग चिन्ने मौका मिल्छ । गाउँमा नयाँ आउने पाहुनालाई पनि सबैले एकसाथ एउटै व्यवहार हुनु त्यस क्षेत्रको रमाइलो हो ।

पूर्वी तराईको एउटा महत्त्वपूर्ण जाति राजवंशी हो । झापा र मोरङमा बाक्लो जनसंख्या रहेको राजवंशी समुदायको मुख्य पर्व सिरुवा हो । यद्यपि दसैंलाई राजवंशीहरू सिरुवाकै हाराहारीमा मान्छन् । झापाका राजवंशीहरू दसैंमा ठूलो मेला आयोजित गर्छन् । त्यहाँ भव्य दुर्गा पूजा हुन्छ । गाउँ-गाउँबाट मेला भर्न जानेहरू रंगीबिरंगी पहिरनका साथ जम्मा हुन्छन् । यही वातावरणमा हुर्किएका चर्चित गायक प्रमोद खरेललाई सहरको दसैं खल्लो लाग्छ । उनी दसैंका लागि राति दुई बजे ढिकीमा चिउरा कुट्ने, दसैंमा घर रंग्याउने, मेला भर्न जाने, चिठ्ठा कार्यक्रम सञ्चालन हुने, विभिन्न किसिमका नाच सञ्चालन हुने चलनलाई झापाको रमाइलो चलन मान्छन् । 'समयले केही कुरामा परिवर्तन ल्याए पनि अहिले पनि दसैंको पुरानो छाप जस्ताको तस्तै छ ।' खरेल भन्छन्, 'काठमाडौंबाट जाँदा ती चलन अहिले पनि बाँचेको देख्दा म आफ्नो बाल्यकाल सम्झन्छु ।' अहिले पनि दसैंको मेला भर्न हूलका हुल व्यक्ति गाउँ-गाउँबाट उकालो लागेको देख्दा खरेलको कलाकार मन त्यसै भावुक हुन्छ ।

झापाको एउटा संयुक्त परिवारमा जन्मिएकी सरिता पाण्डे कालान्तरमा सरिता लामिछाने भइन् । नेपालगन्जका चलचित्र निर्देशक ऋषि लामिछानेसँग विवाह गरेपछि दसैंमा झापा जाने कार्यक्रम लगभग अन्त्य भएको छ । यद्यपि सरितालाई माइतीमा ३५ जनाको संयुक्त परिवारमा दसैं थपिँदा हुने भीडभाड आधुनिक काठमाडौंको बसाइबाट नियाल्दा अचम्म लाग्छ । एउटै घरमा दर्जनौं व्यक्ति हुनु संयुक्त परिवारको विशेषता हो, तर त्यो मूल घरमा हुने दसैंको भीडभाडले चाहिँ खैलाबैला नै मच्चाउँछ । त्यही वातावरणमा हुर्किएकी सरिता अहिले काठमाडौंमा श्रीमान् र छोरीका साथ दसैं मनाउँदा गाउँको रमाइलो सम्झेर भावुक हुन्छिन् । 'खाने खाइरहन्छन्, पकाउने पकाइर हन्छन् । रमाइलो गर्नेहरू नाचिरहेकै हुन्छन् । पिङमा पनि हूल नै छ ।' सरिता सम्झन्छिन्, 'जो जुन काममा दक्ष छ, ऊ त्यसैमा रमाउनु गाउँको विशेषता हो । कसैले पनि मैले यो पाइन भन्ने गुनासो गर्दैन ।' ठूलो परिवार भएकाले घरअगाडि नै राति अबेरसम्म लिङ्गे पिङमा मच्चिएको उनी सायदै बिर्सन्छिन् । 'काठमाडौंमा त्यो वातावरण छैन ।' एक छोरीकी आमा सरिता भन्छिन्, 'मलाई त काठमाडौंमा हुर्कने नानीहरूले दसैंको रमाइलोको अनुभव गर्न पाउँदैनन् भनेर पीर लाग्छ ।'

यता उनका श्रीमान् ऋषि लामिछाने काठमाडौंको रमाइलो स्वार्थका कारण उजागर हुन नसकेको तीतो पोख्छन् । गाउँमा स्वार्थमा होइन, नातामा टीका लगाउने चलन थियो । यहाँ त आफ्नो स्वार्थका लागि टीका लगाइमाग्ने चलन बढेको छ ।' हित्तचित्त मिल्नेभन्दा पनि व्यावसायिक साथीहरूको जमघट हुने, उनीहरूबीच नै रमाइलो गर्नुपर्ने बाध्यताले यसको उदात्त स्वभाव महसुस गर्न सकिँदैन । ऋषिका अनुसार गाउँमा दसैं मनाउन न त पैसा चाहिन्छ, न त स्टेटस । सहरमा एक पाइला सार्न पनि पैसा चाहिन्छ । जसको जति स्टेटस छ, त्यति नै मानिसको ओइरो लाग्छ । जबकि गाउँमा गरिब हुन् कि धनी, जसका बढी शाखा सन्तान छन्, उसैको घरमा मानिस जम्मा हुन्छन् । जे पाक्छ, त्यही खाएर दसैं मनाउँछन् ।

# अस्ट्रेलियामा दसैं





● प्रदीप तिमल्सिना

सिड्नी– नेपालीहरूको महान् चाड दसैंको रौनकले देशभित्र मात्र नभई विदेशमा बस्ने नेपालीलाई पनि छोएको छ। अस्ट्रेलियामा बस्ने प्रवासी नेपालीहरू महान् चाड दसैंलाई हार्दिकताका साथ स्वागत गर्दैछन्।

विगत तीन वर्षदेखि सिड्नीको डिहवाईमा बसोवास गर्दै आएका किशोर अर्याल यस पटकको दसैंलाई महत्वका साथ कुर्दैछन्। अर्याल भन्छन्– 'तीन वर्षदेखि बुवा-आमाको हातको टीका थाप्न पाएको थिइन, यसपटक बुवा-आमा पनि यहीं हुनुहुन्छ, निकै खुसी लागेको छ।'

नेपालमा विशेष महत्वका साथ लामो समयसम्म पारिवारिक जमघटमा रमाउँदै, लिङ्गे पिङ खेल्दै अनि खसीको मासु खाँदै टीका-जमरा लगाएर मनाएको दसैं सम्भेर कतिपय नेपाली आफन्तसँग टीका थाप्न नपाएकोमा खिन्न देखिन्छन्।

दस वर्षदेखि अस्ट्रेलियामा स्थायी बसोवास गर्दै आएका अखण्ड ज्ञवालीको दसैं अनुभव खासै रमाइलो छैन। दसैंमा नेपालमै बसोवास गर्ने आफन्तहरूलाई सम्भँदै ज्ञवाली भन्छन्– 'अर्काको देशमा पनि आफ्नै घरमा जस्तो रमाइलो दसैं त कहाँ पाउनु तैपनि वर्ष दिनको चाड रमाइलोसँग मान्नुपर्छ।'

अस्ट्रेलियामा बस्ने नेपालीहरूले दिनहुँ काम गर्नैपर्ने बाध्यता छ। प्रवासी जीवन, परिवारजनको अनुपस्थितिजस्ता विपरीत परिस्थितिका बाबजुद पनि यहाँ दसैंको रौनक छ। आफ्नो कार्य व्यस्तताबाट फुर्सद निकालेर मध्य रातमै भए पनि पनि टीका थाप्ने सोच अधिकांश नेपालीको छ। परिवारको साटो साथीभाइ अनि निकटका नेपाली अग्रजहरूसँग टीका थाप्ने योजना बनाउनेहरू पनि प्रसस्त छन्।

अस्ट्रेलियामा बसोबास गरिरहेका नेपाली मांसाहारीहरूका लागि दसैंमा खसीको मासु खाने अवसर मिल्नु ठूलो युद्ध जितेजस्तै हुन्छ। यहाँको कडा कानुनले गर्दा जथाभावी खसी काट्न पाइँदैन। गत वर्षको दसैंमा टाउको गिँडेको खसी दिनभरि गाडी राखेर पूरै सहर चहार्दा पनि कतै खसी खुइल्याउने ठाउँ नपाएको, उल्टो स्थानीय प्रहरी (जनावरको रेखदेख गर्ने) को फन्दामा परी २ हजार डलर जरिवाना तिर्नुपरेको दुःखद अनुभव सुनाउँदै येसफिल्ड निवासी ईश्वर दाहाल भन्छन्– 'खसीको मासु मज्जाले खान पाउने मानिस त भाग्यमानी हो। कानुन कडा छ भन्दैमा दसैंमा मासु नै नखाने कुरा त आएन, तर अलि सावधान हुनुपर्छ, पशुलाई जथाभावी वध गर्न अस्ट्रेलियाली कानुनले बन्देज गरेको छ, तर पनि खाने मुखलाई जुँगाले छेक्दैन भने जस्तै गोप्य रूपमा भए पनि खसीकै मासु खाई छाड्ने अठोट अधिकांश नेपालीको छ।

अस्ट्रेलियाका प्रमुख सहरहरूमा दसैंकै अवसरमा एक दर्जनभन्दा बढी सांस्कृतिक कार्यक्रम अनि शुभकामना आदान-प्रदान कार्यक्रम हुँदै छन्। सिड्नीमा नेपाली आदिवासी जनजाति मञ्च अस्ट्रेलियाले गोलमेच छलफलको आयोजना गर्दैछ। नेपालमा सरकारी खर्चबाट दसैंमा व्यापक पशुबलि हुँदै आएको प्रचलनका विरुद्ध नेपालीहरूबीच छलफल गर्नका गोलमेच छलफलको आयोजना गर्न लागिएको हो। गोलमेचमा विभिन्न नेपाली संगठनका पदाधिकारीहरू, विभिन्न धर्मका धर्मगुरु, पत्रकार, विद्यार्थी, बुद्धिजीवी सहभागी हुँदैछन्। सरकारी स्तरबाट पशुबलि दिने कार्य रोक्न सबै क्षेत्रबाट पहल होस् भन्ने उद्देश्यले मञ्चले यो कार्यक्रम गर्न लागेको हो।

जे-जस्तो परिस्थिति भए पनि वर्ष दिनमा एकपटक आउने दसैंलाई हर्षोल्लासका साथ मनाउने उत्कट इच्छा सबै नेपालीमा छ। परिवार तथा आफन्तबाट टाढा भएकाहरू साथीभाइसँग मिलेर दसैं मनाउँदैछन् भने संयोगवश परिवार अस्ट्रेलियामा हुने नेपालीहरू भने आफ्नै परिवारसँग दसैं मनाउने सोचमा छन्। लामो समय आफ्नो जन्मथलोबाट टाढिएका नेपालीहरू केही समय भए पनि दसैंमा रमाउन पाउने कुराले उत्साहित देखिन्छन्।



# डेनमार्कमा दसैंको रमझम

कोपनहेगन (डेनमार्क)- 'दसैं आयो तिहार आयो सुनसान छ गाउँमा, हामी छौं परदेशमा' मञ्चमा दसैं संगीतसँगै घन्केको गीतमा काखे नानी चेप्दै देवी दाहाल दसैं कार्यक्रममा नाचिरहेकी थिइन्। पढाइको चापले दसैंमा घर जान त हैन रमाइलो गर्न फुर्सद निकाल्नसम्म नसक्ने डेनमार्कका नेपालीहरू गत बुधबार राति कोपनहेगनमा दसैं सांगीतिक कार्यक्रममा रमाए।

'आजचाहिँ हामीलाई पनि दसैं आए जस्तो भएको छ' ४ वर्षदेखि दसैंमा नेपाल जान नपाएकी पूजा श्रेष्ठले भनिन्, 'यो कार्यक्रमले दसैंमा नेपालमा हुने कार्यक्रममा रमाए जस्तै लाग्यो।' विद्यार्थी नेटवर्किङ फोरमद्वारा आयोजित कार्यक्रममा उनी ८ बजेदेखि राति अबेरसम्म नाचिरहेकी थिइन्। कार्यक्रममा विद्यार्थी र तिनका डिपेन्डेन्टसहित करिब ४ सय नेपाली सहभागीलाई डेनिस संगीतसहित मुक्ति एन्ड रिभाइवल ब्यान्डले राति अबेरसम्म नचायो। रंगकर्मी घिमिरे युवराजले विदेशमा बसेका नेपालीको पीडा उतार्दै कला प्रस्तुत गरे भने शान्थिया श्रेष्ठले नृत्य प्रदर्शन गरिन्।

नृत्यबाट सुरु भएको कार्यक्रममा मुन्द्रेले सहभागीहरूलाई पेट मिचिमिची हँसाए। हँसाउने गीत एवं पोसाकसहित मुन्द्रेको नृत्यले सहभागीहरूलाई मञ्चमा आएर नाच्न उत्प्रेरित गरेको थियो। फोरमका संयोजक रञ्जन ओझाले विदेशको दुःख सुखलाई साटासाट गर्दै दशैमा घर जान नपाएकालाई विदेशमा भएपनि दसैंको महसुस गर्दै रमाइलो गर्न कार्यक्रमको चाँजो मिलाएको बताए। डेनमार्कमा भएका नेपालीमध्ये ९० प्रतिशत विद्यार्थी छन्। पढ्नु पर्ने भएका कारण डेनमार्कमा यस्ता कार्यक्रम त्यति हुँदैनन्।

● सरस्वती कार्की



# सत्य-स्वरूपले नचाए

इटहरी– गायक दाजुभाइ सत्यराज एवं स्वरूपराज आचार्यले इटहरीका दर्शकहरूलाई नचाएका छन्। पर्यटन वर्ष-२०११ को प्रचारका लागि सुरु भएको इटहरी पर्यटन महोत्सवको पहिलो दिन सोमबार साँझ गायक दाजुभाइले इटहरीवासीलाई गीत सुनाएर लठ्ठ मात्र पारेनन्, छमछमी नचाए।

'मनकामना साक्षी राखी खाएको कसम' गीतबाट गायक सत्यराजले कार्यक्रममा आफ्नो प्रस्तुति सुरु गरे। त्यस्तै 'धेरै माया दिँदा रै'छन्' गीतसहित स्वरूपराजले कार्यक्रममा आफ्ना चर्चित गीतहरू प्रस्तुत गरे। स्वरूपले 'बल गरेर त्यो मन यता मोड भन्दिनँ म', 'जहाँ तिमी त्यहाँ म हुन नपाउँदा', 'तिमीबिनाको जीवन सासबिनाको धडकन' आदि गीत गाएर दर्शकहरूलाई संगीतमा डुबाएका थिए।

आचार्य दाजुभाइले 'सोल्टिनी सोल्टिनी', 'तिम्रो नसालु आँखाले मार्यो', 'जहाँ धानका बाला झुल्छन्' आदि गीत पनि सुनाए भने मञ्चबाट फर्कन लाग्दा पटक-पटक वान्समोर भनिरहेका थिए, फलस्वरूप उनीहरूले 'सोल्टिनी सोल्टिनी', 'तिम्रो नसालु आँखाले मार्यो', 'बल गरेर त्यो मन यता मोड भन्दिनँ म' गीत तीन पटकसम्म दोहोर्याए। उक्त अवसरमा युनाइटेड थर्टिनको आकर्षक डान्सले कार्यक्रमको रौनक बढाएको थियो।

–शेखर ढकाल


हाईट बढाउने ?
३ महिनामा ४" उचाई बढाउन
○ केश झर्न तुरुन्तै रोकी उमार्न
○ १ महिनामा चाहेजति ब्रेष्ट बढाउने र घटाउन
○ जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
○ तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
○ १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
○ प्रेशर, सुगर, दाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोबाइल: 9851112675, 9808502611


सुखी विवाहित जीवनको लागि
सेवाको १७ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, यौन दुर्बलता, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, सन्तान नहुने र कमजोरी आदिको सफल र स्थायि उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

मुहार
केश
तौल
उचाई
स्तन
सम्बन्धी सम्पूर्ण समस्याको समाधान
प्राकृतिक उपचार पद्धती द्वारा
मिराकल फाउण्डेशन नेपाल
The Health & Beauty Solution
बिजुलीबजार, नयाँबानेश्वर, काठमाडौं
(सगरमाथा टेलिभिजन अगाडी) 4780678
9851016824, 9808594757

OKAMOTO CROWN CONDOM okamoto
Voted World's Best Condom for 9 years in a row
by condomdepot.com
Made of SHEERLON ™
One of the World's Thinnest and Strongest Shields
Distributed by : OEPL, Enquiry : 9721430288
NO.1 IN JAPAN

उद्घोषण
प्रतिष्ठित NGO को सहयोगमा
सिमित सिटका लागि
मात्र रु.१,५००।- मा
उद्घोषण तालिम
फोन नं.०१-४२४६१५५, ०१-२२९६४५७
Echo Media अद्वैतमार्ग,पुरानो बसपार्क

Laxmee
Hair & Beauty Studio cum Academy
Ladies & Gents
www.laxmee.com.np
Dashain & Tihar Offer
wine facial
fruit facial
Only Rs.350
Get redy for big prize from
BIRD Mobile Phone
ADMISSION OPEN FOR HAIR DESIGNER 20% Off Till Dashain & Tihar
CALL: 4016099 BHATBHATENI
Bhatbhateni Super Market
Kundalini Club






अमेरिकामा नेपालीहरूको ठूलो बसोबास रहेको न्युयोर्क, टेक्सास, क्यालिफोर्निया, बोस्टन, कोलोराडो, वासिङ्टन डिसी मेट्रो क्षेत्र (भर्जिनिया, वासिङ्टन डिसी र मेरिल्यान्ड) सहित अन्य कम बसोबासका सहरहरूमा पनि दसैंमा एक दिन भए पनि नेपालीहरू जुटेकै हुन्छन्। गत शनिबार मात्र आइओवा राज्यको सेडार र्‍यापिड्स सहरमा सीमित संख्यामा रहेका नेपालीहरूले आपसमा मिलेर शुभकामना आदानप्रदान तथा नाचगान गरेर दसैं मनाए। निकै कम नेपाली रहेको मानिने उक्त क्षेत्रमा पनि करिब १ सय ५० जति नेपाली दसैं कार्यक्रम मनाउन जुटेका थिए।

# अमेरिकामा दसैं

● **गौतम दाहाल**

अमेरिका– पश्चिमी राज्य क्यालिफोर्नियाको लस एन्जल्स सहरमा रहेका नेपालीहरूलाई दसैंको भ्याइनभ्याइ छ। स्थानीय संघ-संस्थाले आयोजना गर्ने तथा गरिरहेका दसैं कार्यक्रमहरूमा सहभागी हुन नेपालीहरूलाई हम्मे-हम्मे परिरहेको छ। त्यस्तै सन फ्रान्सिस्कोको बे एरियामा बस्ने नेपालीहरू दसैं फन पिकनिक कार्यक्रमका लागि जुटेका छन्।

अमेरिकाको पूर्वी क्षेत्रको पेन्सिलभेनिया राज्यको फिलाडेल्फिया सहरस्थित लाफायातहिलमा चाहिँ पहिलो पटक नेपालीहरू दसैं कार्यक्रम आयोजन गर्ने तयारीमा जुटेका छन्– १८ वर्षपहिले त्यहाँ पुग्ने पहिलो नेपाली विमल मोक्तान तथा उनलाई सहयोग गर्नेहरू। विमल भन्छन्– ‘पोहोरसम्म त घरमै सबैलाई ठाउँ पुग्थ्यो, तर नेपालीहरूको संख्या बढेपछि घरमा अट्न छाडियो, त्यसैले यसपटक दसैं मनाउन ठूलो हल लिएका छौं।’

कर्म खोज्ने क्रममा बिदेसिएका नेपालीहरूले दसैंजस्तो महान् चाडलाई खुसीयालीपूर्वक मनाउने प्रयास गरिरहेका हुन्छन्। हिन्दू धर्मावलम्बीहरूको महान् चाड मानिए पनि यसको सामाजिक महत्व सबैका लागि समान छ। त्यसैले बौद्ध धर्मावलम्बी भए पनि विमल मोक्तान आफ्नी वृद्ध आमा, दाइ र बौद्ध गुरुको हातबाट टीका तथा आशीर्वाद ग्रहण गर्छन्। लाफायातहिलमा रहेका नेपालीहरूमध्ये विमलकी ८२ वर्षीया आमा नै सबैकी अभिभावक मानिन्छिन्। त्यही भएर टीका तथा आशिर्वादका लागि उनको घरमा दसैंमा सधैं भीड हुन्छ। गत वर्ष करिब ९० जना नेपालीले विमलकी आमाको हातबाट टीका ग्रहण गरे अनि स्थानीय लामा गुरुले पनि सबैलाई लामा मन्त्र पढेर दसैंको



आशीर्वाद दिए। यो क्रम यस वर्ष पनि जारी रहनेछ। यसबाट हाम्रो धार्मिक सद्भाव र मेलमिलापको सन्देशसमेत प्रवाह भएको छ। टेक्सासकी सीता कोइराला यस वर्ष परिवारमा जुठो परेकाले टीकाटालो गर्नु नहुने भए पनि यसलाई सामाजिक चाडका रूपमा मनाउने बताउँछिन्। कुनै समय वाल्मीकि क्याम्पसमा प्राध्यापन गर्ने अनि रेडियो नेपालको घटना र विचार कार्यक्रममा संलग्न सीता पनि स्थानीय संघ-संस्थाहरूले गर्ने दसैं कार्यक्रममा सहभागी हुनेछिन्। दसैं आपसी मेलमिलाप र सद्भावको चाड पनि हो भन्दै उनी दसैंको राजनीतिक महत्त्व बीपी कोइरालाले आरम्भ गरेको चियापानसँग जोडेर पनि बुझ्न सकिन्छ भन्छिन्।

अमेरिकामा नेपालीहरूको ठूलो बसोबास रहेको न्युयोर्क, टेक्सास, क्यालिफोर्निया, बोस्टन, कोलोराडो, वासिङ्टन डिसी मेट्रो क्षेत्र (भर्जिनिया, वासिङ्टन डिसी र मेरिल्यान्ड) सहित अन्य कम बसोबासका सहरहरूमा पनि दसैंमा एक दिन भए पनि नेपालीहरू जुटेकै हुन्छन्। गत शनिबार मात्र आइओवा राज्यको सेडार र्‍यापिड्स सहरमा सीमित संख्यामा रहेका नेपालीहरूले आपसमा मिलेर शुभकामना आदानप्रदान तथा नाचगान गरेर दसैं मनाए। निकै कम नेपाली रहेको मानिने उक्त क्षेत्रमा पनि करिब १ सय ५० जति नेपाली दसैं कार्यक्रम मनाउन जुटेका थिए।

अमेरिकामा छरिएर रहेका नेपाली तथा नेपाली समुदायबाट मनाइने दसैं प्रायः एकै किसिमको हुन्छ। स्थानीय संघ-संस्थाले दसैं आरम्भ हुनु दुई हप्ता पहिलेदेखि दसैं सकिएपछिसम्म पनि दसैं कार्यक्रम आयोजना गरिरहेका हुन्छन्। कतिपयले भने दसैं र तिहारको सन्दर्भ पारेर कार्यक्रम गर्छन्। यस्ता प्रायः सबै कार्यक्रमका रूपमा भने कुनै भिन्नता हुँदैन अर्थात् यी कार्यक्रमका प्रमुख आकर्षण नेपाली परिकार, नाचगान, गीतसंगीत तथा भेटघाट नै हुन्। चाहे त्यो क्यालिफोर्नियामा होस् चाहे न्युयोर्क अथवा बाल्टिमोरमा नै किन नहोस्। अहिले स्थानीय नेपाली पत्रपत्रिका तथा सामुदायिक संस्थाहरूको सूचना मात्र हेर्ने हो भने एक महिनासम्मको दसैं कार्यक्रम लगातार हुने देखिन्छ। यसलाई स्थानीय समुदायको अनुकूलताअनुरूप दसैं मनाउने अर्थमा व्याख्या गर्छन् आयोजकहरू।

विगत १७ वर्षदेखि अमेरिकामा बसोबास गर्दै आएकी शारदा कट्टेल सधैंझैं यसवर्ष पनि टेलिफोनबाटै आशीर्वाद लिने-दिने तयारीमा छिन्। हाल बाल्टिमोरमा रहेकी कट्टेलका छोराबुहारी र नाति नातिनी कोलोराडाको डेनभरमा बस्छन्। न उनी त्यहाँ जाने तयारीमा छिन् न त छोराबुहारी नै बाल्टिमोर आउँदैछन्। त्यही भएर यस वर्ष पनि उनले आफ्ना छोराबुहारीलाई दसैंको आशीर्वाद फोनबाटै दिनेछिन्। त्यस्तै टीकाको दिन नेपालमा रहेका मान्यजनसँग फोनमै आशीर्वाद लिनेछिन् शारदाले। शारदाको मात्र होइन यो बाध्यता। अमेरिकामा रहेका धेरै नेपालीमध्ये एक प्रतिनिधि पात्र हुन् शारदा।

१३ वर्ष भयो नायक सरोज खनालले आफ्ना मान्यजनको हातबाट टीका नथापेको। हरेक दसैंमा उनी फोनबाटै नेपालमा रहेका आफ्ना दाइको आशिर्वाद ग्रहण गर्छन्। यद्यपि यसपटकको तिहार भने उनको विशेष हुनेछ। सराज बहिनीको हातबाट १३ वर्षपछि टीका थाप्ने खुसीले उत्साहित छन्। वासिङ्टन डिसी क्षेत्रमा रहेका केही कलाकार मिलेर युनाइटेड नेपालको ब्यानरमा शनिबार भर्जिनियामा भव्य दसैं कार्यक्रम गर्न जुटेका खनाल टेलिभिजन कार्यक्रम निर्माता रोशनप्रताप राणाकी आमाको हातबाट टीका ग्रहण गर्ने जानकारी दिन्छन्। अमेरिकामा रहेका परिवारभित्रका ज्येष्ठ सदस्य खनालको हातबाट टीका लगाउनेहरूको संख्या यो वर्ष १२ जनाजति पुग्नेछ। पहिले-पहिले नायक खनाललाई दसैं आएपछि ज्यादै नमज्जा लाग्थ्यो। सीमित नेपाली हुन्थे त्यो बेला। सरोज भन्छन्– टीकाको दिन नेपालबाट दाइले फोन गरेपछि आफूलाई सम्हाल्न निकै कठिन हुन्थ्यो।’

न्युयोर्कमा बसेर वकालत गरिरहेका कानुन व्यवसायी खगेन्द्र जिसी आफू विद्यार्थीका रूपमा अमेरिका आउँदा चाडबाड आउँदा कहाँ जाने भन्ने अन्योलको स्थितिबाट गुज्रिएको स्मरण गर्छन्। सन् १९८४-८५ तिरको कुरा हो, त्यो बेला धेरै कम नेपाली थिए न्युयोर्कमा अनि आफ्नो परिवारको पनि कोही थिएन। सन् ९० पछि परिवारसहित घरमै दसैं मनाउने जिसीको परिवारमा अब फेरि पोहोरको जस्तो रमाइलो दसैं दोहोरिनेछैन। महानायक राजेश हमालका भिनाजु जिसीका पाँच दाजुभाइ र चार दिदीबहिनी सबैजना न्युजर्सीस्थित आफ्नो घरमा जम्मा भएर गत वर्ष आमाको हातबाट टीका तथा जमरासहित आशीर्वाद ग्रहण गरेको क्षण कहिल्यै भुल्दैनन्, तर यो वर्ष पोहोरको स्मरण मात्र ताजा छ, उनकी आमाले सबैलाई छाडेर गइन्, त्यसैले जिसी परिवारको यो वर्षको दसैं खल्लो हुनेछ।

चार वर्षदेखि अमेरिकामा दसैं मनाउँदै आएका र गत वर्षसम्म केन्टकीमा रहेका चितवनका विनय अर्याल यसपटक आफ्ना आमाबुवा र परिवारसहित भर्जिनियामा दसैं मनाउँदैछन्। घटस्थापनाको दिनदेखि नै विधिपूर्वक दसैं पूजाआजा गरी जमारा राखेर नेपालकै जस्तो दसैं मनाउने तयारीमा छन् उनी। खसीको मासुको प्रवन्ध पनि गरेका छन् विनयले। उनी भन्छन्– ‘बुवाका कतिपय विद्यार्थी पनि भर्जिनियामै भएकाले गुरुको हातबाट टीका थाप्न आउँछौं भनेर कतिले फोनसमेत गरेका छन्। यता आफ्नै परिवारभित्र पनि करीब १५ जना जति छन् यसपटक एकै ठाउँ भेला भएर टीका लगाउने तयारी गरिरहेका।

अमेरिकामा मार हानेर खसी काट्न पाइँदैन। तैपनि फार्म हाउसमा गएर खसी काट्न लगाएर घरघरमा मासु ल्याइन्छ। बाल्टिमोरमा रहेका नीरज श्रेष्ठ यसवर्ष पनि साथीभाइ एवं छिमेकीहरूसँग मिलेर पेन्सिलभेनियाको लिटिल टाउन भन्ने ठाउँमा गएर खसीको मासु ल्याउने तयारीमा छन्। चार वर्ष भयो नीरजले आफ्नी आमाको हातबाट टीका नथापेको अमेरिकामा उनको परिवारका कोही छैनन्। त्यसैले उनी स्थानीय गन्यमान्यको हातबाट टीका थाप्छन् र साथीभाइसँग रमाइलो गरेर दसैं मनाउँछन्। यो वर्षको टीका आइतबार परेकाले धेरैलाई सहज भएको छ नत्र दसैं भनेर के गर्नु ? कामबाट छुट्टी नमिल्ने भएपछि।

भर्जिनियामा रहेका डिसी नेपाल डट कमका सञ्चालक रामहरि सुवेदीचाहिँ पशु हत्या गरेर दसैं मनाउने चलनको विरुद्धमा छन्। सुवेदी भन्छन्- ‘दसैंलाई उल्लासका रूपमा मनाउने हो। कसैको हत्या गरेर दसैं मनाउनु के मज्जा ? त्यसैले उनको घरमा खसीको मासु पाक्दैन। तैपनि आमाबुवाको हातबाट टीका तथा आशिर्वाद ग्रहण गर्न आउनेहरूलाई स्वागत गर्नेछन् उनले। बाल्टिमोरमा रहेकी नायिका पूजा चन्दको भने यो वर्ष खासै त्यस्तो केही तयारी छैन। टीकाको दिन छोरीलाई टीका लगाइदिने र आफू पनि लगाउने, साथीभाइसँग भेटघाट र रमाइलो गरेर सामान्य रूपमा दसैं मनाउने विचारमा छिन् उनी। पूजा भन्छिन्- यहाँ (अमेरिकामा) के दसैं र खै ? यहाँ मनाउन नपाएको सबै दसैं नेपाल गएरै मनाउनुपर्छ। नायक सरोज खनालले पनि यस्तै अनुभव गरेका छन्, अमेरिकाको दसैंमा कुनै रौनक छैन। यता शारदा कट्टेल पनि दसैं-तिहारजस्ता चाडपर्व नेपालमै बसेर मनाउन पाए हुन्थ्यो भन्ने मान्छिन्। तैपनि उनी मासु-चिउरा खाने र तास खेलेर दसैं मनाउने गरेको जानकारी दिन्छिन्।

न्युयोर्कमा बसेर अध्यागमनमा वकालत गर्दै आएका कानुन व्यवसायी विनोद रोक्का यो वर्ष नेपालमै दसैं मनाउन चाहन्थे, तर यहाँ दसैंकै बेला अदालती कामहरू परेकाले उनी दुई हप्तापहिले काठमाडौंबाट न्युयोर्क फर्किएका छन्। उनी आज शुक्रबार न्युयोर्कमा स्थानीय संस्थाले आयोजना गर्ने दसैं कार्यक्रममा सहभागी हुनेछन्, भोलि शनिबार भर्जिनियामा हुने कलाकारहरूको दसैं विशेष कार्यक्रममा पुग्नेछन् र आइतबार डिसीमा हुने साहित्यिक कार्यक्रम सकेर उनी श्रीमतीसहित सनफ्रान्सिस्को पुग्नेछन्, जहाँ उनका नातेदारहरू छन्। त्यसपछि लसभेगास घुमेर उनी न्युयोर्क फर्कनेछन्। न्युयोर्कमा बाटोघाटो, बस र ट्रेनमा समेत टीका र जमरा लगाएका नेपालीहरू भेट्न पाउँदा न्यास्रो मेटिएको मान्ने रोका दिव्यधाम मन्दिरमा नवरात्रीभरि दुर्गा पूजा-आराधना हुने गरेको जानकारी दिन्छन्। उता सनफ्रान्सिस्कोको सन्निभिलमा रहेका गोरखाका विनोद भट्ट स्थानीय विशाल हिन्दू मन्दिरमा नवरात्रिका बेला नेपालीहरूको विशेष भीड हुने बताउँछन्। यसपालिको दसैं मनाउन कामबाट दुई दिन छुट्टी लिएका विनोद आफ्नी श्रीमती, बालबच्चा र भाइबुहारीसहित दसैं मनाउँदैछन्। घरमै जमरा राख्ने र केही टाढै पुगेर भए पनि खसीको मासु ल्याएर नेपालको जस्तै दसैं मनाउने प्रयासमा छन् उनी। भट्ट भन्छन्, जति नै प्रयास गरे पनि नेपालको जस्तो रौनक त हुँदैन, तर त्यस्तै आभास ल्याउने हो।

लसएन्जल्समा रहेका मुकुन्द ढुंगाना यसवर्ष अमेरिकामा चौथो दसैं मनाउँदैछन्। स्थानीय चिनोहिलमा गएर खसी काट्न लगाई मासु ल्याउने नेपालीहरूको भीड नौरथाभरि नै हुने जानकारी दिन्छन् उनी। यसपटक पनि उनी खसी लिन जाँदैछन् अनि टीकाको दिन आफ्ना तीन दाजुभाइका परिवार एकै ठाउँ जम्मा भएर रमाइलोसँग दसैं मनाउने तयारीमा छन्। बाल्टिमोरमा रहेका चेतन पौड्याललाई भने दसैंका लागि समय निकाल्न निकै कठिन भएको छ। उनी कार्यरत व्यवसायमा करीब १ सय जना अरू नेपाली कार्यरत् छन्। साहूँले दसैंमा कसैले पनि छुट्टी लिन नपाउने पूर्वसूचना जारी गरेका छन्, तर त्यहाँ कार्यरत नेपालीहरूमध्ये अधिकांश दसैंका दिन पनि को काम गर्छ भनेर छुट्टी मागिरहेका छन्। पौडेलका अनुसार कामदारहरू बरु काम छोड्ने दसैं नछोड्ने अडानमा रहेका कारण सबैलाई मिलाएर छुट्टी दिन गाह्रो भैरहेको छ।

बाल्टिमोर वरपर रहेका नेपालीहरू पेन्सिलभेनियाको लिटिल टाउनस्थित फार्म हाउसमा गएर खसी किनेर मासु ल्याउँछन्, जहाँ दसैंका बेला नेपालीहरूको विशेष भीड लाग्छ। त्यहाँ न्युयोर्कदेखिका नेपाली पुग्छन्। अधिकांश नेपाली परिवारबाट टाढा भएका कारण भाइसाथीहरूसँग मिलेर रमाइलो गरी दसैं मनाउँछन्।

# खाडीमा दसैंको रमझम

● **दिनेश रेग्मी**

दोहा (कतार)- यति बेला दसैंको रमझमले छोपेको छ। चाडपर्व परिवारसँग बसेर मनाऊँ भन्ने कसको रहर नहोला ! तर सधैं भनेजस्तो त कहाँ हुन्छ र ? अहिले परदेशमा बस्न लाखौं नेपालीलाई पनि त्यस्तै छ, तर पनि उनीहरूले आफ्नो दसैं उत्सवलाई भुल्न सकेका छैनन्। उनीहरू कामबाट छुट्टी मिलाएर भए पनि साथीभाइ र परदेशमै कार्यरत आफन्तसँग दसैं मनाउँदै छन्।

दसैंको मौका पारेर कोही छुट्टी मिलाएर घरमै दसैं मान्न गैसकेका छन्। यद्यपि अधिकांश त्यो अवसरबाट वञ्चित छन्। घर जान नपाउनेहरू कम्पनीले दिने एकदिने साप्ताहिक छुट्टीको सदुपयोग गर्दै साथीसंगीहरूसँग मिलेर दसैं मनाउने तयारी गर्दैछन्।

खाडी क्षेत्रमा शुक्रबार सार्वजनिक बिदा हुन्छ, त्यसैले नेपालीहरू बिहीबार रातिदेखि जमघट गर्छन्। कोही शुक्रबारै पिकनिक गएर नाचगान र खानपिनसँगै दसैं मनाउँछन्। खेतीपाती, भेडीगोठ, उँट चराउने, कारखाना, निर्माण कम्पनी, पसल, होटल, कार्यालय जहाँ काम गर्नेभए पनि नेपालीहरू दिन मिलाएर साथीहरूसँग जमेकै हुन्छन्।



प्रवासमा रहेका नेपालीहरूले छुट्टी नमिले पनि सापट लिएर र छुट्टि मिलेको दिन साथीहरूसँग आत्मीयता साटेका छन्। परिवारसँग बसेकाहरू साथीभाइ तथा इष्टमित्रहरूसँग रमाइलो गर्छन्। बहुसंख्यक नेपाली श्रमिकको गन्तव्य बनेको खाडी मुलुकमा पनि नेपालीहरूले आफ्ना चाडपर्वलाई निरन्तरता दिएका प्रशस्तै उदाहरण छन्।

खाडी मुलुकका कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, बहराइन, कुवेत, ओमान हुन् वा इराक-इजराइल, हिन्दू धर्मावलम्बी नेपालीहरू कम्पनीले दिने छुट्टीको सदुपयोग गर्दै दसैं मनाउँछन्। यहाँ जमरा राख्ने र टीकाटालो गर्ने चलन अन्यन्त न्यून छ। साथीहरूको जमघट, खानपिन, नाचगानमै बढी जोड दिइएको पाइन्छ।

'छुट्टीको दिन पारेर साथीभाइसँग नाचगान गर्दै दसैं मनाउने तयारी गर्दैछौं,' मोरङ, डाँगीहाटका राजुकुमार धिमालले भने- 'पोहोर ८० किलोग्रामको खसी ढालेका थियौं। यसपालि पनि क्याम्पमै खसी ल्याएर खाने हो।' उनी कतारबाट साउदी अरेबिया जाने सल्वारोडबाट भित्र अलरकिया भन्ने घाँसे मैदानमा कार्यरत छन्, जहाँ अन्य २४ जना नेपाली छन्।

धिमाल कार्यरत कम्पनीकै गाई फर्म पनि छ। उक्त फर्ममा काम गर्ने नेपालीहरू पनि सँगै दसैं मनाउने योजना छन्। गत वर्ष पनि उनीहरूले मासु, च्युरा, पुलाउ आदि बनाएर खाएका थिए। अहिले पनि त्यसरी नै मनाउँदै छौं, -उनले भने। रक्सीलाई भने उनीहरूले वर्जित गरेका छन्। कतारमा न्यून आम्दानी भएकाले रक्सी सेवन गर्न नपाइने भए पनि कतिपयले लुकिछिपी खाने गरेका छन्। कतारमा साढे ३ लाखभन्दा बढी नेपाली कार्यरत छन्।

परदेशमा जुन जहाँको समुदाय भए पनि दसैंको खुसियालीमा नेपालीहरू जुटेका हुन्छन्। 'म बुद्धिष्ट भए पनि साथीभाइहरूसँग दसैं मनाउन पछि परेको छैन,' इलाम, लालीखर्कका दावा शेर्पा भन्छन्- 'साथीभाइ तथा छरछिमेकले मनाउने भएपछि पहिलेदेखि नै दसैंको प्रभाव पऱ्यो। त्यसमाथि परदेशमा भेटघाट तथा रमाइलो गर्ने यो एउटा अवसर पनि हो।'

कतारको राजधानी दोहाबाट १ सय ५ किलोमिटर पश्चिम अलगोरिया भन्ने ठाउँमा काम गर्ने नेपालीहरू दसैं मनाउने तयारीमा छन्। 'जति साथीहरू जुट्न सक्छौं, त्यति नै मिलेर दसैं मनाउँदै छौं,' कतारको सरकारी कार्वा बस कम्पनीका चालक पाल्पा, बौघापोखराथोकका भरत खत्रीले भने- 'मिले त पिकनिक नै जाने योजना छ।'



कतारको छिमेकी देश संयुक्त अरब इमिरेट्सको दुबईमा पनि नेपालीहरू एक ठाउँमा भेला भएर दसैं उत्सव मनाउँदैछन्। अष्टमीको दिन उनीहरूले सांस्कृतिक कार्यक्रमसहित दसैं मनाउने तयारी गरेको अर्घाखाँची, बल्कोटका उमाकान्त पाण्डेले बताए। त्यस्तै, विभिन्न कम्पनीका कार्यरत मजदुरहरू छुट्टाछुट्टै रूपमा भेला भएर दसैं मनाउँछन्। युएईमा करिब डेढ लाख नेपाली छन्।

युद्धग्रस्त इराकमा पनि नेपालीहरूले कम्पनीभित्रै दसैं मनाउँदै आएका छन्। अन्य मुलुकमा जस्तो खुला चलहपहल गर्न नपाए पनि उनीहरूले दसैं मनाउन छाडेका छैनन्। 'खसी नै ल्याएर खाने गरिएको छ। यसपालि पनि त्यसै गर्ने हो,' तीन वर्षदेखि इराकमा कार्यरत काठमाडौं बालाजुका देवमान तामाङले भने। ३० हजारभन्दा बढी नेपाली कार्यरत इराकमा पूर्वराष्ट्रपति सद्दाम हुसेनको गृहक्षेत्र टिक्रितमा पनि नेपालीहरू पुगेका छन्।

खाडीका विभिन्न राष्ट्रमा कार्यरत नेपाली चेलीहरू क्याम्पमा दसैंको खुसियालीमा रम्दै छन्। कुनै-कुनै क्याम्पमा त उनीहरूले क्याम्पकै दिदीसँग टीका समेत थाप्ने गरेका छन्। कतार दफ्नास्थित एउटा क्लिनिङ कम्पनीका कार्यरत नेपाली चेलीहरूले गत वर्ष त्यस्तै गरेका थिए। यसपालि पनि साथीसँगी मिलेर खानपिन तथा रमाइलो गर्ने योजना रहेको उनीहरूले सुनाए।

दसैं मनाउन घर जाने तयारीमा रहेकाहरूले यहाँ बस्ने साथीहरूसँग दसैंको जमघट भ्याइसकेका छन्। दोहास्थित फेन्सी, कस्मेटिक्स, घरायसी तथा विद्युतीय सामान बिक्री गर्ने ब्लु सलोन कम्पनीमा कार्यरत नेपालीले त्यसो गरिसके। 'कतिपय साथी घर जाने भएकाले इदको छुट्टीमै दसैं मनायौं,' दसैंमा घर जान लागेका गोर्खाका जगतराम वर्देबाले भने- 'एउटै कम्पनीका काम गर्ने ६० जना मिलेर बिहीबार राति १ बजेदेखि भोलिपल्ट बिहान १० बजेसम्म रमाइलो गऱ्यौं।' उनीहरू कम्पनीको काम सकिएपछि खानपिनमा जुटेका थिए। 'सबै मिलेर दुईवटा खसी ल्यायौं अनि च्युरा, सलाद र चिसोसँग खायौं,' उनले सुनाए। कम्पनीका काम गर्ने नेपालीहरू आपसमा रकम उठाएर दसैं मनाउँछन्। यहाँ नेपाली बाहुल्य कुनै-कुनै कम्पनीले दसैं छुट्टी दिने भए पनि अधिकांशले दिने गरेका छैनन्।

कहिल्यै छुट्टी नहुने तरकारीबारीमा काम गर्ने नेपालीहरू पनि दसैं मनाउन भने छाड्दैनन्। जहाँ जति काम छन् त्यति नै भए पनि उनीहरू दसैं मनाउन जुटेका हुन्छन्। संखुवासभा सिद्धकालीका फुर्वा शेर्पा, धनुषा महेन्द्रनगरका विष्णुदेव चौधरी, गुल्मी ह्वाङ्दीका विनोद थापा, म्याग्दी बरङ्जाका दिलबहादुर थापा, नुवाकोट खड्गभज्याङका गोविन्द सुनार, संखुवासभा खाँदबारीमा बुद्धिमान मगर आदि मिलेर गत वर्ष त्यसरी नै दसैं मनाए, तर यसपालि कतिपय साथी घरबाट नफर्केका र घरमा आमा बिरामी भएकाले दसैंको खुसीयाली नभएको कतारमा १४ वर्षदेखि कार्यरत शेर्पाले सुनाए। 'घरमा बिरामी भएपछि मनै उतै छ। यता पनि कतिपय साथी छैनन्। यसपालि दसैं खल्लो होला जस्तो छ,' दोहाबाट ६० किलोमिटर पश्चिम सना भन्ने ठाउँमा कार्यरत शेर्पाले भने।

प्रवासमा गठित विभिन्न संघसंस्थाले पनि शुभकामना आदान-प्रदान कार्यक्रमसहित दसैं मनाउने गरेका छन्। उनीहरू पनि सांगीतिक कार्यक्रमसहित जोक सुनाउँदै नाचगान गर्दै मासु-च्युरा खाँदै दसैं मनाउँछन्।

# हङकङमा पनि दसैंको रमझम

● **निर्मल श्रेष्ठ**

हङकङ- भैरहवाका सुरज गुरुङ असोज १४ गते नै श्रीमती सपना र छोरा डेनियलसँगै दसैं मान्न नेपाल उडिसकेका छन्। पोखराकी सजिना थापा र धरानकी गीता गुरुङ पनि त्यसको तीन दिनपछि स्वदेश फर्किन्। चितवनका तिलक र भगवती स्वाम्इलगायत स्याङ्जाका सुमन रानामगर पनि दसैंअघि नै नेपाल पुग्ने सुरमा छन्। बडादसैंको छेक पारी नेपाल जाने लर्को टीकाको दिनसम्म पनि निरन्तर चल्नेछ, तर यसो भन्दैमा सबैलाई त्यस्तो अवसर कहाँ मिल्नु ? कामको चटारोले चाहेर पनि स्वदेश फिर्न नसक्ने नेपालीहरूको संख्या पनि उत्तिकै छ।




'जान त मन लाग्छ नि ! तर के गर्नु ? परदेश बसेपछि पहिलो प्राथमिकता कामलाई नै दिनुपऱ्यो,' धरानकी देवी थापामगरले भनिन्, 'के दसैं, के तिहार चाहे पनि नचाहे पनि सधैं पैसाकै पछि कुद्नुपर्ने।' यसो भन्दैमा उनले हरेसै भने मानिसकेकी छैनन्। परदेशमै बसे पनि सानैदेखि गरिआएको चलन चटक्कै कहाँ छाड्न सकिदो रहेछ र ?' देवीले भनिन्, 'यसपालि त घटस्थापनाका दिन घरमै जमरा राख्दैछु,' उनीले भनिन्, 'चाहिए तपाईंलाई पनि ल्याइदिउँला।' यतिसम्म गर्ने तयारीमा रहेकी उनले न्यास्रो मान्दै दुःखेसो समेत पोखिन्- 'सबै साथीभाइले टीकाकै दिन छुट्टी मागेकाले मैले भने पाइन्,' उनले भनिन्, 'यहाँ श्रीमान् र म मात्र भएकाले छुट्टीपछि सानीआमाको हातबाट टीका थाप्न जाने योजनामा छौं।' देवीले झैं रीतिरिवाज पछ्याउनै भए पनि जमरा राख्ने अरू पनि भेटिए। प्रत्येक वर्ष जमरा राख्ने सुनिता पौड्यालले यस वर्ष समेत त्यसलाई निरन्तरता दिने बताइन्। 'विदेशमा बसे पनि आफ्नो परम्परा भुल्न कहाँ सकिँदो रहेछ र ?' उनले भनिन्, 'छोराछोरीलाई पनि आफ्नो मौलिक रीतिथिति सिकाउनुपऱ्यो नि।' समयले भ्याएसम्म नवरात्रिभर मन्दिर पुग्ने गरेको उनले बताइन्। लामो समयदेखि हङकङमै बसोबास गर्दै आएकी काठमाडौंकी मेरी बस्नेत र मिलन पालुंगाले समेत साथीभाइहरूसँग रमाइलो गरी दसैं मान्ने गरेको बताए।


कतिपयले छुट्टी मिले साथीसंगीसँग तास खेल्ने योजनासमेत बनाएका छन्। 'हाम्रो परिवार र छरछिमेकमा चाडबाडका बेला जुवातास खेल्नु संस्कारझैं छ,' काठमाडौंमा सुनिल श्रेष्ठले भने, 'दुईचार हात भए पनि तास समाउन नपाए त दसैं आएको सार नै नभएजस्तो हुन्छ, मौका मिले खेल्नुपर्ला।' यहाँका मन्दिरमा बोका बलि दिने चलन छैन। त्यसैको न्यास्रो मेट्न कतिपयले खसी काटेर खाने गरेका छन्। नेपालीको ख्वाइसँग परिचित यहाँका चिनियाँ मासुपसलेले समेत दसैंका बेला पोलेको खसीको मासु केराको पातमा राखी बिक्री गरेको देखिन्छ। 'जे-जस्तो भए पनि नेपाली पाराले तयार पारिएको खसीको स्वादै बेग्लै,' व्यवसायी सुरज गुरुङले नेपाली स्वाद सम्झिए, 'त्यस्तो यहाँ कहाँ पाउनु र खै ?'

चाडपर्वका बेला यहाँका नेपाली रेस्टुराँ व्यवसायीहरू पनि बेफुर्सदी हुन्छन्। विभिन्न संघ-संस्था एवं समूहले रेस्टुराँमै कार्यक्रम



आयोजना गर्ने भएकाले दसैंका बेला सधैं चटारो हुने कंगन रेस्टुराँका कमल पौड्यालले बताए। दर्जनौं संख्यामा खुलेका यहाँका नेपाली किराना पसलेहरूले पनि ग्राहकको उत्तिकै भीड खेप्छन्। यस्ता पसलमा ग्राहकको मागबमोजिम जमराका बीउ, टीकादेखि पूजाआजाका सबैजसो सामग्री सर्वसुलभ हुने भएकाले पनि नेपाली ग्राहकको भीड हुने गरेको हो। जोर्डनस्थित पशुपति स्टोरका सञ्चालक घनश्याम ज्ञवाली सामान किनमेलका लागि आउने दर्शकका चापले दसैंताका झन व्यस्त भइने बताउँछन्।

दसैं होस् वा तिहार, ल्होसार होस् वा उभौली, तीज होस् वा माघी सबैजसो चाडपर्वमा रमाइलोका लागि दाउ हेरेर बसेका हुन्छन् हङकडेली नेपाली। यसपटक पनि दसैंको अवसर पारेर यहाँ झन्डै एक दर्जन कार्यक्रम हुँदैछन्। साउन्ड एन्ड स्टायल कन्सेप्ट समूहले टीकाकै दिन पारेर भर्टिगो अल्ट्रालंगमा डान्स पार्टी अनि त्यसै दिन नेवार समाजले मंकी हिलमा दसैं शुभकामना आदान-प्रदान कार्यक्रमको आयोजना गरेका छन्। लमजुङ सेवा समिति, तनहुँ समाज, डेनियल इम्प्लोइमेन्ट, चितवन समाज आदिले पनि दसैंकै अवसर पारेर छुट्टाछुट्टै कार्यक्रमको घोषणा गरेका छन्। यसपटक बडादसैं टीका आइतबार छुट्टीका दिन परेकाले पनि अधिकांश नेपाली जमेर रमाइलो गर्ने मुडमा छन्।



# फेसबुकमा दसैं शुभकामना

● कृष्ण भट्टराई

काठमाडौं- 'यसपटकको दसैंमा तपाईंको मोबाइलमा शुभकामना सन्देश कम आए भने अचम्म नमाने हुन्छ, सामाजिक सञ्जाल फेसबुक डट कमका पारखी गीतकार साइमन सहदेव रायमाझी भन्दैथिए- 'किनभने अहिले मोबाइलको इनबक्सको साटो फेसबुकको वाल दसैं शुभकामनाका सन्देशले भरिन थालेको छ ।' साइमनले भने जस्तै यसपटक फेसबुकका नेपाली प्रयोगकर्ताको वाल तथा इनबक्स दसैं शुभकामना सन्देशले नै भरिएका छन् ।

पछिल्लो सर्वेक्षणअनुसार स्वदेश तथा विदेशमा रहेका करिब छ लाख नेपाली अहिले फेसबुक प्रयोग गरिरहेका छन् । फेसबुकको एकाउन्टमा गएर आफ्नो स्ट्याटमा 'दसैं तथा तिहारको शुभकामना' लेख्नेहरू ह्वात्तै बढेका छन् । स्ट्याटमा देखिने दसैं शुभकामनामा कमेन्ट गर्नेहरू पनि प्रसस्तै छन् । अझ दुर्गा भगवतीको तस्विरमा विजयादशमी तथा दीपावलीको शुभकामना भनेर पोस्ट गर्ने तथा आफ्ना साथीहरूलाई ट्याग गर्नेहरूको ठूलै जमात अहिले फेसबुकमा सक्रिय छ । केही वर्षअघिसम्म इमेजबाटै दसैं तथा तिहार जस्ता ठूला चाडपर्वको शुभकामना आदान-प्रदान गरिरहेका नेपालीहरूलाई फेसबुकले सहज स्थान उपलब्ध गराएको हो ।

घटस्थापनाकै दिन गायिका सरिष्मा अमात्यले अमेरिकाबाट फेसबुकको आफ्नो एकाउन्टमा लेखिन् 'घटस्थापनाको शुभकामना' । एक दिनमै अनेकौं पटक फेसबुक खोलेर आफ्नो स्ट्याटमा साथीभाइले कस्तो कमेन्ट गरेका छन् भनेर चेक गरिरहने गायिका अमात्यलाई घटस्थापनाको शुभकामनाका लागि आएका कमेन्ट पढ्दा रमाइलो लागेछ ।

गायक दिपेशकिशोर भट्टराईले घटस्थापनाको दुई दिनपछि आफ्नो स्ट्याटसमा लेखे 'तपाईं र तपाईंको परिवारलाई दसैंको शुभकामना, तपाईंहरू सबैलाई लामो बीदाको पनि शुभकामना !' दिपेशलाई उनका थुप्रै प्रशंसक तथा साथीहरूले 'सेम टु यू' भनिदिए ।

गायक निकेश गुरुङले आफ्नो वालमा लेखे- 'ओहो, दसैं त आँगन मा पो आएर बस्नु भएको रहेछ । भित्रै आउनुहोस् न, किन लाज मान्नु भएको यसरी ?' आफ्नो स्ट्याटसमा यति लेख्न के भ्याएका थिए, निकेसका साथी भीम गुरुङले तुरुन्तै कमेन्ट गरे- 'ओहो सोल्टी...गाईजात्रै भएछ, हजूरले देख्नु भएको हो कि क्या हो दसैंलाई...हजुरलाई देखेर होला नि त लाज मानेको बरा...हेहेहे !'

टेलिभिजनकर्मी समन अधिकारी गत सोमबार मध्यान्ह कति खुशी थिए भन्ने कुरा उनको स्ट्याटस हेरेरै अनुमान गर्न सकिन्छ । दसैंमा जन्मथलो जाने तयारीमा जुटेका समनले लेखे- 'भोलि त झापा जाने...!' समनले यति लेखेका मात्र के थिए उनकी



साथी कल्पना थपलियाले कमेन्ट गरिन् – 'ल ल मोज गर सबै फेमिली जम्मा भएर...एनि वे ह्याप्पी दसैं समन !' समनका भतिज प्रकाश ढकालले थपे- 'काका मोज गर है ।' समनलाई सन्ध्या भण्डारी तथा मनिता दाहालले रमाइलो तथा सुरक्षित यात्राको कामना गरे । समनका साथी केशव पौडेलको कमेन्टचाहिँ रमाइलो थियो । उनले लेखे- 'जाउँ जाउँ झापाली, झापा गएर टन्न दसैं मनाउँ...।'

एनआरएन आयरल्याण्डले त आफ्नो फेसबुकको प्रोफाइलमा दुर्गामाताको तस्विर राखेरै दसैंको शुभकामना व्यक्त गरेको छ । टीकाको भोलिपल्ट अर्थात् आगामी सोमबार डब्लिनस्थित एउटा होटलमा आयोजना गर्न लागिएको दसैं भेलाको निम्तो पनि फेसबुकबाटै दिएको छ ।

यसै वर्ष कक्षा १२ उत्तीर्ण गरेका क्षितिज खनालले सोमबार बिहानै फेसबुकको आफ्नो प्रोफाइलमा 'दसैं आयो, खाउँला तर नपिउँला, नयाँ लुगा लगाउँला...' लेखे । उनलाई उनका साथीहरू सेविका थापा, सञ्जल न्यौपाने आदिले किन नपिउँला ? भनेर प्रतिप्रश्न सोधे ।

रेडियो कान्तिपुरकी पूर्वआरजे दीपा घिमिरेको फेसबुक-वालमा संगीतकार सागर न्यौपानेले 'बिछोडको पीडा नसकी खप्न...' गीतको दृश्य पोष्ट गरिदिए । गायिका समेत रहिसकेकी दीपाले गायक सजल न्यौपानेसँग एउटा सांगीतिक कार्यक्रममा गाएको दसैंमा आधारित उक्त लोकप्रिय गीतको भिडियो पोष्ट गरे लगत्तै एक दर्जनभन्दा बढी प्रतिक्रिया आए । दीपाका नौ जना साथीले 'लाइक' मा क्लिक गरे अर्थात् गीत मन परेको बताए । कमेन्ट गर्नेहरू मध्ये कृष्ण पि पाण्डेले लेखे- 'आधुनिक गीतको स्वर्णीम युगमै पुऱ्यायो । यति सुन्दर उपहारका लागि सागर सर (गायक सजलका बुवा संगीतकार सागर न्यौपाने) लाई धेरै-धेरै धन्यवाद ।' विदेसिएका नेपालीहरू दसैंमा घर फर्कने वाचा गरेको आशयको यो गीत फेसबुकबाट सुन्न पाएकोमा विनोद ढुंगानाको प्रतिक्रिया थियो-- 'एकदमै आनन्द आयो...' । अष्ट्रेलियामा रहेकी दीपा घिमिरेको प्रतिक्रिया मर्मस्पर्शी थियो । उनले लेखिन्- 'यो गीत सुनेर नेपाल गै हालौं जस्तो भयो ....नेपालमा मनाएको दसैंको सम्झना आयो ।' नारायण गोपाल तथा दीलमाया खातीको यो गीत सुनेपछि रवि प्राज्जलले फेसबुकमै लेखे- 'दसैंका मुखमा एक दम सान्दर्भिक गीत सुन्न पाइयो ।'

ब्राइट भिजन कलेजका जीवन सापकोटाले आफ्नो फेसबुकको वालमा 'विजयादशमीको हार्दिक शुभकामना' लेखिएको पोष्टकार्ड नै प्रकाशित गरे र आफ्ना दुई दर्जनभन्दा बढी साथीहरूलाई ट्याग गरे । जीवनलाई उनका साथीहरू मीरा तिवारी, बिना बस्नेत, अस्मिता भट्टराई, देवीप्रसाद गौतम, ममता तिमल्सिना, बबिना श्रेष्ठ, चूडामणि आचार्य आदिले प्रतिक्रिया दिंदै धन्यवाद भनी आफ्नोतर्फबाट पनि शुभकामना व्यक्त गरे ।

आयरल्यान्डमा कार्यरत डा.केशवप्रसाद भट्टराईले फेसबुकको आफ्नो प्रोफाइलमार्फत दसैंको शुभकामना त व्यक्त गरेका छन् नै साथै उनले 'दसैंको अवसरमा देशले नयाँ सरकार, नयाँ संविधान साथै शान्ति र प्रगतिका लागि नयाँ अवसरहरू प्राप्त गरोस्...' पनि लेखेका छन् । उनको यो शुभकामनाप्रति प्रतिक्रिया दिनेहरूमध्ये नेत्रजी आत्रेयले लेखे- 'तपाईंले भने जस्तै होस् ।' अनुज प्रधानको प्रतिक्रिया थियो- 'मेरो पनि शुभकामना नेपाल अनि सम्पूर्ण नेपालीहरूलाई ।'

नायक राजबल्लभ कोइरालाले आफ्नो फेसबुकको स्ट्याटसमा 'शुभप्रभात । नयाँ दिनको सुरुवातसँगै नयाँ पर्व अनि नयाँ जोश, उमंग अनि खुसियाली । प्यारा साथीहरूलाई यो सन्दर्भमा दसैंको धेरै-धेरै शुभकामना । माता दुर्गा भवानीले हामी सबैको कल्याण गरुन ।' लेखेका छन् । राजबल्लभलाई उनका दुई दर्जनभन्दा बढि फेसबुक-साथीले प्रतिक्रिया जनाए । ती मध्ये अधिकांशले दसैंको शुभकामनामा मात्र व्यक्त गरेका छन् तर उत्सवले भने 'हुन त त्यस्तै पर्ने हो तर...पोलिटिक्स इज डर्टि !' पनि लेख्न भ्याएका छन् ।

नायिका नीता ढुंगाना पनि के कम ! उनले पनि आफ्नो स्ट्याटसमा लेखिन्- 'ल है, दसैं आयो...सम्पूर्ण नेपालीहरूमा विजया दशमीको शुभकामना ! ' गायक राजेशपायलले दसैंमा काठमाडौंमै हुनेछु भन्ने आशयको स्ट्याटस लेख्न मात्र के भ्याएका थिए, उनका एक जना प्रसंसक कर्म राईले प्रतिक्रिया जनाइ हाले- 'दसैंको हरन घुम्न जाउँ धरान भनेको त...काठमाडौंमा पो दर्शन नमस्ते गर्न पुग्नु भएछ राजेश ब्रो त ।'

त्यसो त फिल्मिखबर डट कम लगायत अधिकाश फेसबुक प्रयोगकर्ताले आफ्नो प्रोफाइल पिक्चर (तस्विर) मा समेत दसैंको शुभकामना अंकित पोष्टकार्ड नै प्रकाशित गरेका छन् । यसबाट पनि फेसबुक प्रयोगकर्तालाई दसैंले कति छोएको छ अनुमान गर्न सकिन्छ ।

# फेसबुकमा दसैंको रौनक

● विदुर खतिवडा

दसैं आउनेबित्तिकै प्रेम शर्माका निम्ति फेसबुक अनगिन्ती उपहार बोकेर आउँछ । आफन्त, साथीभाइ सबैले सप्रेम दिएका ती उपहारको ढेरीमा उनी उत्तिकै रमाउँछन् । अर्को कुरा, प्रेम आफैं पनि धक नमानी उपहार पठाउने सबै साथीभाइलाई उपहार दिन त्यत्तिकै सक्रिय हुन्छन् । लामकाने खसी, घर जाने प्लेनको टिकट, देवीको तस्विर, फ्रेस नोट, नयाँ लुगा आदि उपहार उनी सहर्ष स्वीकार गर्छन् । 'फेसबुक क्रान्तिको यो समयमा यी उपहारले एक प्रकारको सन्तोष दिन्छन्,' उनी भन्छन्- 'तर यी भर्च्युअल उपहार कम्प्युटरको स्क्रिनमै सीमित रहनुले क्षणभरमै प्रापक खिन्न पनि भैरहेको हुन्छ ।'

प्रेमले भनेको कुरा वास्तवमै सही हो, फेसबुक अर्थात् अन्य सामाजिक सञ्जालका वेबसाइटमार्फत आफन्त तथा संगीहरूलाई दिइने भर्च्युअल उपहार जसरी सहज ढंगमा प्रदान गरिन्छ, त्यो वास्तवमा मूल्यहिन हुनुले पनि दिनलाई यति सहज भएको हो । फेसबुकमा उपहार दिनेले जसरी सहज ढंगले दिल फुकाएर दिन्छ, पाउनेले पनि अरूलाई उसरी नै विभिन्न उपहार फरवार्ड गरिरहेको हुन्छ ।

दिनेलाई पैसा नपर्ने, पाउनेले छुन नपाउने फेसबुकका यी उपहार दसैं नजिकिंदै जाँदा खुबै प्रयोगमा आउँछन् । दसैंमा विदेशमा भएको दाइसँग खर्च माग्ने भाइ दिनेश आचार्यले दाइबाट खसी पाउने आश्वासन पाएका थिए, पछिल्ला वर्षहरूमा ई-कमर्स वेबसाइटहरू मुन्छा डटकम, ठमेल डटकममार्फत विदेशमा भएकाहरूले घरमै खसी ल्याइदिने भएकाले पनि उनी दाइको भनाइमा विश्वस्त थिए, तर उनले पनि फेसबुकको भित्तामा दाइले पठाएको भर्च्युअल लाम्काने खसीमै चित्त बुझाउनुपर्‍यो ।

धुमधामका साथ दसैं लागिसकेको छ, आज महाअष्टमीको दिन, सबै आ-आफ्ना घरमा मासुका परिकारका साथमा मिष्ठान्न भोजनमा रमाइरहेका छन् । दसैं आउनेबित्तिकै टाढा भएकाहरू घर पुग्ने हतारोमा हुन्छन्, 'दसैं आयो घरतिर लागियो,' फेसबुकको स्ट्याटस लेख्नेहरू टन्नै देखिएका छन् । एकसाता अगावै पत्रकार केदार शर्माले फेसबुकको भित्तामा लेखे, 'निकै दिनलाई घरतिर ।' उनी यतिखेर पुर्ख्यौली घर इलाममा रमाइरहेका छन्, पुराना साथीभाइ तथा गुरुहरूसँगको भेटघाटमा । शर्माजस्तै दसैंका विभिन्न पक्षसँग सम्बन्धित स्ट्याटस राखेर शुभकामना दिने चलन पनि देखिएको छ । त्यतिमात्र होइन, देश-विदेशमा रहेकाहरूले आकर्षक पोस्टर, कार्डमार्फत शुभकामना आदान-प्रदान गरिरहेका छन् ।

अन्तर्राष्ट्रिय रूपमै लोकप्रिय सामाजिक सञ्जाल फेसबुकका यी केही स्वदेशी फन्डा हुन् । इन्टरनेटको माध्यमबाट सामाजिक सञ्जालको नयाँ संस्करणका रूपमा विकास भएको 'फेसबुक' नेपालीमाझ लोकप्रिय भएको अब पुष्टि भैसकेको छ ।

'बिहान आँखा खोल्नेबित्तिकै फेसबुकमा 'गुड मर्निङ' भनेर दिनको सुरुवात गर्ने थुप्रै नेपाली 'नाओ स्लिपिङ' लेखेर सुत्न जान्छन् ।' सूचना प्रविधिविज्ञ किशोर पन्त भन्छन्- 'मोबाइलपछि अहिले सहरिया नेपालीहरू फेसबुकको लत बढ्दै गएको देख्न सकिन्छ ।' विज्ञ पन्तका अनुसार जीपीआरएस सुविधायुक्त मोबाइल प्रयोगकर्ताले मोबाइलमै इन्टरनेट जडान गरेको अवस्थामा हरेक क्रियाकलापका बारेमा हिंड्दाहिंड्दै पनि फेसबुकमा केही न केही लेखिरहेका हुन्छन् । एनसेल र टेलिकमले मोबाइलमै जीपीआरएस इन्टरनेट सेवा दिएका छन् । आज अष्टमी, तर आजभन्दा करिब २० दिनअघिदेखि नै फेसबुक प्रयोगकर्ताले दसैंको शुभकामना दिन थालिसकेका थिए ।

नेपाली परिप्रेक्ष्यमा हेर्ने हो भने सहरिया परिवेशमा फेसबुकको पहुँच बढी देखिन्छ । खासगरी व्यस्त जीवनशैली अँगालिरहेकाहरू फुर्सदको समय आफ्ना निम्ति खर्चिन फेसबुक प्रयोग गर्छन् । कम्प्युटर एसोसिएसन अफ नेपालका पूर्व प्रथम उपाध्यक्ष एवं सूचना प्रविधि विज्ञ राजीव सुब्बाका अनुसार फेसबुकले वर्षौं नभेटिएका साथीदेखि व्यस्तताको कारण टाढिएका आफन्तलाई पनि नजिक ल्याइदिएको छ । हाल जापानमा रहेका सुब्बा फेसबुकमा आफ्नो खाता खोल्नेबित्तिकै साथीहरूको सञ्जाल खप्लक्क छोप्ने भएकाले उनीहरूसँग इन्टरनेटको माध्यमबाटै भए पनि सम्पर्क विस्तार हुने बताउँछन् ।

'टीका होस् निधारमा, जमरा होस् कानमा, खुसी छाओस् परिवारमा, अनि शान्ति देशमा,' फेसबुक प्रयोगकर्ता शेर बस्नेतले आफ्नो स्ट्याटसमार्फत कामना गरेका छन्, उनका साथीसँगीमार्फत देशकै निम्ति उनले आफ्नो भावना प्रस्तुत गरेका छन् । 'मिलोस् शान्ति, चाहिन्न क्रान्ति, सबै भाइबन्धु, सबै एकै सन्तान, फलोस् फुलोस् जगत्, नहोस् कर्म फगत शुभकामना बडादसैं-२०६७ को हजुरलाई,' अघोषित यात्रुले फेसबुकमा लेखेका छन् ।

फेसबुकमै उपेन केसी लेख्छन्- 'दसैंको टीका र जमरा देवीको फोटो, लाम्काने खसी, घर जाने प्लेनको टिकट, लिङ्गे पिङ, सेल रोटी, दसैं गिफ्ट' फेसबुक स्ट्याटसमा आशीर्वाद दिनेहरूको पनि कमी छैन । 'आयुद्रोणसुते श्रियं दशरथे शत्रुक्षयं राघवे, ऐश्वर्यम् नहुषे गतिश्च पवने, मानञ्च दुर्यधने, शौर्य शान्तवने, वल हलधरे सत्यंच कुन्तीसुते, विज्ञानं विदुरे भवन्तु भवत: कीर्तिश्च नारायणे, जयन्ती मंगलाकाली भद्रकाली कपालिनी, दुर्गाक्षमा शिवधात्री स्वहा स्वधा नमोस्तुते,' विजयादशमीको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना लेख्नेहरू पनि थुप्रै छन् । दसैंमा इन्जोय गर्न नसकिरहेकाहरूलाई मुड फ्रेस गराइदिने स्ट्याटस पनि थुप्रै छन् । पट्यार लाग्दो समयमा विभिन्न फन्नी कुरा स्ट्याटसमा राख्दा आउने रोचक प्रतिक्रियाले मुड चेन्ज गरिदिन्छ, सूचना प्रविधि विज्ञ सुब्बा बताउँछन् । 'साथीहरूले थुप्रै मनखाने भर्च्युअल उपहार पठाए, तर म त्यसलाई १७ इन्चको मनिटरमा हेर्नबाहेक अरू केही गर्न सक्दिनँ,' एक फेसबुक प्रयोगकर्ता लेख्छन्- 'सायद यी उपहार भर्च्युअल नभैदिएका भए अर्थात् मेलको सट्टा कुरियरबाट पठाइएको भए मैले ठूलै पसल खोलिसक्थे होला ।'

एक फेसबुक प्रयोगकर्ता लेख्छन्- 'गरिब नेपालीलाई महँगीले थिचेको, सचेत नेपालीलाई राजनैतिक अन्योलले पिरोलेको, देश आर्थिक रूपमा बर्बाद भएको, यो दुखद क्षणमा गह्रौं मस्तिष्कले भए पनि दसैं मनाऔं ।' यस्तै एक अर्कि प्रयोगकर्ता लेख्छिन्- 'बाबुआमाको कमाइको दसैं र आफ्नो बुताले मनाएको दसैंमा कति फरक छ हैन ?' अर्को स्ट्याटस छ- 'उच्च रहोस् भावना, बडादसैं-२०६७ सालको शुभकामना, जुन ठाउँमा जस्तोसुकै अवस्थामा भए पनि खुसी रहौं, दुर्गा भवानीले सम्पूर्ण भक्तजनहरूमा फरक-फरक किसिमको शक्ति प्रदान गरून्, कसैलाई सरकार बनाउन बल प्रदान गरून्, सरकार झार्न र उकास्नेहरूको बुद्धि सुधारी दिऊन्, दुर्गम गाउँमा गएर गरिबका लागि सेवा गर्ने सद्बुद्धि दिऊन्, मुरी-मुरी शुभकामना ।' यी र यस्तै स्ट्याटसमा विभिन्न भावना दसैंप्रति लक्षित गरेर प्रतिबिम्बित भएका छन् । जे होस्, सबैलाई हाम्रो पनि शुभकामना !

**फूल सम्भिएए बास्ना दिन्छु,**
**सिस्नु सम्भिएए काँडा ।**
**आफ्नो सम्भिएए माया दिन्छु,**
**विरानो सम्भिएए टाढा ॥**

उकाली होस् वा ओराली होस्
बाटैमा ससुराली होस् ।
गोरी होस् वा काली होस्
ससुरालीमा एउटी साली होस् ॥

जलादे उन हसिनोको
जो खुदपे नाज करती है,
गिराके जुल्फ गाल पे
जो ड्राइभरको बदनाम करती है।

जनकपुरको माछा मलेखुमा पिस ।
अरूलाई मुस्कान ड्राइभरलाई किस ॥

तिम्री छोरी नै आँखा लाउँछिन् त
हाम्रो
गुरुजीको
के दोष ?

जँड्याहालाई
खोज्ने केवल दुई
ठेगाना
कि त भट्टीमा कि त
पुलिसचौकीमा ।

**ढिलो गए साहूले पैसा कमाउने**
**छिटो गए त्रिशूलीको माछा रमाउने ।**

राजनीतिको कुरा नगर यहाँ,
यो गाडी हो देश होइन ।
झूटो बोल्ने बानी छैन
म खलासी हुँ प्रचण्ड होइन ।

ब्रेक लगाए गाडी रोकिन्छ
कन्डम लगाए एड्स जोगिन्छ ।

गाडी चलाऊ होसमा
कन्डम लगाऊ जोसमा ।

**हर्न मै छ तिम्रो भाऊ**
**अगाडि जाने छ, तिम्रो दाउ**
**बिस्तारै आउ भन्दिया छ,**
**कारण उताबाट आउँदैछ, तिम्रो बाउ ।**
**जल्ने जलिरहन्छ**
**२३४२ चलिरहन्छ ।**



चल्ती है गाडी उड्ती है धूल
ड्राइभरसे प्यार करना लड्कीका भूल ।

ओ ब्रो बालै भएन,
स्वास्नी पोइला गै थाहै भएन।

**वान वान टर्निङ, वान वान वाइफ**
**ड्राइभरको जिन्दगी गोल्डेन लाइफ ।**

तरुनी मुसुक्कै, पैसा भुसुक्कै ।

श्रीमती राख्नु टिपटप
दुइटा बच्चापछि फुलिस्टप ।

जिन्दगी त खलासीको राम्रो ।
खलासी ?
ख माने खायो

# रमाइला ट्रक साहित्य

सवारी साधनबिना गन्तव्यसम्म पुग्न गाह्रो छ। आफ्नो सवारी साधन भए पनि लामो यात्रामा हिँड्न भाडाका सवारी साधन चाहिन्छ। यद्यपि यी सवारी साधन गन्तव्यमा पुऱ्याउने साधन मात्र रहेनन्, यो साहित्यको खानी पनि भैसकेको छ। ट्रक-बसका पछि लेखिएका रमाइला कविता-सायरीले कहिलेकाहीँ राम्रैसँग हँसाउँछन् भने कहिले भित्रैदेखि कुतकुती लगाइदिन्छन्। केहीमा गम्भीर सन्देश हुन्छ भने कतै रमाइला व्यंग्य पनि देख्न पाइन्छ। सधैं यात्रामा रहने सवारी साधनका चालक एवं सहयोगीहरूको मनोविज्ञान पनि यी मुक्तक-सायरीमा पाइन्छन्। सायद त्यसैले विश्लेषकहरूले यसलाई ट्रक साहित्यको छुट्टै विधाका रूपमा व्याख्या गरेका छन्। भारतीय लेखक अमर यादवले गाडीपछाडि लेखिएका यस्ता चुट्किला र सायरीहरू संकलन गरेर एउटा पुस्तक नै तयार पारेका छन्। सानो मुलुक र कम सवारी साधन भए पनि नेपालमा ट्रक साहित्यको प्रभाव राम्रैसँग परेको देखिन्छ। आउनुहोस्, दसैंको फुर्सदमा साप्ताहिकले फेला पारेका केही रमाइला कविता, मुक्तक, सायरी तथा टुक्काहरूको स्वाद लिऔं।



ला माने लायो
सी माने सिध्यायो ।

फूल दिउँ भने पात छैन

मुस्कान दिऊँ भने
अगाडिको दाँत छैन ।

बुरी नजरबाले तेरा बच्चा जिए
ठूला भएपछि तेरै खुन पिए ।

**रगत दिने भए अस्पतालमा देऊ**
**सडकमा होइन ।**

बाह्रको फूल, चौबीसको माला
साहूको छोरा, ड्राइभरको साला ।

दम है तो क्रस कर,
नही तो बरदास्त कर ।

मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन

ड्राइभरका केटी धेरै हुन्छन्, खलासीको हुँदैन ।

मत सताओ लड्कीको पाप लगेगा
तु भि एकदिन लड्कीका बाप बनेगा ।

खुदा तु ने पलती कम्मर क्यो बनाइ
क्या चमडी कम था ?

**वह किताब क्या किताब**
**जिसपे कोही कभर नही**
**वो लड्की क्या लड्की**
**जिसका कोही लभर नही ।**

चाँदनी रात बितति जा रहि है




उल्लुकी पठ्ठी तुम कव आरहि है ?
आँखामा आँसु भए पनि
मुस्कान दिएर चढ
तिमी मेरी कान्छी बूढी भए पनि
भाडा दिएर झर।

जीवन हो कहिलेकहीँ मोज गर्नु
तर हरेक मोडमा परिवारलाई याद गर्नु।

मैले तिमीलाई माया गरे अबला सम्झेर
तिम्रो बुवाले कुट्यो मलाई तबला सम्झेर ।

रिसाएर आँखा तरे तरे जस्तो लाग्छ,
होइन फेरि एकछिनमा
माया गरे गरे जस्तो लाग्छ ।

**याद गर्नुपर्ने कुरा**
राम्रो व्यवहार गर्नू : नोकर गरिब र ठूला व्यक्तिलाई ।
गर्न नभुल्नू : उपकार, उद्देश्य र उदारता ।
याद राख्नू : सत्य वचन र कर्मलाई ।

सम्मान गर्नू : माता, पिता र गुरुलाई ।
सानो नसम्झनू : रोग, कर्जा र सत्रुलाई ।
टाढा रहनू : हिंसा र निद्राबाट ।

पहाडको बाटो ड्राइभरको मर्म बुझेन कसैले
ट्रकमै जाऊँ है भनेको कान्छीलाई लगेछ बसैले ।

**भजन गाउने ओठभन्दा**
**परिश्रम गर्ने हात पवित्र हुन्छन् ।**

आयु
केही साथीभाइको हिसाबमा गयो,
केही अंशबन्डामा गयो ।
केही जिन्दगीको भोगाइले निकालिदियो
बाँकी तिम्रो सिन्दुरले पुछिदियो ।

आँखा लाइस् कि जुत्ता खाइस् ।




# दसैंका लागि रमाइला चुट्किला

**प्रस्तुति : अमित दुगड**



### दिमागमा आगो

श्रीमती : तिमी मलाई धेरै रिस नउठाऊ त। मेरो दिमागमा आगो बलेको छ आज।

श्रीमान् : ए, त्यही भएर होला, आज बिहानैदेखि गुइँठा बालेको गन्ध आएको।

### छोरीको प्रेम

श्रीमती : मलाई लाग्दै छ कि हाम्री छोरी कसैको मायामा परीजस्तो छ।

श्रीमान् : कसरी भन्न सक्छौ ?

श्रीमती : किनभने अचेल छोरीले पकेट मनि नै माग्दिन।

### सिट प्याक छ

मुन्द्रे, रातामकै र भोक लाग्यो एउटा बाइकमा जाँदै थिए। बाटोमा ट्राफिक पुलिसले रोक्न खोज्यो। मुन्द्रेले भन्यो : 'सरी दाइ, पहिले नै हामी तीन जना छौं, तपाईंका लागि ठाउँ छैन।'

### योगदान छैन

मुन्द्रेलाई सबैले आफ्नो नाममा चुट्किला बनाएको देखेर रिस उठेछ र एक दिन उसले श्रीमतीसँग भनेछ- 'एउटा यस्तो चुट्किला भन, जसमा मेरो योगदान छैन।'

श्रीमतीले भनिछ, 'म गर्भवती भएँ।'

### मुन्द्रेको बुद्धि

मुन्द्रे एक दिन आर्मी क्याम्पमा ट्रेनिङ गर्न पुगेछ। सबै लाइनमा थिए। ट्रेनर आएर आदेश दिएछ- 'नौजवान अघि बढ।' सबै अगाडि बढेछन्, तर मुन्द्रेचाहिँ बढेनछ। त्यो देखेर ट्रेनरले सोधेछ : 'तिमी किन अघि नबढेको ?'

मुन्द्रेले भनेछ : 'तपाईंले नौजवान अघि बढ भन्नुभयो, म त दसौं नम्बरमा छु।

### म किन यस्तो हुन्थे ?

एक दिन लोग्नेस्वास्नीबीच 'को राम्रो ?' भन्ने कुरामा झगडा परेछ। झगडा टुंग्याउन उनीहरूले आफ्नो छोरासँग सोधेछन् : 'भन त बाबु, हामी दुई जनामा को राम्रो ?

छोरा (जङ्गिंदै) : 'तपाईंहरू दुई जना राम्रो भएको भए म यस्तो हुन्थें...?'

### काम ...र ..फोन

घरको टेलिफोन बिल महिनैपिच्छे बढ्न थाल्यो। एक साँझ घरमुलीले घरका सबै सदस्यलाई बैठकमा बोलाए। श्रीमती, छोराछोरी, घरकी कामदार सबै चुपचाप थिए।

घरमुली : यो त अति भयो, म जहिल्यै अफिसको फोन युज गर्छु, यति धेरै बिल कसरी आउँछ ?

श्रीमती : मलाई घरबाट फोन गर्ने काम नै पर्दैन। अफिसबाटै गर्छु।

छोरी : हजुरको मतलब मैले गरें त ? म त कम्पनीकै टेलिफोनबाट काम चलाउँछु।

छोरो : मैले यो घरबाट एक कल फोन गरेको रहेछ भने मरिजाऊँ। म काम गर्ने ठाउँकै युज गर्छु।

कामदार : त्यही त हजुर, कसरी यति धेरै बिल उठ्छ भन्या ? म पनि काम गर्ने ठाउँबाटै फोन गर्छु।

### पहिलो दिनको पहिलो प्रश्न

श्रीमान् : प्यारी

श्रीमती : हजुर।

श्रीमान् : एउटा कुरा सोधौं ?

श्रीमती : सोध न।

श्रीमान् : के साँच्चै तिम्रो जीवनमा आएको म नै पहिलो पुरुष हुँ ?

श्रीमती : हो नि, म पनि एउटा कुरो सोधौं ?

श्रीमान् : सोध न।

श्रीमती : किन सबै जना मसँग यही प्रश्न सोध्छन् डार्लिङ ?

### हर्ट.. एट्याक

छोरो पाएको १५ दिनमा रामे विदेश गयो। पाँच वर्षपछि घर पस्नासाथ श्रीमती अर्धनग्न अवस्थामा रोइरहेकी थिइन्।

रामे : के भो' कोपिला ?

कोपिला : मलाई हर्टएट्याक भयो, ऐया...... ।

रामे हत्तपत्त घरको तल्लो कोठामा झरेर एम्बुलेन्समा फोन गर्न मात्र के लागेको हुन्छ, पाँच वर्षको छोरो साजन आयो।

साजन : बाबा बाबा, सपन अंकल पल्लो कोठमा लुकेर कपडा लगाउँदै हुनुहुन्छ। ऊ फोन भुइँमा राखेर दौडँदै श्रीमती भए ठाउँपुग्यो, हेऱ्यो र अर्को कोठामा पुग्यो, नभन्दै त्यहाँ उसको मित्र सपन अर्धनग्न अवस्थामा कोठामा यताउता घुम्दै थियो।

रामे : (राता राता आँखा पार्दै) साले, तँ कस्तो साथी होस् यार ? उता मेरी श्रीमतीलाई हर्टएट्याक भैरहेको छ। तँ भने केटाकेटीजस्तो कोठामा नाँगै खेलेर बसेको छस्...... जा.....एम्बुलेन्स लिएर आइज।

### १० लाखजतिको ऋण

राम र श्याम आफ्नो साथी हरिको मृत्युपछि उसको घरमा गएर हरिकी श्रीमतीसँग कुरा गर्दै थिए।

राम : हरिकी मृत्युको कुरा सुन्दा एकदमै दुःख लाग्यो, केही पऱ्यो भने म छु नि भाउजू।

हरिकी श्रीमती : (रुँदै) त्यति धेरै माया गर्ने श्रीमान् ? मलाई कसले माया गर्छ र अब ?

राम : म छु नि भाउजू।

हरिकी श्रीमती : मलाई उहाँले जस्तो शपिङ, डान्स पार्टी कसले लान्छ अब ?

राम : म छु नि भाउजू।

हरिकी श्रीमती : उहाँका त्यति धेरै कम्पनी कसले हेर्छ अब ?

राम : म छु नि भाउजू।

हरिकी श्रीमती : उहाँको १० लाखजतिको ऋण कसले तिर्छ अब ?

राम : श्याम, तिमी पनि केही जिम्मेवारी उठाऊ न।

### मोबाइल व्यस्त छ

अफिसबाट घर फर्किएको बिकुरामसँग श्रीमतीले झगडा गर्न थालिछ।


बिकुराम : हैन, किन यसरी रिसाएको ? झन् माया गरेर हिजो मात्र मोबाइल किनिदिएँ।

श्रीमती झन् रिसाउँदै बिकुरामलाई पिट्न थालिछ। झगडाको हल्लाले छरछिमेकीहरू नै जम्मा भएर सोधेछन् : किन झगडा गरेको ?

श्रीमती : घरमा श्रीमती हुँदाहुँदै मेरो श्रीमान् बाहिर अरू केटीसँग घुम्न जान्छ।

श्रीमतीको कुरा सुनेर बिकुराम : हैन, किन तिमीले मलाई यसरी शंका गरेको ?

श्रीमती : मलाई थाहा छैन भनेको होला, यदि तपाईं बाहिर अरू केटीसँग घुम्न नगएको भए आज दिउँसो मैले तपाईंको मोबाइलमा फोन गर्दा कसरी केटीले उठाएर 'तपाईंले सम्पर्क गर्नुभएको मोबाइल अहिले व्यस्त छ, केही समयपछि पुनः प्रयास गर्नुहोला' भन्छे त ?



### अरूको पाइन्ट

अफिसबाट आउने बित्तिकै पतिले पत्नीसँग भने : डियर, यदि मैले कुनै दिन आफ्नो पाइन्टको खल्तीबाट यति धेरै पैसा निकालें, जसबाट तिम्रो सारा इच्छा पूरा हुन सक्छन्। त्यतिबेला तिमी के सम्झन्छौ ?

तपाईंले अरू कसैको पाइन्ट लगाएर आउनुभएछ भन्ठान्छु, - पत्नीले भनिन्।

### अर्को जन्ममा

गोपाल : तिमी अर्को जन्ममा के भएर जन्मन चाहन्छौ ?

हरि : म साङ्ला भएर जन्मन चाहन्छु।

गोपाल : किन ?

हरि : किनभने मेरी श्रीमती साङ्लादेखि मात्र डराउँछिन्।

### असफल नियोजन

हरेरामले सहरमा गएर स्थायी परिवार नियोजन गरायो र गाउँ फर्कियो। एक वर्षपछि उसकी श्रीमतीले एउटा जखमले छोरो जन्माइन्। ऊ रिसाउँदै आफ्नो नियोजन गर्ने डाक्टरकहाँ पुग्यो।

हरेराम : यो के लापरबाही हो डाक्टर सा'ब। तपाईंले त मेरो स्थायी नियोजन गर्नुभएको थियो, फेरि यो छोरो कसरी जन्मियो ?

डाक्टरले अझ जंगिँदै जवाफ दिए : परिवार नियोजन मैले तपाईंको गरिदिएको थिएँ, सारा गाउँलेको त हैन नि।

### आज मैं उपर आस्मा निचे

एउटा मनिस अर्को मानिसलाई कुटदै थियो। त्यो देखेर नजिकैको मानिसले सोध्यो- दाइ, उसलाई किन कुटेको ?

कुटने मानिस : यो गीत गाउँछ, 'आज मैं उपर आस्मा निचे'।

मानिस : गीत गाउँदैमा किन कुटेको त ?

कुट्ने मानिस : आस्मा मेरी स्वास्नीको नाम हो।

### आज विवाह हुँदैछ

हाकिम (कर्मचारीसँग) : तिमीले यो महिना मात्र चार पटक बिदा लिइसक्यौ। पहिलो पटक तिमीले श्रीमतीलाई गाडी चढाउन भनेर बिदा लियौ, दोस्रो पटक सासूको मलामी जानु छ भन्यौ। तेस्रो पटकको बिदामा तिम्री छोरीको जन्म दिन परेको थियो। चौथो बिदामा तिम्रा छोरा बिरामी थिए। आज फेरि बिदा माग्दैछौ, के पऱ्यो त्यस्तो ?

कर्मचारी (हाकिमसँग) : सर, आज मेरो विवाह हुँदैछ।

### आफ्नो अन्डरमा राख्न

लोग्नेले स्वास्नीलाई जहिले पनि आफ्नो अन्डरमा राख्न खोज्थ्यो। जे कुरा अऱ्हाउँदा पनि नत्र भनेर थर्काउँथ्यो। एक दिन लोग्ने नुहाउन लागेको रहेछ, लोग्नेले भन्यो : पानी तता, नत्र

स्वास्नी पनि आकुलव्याकुल भएर जोरी खोज्दै : नत्र के गर्छौ हँ ? नत्र के गर्छौ ?

लोग्ने : नत्र चिसै पानीले नुहाउँछु।

### उनी मेरी ...

सुवेदीजी बसपार्कमा कसैको प्रतीक्षामा थिए। त्यही बेला उनको एउटा आवारा साथी आएर भन्छ : 'ए सुवेदी, सुन त, ऊ त्यो उताबाट आइरहेकी युवतीलाई म सबैका सामुन्ने अँगालो मार्न सक्छु। यदि सकें भने तैंले होटल रिजर्भ गर्नुपर्छ।

सुवेदी : होटल त होइन, हस्पिटलको बेड।

साथी : (अचम्म मान्दै) किन ?

सुवेदी : (उसको मुखमा एक मुक्का हान्दै) किनभने उनी मेरी श्रीमती हुन्।

### उनीसँग असन्तुष्ट

एक भलाद्मीले आफ्नी स्वास्नीका विरुद्धमा मुद्दा हालेछ र न्यायाधीशका सामु भनेछ : म मेरो स्वास्नीसँग सम्बन्धविच्छेद गर्न चाहन्छु, किनभने म उनीसँग यौनसन्तुष्ट छैन।

स्वास्नी : हैन-हैन श्रीमान्, उहाँ झूट बोल्दै हुनुहुन्छ। नपत्याए तपाईं गाउँका सारा पुरुषसँग सोध्न सक्नुहुन्छ।

### उपहार

कन्जुस श्रीमान्ले श्रीमतीको ३२ औं जन्मदिनको उपलक्ष्यमा मोतीको हार श्रीमतीका अगाडि राख्दै भन्यो : श्रीमतीजी, तिमीलाई मैले मोतीको हार ल्याइदिएको छु यि हेर त।

श्रीमती (ठुस्स हुँदै) : मैले त कार पो भनेको थिएँ, कहाँ हार ल्याएको ?

श्रीमान् : हो, कार भनेकी थियौ तर के गरूँ ? बजारमा कहीं पनि नक्कली कार भेटिएन।

### आफ्नो घरअगाडि ट्रक

एक जना आफ्नो घरअगाडि ट्रक पार्क गरेको देखेर निकै डराइरहेको थियो। त्यो देखेर उसको साथीले किन त्यसरी डराएको भनेर सोध्यो, तब उसले भन्यो : त्यो ड्राइभरले मेरी श्रीमतीलाई लगेको थियो, न फर्काउन पो आयो भनेर डराएको नि।

### असल बाबु

एक जना मानिस बसपार्कमा केही महिनाको शिशुलाई लिएर बस कुरिरहेको थियो। त्यत्तिकैमा शिशु बेस्सरी रोएपछि शिशु बोक्ने मानिस : शान्त रामु शान्त। तिमी आफूलाई सम्हाल। यसरी रिस गर्नु हुँदैन, सम्हाल तिमी आफूलाई। शान्त बन शान्त।

यसरी आफ्नो काखे छोरालाई त्यति धेरै माया गरेर फकाएको देखेर नजिकै बस कुरिरहेकी एक महिला : तपाईं त साह्रै असल बुबा हुनुहुँदो रै'छ, त्यस्तो सानो काखे छोरालाई पनि कति मायाले सम्झाइ-बुझाइ गरी फकाउनुभएको ? आफ्नो शिशुलाई यस्तो माया गर्ने श्रीमान् पाए त सबै श्रीमती कति भाग्यमानी हुन्थे होला ? (मानिसले बोकेको शिशुलाई सुम्सम्याउँदै) त्यसो भए तपाईंले आफ्नो छोराको नाम रामु राख्नुभएको रै'छ हैन ?

मानिस अलि अकमकाउँदै : हैन हैन, मेरो छोराको नाम त हरि हो। रामु त मेरो नाम।

### एक हजारको नोट

एउटा केटो अमेरिकाबाट अमेरिकी केटी साथीसहित नेपाल फर्कियो र आफ्नो बुबालाई भन्यो : बुबा, मसँग भियाग्राको एक चक्की छ।

पिता : मैले धेरै गोली प्रयोग गरें, तर केही फाइदा भएन।

छोरा : यदि मैले भनेको चक्की प्रयोग गर्नुभयो भने तपाईंले मेरो सिरानीमुनि ५ सयको नोट राख्नुहुनेछ।

दोस्रो दिन छोराले आफ्नो सिरानीमुनि हेऱ्यो। त्यहाँ १ हजारको नोट देख्यो र बुबासँग सोध्यो : बुबा, तपाईंले ५ सय को सट्टा १ हजारको नोट राख्नुभयो नि ?

बुबा : मैले त १ सय मात्रै राखेको थिएँ, तर पछि अम्रिकाने केटीले ९ सय थपिदिई।

### अपहरण

एक दिन अपहरणकारीले एउटा महाजनकी प्यारी कान्छी श्रीमतीको अपहरण गरेछ। त्यो अपहरणकारीको नाइकेले फोन लगाएछ महाजनको घरमा।

नाइके : ओइ महाजन, सुन्। तेरी श्रीमती हाम्रो कब्जामा छे। यदि तँ श्रीमती चाहन्छस् भने तुरुन्त १ करोड लिएर आइज, नत्र तेरी श्रीमती हाम्रो कब्जामा हुनेछे।

महाजन : ओहो, तपाईंहरू साह्रै धर्मात्मा हुनुहुँदो रहेछ। कहिलेदेखि अर्काको रेखदेख गर्न थाल्नुभएको ?

नाइके : (आश्चर्य मान्दै) किन ?

महाजन् : त्यसले मलाई धुरुक्क बनाएकी थिई, ठीक्क पऱ्यो। त्यसलाई यता नपठाई त्यहीं तपाईंहरूसँगै राख्नु है।

### मीत

एक दिन कुइरे र नेपालीले मीत लगाएछन्।

नेपाली : अबदेखि मेरी बैनी तिम्री बैनी, मेरी आमा तिम्री आमा, मेरो बाबु तिम्रो बाबु, मेरो भाइ तिम्रो भाइ, मेरा छोराछोरी तिम्रा छोराछोरी है।

कुइरे : त्यसो हो भने तिम्री स्वास्नी मेरो पनि स्वास्नी।

### ऐना निकालिदिनु...

'आज बिहान कसको पो अनुहार देखेर उठेको थिएँ। आज दिनै राम्रो भएन,' पतिले भन्यो।

पत्नीले भनी : मैले भन्या, त्यो सुत्ने कोठामा भएको ऐना निकालिदिनु, नत्र भने जहिले पनि तपाईंको यही गुनासो हुन्छ।

### म किन साधु हुन्थे

कसैले साधुसँग सोध्यो : स्वामीजी। पत्नीलाई आफ्नो वशमा पार्न के गर्नुपर्छ ? कुनै उपाय बताइदिनुहुन्थ्यो कि।

स्वामी : बालक। यदि कुनै उपाय जानेको भए म किन साधु हुन्थे।

### किन अस्पताल ?

हरि महेशसँग केही कुरा भन्दै थिए : हैन, तपाईं यहाँ किन भुल्नुहुन्छ ? घरमा तपाईंलाई तपाईंकी श्रीमतीले औंला भाँची पर्खिरहेकी छिन्।

त्यो कुरा सुनेर महेश कतै हिंड्न खोज्छन्।

हरिले फेरि सोध्यो : हैन, कता जाने ?

आत्तिँदै महेशले भने : अस्पताल नि।

हरि (छक्क पर्दै) : बिनासित्तै अस्पताल किन जाने ?

महेशले भन्यो : अघि भर्खरै भन्या हैन मेरी श्रीमतीले हातका औंला भाँचेकी छे भनेर। त्यसैले अस्पताल जान लागेको नि डाक्टर लिन।

### अण्डा पार त

कुखुरा : म तिमीलाई माया गर्छु। म तिम्रा लागि जे पनि गर्न सक्छु

कुखुरी : तिमी मेरा लागि जे पनि गर्न सक्छौ ?

कुखुरा : साँच्चै हो ?

कुखुरी : त्यसो भए एउटा अण्डा पारेर देखाऊ न त।

### कुखुराको क्षतिपूर्ति

एक व्यक्ति गीत सुन्दै गाडी चलाइरहेको थियो। अचानक एउटा कुखुरा गाडीको चक्कामा पऱ्यो। आफ्नो कुखुरा मरेको देखेपछि कुखुराको मालिकले क्षतिपूर्ति माग्यो। उक्त व्यक्तिले कुखुराको मालिकलाई १ हजार रुपैयाँ झिकेर दियो, तर कुखुराको मालिकले अझ अर्को १ हजार रुपैयाँ माग्यो।

व्यक्ति : थप १ हजार रुपैयाँ किन ?

कुखुरा मालिक : मरेको कुखुराको हिजो मात्र विवाह भएको थियो। ऊ मरेको कुरा थाहा पाई भने उसकी श्रीमतीले आत्महत्या गर्छे। त्यसको क्षतिपूर्ति पनि तपाईंले नै भर्नुपर्छ।

● मेरो अनुभव ●



# दसैंको छुट्टी
## कसरी बिताउँदै हुनुहुन्छ ?



सांगीतिक व्यस्तताले दसैंमा छुट्टी पाइएलाजस्तो छैन। देशका विभिन्न स्थानमा आयोजना हुने सांगीतिक कार्यक्रममा व्यस्त हुँदैछु। घर झापा भए पनि यसवर्षको दसैं काठमाडौंमा मनाउदै छु। पहिलो पटक काठमाडौंमा मनाउन लागेकोले रमाइलो लागिरहेको छ।

**हिमाल सागर (गायक)**

यस पटकको दसैंमा छुट्टी नै नपाइएलाजस्तो छ। घटस्थापनाको एक दिनअघिदेखि नै देशव्यापी सांगीतिक कार्यक्रममा व्यस्त हुनुपर्ने भएकाले टीकाको अघिल्लो दिन मात्रै घर आइएलाजस्तो छ। सांगीतिक कार्यक्रमका क्रममा यसपटक काठमाडौंबाहिरको दसैंलाई नजिकबाट नियाल्न पाइने भएकाले कता-कता रमाइलो पनि लागिरहेको छ।

**सत्य-स्वरूपराज आचार्य (गायक)**

यो वर्षभरि चलचित्रमा व्यस्त हुनुपरेकाले घर (हेटौंडा) जान पाइनँ। त्यसैले यस पटकको दसैंको छुट्टी घरमै बिताउँछु। वर्षमा एकपटक आउने चाड भएकाले धूमधामसँग मनाउने योजना छ। काठमाडौंमै सपिङ गरे पनि हेटौंडाको बजारमा साँझपख घुम्नुको मज्जा नै बेग्लै छ।

**नीता ढुंगाना (नायिका)**

विभिन्न कार्यक्रमका कारणले फूलपातीसम्मै व्यस्त हुनेछु। छोरा-छोरी विदेशमा भएकाले धेरै वर्ष भयो, दसैं रमाइलोसँग मान्न नपाएको। इन्टरनेटबाटै टीका लगाइदिनुपर्ने अवस्था छ। दस वर्षअघिदेखि म भेजिटेरियन भएकाले मासु खाने कुरै भएन। दसैंको टीकाको दिनदेखि भने अलि रमाइलो हुन्छ। बूढाबूढी आफन्तहरूकहाँ टीका लगाउन जान्छौं। हरिवंशको परिवार नै मकहाँ टिका लगाउन आउँछन्, हामीलाई पनि खाना खाने निम्ता आउँछ। समग्रमा जे-जस्तो अवस्था छ, त्यसैमा खुसी भएर दसैं मनाउँछु। बिहान पूजापाठमा पनि व्यस्त हुनेछु।



**मदनकृष्ण श्रेष्ठ (कलाकार)**

आफैले पहिलो पटक बनाएको चलचित्र 'बाटोमुनिको फूल' को दौडधूपमै यसपटकको दसैं बित्नेछ। जति नै व्यस्त भए पनि दसैंका मुख्य तीन-चार दिनचाहिं परिवारसँग बिताउँछु।

**यश कुमार (गायक)**

यसपटकको दसैं युरोपमा मनाउँदैछु। लन्डनमा शंकर घिमिरेले निर्माण एवं निर्देशन गरेको चलचित्र विरताको चिनोको शो हुँदैछ। हामी लन्डनका विभिन्न ठाउँ र स्कटल्यान्ड पनि घुम्दैछौं। लन्डन सपिङका लागि प्रसिद्ध ठाउँ हो, त्यसैले केही सपिङ पनि गर्दैछु। यसपालि दसैं खासै मनाउने मन छैन, किनभने मेरो बुवाको निधन भयो, तर विवाहपछिको पहिलो दसैं भएकाले शंकरको हजुरबुबा, हजुरआमा, बुबा, आमाको हातबाट चितवनमा टीका लगाउने तयारी पनि गर्दैछु।

**ऋचा घिमिरे (नायिका)**

पहिले-पहिलेको दसैं घर (लेटाङ) जाँदा-आउँदैमा बित्थ्यो। यसपटक परिवारसहित काठमाडौंमै दसैं मनाउँदैछु। दसैंको छुट्टीमा सपिङ गर्ने कार्यक्रम छ। त्यसबाहेक हेर्न छुटेका चलचित्रहरू हेर्ने योजना छ।



परिवारका सदस्यहरूसँग बसेर रमाइलो गर्ने त छँदैछ।

**बाबु बोगटी (गायक)**

यसपटकको दसैं सम्पूर्ण रूपमा परिवारका सदस्यहरूसँग बिताउँदैछु। दसैंको सेरोफेरोमा आयोजना भैरहेका सांगीतिक कार्यक्रमहरू समेत छाडेर म दसैं मनाउन गाउँ जाँदैछु। दसैंलगत्तै कार्यक्रमको सिलसिलामा विदेश जानुपर्ने भएकाले पनि परिवारसँग मन खोलेर दसैं मनाउने कार्यक्रम बनाएकी छु।

**मल्लिका कार्की (गायिका)**

यो वर्ष त मैले दसैं मनाउनु हुँदैन। यही वर्ष बुवा बित्नुभएकाले दसैंमा टीका नलगाए पनि परिवारका सदस्यहरूसँग बसेर रमाइलो गर्नेछु।

**नीला बस्नेत (कलाकार)**

पछिल्लो दुई महिना साह्रै व्यस्त (अमेरिकामा) भएकाले दसैं मजाले मनाउने योजना छ। काठमाडौंमा पनि फूलपातीदेखि मात्र फुर्सद पाइने भएकाले यसपटक चार दिनचाहिं खाने-पिउने रमाइलो गर्ने योजना छ।

**दीपकराज गिरी (कलाकार)**

दसैं मनाउन काठमाडौं जानु नपर्ने भएकाले मेरा नजिकका साथीहरूको तुलनामा मेरो दसैं केही खल्लो नै हुन्छ। दसैंका लागि अधिकांश साथीभाइ बाहिर गैसकेको हुनाले पनि त्यसो भएको हो। तास खेल्न आउँदैन, त्यसैले दसैंको छुट्टीमा प्रायः चलचित्रहरू हेरेरै बित्छ।

**कल्याण घिमिरे (नायक)**

दसैंमा यसपटक काममै व्यस्त भइन्छ जस्तो छ। मन मिल्ने साथीहरू दसैं मनाउन विदेश जाने भएपछि मैले चाहिं जन्मथलो नेपालगञ्जका दर्शकलाई हँसाउने विचार गरेको छु। लामो समयपछि परिवारसँग बस्न पाइने रमाइलो त छँदैछ।

**शेखर खनाल (हास्यकलाकार)**

यसपटक दसैं सांगीतिक कार्यक्रममै बित्दैछ। घटस्थापनाको दिनदेखि नवमीको दिनसम्म नै विभिन्न कार्यक्रममा गीत गाउने निम्ता आइरहेका छन्। सांगीतिक कार्यक्रममा दर्शकसँग रमाइलो गर्दै दसैं मनाउने योजना छ।

**अमृत क्षेत्री (गायक)**

दसैंमा आयोजना हुने रमाइला कार्यक्रममा सहभागि भएर दर्शकलाई हसाउदै दसैं मनाउदै छु।

**शिवशंकर रिजाल (हास्य कलाकार)**

केही लामा बाउले टिसर्ट किनेपछि आफ्नो दसैं सपिङ सकिन्छ। काठमाडौंका केही अनि बुटवल, हेटौंडाका केही कन्सर्टमा सहभागी भएर सीधै घर भैरहवा जाने, पुराना साथी-भाइहरूसँग भेट्ने, तास-सास खेल्ने अनि आफ्नो जन्मथलो त्रिवेणी गएर वर्ष दिनभरिका लागि फ्रेस हुने। आखिर काठमाडौं फर्किएपछि त वर्ष दिनभरि यो सहरको धूलो-धूँवा सहनु त छँदैछ!

**हेमन्त शर्मा (गायक)**

मलाई सबैभन्दा मन पर्ने चाड नै दसैं हो। परिवारका सबै सदस्य जम्मा भएर यो चाड मनाउँछौं। घरमा ममीले मीठा परिकार बनाउनुहुन्छ। परम्परागत पहिरनमा सजिएर मन्दिर जान्छौं। यसपटक दसैंअघि नै कोरियामा कार्यक्रम प्रस्तुत गर्ने निम्ता आएको थियो, तर टीका नलगाई कतै नजाने भनेर बसेकी छु। टिकाको भोलिपल्ट नै कोरिया जाँदैछु।

**श्वेता खड्का (नायिका)**

मेरा लागि यस पटकको दसैं विशेष हुनेछ। धेरै पछि परिवारका सबै सदस्य काठमाडौंमा भेला हुँदैछौं। हजुर बुबा-आमालगायत विदेशमा बसोबास गर्ने आफन्तहरू पनि दसैंमै भेला हुँदैछौं।

**राजकुमार राई (निर्माता)**

प्रायः दसैंको छुट्टी गृहनगर बिराटनगरमा बिताउँथें, तर यसपटक बुबाको स्वास्थ्य अवस्थाका कारण काठमाडौंमै दसैं मनाउने कार्यक्रम छ। दसैं के कसरी मनाउने भन्ने कुरा बुबाको स्वास्थ्यमा पनि भर पर्छ।

**आरपी भट्टराई (कलाकार)**

वर्षभरिको व्यस्ततापछि दसैंमै अलि फुर्सद पाइने भएकाले म त खुब रमाइलो गर्छु। दीपकराज गिरी,लगायतका साथीहरू एक ठाउँमा भेला भएर तास खेल्छौं। खसीका मिठा परिकार बनाएर खान्छौं।

**निर्मल शर्मा (कलाकार)**

पछिल्लो समयमा दसैंको सान्दर्भिकता बढ्दैछ। हामीले यसलाई सम्पूर्ण नेपालीको राष्ट्रिय पर्वका रूपमा मनाउनुपर्छ भन्ने मान्यता विकसित हुँदैछ। लामो छुट्टी हुने भएकाले यो पर्व मेरा लागि पनि विशेष छ।

**सुरेश अधिकारी (संगीतकार)**



वर्ष दिनमा एकपटक आउने चाड हामी कलाकारका लागि होइन जस्तो लाग्छ। यसपटकको दसैंमा पनि म घरमा नहुने भएँ। हास्य कार्यक्रम प्रस्तुत गर्ने क्रममा दसैंका मुख्य चार दिन इजरायलमै बित्दैछ। विदेशमै भए पनि माता दुर्गासँग नेपालको संविधान चाँडै बनोस् भन्ने आशीर्वाद माग्छु।

**दमन रूपाखेती (कलाकार)**

हजुर आमा बित्नुभएकाले यसपटकको दसैंमा टीका त लगाउन पाइँदैन, तर तीन वर्षपछि भाइ विदेशबाट आउने भएकाले विशेष रमाइलो हुँदैछ।

**अमिशा बस्नेत (नायिका)**

यस पटकको दसैंमा त छुट्टी नै नहोला जस्तो छ....घटस्थापनाको दिनसम्म पोखरामा जिम्मी कार्टर फाउन्डेसनले विपन्न वर्गका लागि निर्माण गरिरहेको घरमा श्रमदान गर्दैछौं। घटस्थापनाको भोलिपल्टदेखि चार दिनसम्म मधुमेह रोगका बारेमा जनचेतना जगाउने टेलिश्रृंखलाको छायांकनमा व्यस्त हुनेछौं। अष्टमीपछि चाहिं मज्जाले दसैं मनाउने कार्यक्रम छ। यसपटक घरमा खसी काट्ने योजनाचाहिं छैन। बलि प्रथा मन पर्न छाड्यो। खसी काट्यो भने रेड मिट पनि बढी खाइन्छ, त्यसैले यसपटक कुखुरै खाएर दसैं मनाउँछौं। दसैंको चार दिन परिवारकै लागि छुट्याएको छु।

**हरिवंश आचार्य (कलाकार)**





# मेरो अनुभव

## मामाघर

राजु परियार (गायक)



आहा, दसैं अनि मामाघर, कति राम्रो विगत सम्झाउनुभयो । दसैं हाम्रा लागि विशेष अर्थ बोकेर आउँथ्यो । कहिले दसैं आउला र मामाघरमा दक्षिणा पाइएला जस्तो लाग्थ्यो । मेरो घर लमजुङ चिसापानी हो । मेरो घरबाट मामाघर नजिकै थियो । यस्तै ५ मिनेटमा पुगिन्थ्यो । मामाघर पनि ८-९ घर थिए, त्यसैले दशमीदेखि पूर्णिमासम्म टीका लगाउन पाइन्थ्यो । एकदिन हजुरबासँग टीका लगायो, अर्को दिन मामासँग अर्को दिन माइजूसँग । एउटै घरमा तीन जनासँग टीका लगाउँदा पनि त्यो घरका अग्रजहरू एक अर्काले डबल टीका लगाएको थाहा पाउँदैनथें । त्यो बेलामा दसैंमा टीका लगाएर १ सय रुपैयाँभन्दा बढी कलेक्सन हुन्थ्यो । त्यो रकम मेरा लागि धेरै नै हुन्थ्यो । दक्षिणा खल्तीमा भएपछि साथीभाइसँग घुच्ची खेलिन्थ्यो । खोप्पी पनि भनिने यो खेलमा कहिलेकहीं मारिन्थ्यो, कहिलेकहीं रित्तो घर फर्कनुपर्थ्यो । पैसा हारेपछि फेरि टीका लगाउन जान्थे ।

ठूलो भएपछि भनें युवतीहरूको संगत खोज्न थालियो । हामी पिङ खेल्न ८-९ घन्टा लगाएर पारिगाउँसम्म पुग्थ्यौं । पारिगाउँका युवतीहरूले पिङ खेल्न निम्तो गरेपछि हत्ते हालेर हामी साथीभाइको टिम त्यहाँ पुग्थ्यों । एकपटक बिहान तीन बजे पुगेर पिङ खेलेर फर्कएको सम्झना छ । हामी उनीहरूलाई पनि पिङ खेल्न आउने निम्तो गर्थ्यौं, आएर रमाइलो गरेर फर्कन्थे । दसैंको बेला हामी थियटर देखाउने भनेर सांस्कृतिक कार्यक्रम पनि गर्थ्यौं, मैले त्यसबेला नाटकमा अभिनय पनि गरेको छु । दसैंमा पूर्णिमाको भोलिपल्ट हामी साथीभाइ पिकनिक जान्थ्यौं, दक्षिणाको केही पैसा त्यसैमा लगानी हुन्थ्यो । अहिले त मामाघरमा हजुरबुबा-हजुरआमा हुनुहुन्न । उहाँहरू बितेपछि मैले मामाघरमा पहिलेको जस्तो मज्जा पाउनसकेको छैन् । ८-९ वर्षयता टीका थाप्न मामाघर गएको छैन्, मामाहरू पनि गाउँबाट सरेर तनहुँ आउनुभएको छ । यसपटक जाने इच्छा थियो, तर घरको हजुरबुबा बित्नु भएकाले जान पाइएन्, अर्को दसैंमा पक्कै जान्छु ।

## ससुराली

आकाश अधिकारी



नौ वर्ष भएछ मेरो विवाह भएको पनि । सन् २००१ मा क्लाउडिया फ्लाजिओसँग मेरो लगनगाँठो काठमाडौंकै र्‍याडिसन होटलमा कसिएको थियो । विवाहपछि नाता-सम्बन्धको दायरा बढ्छ । विवाहपछि मेरो नाता सम्बन्धको दायरा इटालीको रोम सहरसम्म पुग्यो । क्लाउडियासँग मेरो लभ प्लस एरेञ्ज विवाह भएको हो । काठमाडौंमा हिन्दु परम्पराअनुरूप विवाह गरेको एक वर्षपछि रोमको एउटा चर्चमा इशाईपद्धतिअनुसार हाम्रो विवाह भएको थियो । विदेश मै ससुराली बनाउँछु भन्ने मेरो कुनै योजना थिएन । मेरो लेखान्त क्लाउडियासँग जीवन बिताउनु रहेछ । उनका लागि म नेपालमा र उनी मेरा लागि रोममा जन्मिएकी जस्तो भयो । ससुरालीको कल्पनामा ससुरा, सासू, साला, साली, जेठान आदि सम्झिइन्छ, तर मेरो हकमा भने क्लाउडिया एक्ली छोरी हुन् । यद्यपि नातागोता भने ठूलै छ । क्रिसमसमा भेला हुँदा २५ जना पुगिन्छ । म हरेक क्रिसमसमा रोम पुग्छु । क्रिसमस उनीहरूका लागि हाम्रो दसैं जस्तै हो । उनीहरू चार दिनसम्म मज्जाले क्रिसमस मनाउँछन् । चाडबाड मनाउने उनीहरूको तरीका हामीसँग मिल्दोजुल्दो छ । उनीहरू निकै संस्कारी हुन्छन् ।

पहिलो पटक ससुराली जाँदा पारिवारिक भोजमा उनीहरूले गाई र सुंगुरको मासुका परिकार बनाएका रहेछन् । म दुवै कुरा नखाने भएकाले उनीहरूले अप्ठेरो महसुस गरेका थिए । क्लाउडियाले पनि ती मासु खान छाडेकीले अहिले हामी पुग्ने त्यस्ता पारिवारिक भोजमा कुखुराका परिकार प्रस्तुत गरिन्छ । मलाई अरू त होइन, ससुरालीका अग्रजहरूसँग कुरा गर्न गाह्रो हुन्छ । उहाँहरू अंग्रेजी बुझ्नु हुन्न, मलाई इटालीयन आउँदैन अनि गफ गर्दा एकजना दोभाषेको आवश्यकता पर्छ । दसैंमा भने पूरापुर म मेरो घरमा परिवारसँग हुन्छु । विचार गर्नुहोस् त यहाँकै ससुराली भैदिएको भए, बिहान घरका अग्रजसँग टीका थाप्यो अनि दौड्दै ससुराली पुग्यो । मलाई भने दसैंमा त्यस्तो दौडधूपको चिन्ता छैन ।

प्रस्तुति : सुब्रत आचार्य



## परदेश

कपिलमणि दीक्षित
(चित्र-मूर्ति कलाकार)



अध्ययनका सिलसिलामा म एघार वर्ष अमेरिका बसें । इन्टर पढ्दा-पढ्दै बिदेसिनु मेरो बाध्यता थियो किनभने चित्रकलामा रुचि र त्यसकै उच्च अध्ययनका लागि मैले बिदेसिनै पर्थ्यो । मेरो अनुभवमा यहाँ बस्दा परिवार, समाज, कला एवं रहनसहनमा त्यति ध्यान पुर्‍याइँदैन । समाजबाट टाढिएपछि मैले त्यसो गर्नु हुन्न भन्ने सिकेको छु ।

एघार वर्ष आफू हुर्किएको घर, परिवार, समाज र चालचलनबाट टाढा रहदाँको छटपटी मैले भोगेको छु । विशेषगरी दसैं-तिहार जस्ता पर्व नजिकिँदा यहाँबाट फोनआउँदा निकै पीडा हुन्थ्यो, तर मेरा तीन जना साथी नारायण मैनाली, निरञ्जन पाण्डे र नितेशराज पाण्डेले निकै साथ दिए । किनभने उनीहरू पनि त म जस्तै आफ्नो समाजबाट टाढा थिए ।

हामी टेक्सासको डलासमा थियौं । डलासलाई मिनी नेपाल पनि भन्न सकिन्छ । नेपालबाट गएकाहरू त्यहाँ थुप्रै भेटिन्छन् । त्यसैले उताको दसैंको मज्जा पनि बेग्लै हुन्छ । दसैं हाम्रो चाड भएकाले कामबाट बिदा त पाइन्न, तर दशैं आयो कि आ-आफ्नो अपार्टमेन्टमा तास खेलेर बस्न निकै रमाइलो हुन्थ्यो । त्यसमा पनि नेपाली स्टाइलको मासुका परिकारले मलाई लोभ्याउँथ्यो । त्यसैले उता पुगेको लगत्तै एकदिन गाडी लिएर खसी खोज्न टाढाको गाउँ पुग्यौं । एउटा फार्म हाउसमा खसी देखेपछि त्यसको मालिकसँग कुरा गर्दा उसले पैसा दिएर जिउँदै लान भन्यो । अमेरिकामा जिउँदै जनावरलाई जहाँ पायो त्यहाँ मार हान्न मिल्दैन किनभने त्यहाँ 'एनिमल राइट्स'को कानुन कडा छ ।

त्यसपछि त्यही मालिकले बन्दुक झिकेर खसीलाई ढाल्यो । त्यो खसीलाई गाडीमा राखेर अपार्टमेन्टमा आयौं । काममा जान अबेर भैसकेकाले फ्रिजबाट सबै सामान झिकेर त्यसलाई त्यहाँ हुल्यौं र काममा गयौं । राति एकबजे फर्केर हेरेको त सिंगै खसी जमेछ । निकालेर बाथटवमा राखेर तातोपानी हालेको हाल्यै गरेर बिहानीपख मात्र खुल्याइसक्यौं । काटकुट गर्दा त उज्यालो भैसकेको थियो ।

मेरो अनुभवमा उताको दसैं रमझममै बित्थ्यो, जसको बेग्लै मज्जा छ भने यहाँको दसैंले परिवारसँग सामीप्यता बढाउनुका साथै संस्कार र संस्कृतिसँग नजिक्याउँछ ।

## साथीभाइ

रक्षा सिंह राणा (निर्देशक/सम्पादक)



साथीभाइ मेरा लागि सधैं प्रिय रहे । उनीहरूको साथ मैले सधैं पाइरहेको छु । अचम्म लाग्न सक्छ– मेरा कक्षा एक पढ्दादेखिका साथीहरू नै अहिलेका मेरा मिल्ने साथी हुन् । कक्षा एकदेखि दससम्म पानीपोखरीको भानुभक्त मेमोरियलमा पढियो । कक्षा चढ्दै गए पनि साथीहरू भने सधैं साथमा रहे । कलेज पढ्दा भने उनीहरूसँग छुट्टिए पनि सम्पर्क भने यथावतै रह्यो । अहिले पनि हामी भेट्छौं, पुराना दिनका गफ अनि दुःखसुखका कुरा सेयर गर्छौं ।

आईएदेखि बीएसम्म पद्मकन्यामा पढियो । त्यो बेला हाम्रो एउटा समूह थियो । निकै हल्ला र मस्ती गरिन्थ्यो । दस-बाह्रजनाको टोली बनाएर चलचित्र हेर्न गइन्थ्यो । डिग्री गर्ने क्रममा म त्रिभुवन विश्वविद्यालय भर्ना भएँ, त्यसपछि कलेजका साथीहरू छुटे, तर आफ्नो ग्रुपका साथीहरूसँग अहिले पनि भेट भैरहन्छ । म साथी भनेपछि हुरुक्क हुन्छु । विवाहअघिसम्म पनि उनीहरूसँगै घुमिन्थ्यो, मनोरञ्जन गरिन्थ्यो । दसैंजस्ता पर्वमा उनीहरूको घर जाने, मेरो घरमा आउने, सँगै बसेर खाने, रमाइलो गर्ने काम हुन्थ्यो । विवाहपछि त्यो क्रममा कमी आयो, झन् सन्तान भएपछि त भ्याइएकै छैन । उनीहरू पनि घरव्यवहार र काममा व्यस्त छन् । तैपनि फुर्सद हुनेबित्तिकै हामी भेटिहाल्छौं ।

साथीको मामलामा मलाई भाग्यमानी मान्नुपर्छ । साथी सुखका मात्रै हुँदैनन्, दुःखमा पनि साथ दिने सही अर्थमा साथी हुन् । मैले त्यस्तै साथीहरू पाएकी छु । स्कुल र कलेजबाहेक मेरा अन्यत्र साथी भएनन् । घरवरपरका छिमेकमा पनि साथी बनेनन् । मेरो धेरै समय स्कुल र कलेजकै साथीहरूसँग बित्यो । जसमा केटीहरू धेरै छन्, केटा साथीहरू पनि छन् । उनीहरूसँग पनि यदाकदा भेट भैरहन्छ ।

● चलचित्र ●




## कसले चोऱ्यो मेरो मन

रेखा फिल्म्सको ब्यानरमा नायिका रेखा थापाले केन्द्रीय चरित्र निर्वाह गरेका सबैजसो चलचित्रले व्यावसायिक सफलता हात पार्दै आएका छन् । 'हिम्मत', 'किस्मत', 'हिफाजत' पछि नायिका थापाको प्रस्तुतिमा चलचित्र 'कसले चोऱ्यो मेरो मन' दसैंको अवसरमा ४० भन्दा बढी स्थानबाट सार्वजनिक हुँदैछ । यो चलचित्रमा पनि नायिका थापा नै केन्द्रीय भूमिकामा छिन् । उनी यसमा एउटी राजकुमारीको चरित्रमा देखिनेछिन् । यही चलचित्रबाट उदाउन लागेका किशोर खतिवडा राजकुमारको चरित्रमा छन् । छवि ओझाले निर्माण गरेको चलचित्र 'कसले चोऱ्यो मेरो मन'मा दुई नायक छन्, यद्यपि विज्ञापनमा भने आर्यन सिग्देललाई मात्र देखाइएको छ । यो चलचित्र त्रिकोणात्मक प्रेम एवं प्रेम गर्नेहरूको विद्रोहमा आधारित छ । राजकुमारी रेखासँग अनायसै प्रेम गर्न पुगेका सर्वसाधारण युवक आर्यनको प्रेम पाउन रेखाले गरेको विद्रोह तथा राजकुमार किशोरको एकतर्फी प्रेम चलचित्रको मुख्य विषय हो । रेखाका अनुसार चलचित्र कथाभन्दा पनि पटकथाबाट डोऱ्याइएको छ । एकपछि अर्को सिक्वेन्सले अब के होला ? भन्ने चासो दर्शकमा पारिरहन्छ । नीर शाह, रमा थपालिया, बीएस राणा पनि यो चलचित्रमा देखिनेछन् । सुरेश अधिकारीको संगीतमा यो चलचित्रको एउटा गीत 'ए दिल मलाई सुटुक्क भन' चर्चामा आइसकेको छ । राजेन्द्र खड्गीले द्वन्द्व निर्देशन एवं सञ्जय लामाले छायांकन गरेको यो चलचित्र दर्शकका लागि एउटा गतिलो खुराक हुनसक्छ ।




## बन्दी

आज शुक्रबार उपत्यकाबाहिरका अधिकांश स्थानमा सार्वजनिक हुन लागेको चलचित्र 'बन्दी'मा तीन जोडीका फरक-फरक शैलीका प्रेमकथा समेटिएको छ । यो चलचित्रमा प्रायः मायाप्रेमका चलचित्रमा मात्र देखिने 'चकलेटी हिरो' आर्यन सिग्देल गुन्डाको भूमिकामा देखिँदैछन् । चलचित्र बन्दीमा दिलीप रायमाझी र अरुणिमा लम्साल, सुमन सिंह र नन्दिता गुरुङ तथा आर्यन सिग्देल र सञ्चिता लुइटेलको जोडी हेर्न पाइन्छ । आर्यन एक जना नेताले पालेका गुन्डा हुन्छन् । उनी नेताको इशारामा गुन्डागर्दी गर्छन् । मानवीय संवेदनानै नभएका आर्यनलाई सञ्चिता लुइटेलले निकै मन पराउँछिन् । बाबुको हत्या गरेको झूटो आरोपमा आर्यन प्रहरीको फन्दामा पर्छन् । त्यतिबेला उनलाई नेताले कुनै सहयोग गर्दैनन् । अर्कातर्फ दलित परिवारका सुमन सिंहको सञ्चिता गुरुङसँगको प्रेम केही व्यक्तिलाई पच्दैन । उनीहरूले सुमनकी आमा र बहिनीको हत्या गरिदिन्छन् । हत्याको आरोप सुमनमाथि नै लगाइन्छ । सुमन पनि आर्यन जस्तै बन्दी जीवन बिताउन बाध्य हुन्छन् । अर्को जोडी दिलीप र अरुणिमाको चलचित्रमा विशेष प्रकारको भूमिका छ । रमेश गुरुङ कर्माले निर्माण गरेको चलचित्र 'बन्दी' आज शुक्रबार नारायणघाट, दमक, बिर्तामोड, धरान तथा पोखराबाट सार्वजनिक हुँदैछ । चलचित्र 'बन्दी'का निर्देशक विजय केरुङ हुन् भने यसमा महेश खड्काको संगीत, किशोर ढकालको छायांकन, एनबी महर्जनको द्वन्द्व तथा गोविन्द राई र पूनम राईको नृत्य निर्देशन छ ।




अमेरिकाबाट नेपाल आएका सुधांशु जोशी देश भ्रमणमा निस्कन्छन् । भ्रमणका क्रममा उनले अनेक किसिमका मानिस भेट्छन् । एक-अर्कासँग शत्रुसरह व्यवहार गर्ने दाजुभाइकी बूढी आमा, मेहनतले कमाएको पैसाबाट राष्ट्रिय झन्डा बनाउन तम्सिएका एक सूचीकारले गाऊँमा विकास हुने आशामा बुढेयौली लागेका एक वृद्ध, द्वन्द्वका कारण आफ्नो थलो छाड्न विवश मानिसहरू आदि । उनीहरूलाई भेटेपछि सुधांशुले सबैको समस्याको जरो पत्ता लगाउन थाल्छन् । उनले थाहा पाउँछन कि उनीहरूका समस्या एक ठूला व्यापारी हुन् । व्यापारीले आफ्नो पैसाको बलमा शासन-शक्ति आफ्नो हातमा लिएको हुन्छ । जनतालाई जति नै समस्या परे पनि ऊ आफ्नो ढुकुटी भर्नमै तल्लीन छ । त्यो व्यापारीको जालो भत्काउन सुधांशुलाई राजेश हमालले साथ दिन्छन् । पाँच वर्षअघि नै निर्माण भैसकेको चलचित्र 'नेपाल'का निर्देशक दयाराम दाहाल हुन् । यो चलचित्र आज शुक्रबार काठमाडौं उपत्यकाबाट प्रदर्शनमा आउँदैछ । 'तीतो सत्य'मा 'गैंडा'को चरित्रबाट चर्चामा रहेका कलाकार निर्मल शर्मा तथा अन्य केही निर्माताको संयुक्त लगानीमा बनेको यो चलचित्रका संगीतकार शम्भुजित बास्कोटा हुन् ।

## एकसाथ चार



नायिका रेखा थापाको 'कसले चोऱ्यो मेरो मन', रमेश गुरुङ कर्माको 'बन्दी', रामजी लामिछानेको 'बिदाइ' तथा दयाराम दाहालको 'नेपाल' बडादसैंको अवसर पारेर एकसाथ आज शुक्रबार सार्वजनिक हुँदैछन् । यीमध्ये 'नेपाल' सबैभन्दा पुरानो हो । पाँच वर्षभन्दाअघि नै निर्माण सम्पन्न भएको यो चलचित्रले बल्ल काठमाडौं उपत्यकामा सार्वजनिक हुने अवसर पाएको छ । राजेश हमाल, सञ्चिता लुइँटेल, सज्जा मैनाली, दीपकराज गिरी र सुधांशु जोशी उक्त चलचित्रका मुख्य कलाकार हुन् । त्यसैगरी रामजी लामिछाने निर्देशित 'बिदाइ' उपत्यकाबाहिरबाट प्रदर्शनमा आउँदैछ । यो चलचित्रमा निखिल उप्रेती, झरना थापा तथा रमित ढुंगानाको मुख्य भूमिका छ । रमेश गुरुङ कर्माले निर्माण गरेको चलचित्र 'बन्दी'का निर्देशक विजय केरुङ हुन् । उपत्यकाबाहिर चल्ने चलचित्र 'बन्दी' मा दिलीप रायमाझी, आर्यन सिग्देल, सुमन सिंह, अरुणिमा लम्साल, सञ्चिता लुइँटेल तथा सञ्चिता गुरुङले अभिनय गरेका छन् । काठमाडौं उपत्यकामा रेखा थापाको प्रस्तुतिमा सबिर श्रेष्ठले निर्देशन गरेको चलचित्र 'कसले चोऱ्यो मेरो मन' सार्वजनिक हुने भएको छ । यो चलचित्रमा रेखाका अतिरिक्त आर्यन सिग्देल तथा नीर शाहको मुख्य भूमिका छ ।

## अब 8 डीको मज्जा



तपाईंले कुनै अत्याधुनिक सहर वा गगनचुम्बी भवनहरूमाथि साहसिक उडान गरेको महसुस गर्नुहुनेछ । यस क्रममा मज्जा त आउँछ नै, कहिलेकहीं अत्तालिनुपर्ने अवस्था पनि आउन सक्छ । गगनचुम्बी भवनमा पुगेर जमिनतिर झर्दा होस् वा व्यस्त सडकमा गाडीहरूसँग ठोक्किदै कुद्दा मुटु नै सिरिङ हुन्छ । यसका लागि अन्त जानुपर्दैन ।

कमलपोखरीस्थित सिटी सेन्टर गए हुन्छ जहाँ 'जेटप्याक एड्भेन्चर' शीर्षकको सिनेमा प्रदर्शन भैरहेको छ, एट डी प्रविधिमा । सामान्य सिनेमा जस्तो यहाँ पर्दामा मात्र दृश्य सलबलाउँदैन । कथासँगै दर्शकले पनि त्यसमा प्रत्यक्ष वगिरहेको महसुस गर्छन् । 4 डी सिनेमा हेरेका दर्शकले यसमा अझ फरक स्वाद पाउनेछन् । यसअघि फोर डी सिनेमा देखाइरहेको क्रेजी एम्युजमेन्टले अब स्मेल, बबल, स्ट्रोब लाइटिङ, थन्डर, स्मोक, वाटर, बिन्ड तथा लेग टिकलर इफेक्ट समावेश गरेको छ । गत शुक्रबारदेखि यही प्रविधिमा 'ओसियन जंगल' तथा 'जेटप्याट एड्भेन्चर' देखाएर हलको नयाँ प्रविधिको शुभारम्भ गरिएको थियो ।




## जलेको बस्ती

रोल्पामा सूत्रपात भएको माओवादी विद्रोहमा आधारित मगर कथानक चलचित्र जलेको बस्ती अर्थात् घांव नाङ्खारको प्रदर्शन प्रारम्भ भएको छ । चलचित्र हेर्न रुकुममा भेला भएकाहरू यस्तो दर्दनाक दृश्य कहिल्यै देख्नु नपरोस् भन्ने कामना गर्दै हलबाट बाहिरिएका थिए । रोल्पावासीको कारुणिक पीडा देखेर महिलाहरू मात्र होइन, तरुण-तन्नेरीहरूले समेत मन थाम्न सकेका थिएनन् ।

द्वन्द्व प्रभावित नौमुलेको भैरव उच्च माविको हलमा चलचित्र हेर्दा तटस्थ भूमिका निर्वाह गरेका एक पात्रले मलाई राजनीति देखेर वाक्क लागेर आउँछ, के भनेका थिए, खचाखच भरिएका सबै दर्शकले हो हो जनाउँदै टाउको हल्लाए । युद्धका बेलाका अभाव र पीडाहरू शान्ति स्थापनाका चार वर्ष बितिसक्दा पनि ज्यूँका त्यूँ रहेकाले राजनीतिप्रति सामान्य नागरिकको वितृष्णा बढेको कुरामा असहमति जनाउने ठाउँ पनि छैन ।

माओवादीले जातीय उत्पीडन र मुक्तिका लागि सस्तो नारा दिएर मगर समुदायलाई लडाइँमा उचाले पनि उनीहरूको सामाजिक एवं राजनैतिक अवस्था उही रहेको निर्देशक नविन रोका मगरले बताए । रुकुम रोल्पालाई विकास र परिवर्तनको बहसमा ल्याउन गाउँबस्तीमै पुगेर चलचित्र निर्माण गरेको नवीनको दाबी छ ।



## बिदाइ

विजयादशमीको मौका छोपेर हरेक वर्ष चलचित्र सार्वजनिक गरिन्छन् । यही भीडमा चलचित्र 'बिदाइ' सार्वजनिक हुँदैछ । यो चलचित्र सार्वजनिक हुने बेला चलचित्रका एक नायक रमित ढुंगाना अमेरिका पुगेका छन् भने अर्का नायक निखिल उप्रेती मुम्बईमा 'शून्य'बाट फेरी संघर्ष गरिरहेका छन् । चलचित्रको कथाअनुसार यात्राका क्रममा रमित र झरनाको चिनाजानी हुन्छ । रमित सैन्य सेवामा हुन्छन् भने झरना मध्यमवर्गकी युवती हुन्छिन् । सुरुमा केही वैमन्यश्यता भए पनि अन्ततः त्यो चिनाजानी प्रेममा परिणत हुन्छ ।

उनीहरूले प्रेमका गीत गाउन थाल्छन् । एक अर्कासँग कहिल्यै नछुट्टिने कसम खान्छन्, तर समयको भुमरीमा परेपछि दुवै एक-अर्कासँग छुट्टिन विवश हुन्छन् । अर्कातर्फ वकिल पेसामा आबद्ध निखिल झरनाको सुन्दरता एवं सादापनबाट मोहित हुन्छन् । उनी एकतर्फी रूपमा झरनालाई मन पराउन थाल्छन् । रमितसँगको बिछोडबाट एक्लिएकी झरनालाई उनी साथ दिन थाल्छन् । दीपक बज्राचार्यले छायांकन गरेको यो चलचित्रमा निर्देशक, निर्माता तथा नृत्य निर्देशक रामजी लामिछाने हुन् । दिनेश सुनामले संगीत एवं रोशन श्रेष्ठले द्वन्द्व निर्देशन गरेको चलचित्र 'बिदाइ' उपत्यकाका साथै देशका ३० स्थानबाट एकसाथ प्रदर्शनमा आउनेछ ।

साप्ताहिक
सर्वाधिक बिक्री हुने
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : मेरो सिनेमा डटकम/कमल श्रेष्ठ

# बडादसैं २०६७ को हार्दिक शुभकामना






## कार्तिक (Oct.-Nov. 2010)

| आइत | सोम | मंगल | बुध | बिही | शुक्र | शनि |
|---|---|---|---|---|---|---|
| | १ 18 | २ 19 | ३ 20 | ४ 21 | ५ 22 | ६ 23 |
| ७ 24 | ८ 25 | ९ 26 | १० 27 | ११ 28 | १२ 29 | १३ 30 |
| १४ 31 | १५ 1 | १६ 2 | १७ 3 | १८ 4 | १९ 5 | २० 6 |
| २१ 7 | २२ 8 | २३ 9 | २४ 10 | २५ 11 | २६ 12 | २७ 13 |
| २८ 14 | २९ 15 | ३० 16 | | | | |

५-कोजाग्रत पूर्णिमा, १९-लक्ष्मीपूजा, २०- गाईतिहार
२१- भाइटिका (गोबर्द्धन पूजा), २६- छठ पूजा



## मंसिर (Nov.-Dec. 2010)

| आइत | सोम | मंगल | बुध | बिही | शुक्र | शनि |
|---|---|---|---|---|---|---|
| | | | १ 17 | २ 18 | ३ 19 | ४ 20 |
| ५ 21 | ६ 22 | ७ 23 | ८ 24 | ९ 25 | १० 26 | ११ 27 |
| १२ 28 | १३ 29 | १४ 30 | १५ 1 | १६ 2 | १७ 3 | १८ 4 |
| १९ 5 | २० 6 | २१ 7 | २२ 8 | २३ 9 | २४ 10 | २५ 11 |
| २६ 12 | २७ 13 | २८ 14 | २९ 15 | | | |

## पौष (Dec, 2010-Jan 2011)

| आइत | सोम | मंगल | बुध | बिही | शुक्र | शनि |
|---|---|---|---|---|---|---|
| | | | | १ 16 | २ 17 | ३ 18 |
| ४ 19 | ५ 20 | ६ 21 | ७ 22 | ८ 23 | ९ 24 | १० 25 |
| ११ 26 | १२ 27 | १३ 28 | १४ 29 | १५ 30 | १६ 31 | १७ 1 |
| १८ 2 | १९ 3 | २० 4 | २१ 5 | २२ 6 | २३ 7 | २४ 8 |
| २५ 9 | २६ 10 | २७ 11 | २८ 12 | २९ 13 | ३० 14 | |

क्रिसमस डे, १५-तमु ल्होसार, २७-पृथ्वी जयन्ती

६- उधौली पर्व, १०- त्रि




## माघ (Jan.-Feb. 2011)

| आइत | सोम | मंगल | बुध | बिही | शुक्र | शनि |
|---|---|---|---|---|---|---|
| | | | | | | १ 15 |
| २ 16 | ३ 17 | ४ 18 | ५ 19 | ६ 20 | ७ 21 | ८ 22 |
| ९ 23 | १० 24 | ११ 25 | १२ 26 | १३ 27 | १४ 28 | १५ 29 |
| १६ 30 | १७ 31 | १८ 1 | १९ 2 | २० 3 | २१ 4 | २२ 5 |
| २३ 6 | २४ 7 | २५ 8 | २६ 9 | २७ 10 | २८ 11 | २९ 12 |

१६- सहिद दिवस, २१-ल्होसार, २५- श्रीपञ्चमी

## फागुन (Feb.-Mar. 2011)

| आइत | सोम | मंगल | बुध | बिही | शुक्र | शनि |
|---|---|---|---|---|---|---|
| १ 13 | २ 14 | ३ 15 | ४ 16 | ५ 17 | ६ 18 | ७ 19 |
| ८ 20 | ९ 21 | १० 22 | ११ 23 | १२ 24 | १३ 25 | १४ 26 |
| १५ 27 | १६ 28 | १७ 1 | १८ 2 | १९ 3 | २० 4 | २१ 5 |
| २२ 6 | २३ 7 | २४ 8 | २५ 9 | २६ 10 | २७ 11 | २८ 12 |
| २९ 13 | ३० 14 | | | | | |

७-प्रजातन्त्र दिवस, १८- महाशिवरात्री, २४-नारी दिवस

## चैत (Mar.-Apr. 2011)

| आइत | सोम | मंगल | बुध | बिही | शुक्र | शनि |
|---|---|---|---|---|---|---|
| | | १ 15 | २ 16 | ३ 17 | ४ 18 | ५ 19 |
| ६ 20 | ७ 21 | ८ 22 | ९ 23 | १० 24 | ११ 25 | १२ 26 |
| १३ 27 | १४ 28 | १५ 29 | १६ 30 | १७ 31 | १८ 1 | १९ 2 |
| २० 3 | २१ 4 | २२ 5 | २३ 6 | २४ 7 | २५ 8 | २६ 9 |
| २७ 10 | २८ 11 | २९ 12 | ३० 13 | | | |

५- फागु पूर्णिमा २०- घोडे जात्रा २८-चैते दसैं, २९-रामनवमी

मेकअप : इन्द्र श्रेष्ठ

# यजु बने मास्टर स्टार-२०१०



**साप्ताहिक समाचार**

काठमाडौं– दौरा-सुरुवाल लगाउनेहरूको संख्या घटिरहेका बेला गत साता राजधानीमा आयोजित एक प्रतियोगिताका सबै प्रतियोगीले दौरा, सुरुवाल तथा ढाकाटोपीमा आफ्नो प्रतिभा प्रदर्शन गरे। प्रज्ञा भवनमा सम्पन्न 'मास्टर स्टार-२०१०' का प्रतिस्पर्धी ३० बालक परिचयात्मकदेखि निर्णायक चरणसम्मै दौरा-सुरुवालमा प्रस्तुत हुँदा उनीहरूका अविभावक मात्र होइन, कार्यक्रम हेरिरहेका दर्शकहरूसमेत रमाएका थिए। नेप्लिज फेसन होमको यो सातौं संस्करणलाई आकर्षक बनाउने उद्देश्यले आयोजक संस्थाले नै सबै बालकलाई आईईसीले डिजाइन गरेका राष्ट्रिय पहिरन उपलब्ध गराएको थियो।

सबै प्रतियोगीले आफ्नो परिचयका साथै निर्णायकले सोधेको प्रश्नको जवाफ दिने क्रमसँगै उत्कृष्ट दसको छनोट गरिएको थियो। पहिलो चरणपछि उनीहरू बेस्ट ड्रेस उपाधिका लागि र्‍याम्पमा प्रस्तुत भए। अधिकांश प्रतिस्पर्धी क्याजुअल वेयरमा प्रस्तुत भएको यो सिक्वेन्समा केही प्रतियोगीले परम्परागत पहिरन पनि प्रदर्शन गरे भने देवताको भेषमा प्रस्तुत हुनेहरू पनि थिए।

बेस्ट ड्रेसपछिको सिक्वेन्समा उत्कृष्ट दस प्रतियोगी मात्र र्‍याम्पमा उपस्थित भए। उनीहरूलाई निर्णायकले पुनः एक-एकवटा प्रश्न सोधे। उनीहरूले दिएको उत्तरका आधारमा निर्णायक चरणका लागि उत्कृष्ट पाँच प्रतियोगी छनोट गरिए। निर्णायक चरणमा सोधिएको एक मात्र प्रश्नको आकर्षक जवाफ दिएर काठमाडौंका ११ वर्षीय यजु श्रेष्ठले मास्टर स्टार २०१० को उपाधि जिते। फस्ट रनर्सको उपाधि स्वप्निल थपलियाले तथा सेकेन्ड रनर्सअपको उपाधि असीम श्रेष्ठले प्राप्त गरे।

मनोरञ्जनात्मक कार्यक्रमसहितको उक्त प्रतियोगितामा विकेश श्रेष्ठले मास्टर इनोसेन्ट, मिलन तामाङले फ्रेन्डसिप, सलुज महर्जनले डिसिप्लिन, विजय तामाङले स्किन, सुशान्त बस्नेतले स्माइल, साहिर प्रजापतिले फोटोजेनिक, प्रजोल तामाङले चार्मिङ, निकेश कक्षपतिले हेन्डसम, रूपेन्द्र श्रेष्ठले बेस्ट ड्रेस तथा विवेक याल्मुले मास्टर ट्यालेन्ट शीर्षकको उपाधि जितेका थिए।



तस्विर : नवराज वाग्ले

# अडिसनमा मिस एयर होस्टेज



**साप्ताहिक समाचार**

काठमाडौं- गत शनिबार कमलादीस्थित क्युब क्लबमा विमान परिचारिकासम्बन्धी तालिमप्राप्त तीन दर्जनभन्दा बढी युवतीको जमघट थियो। उनीहरू मिस एयर होस्टेज-२०१० शीर्षकको फरक खालको सौन्दर्य प्रतियोगिताका लागि अडिसन दिन त्यहाँ आइपुगेका थिए। राजधानीका २२ जना र मोफसलका ४ गरी २६ जना प्रतिस्पर्धीलाई मिस एयर होस्टेज-२०१० को अन्तिम प्रतिस्पर्धामा सहभागी गराइने आयोजक संस्थाले जनाएको छ। सिजन मिडिया प्रालि तथा फ्लाइटक इन्टरनेसनल प्रालिको संयुक्त आयोजनामा संचालन हुने उक्त प्रतियोगिताको प्रशिक्षण भने दसैंपछि प्रारम्भ हुनेछ।

प्रशिक्षण अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा, विमान परिचारिकाको भूमिका र कार्यक सम्बन्धमा जानकारी दिइनेछ। यो प्रतियोगिताको तयारीका क्रममा पौडी, फिटनेस, सौन्दर्य तथा व्यक्तित्व-विकाससम्बन्धी तालिम पनि दिइनेछ। मंसिर ११ गते राष्ट्रिय नाचघरमा सम्पन्न हुने प्रतियोगिताको कोरियोग्राफी रोजिन शाक्यले गर्नेछन्। प्रतियोगिताका विजेताले उपाधि सहित ३५ हजार रुपैयाँ नगद पुरस्कारका साथै विमान परिचारिका हुने अवसर जुराउनेछिन् भने फस्ट तथा सेकेन्ड रनर्सअपले क्रमशः २५ हजार तथा १५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने आयोजक संस्थाले जनाएको छ।



# दसैंलगत्तै मिस कल्चर

**साप्ताहिक समाचार**

पोखरा– पोखराका दुई दर्जन सुन्दरी यो दसैंमा पनि व्यस्त छन्। दसैंलगत्तै आयोजना हुने मिस कल्चर-२०६७ मा सहभागिता जनाउनुपर्ने भएपछि उनीहरू दसैं अवधिभर प्रशिक्षणमै व्यस्त हुने भएका हुन्। द लुक्स फेसन होमले दोस्रो पटक आयोजना गर्न लागेको मिस कल्चरमा सहभागी हुने सुन्दरीहरू घटस्थापनाको दिनदेखि प्रशिक्षणमा व्यस्त भैसकेका छन्। कोजाग्रत पूर्णिमालगत्तै पोखरा सभागृहमा हुने प्रतियोगिताका लागि सहभागी सुन्दरीहरूले तीन सातासम्म प्रशिक्षण पाउनेछन्। निर्णायक चरणमा प्रस्तुत हुने सहभागीहरू आफ्नो भाषा तथा संस्कृतिको संरक्षणका लागि आफ्नै जातजातिको परिहनमा प्रस्तुत हुनेछन्। प्रशिक्षणका क्रममा प्रतिस्पर्धीहरूलाई नेतृत्व विकास, अनुशासन, आत्मविश्वास, नृत्य आदि विधामा पारंगत बनाइने आयोजक संस्थाले जनाएको छ। प्रतिस्पर्धीहरूलाई वेशभूषाका बारेमा जानकारी दिइनुका साथै सांस्कृतिक भ्रमणमा समेत सहभागी गराइनेछ।

# छानिए चिल्ड्रेन अफ द इयर



**साप्ताहिक समाचार**

काठमाडौं- गत आइतबार कमलादीस्थित प्रज्ञाभवनको डबलीमा १७ जना बालिका तथा ७ जना बालक चिल्ड्रेन अफ द इयर-०६७ शीर्षकको दौडमा संलग्न भए। उक्त प्रतियोगिताको प्रारम्भमा पिन्क कलरको वनपिस ड्रेसमा बालिकाहरूले आ-आफ्नो पर्फमेन्स दिएका थिए। त्यसको लगत्तै कालो पाइन्ट र परिमार्जित शैलीको दौरामा सजिएका बालकहरूले आ-आफ्नो परिचय दिए। ट्यालेन्ट राउन्डमा प्रतियोगीहरूले आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए, जसअन्तर्गत अधिकांश सहभागीले नृत्य प्रतिभा प्रस्तुत गरेका थिए।

उक्त अवसरमा कविता वाचन, गायन, वक्तृत्व कला र मार्सल आर्ट देखाउनेहरू पनि थिए। प्रतियोगिता अघि बढ्ने क्रममा बेस्ट ड्रस राउन्ड प्रश्नोत्तर चरण हुँदै अन्ततः विजेता चयन गरी कार्यक्रम टुङ्गिएको थियो, जसअन्तर्गत रेयश श्रेष्ठ तथा सोनामा डोल्मा लामाले चिल्ड्रेन अफ द इयर-२०६७ को उपाधि जिते भने फस्ट रनर्सअप ऋषि मानन्धर तथा स्मृति सापकोटा घोषित भए।

अन्य उपाधितर्फ प्रिन्सा तुलाधर र ऋषि मानन्धर बेस्ट फोटोजेनिक, विराज तुलाधर र स्मृति सापटकोटा बेस्ट पर्फमेन्स, रयेश श्रेष्ठ र स्मारिका राजभण्डारी बेस्ट टयालेन्ट, इशा ढुंगाना र विराज तुलाधर बेस्ट पर्सनालिटी, रीतिका राठी र ऋषि मानन्धर बेस्ट ड्रेस तथा सिल्भा महर्जन र रयेश श्रेष्ठ बेस्ट कम्प्यानियनका रूपमा छनोट भए।

# पर्यटन प्रवर्द्धनका लागि चङ्गा चेट





ककनी (नुवाकोट)- ककनीको पर्यटकीय प्रवर्द्धनका लागि खुला चङ्गाचेट प्रतियोगिता सम्पन्न भएको छ। ककनी-६, वसन्ती दरबारमाथि आयोजित चौथो खुला ककनी चङ्गाचेट प्रतियोगितामा काठमाडौंका अजय ढुंगेल पहिलो, प्रकाश कुमार कँडेल दोस्रो तथा गौतम तामाङ तेस्रो भएका थिए। दसैंको घटस्थापनाका दिन युथभिजन क्लबद्वारा आयोजित प्रतियोगितामा काठमाडौं र नुवाकोटका १३ जना खेलाडीले प्रतिस्प्रर्धा गरेका थिए।

अप्रतियोगीका रूपमा १५ जना सहभागी भएका थिए। क्लबले चार वर्षदेखि ककनीको प्रचार-प्रसार गर्न आयोजना गर्दै आएको चङ्गाचेट प्रतियोगितामा स्थानीय तथा राजधानीबाट आएका सयौं दर्शक सहभागी थिए। चिसो हावापानी एवं हिमाली सुन्दरताका लागि ख्याति कमाएको ककनीमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउन चङ्गाचेट प्रतियोगिताले सहयोग पुर्‍याउने क्लबका अध्यक्ष पशुपति थापाले बताए।

शरद् ऋतु चङ्गा उडानका लागि आफैंमा रमाइलो मौसम भएको उल्लेख गर्दै काठमाडौं महानगरपालिकाका पूर्वमेयर केशव स्थापितले सबैको सोचाइ र लगनशीलता चङ्गाजस्तै गतिशील र उच्च भए देशले गति लिने बताए। ककनीको प्राकृतिक सौन्दर्यपानसँगै चङ्गा उडाउनुको मज्जा वर्णन गरिसाध्य नहुने चङ्गाका सौखिन स्थापितको भनाइ थियो।


● नवदीप अजनवी

# दसैंको अवसरमा डान्सपार्टी



हेटौंडा– मकवानपुरको हेटौंडामा दसैंको अवसर पारेर असोज २१ गते बिहीबार दसैंको शुभकामना आदान-प्रदान डान्स पार्टी सम्पन्न भएको छ। हेटौंडाको पल्पसा सभागृहमा सम्पन्न कार्यक्रममा करिब ७ सय युवायुवतीको सहभागिता थियो। सिजलिङ डान्स पार्टी शीर्षकको उक्त समारोहमा डिजे राजको म्युजिक कलेक्सनमा हेटौंडाका युवायुवती तथा जिल्लाका प्रमुख व्यक्तित्वहरूसमेत मग्न देखिन्थे। मकवानपुरका विभिन्न क्षेत्रमा क्रियाशील युवाहरूको संगठन सेड्स युवा संगठन्द्वारा आयोजित सिजलिङ डान्स पार्टी साँझ ६ बजे सुरु भै राति १२ बजेसम्म चलेको थियो।

● सुजन विडारी



# दीपिका बनिन् मिस टिन पोखरा



● शिव शर्मा

पोखरा– अग्ली एवं हिस्सी परेकी एक किशोरीको हाउभाउ तथा प्रस्तुतिलाई दर्शकहरूले सुरुदेखि नै मन पराइरहेका थिए। प्रतियोगिताको सुरुदेखि अन्त्यसम्म पनि पोखरा सभागृहमा भेला भएका दर्शकले उनकै पक्षमा हुटिङ गरिरहेका थिए। प्रसंग हो, आइतबार अबेर राति सम्पन्न मिस टिन पोखरा-२०१० की प्रतिस्पर्धीमध्येकी १५ वर्षीया दीपिका पहारीको।

अन्ततः दर्शकको अनुमान अनुरूप नै लेकसाइड पोखराकी पहारीले मिस टिन पोखराको ताज पहिरिन। प्रतिस्पर्धीमध्येकी सबैभन्दा कान्छी प्रतियोगी पहारीले आफ्ना १४ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपाधि चुमेकी हुन्। बेस्ट क्रिएटिभ टाइटलसमेत आफ्नो हातमा पारेकी गुडविल स्कुल कक्षा १० की छात्रा पहारीले ताज पहिरिएपछि हर्षित हुँदै भनिन्, 'यो सफलताले मलाई जीवनपथमा थप सफलता हासिल गर्ने ऊर्जा प्राप्त भएको छ।'

प्रतियोगितामा नदीपुरकी सरला थापा फस्ट रनर्सअप तथा ड्यामसाइडकी सञ्जु थापा सेकेन्ड रनर्सअप घोषित भए। सञ्जुले फोटोजेनिकको सहायक उपाधि पनि चुमिन्। तनहुँ दुलेगौडाकी अनिता गुरुङ दर्शक छनोटको उपाधिसँगै बेस्ट स्माइल घोषित भइन्। दुलेगौडाकै सलिना गुरुङले मिस ट्यालेन्ट र क्याटवाकको टाइटल पाइन्।

द राइट आर्म इन्टरनेसनल प्रालिद्वारा आयोजित प्रतियोगितामा प्रमिला घले बेस्ट फिगर, सुनिता सिके बेस्ट फ्रेन्डली, अनिता थापा बेस्ट हेयर, मेरिका गुरुङ बेस्ट ड्रेस, सुष्मा सुवेदी मिस स्मार्ट, पूर्णिमा राना मिस चार्मिङ तथा अनु गुरुङले पर्सानालिटीको टाइटल पाएका थिए। पाँच घण्टा चलेको कार्यक्रममा स्थानीय कलाकारहरूले गीत तथा नृत्य पनि प्रस्तुत गरेका थिए। दुई वर्षअघि पहिलो पटक भएको मिस टिनमा लेकसाइडकै अनु ढकालले उपाधि चुमेकी थिइन।

# धरानमा जमेको दीप श्रेष्ठ साँझ



धरान– केही दशकको अन्तरालपछि दिप श्रेष्ठको पहिलो एकल गायन गत शुक्रबार धरान सभाहलमा सम्पन्न भयो, जसमा गायक श्रेष्ठले ४० वर्ष पुरानो गीत म पत्थरको देवता होइन, देखि नयाँ एल्बम यात्रासम्मको गीत सुनाउन भ्याए।

उनले कार्यक्रममा कहाँबाट ल्याउँ म सपनाको देश, सुनिदेऊ साथी म सानो छँदाको कथा, पहाडको उकालोलाई, झस्केछ मन मेरो, म त पहिरोभित्र छु, विश्वास गर तिमीसँग एकान्तमा बस्ने धोको छ, कति कमजोर रहेछ भाग्य, हर रात सपनीमा ऐठन छ, हुँ यात्री एउटा रुमल्ली हिँड्ने, जति हाँसू भन्छु मेरो सपनाको सागरमा, तिमी टाढा हुन्छौ जति, म त दूरदेखि आएँ, मेरो आँखामा, एउटा फूलदेखि बोटमा, भन्थिन् उनी मेरी उनी, साइँली वरी चियाबारीमा, उनलाई मन परेको र सदाबहार गीत वितेका कुरा सुनाएर कार्यक्रमको बिट मारेका थिए।

दर्शकको लगातारको वान्समोरपछि उनले म त दूरदेखि आएँ तथा एउटा फूलदेखि बोटमा दुईपल्ट गाउनुपरेको थियो। यसरी गाउँदा दर्शकहरू स्टेज अगाडि आएर छमछमी नाचेका थिए। दीप श्रेष्ठलाई महिला गायनमा सम्झना राई एवं विद्या राईले सहयोग गरेका थिए। क्रिएटिभ ह्यान्डस अफ धरानको आयोजनामा सञ्चालित दीप श्रेष्ठ एकल साँझ, धरानको खानेपानी समस्या समाधान सहयोगार्थ गरिएको हो।

–भीषण राई



# शुभकामना सांगीतिक कार्यक्रम

धरान– दसैंको चलहपहलसँगै धरानमा सांगीतिक वातावरण पनि तातेको छ। गत शनिबार स्थानीय सभागृहमा भएको सांगितिक कार्यक्रमले धरानेहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गऱ्यो। गरिमा डान्स सेन्टर धरानको आठौं वार्षिकोत्सवका अवसरमा आयोजित शुभकामना सांगीतिक कार्यक्रममा विभिन्न जातजातिका नृत्य एवं स्थानीय कलाकारहरूका गीत प्रस्तुत गरिएको थियो।

कार्यक्रममा कलाकारहरूले पूर्वको साकेला, पश्चिमको देउडा नृत्यलगायत हिन्दी रिमिक्स, घोस्ट डान्सका साथै आइटम डान्स आदि प्रस्तुत गरेका थिए। कार्यक्रममा बी-बोइङ, बी-गल्सको बी-बोइङ पनि प्रस्तुत गरिएको थियो। कार्यक्रममा स्थानीय गायक रोशन राई, कञ्चन थलङ, नवराज बस्नेत, प्रनिश लिम्बू तथा विजय बम्बुले राईले विभिन्न गीत सुनाएका थिए।

# सञ्जय र कुन्तीले नचाए



बुटवल– गायिका कुन्ती मोक्तान तथा नवोदित पपगायक सञ्जय चौधरीले शनिबार रुपन्देहीको सहरोन्मुख ग्रामीण बजार फर्साटिकरमा आयोजित एक सांगीतिक कार्यक्रम तताए। गाउँमा पहिलो पटक चर्चित गायिकासँगै अन्य कलाकार पनि आउने खबरले फर्साटिकर उच्च मावि प्राङ्गणमा संगीतप्रेमी युवायुवतीहरूको भीड लागेको थियो।

'जेनेरेसन कन्सर्ट' कार्यक्रममा पहिलो पटक रूपन्देही आएका गायक सञ्जयले 'माया केही', 'नाच न' र 'पन्चैबाजा' आदि गीतमार्फत पर्याप्त मनोरञ्जन प्रदान गर्दै आफूसँगै नचाए। आरजे सञ्जयको नयाँ एल्बम समयको गीत 'तिमी आयौ' लाई दर्शकले वान्समोर भन्दै दोहोऱ्याउन लगाए। कुन्ती मोक्तानले 'हिजो राति', 'लालीगुराँस अजम्बरी' र 'गोठालो जाँदा' गाएर सबैको मन जितिन् भने त्रिलोक रानाले 'भूपू माया' र 'तिमीजस्तो छैन कोही' गाए। जेनेरेसन मल्टिमिडियाले विजयादशमीका अवसरमा गरेको कन्सर्ट साँझसम्म चलेको थियो।

–टोपराज शर्मा

# राष्ट्रिय स्रष्टा सम्मान र लोकतारा



पोखरा– विभिन्न क्षेत्रमा ख्याति प्राप्त स्रष्टाहरूलाई पोखरामा गत सोमबार सम्मान प्रदान गरियो। पोखरामा क्रियाशील क्रिएटिभ ब्रोडकास्टिङ मिडियो प्रालिले एक विशेष कार्यक्रम गरी सम्मान गरेको हो। सम्मान ग्रहणका लागि काठमाडौंबाट स्रष्टाहरू यहाँ आएका थिए। कार्यक्रममा संगीतकार शक्तिवल्लभ, हास्यव्यङ्ग्यकार शैलेन्द्र सिम्खडा, गीतकार चूडामणि भट्टराई, गायक शिशिर योगी र धर्मेन्द्र सेवान, नायक-नायिका राजबल्लभ कोइराला र झरना थापा तथा संचारकर्मी नरेश भट्टराई सम्मानित भए। उनीहरूलाई साहित्यकार सरुभक्तले दोसल्ला ओढाई कदरपत्रले सम्मान गरेका थिए।

सम्मानित भएपछि सबैले आ-आफ्नो कला प्रस्तुत गरेका थिए। हास्यव्यङ्ग्यकार शैलेन्द्र सिम्खडाले प्रस्तुत गरेको हास्यकविताले सभागृहको वातावरण रमाइलो भएको थियो।

पोखरामा आयोजित क्रिएटिभ लोकतारा-०६७ को उपाधि पर्वतकी सुष्मा विकले जितेकी छिन्। उपाधिसँगै उनले ५५ हजार ५ सय ५५ रुपैयाँ हात पारिन्। क्रिएटिभ ब्रोडकास्टिङ मिडिया प्लसले आफ्नो पाँचौं वार्षिकोत्सवका अवसरमा आयोजना गरेको उक्त प्रतिस्पर्धामा म्याग्दीका शिव सुवेदी दोस्रो भए भने कास्कीका विष्णु पौडेलले तेस्रो स्थानमा चित्त बुझाए।

# दसैंमा डान्डियाको मज्जा



काठमाडौं– दुर्गा पूजामा डान्डिया नृत्यको आफ्नै महत्त्व छ। दसैं उत्सवका बेला भारतको गुजरात राज्यमा डान्डिया नृत्य गर्ने संस्कृति नै छ। गत शनिबार ललितपुरस्थित इन्टरनेसनल क्लबमा आयोजित 'डान्डिया मिक्स' कार्यक्रममा हातमा स-साना लठ्ठी लिएर नाच्नेहरूले रात छिप्पिएको पत्तै पाएनन्।

मोटिभ मिडिया तथा इन्टरनेसनल क्लबले आयोजना गरेको उक्त रमाइलो कार्यक्रमको प्रारम्भमा शक्ति स्वरूपा दुर्गाको शक्ति झल्कने नाटक मञ्चन गरिएको थियो। नाटकमा अभिनय गर्ने कलाकारले लगाएका पहिरन तथा मेकअपले उनीहरू दुरुस्तै भगवान तथा राक्षसझैं देखिएका थिए। धार्मिक सन्देश दिने नाटकपछि फेसन शो प्रस्तुत भयो। फेसन शोमा बालबालिकादेखि वयस्क उमेरका मोडलहरूले विभिन्न परम्परागत पहिरन प्रदर्शन गरे। फेसन शो दुई सिक्वेन्समा विभाजित थियो। फेसन शोपछि सांगीतिक कार्यक्रम प्रारम्भ भयो। गायिका लसता जोशी आदि कलाकारले रमाइला गीत गाएर कार्यक्रमलाई संगीतमय बनाए। संगीतकर्मी छिरिङ भुटियालगायतका डिजेको समूहले नेपाली तथा हिन्दी रिमिक्स गीत बजाएर उपस्थित दर्शकहरूलाई नचाएका थिए।

कार्यक्रमको उत्तरार्द्धमा डान्डिया नृत्य प्रस्तुत गरियो। आयोजकले उपलब्ध गराएका लठ्ठी समाएर नृत्य गर्नेहरूमा बालबालिकादेखि वृद्धसम्म देखिन्थे। कार्यक्रमकी संयोजक संगीता श्रेष्ठका अनुसार नेपालमा डान्डिया नृत्यका सौखीनहरू प्रशस्त भएकाले यस प्रकारको कार्यक्रम आयोजना गरिएको हो।

# उदयपुरमा राजेशपायल




उदयपुर– नायोमा कल्चर ग्रुप उदयपुरको आयोजनामा असोज २२ गते स्थानीय चलचित्र भवनमा सांस्कृतिक साँझ-२०६७ सम्पन्न भएको छ। उक्त कार्यक्रममा राजेशपायल राईको एकल प्रस्तुति प्रमुख आकर्षण थियो।

कार्यक्रममा स-साना बालबालिकादेखि युवा-युवतीहरूको प्रस्तुति पछि राजेशपायल राई प्रस्तुत भए। कार्यक्रममा राजेश पायल राईले विभिन्न गीत गाएर उदयपुरका हजारौं दर्शकलाई तताए। कार्यक्रममा गायक राईले नयाँ-पुराना गरी २५ वटा गीत सुनाएका थिए। कार्यक्रममा गायक राईले नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेल, शेरबहादुर देउवा, स्वर्गीय नेता गिरिजाप्रसाद कोइराला तथा माओवादी अध्यक्ष पुष्पकमल दाहालको बोली एवं हाउभाउको नक्कल गरी दर्शकहरूलाई थप मनोरञ्जन प्रदान गरे। पछिल्लो पटक *दर्शन नमस्ते* एल्बमबाट चर्चाको उत्कर्ष छोएका गायक राईले गीत गाउँने क्रममा साह्रै व्यस्त हुनुपरेको बताए। राजेशले कार्यक्रममा आफूले विवाह गर्ने पक्कापक्की भएको बताउँदै भने– 'म २९ वर्षको भएँ, ३२ वर्षमा बिहे गर्दैछु।'

१५ वर्षदेखि लगातार 'हिट गायक' का रूपमा नेपाली सांगीतिक आकाशमा छाइरहेका राजेशपायलले कार्यक्रमबाट उठेको केही रकम गरिब बालबालिकाको शिक्षामा लगाउने बताए।

● यमकुमार राई



# दसैंका डान्सपार्टी





**साप्ताहिक समाचार**

काठमाडौं– यसअघि क्रिसमस, भ्यालेन्टाइन डेजस्ता पश्चिमा पर्वहरूमा कम्मर मर्काउने राजधानीको एउटा पुस्ताले यसपटक दसैंलाई पनि फ्युजन गर्न भ्याएको छ। दरबारमार्गस्थित आई क्लबले दसैंको अवसर पारेर एक सातामै तीनवटा डान्सपार्टी गरेर पाश्चात्य शैलीमै 'ह्याप्पी दसैं' भन्दै दसैंको शुभकामना आदान-प्रदान गर्ने अवसर जुटाएको हो।

फूलपातीको दिन अर्थात् हिजो बिहीबार आयोजित डान्सपार्टीको शीर्षक नै 'दसैं स्पेशल फूलपाती सेलिब्रेसन' राखिएको थियो। फक्स फायर युनिसेक्स तथा सिटिभी मोबाइलले संयुक्त रूपमा आयोजना गरेको उक्त पार्टीमा पाँच जना डिजेले युवा-युवतीहरूलाई नचाउने जिम्मा लिएका थिए। डिजे साज, डिजे नक्स, डिजे रूपेश, डिजे सि-म्यान तथा डिजे जोयले पालैपालो नेपाली, हिन्दी तथा अंग्रेजी गीतका रिमिक्स भर्सन बजाएर नृत्य गर्ने वातावरण तयार पारेका थिए। साँझ साढे पाँच बजेका लागि निर्धारित फूलपाती सेलिब्रेसन राति ११ बजेसम्म जारी थियो। विनोद सिंहद्वारा संयोजन गरिएको उक्त पार्टीको प्रारम्भमा दसैंको मंगल धुन बजाइएको थियो।

दसैंकै पूर्वसन्ध्यामा गत शनिबार आयोजित 'दसैं ब्लास्ट पार्टी' पनि मनोरञ्जक रह्यो। दसैं ब्लास्टका लागि आई क्लबको डान्स फ्लोर राति ७ बजेपछि खुला गरिएको थियो। आठ नबज्दै फ्लोरमा खुट्टा राख्ने ठाउँ थिएन। उक्त पार्टीलाई डिजे साज, नक्स, रूपेश, सि-म्यान तथा जोयले नै संगीतमय बनाएका थिए। दसैं ब्लास्टमा लाइभ कन्सर्ट पनि समावेश थियो। मिङ्मा शेर्पा, सुमन श्रेष्ठ, प्रशंसा श्रेष्ठ, आस्था बी, जुना जोशी आदि गायक-गायिकाले प्रत्यक्ष संगीतमा आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरिसकेपछि मात्र डान्सपार्टी प्रारम्भ भएको थियो। बीएल हाउस, ग्यालेक्सी मोडलिङ तथा इफो इन्टरटेन्मेन्टले संयुक्त रूपमा आयोजना गरेको 'दसैं ब्लास्ट' कार्यक्रममा सांगीतिक तथा मोडलिङ क्षेत्रका परिचित अनुहारहरूको उल्लेखनीय सहभागिता थियो।

रियाज म्युजिकले पनि दसैंकै पूर्वसन्ध्यामा आई क्लबमा सांगीतिक कार्यक्रमसहितको डान्सपार्टी सम्पन्न गर्‍यो। दसैंको अवसर पारेर गत आइतबार साँझ 'इलेक्ट्रोनिक डान्स म्युजिक' शीर्षकको गीतिसंग्रह सार्वजनिक गर्न डान्सपार्टी आयोजित गरिएको हो। डान्सपार्टी प्रारम्भ हुनुअघि उक्त संग्रह नेपालकै पहिलो इलेक्ट्रोनिक डान्स म्युजिक भएको बताइएको थियो। डिजे नक्स, डिजे रूपेश, डिजे हिप्नोटिक, डिजे साज, डिजे सलिम तथा डिजे सि-म्यानले उक्त पार्टीलाई संगीतमय बनाएका थिए।

# दसैंमा उत्सव-महोत्सव



काठमाडौं– घटस्थापनाको दिनदेखि नै राजधानीलगायत देशका अधिकांश सहरमा दसैंको उत्सव तथा महोत्सवहरू सञ्चालन भैरहेका छन्। गीत-संगीत, नृत्य, फेसन शोसहित फुड फेस्टिभलसमेत एकै ठाउँमा समावेश गरिने भएकाले यस्ता रमाइला कार्यक्रममा दर्शक सहभागिता पनि बढी नै देखियो।

गत शुक्रबार तथा शनिबार राजधानीका चार स्थानमा सडक महोत्सव सम्पन्न भयो। सिनामंगल, सरस्वतीनगर, भाटभटेनी तथा कमलपोखरीमा आयोजित छुट्टाछुट्टै उत्सवमा गीत, संगीत, नृत्य तथा हास्य कार्यक्रम मुख्य आकर्षण रहे। फुड फेस्टिबलमा स्वादिष्ट परिकार चाख्नेहरूको संख्या पनि अत्यधिक रह्यो। घटस्थापनाको दिन भाटभटेनी पार्कमा आयोजित द लाइभ कन्सर्टमा युवापुस्ताको बाक्लो उपस्थिति थियो। इभेन्ट वर्ल्डले आयोजना गरेको उक्त सांगीतिक कार्यक्रममा कर्मा, माउन्ट ८८४८, सगुन एन्ड द कम्पनी, प्रणय एन्ड सन्त्रास तथा नवराज थापाले गीत-संगीतमार्फत उपस्थित दर्शक-श्रोतालाई मनोरञ्जन प्रदान गरे।

सरस्वती युवा क्लबले चाबहिलको सरस्वतीनगरमा आयोजना गरेको सरस्वती महोत्सव पनि शुक्रबार नै सम्पन्न भयो। महोत्सवमा रिमा गुरुङ, डिजराज पौडेल, कविराज निरौला, हिमाल सागर, नवराज घोरासैनी, रुद्राक्ष, मन्त्रजस्ता गायक, गायिका तथा सांगीतिक समुहले कार्यक्रमलाई संगीतमय बनाए। हास्यकलाकार नारद खतिवडाको प्रहसन तथा हास्यप्रस्तुति दर्शक हँसाउन सफल रह्यो।

सिनामंगल स्ट्रिट फेस्टिभलमा गायक सुनिलसिंह ठकुरीले आफ्नो तेस्रो गीतिसंग्रह '१४ अञ्चल' को विमोचनपछि आफ्ना लोकप्रिय गीत-संगीत पनि प्रस्तुत गरे। त्यसो त महोत्सवमा रोज मोक्तान, मदन गोपाल, रोबिन एण्ड द न्यू रेभुलुसन, मौसमी गुरुङ, आगन्तुक खरेल, सुनिल बर्देवा, बिनोद खुम्बु आदिले पनि आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरे।

कमलपोखरी युवा क्लबले गत शनिबार आयोजना गरेको कमलपोखरी महोत्सव पनि संगीतमय रह्यो। फुड फेस्टिभलको आकर्षण रहेको उक्त महोत्सवमा सिने गुरुङ, कर्मा, कबवेब, ११:३० बसन, ओमबज्र आदिले गीत-संगीत प्रस्तुत गरे।

दसैंकै अवसर पारेर ईफोर ईन्टरटेन्मेन्टले देशव्यापी सांस्कृतिक उत्सव आयोजित गरिरहेको छ। गत आइतबार धादिङबाट प्रारम्भ भएको यो उत्सव आगामी कात्तिक ८ गते अर्घाखाँची तथा मंसिर ४ गते रामपुरको ठोक्सिला पनि गरिनेछ। धादिङको उत्सवमा हास्यश्रृंखला मेरी बास्सैका कलाकारहरू आकर्षणको केन्द्रमा रहे। मेरी बास्सैका तीन जना लोकप्रिय कलाकार धुर्मुस, सुन्तली तथा माग्नेबूढाले दर्शकलाई हँसाएको उक्त कार्यक्रममा सत्य-स्वरूपराज आचार्य, हिमाल सागर, दिनेश बुढाथोकी, खुमन अधिकारी तथा राधिका हमालले गीत-संगीत प्रस्तुत गरेका थिए।

दसैंकै अवसर पारेर गत आइतबार द इन्टरटेनर्स ग्रुपले जमलस्थित राष्ट्रिय नाचघरको प्रेक्षालयमा सांस्कृतिक कार्यक्रम सम्पन्न गर्‍यो। दुवै खुट्टाले काम गर्न छाडेपछि अशक्त भएका कलाकार सुनिल खड्गीको सहयोगका लागि आयोजित कार्यक्रममा रोज मोक्तान, रेश्मा सुनुवार, बुद्ध एन श्रेष्ठ आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरे। हास्यकलाकार तथा जादुगर महादेव त्रिपाठीको प्रस्तुतिले दर्शकलाई प्रशस्त मनोरञ्जन प्रदान गरेको थियो।

# हामी सबैको दसैं



**पृष्ठ १ बाट जारी**

यस्ता उदाहरणहरू देशव्यापी रूपमा छ्यासछ्यास्ती छन्। पूर्वको लिम्बू समाजदेखि सुदूर पश्चिमको खस समाजसम्ममा व्यापक रूपमा उपस्थित दुर्गा भवानीको अस्तित्वले के कुरा प्रमाणित गर्छ भने बडादसैं नेपाली समाजमा नेपालको एकीकरणपूर्व पनि त्यति नै जीवन्त रूपमा उपस्थित थियो, जति एकीकरणपछिको नेपालमा छ। फरक के मात्र हो भने भौगोलिक तथा राजनैतिक एकीकरणपश्चात् तत्कालीन शासकहरूले नेपालको सामाजिक तथा सांस्कृतिक एकीकरणका लागि हिन्दू धर्मलाई प्रमुख आधार बनाएर यसका सांस्कृतिक प्रचलनहरूलाई राष्ट्रव्यापी रूपमा विस्तार गरे, जुन तत्कालीन राजनैतिक तथा भौगोलिक परिवेशमा अस्वाभाविक पनि थिएन।

नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनासँगै तत्कालीन राजतन्त्रले नेपाली समाजलाई हिन्दूकरण गर्न जसरी र जुन रूपमा बडादसैंलाई राष्ट्रिय चाडका रूपमा स्थापित गर्ने दुस्साहस गरेको आरोप लाग्यो त्यसले नेपाली समाजमा राम्रै हलचल ल्यायो। कतिपय जाति तथा समुदायले बडादसैंलाई खसहरूको चाड भन्दै बहिष्कार अभियानसमेत सञ्चालन गरे। विभिन्न जाति र समुदायमा समय, परिस्थिति र स्थानीय अनुकूलताका कारण आ-आफ्नै किसिमको चाडपर्व हुनु स्वाभाविक हो। जसले नेपाली चाडपर्वलाई विविधीकरण गर्नमा समेत सघाएका छन्। ठूलो समुदायको ठूलो चाडका सामु सानो समुदायको ठूलो चाडको महत्त्व कम हुन सक्दैन। यसो भन्दैमा ठूलो समुदायले मनाउने चाडलाई सांस्कृतिक विस्तारवादका रूपमा पनि हेरिनु हुँदैन।

गणतन्त्र स्थापनाको लगत्तै नेपालका विभिन्न समुदायमा हिन्दू धर्मावलम्बीहरूको सबैभन्दा ठूलो चाड दसैंका बारेमा जुन खालको वितृष्णा देखापरेको थियो, त्यो अहिले निकै मत्थर भैसकेको छ। बहुसंख्यक समुदायले मुलुक धर्मनिरपेक्षतामा गैसकेको अवस्थामा जसरी अल्पसंख्यक समुदायको चाडपर्वहरूलाई महत्वका साथ राष्ट्रिय रूपमा विस्तार गर्न सघाएका छन्, त्यसरी नै अल्पसंख्यक समुदायले पनि बहुसंख्यक समुदायको चाडपर्वलाई सम्मानका साथ लिन सक्नुपर्छ। विगतमा राष्ट्रिय चाडको दर्जा पाएको बडादसैं अहिले त्यो स्वरूपमा नभए पनि बहुसंख्यक जनताको प्रिय चाडका रूपमा समग्र मुलुकलाई नै प्रभावित गर्ने सबैभन्दा ठूलो चाडका रूपमा स्थापित भएको तथ्यलाई हामी सबैले स्वीकार गर्नुपर्छ।



# नेपाली कार्पेट मेला

गण्डकी कार्पेट प्रालि अर्थात् हिमालयन डेकोर्स रग्सले यही २०६७ असोज २२ गतेदेखि २४ गतेसम्मका लागि आयोजना गरेको कार्पेट मेला-२०१० उपभोक्ताहरूको अत्यधिक भीडका कारण दसैं अवधिभर लम्बिने भएको छ। नेपाली हस्तकला एवं नेपाली सिर्जनशीलताको अनुपम नमुना मानिने नेपाली कार्पेट तथा पस्मिनाको प्रर्दशनी एवं बिक्रीका साथै आफूलाई इच्छा लागेको रंग तथा डिजाइनमा अर्डरसमेत गर्न सकिने उक्त मेलामा नेपालका प्रमुख पार्टीका वरिष्ठ नेतादेखि नेपाल सरकारका निजामति सेवा, प्रहरी सेवा तथा सैनिक सेवाका विशिष्ट व्यक्तित्वहरूसमेत उपस्थित रहेको आयोजकहरूले जनाएका छन्।

प्रदर्शनीमा विभिन्न साइज, रंग एवं डिजाइनका कार्पेट, पस्मिना तथा कोरियन ब्ल्याङ्केटहरू खरिद गर्न सकिन्छ। न्यूनतम ३ हजारदेखि १५ हजार रुपैयाँसम्म पर्ने कार्पेट, न्यूनतम ३ सयदेखि अधिकतम् १० हजार रुपैयाँसम्म पर्ने पस्मिनासम्म उपलब्ध हुने यो मेलामा छनोटको प्रशस्त अवसर भएको हिमालयन डेकोर्सकी निर्देशक शोभा गुरुङको दाबी छ। हालसम्म दैनिक १ हजारदेखि १ हजार ५ सयले मेला अवलोकन गरिरहेका छन्।

# दसैंको मूड





श्रीमती मीरा र छोरा मोहितका साथ हरिवंश आचार्य ।



दसैंको भोज खाँदै सभासद् गगन थापा



दसैंको मूडमा जीपी तिमिल्सिना र श्रीमती उषा खड्गी



सानोपर्दाको दसैंमा कलाकार दम्पत्ति सीताराम कट्टेल र कुञ्जना घिमिरे



दसैंको आशिर्वाद थाप्दै सुनिल र निशा



गायक रामचन्द्र काफ्ले आफन्तसँग टीका थाप्दै ।



दसैंको भोज खादै कलाकार कर्म ।





परिवारका साथ गायक शिव परियार



आमा र भाइसँग गायक श्रीकृष्ण लुइँटेल





# सपिङको नयाँ स्टाइल



● विदुर खतिवडा

जापानमा रहँदा मोबाइल फोनबाटै बस वा प्लेनको टिकट, सपिङ मलमा उपभोग्य वस्तु खरिद, रेस्टुराँमा खाएको बिल पेमेन्टजस्ता सबै सुविधा लिएका दिनेश मानन्धर नेपाल फर्किएपछि अचम्ममा परे। 'यहाँ त मोबाइलफोन म्युजिक र इन्टरनेटका लागि मात्र उपयोग गरिँदो रहेछ।' अमेरिकाको नासाजस्तै जापानको जाक्साका रिसर्चर डाक्टर दिनेश मानन्धरले नेपाल फर्किएपछि सुनाए- 'नेपालमा मोबाइल फोनको प्रयोग बढे पनि अझै जीवनशैली बन्न केही समय लाग्ने रहेछ।' दिनेशका अनुसार विकसित मुलुकहरूमा मोबाइल फोनलाई नै डेबिट कार्डसरह उपयोग गर्न सकिन्छ। सबै कामका लागि मोबाइल फोन उपयोग गर्ने र मोबाइल फोन सेवामार्फत नै एकमुस्ट भुक्तानी गर्न पाउने सुविधा त्यहाँ छ। 'मैले यहाँको मोबाइल फोनबाट फोन उठाउनेबाहेकको सर्भिस लिएको छैन,' उनले भने- 'इन्टरनेट नै एकदमै स्लो भएकाले अन्य कामका लागि मोबाइल उपयोग गर्ने कुरा सोच्न पनि सकिँदैन।' उनले नेपालमा मोबाइल बैंकिङ सुरु भएकाले अब मोबाइल फोनमार्फत कारोबार बढ्न सक्ने बताए।

सम्भवत: दसैंअघि भाटभटेनी अनलाइन डटकम सञ्चालन आए कसैले सपिङ गर्न बजार निस्कनु पर्दैन। भाटभटेनी अनलाइन डटकममा गएर आफूलाई चाहिएका सामान अर्डर गरे ती सामान केही समयभित्रै घरमै आइपुग्नेछन्। 'यो सेवाका लागि लगभग सबै तयारी पुरा भैसकेको छ, अब त्यसले औपचारिकता मात्र पर्खिरहेको छ।' भाटभटेनी अनलाइन डटकमका लागि विद्युतीय माध्यमबाट कारोबार सञ्चालनको सहयोगमा काम गरिरहेको ई-सेवाका प्रबन्ध निर्देशक विश्वास ढकालले भने- 'केही उत्पादनको लिस्ट छुटेकाले थप्ने काम भैरहेको छ, प्राविधिक कार्य पूरा भैसकेपछि भाटभटेनी अनलाइन डटकम सञ्चालनमा आउनेछ।' सपिङ मलका रूपमा ख्याति कमाएको भाटभटेनीमा नुनदेखि सुनसम्म र जीरादेखि हीरासम्म पाइन्छ। यी सबै सामग्री खरिद गर्न भाटभटेनी पुग्नु नपरोस् भनेर अनलाईनमार्फत सर्भिस दिन लागिएको ई-सेवाका विश्वास ढकालले बताए। ढकालका अनुसार यो सेवाअन्तर्गत १० हजारभन्दा कम पैसा बिलिङ भए उपभोक्ताले सर्भिस चार्जबापत २ सय ५० रुपैयाँ बुझाउनुपर्नेछ भने १० हजारभन्दा माथिको कारोबार भए भाटभटेनीले नि:शुल्क डेलिभरी सेवा दिनेछ।

अहिले कुमारी बैंकले सुरु गरेको मोबाइल बैंकिङले पनि सपिङका लागि नयाँ ट्रेन्ड विकास गरेको छ। कुमारी बैंकमा खाता रहेका उपभोक्ताले नगद बोकेर सपिङ मल पुग्नुपर्दैन। ग्राहकले सपिङ गरेको ठाउँबाटै बैंकलाई एउटा एसएमएस पठाए, बैंकले इ-पेमार्फत पेमेन्ट गरिदिन्छ। भाटभटेनी सपिङ मलमा यसको सफल प्रयोग भैसकेको छ। अहिले लगभग एक दर्जन बैंक मोबाइल बैंकिङमा जाने तयारी गरिरहेका छन्। 'मोबाइलमार्फत नै सबै प्रकारका कारोबार गर्न मिल्छ,' कुमारी बैंकका प्रशासकीय प्रमुख सुरेश कुमार कर्णले भने- 'मोबाइल बैंकिङको पूर्ण तहको सेवा तिहारअघि सुरु हुनेछ।' कुमारी बैंकको खातामा भएको पैसा अहिले नै मोबाइल फोनमा ट्रान्सफर गर्न सकिन्छ, जुन उपभोक्ताले आफ्नो कामका लागि उपयोग गर्ने तथा चाहेको समयमा विड्र गर्न सक्छन्।

नेपालमा ई-सेवाले लोकल पेमेन्ट गेटवे ई-पे तयार गरेपछि विद्युतीय माध्यमका आर्थिक कारोबार सहज भएको हो। ई-पे लोकल पेमेन्ट गेट वे हो, ई-पेका लागि उपभोक्ताले ई-सेवाको सदस्य भएर त्यहाँ आफ्नो रकम बैंकमार्फत जम्मा गरे पनि सबै प्रकारका कारोबार सम्भव हुन्छ। ई-सेवाले हाल अनलाइनमार्फत नेपाल टेलिकम, खानेपानी तथा विद्युत् प्राधिकरणको बिल तिर्ने सुविधा पनि उपलब्ध गराएको छ। ई-सेवाअन्तर्गत भीआईपी कल कार्ड, स्कुल कलेजको बिल भुक्तानी, आईएसपी बिल पेमेन्ट, इन्स्युरेन्स प्रिमियम पेमेन्ट, क्रेडिट कार्ड बिल पेमेन्ट, चिकित्सक अनलाइन अप्वाइन्टमेन्ट आदि सुविधा लिन सकिन्छ।

करिब एक दशकअघि ठमेल डटकम तथा मुन्चा डटकममार्फत अनलाइन पेमेन्ट गेटवेमार्फत विदेशमा भएकाहरूले नेपालमा हुनेहरूलाई उपहार पठाउने चलन सुरु भएको थियो। ई-कमर्सको यो अवधारणा लोकल पे-पाल सिस्टम नहुँदा राम्रोसँग फस्टाउन सकेको थिएन। ई-सेवाले ई-पे लोकल पे-पाल विकास गरेपछि अहिले १ सय २५ वटा ट्रेड तथा सेवा प्रदायकको भुक्तानी अनलाइनमार्फत सहज भएको हो। 'हामीले आठ वर्षअघि विदेशमा भएकाहरूले पेमेन्ट गर्दा काठमाडौंमा बस्नेहरूलाई दसैंमा खसी-बोका पुर्‍याएका थियौं,' ठमेल डटकमका कार्यकारी प्रमुख वालकृष्ण जोशीले भने- 'ई-कमर्सको यो अवधारणा अहिले विस्तार त भएको छ, तर यसको सीमितता छ, हामी अहिले आफ्नो स्रोत संरचनाभन्दा बढीको व्यवसाय गरिरहेका छौं, तर आमउपभोक्ताको हकमा भने यो सेवा अझै पुग्न सकेको छैन।'

'जुनसुकै ई-कमर्स वेबसाइटमा भएका उपभोग्य सामग्री खरिद गर्न चाहे अब ई-सेवा ई-पेलाई सम्झिए पुग्छ।' इसेवाका प्रबन्ध निर्देशक ढकाल भन्छन्- 'ई-पेमार्फत ई-कमर्स व्यवसाय गर्नेले भुक्तानी पाउने भएकाले उनीहरूले उपभोक्तालाई सहज ढंगले सामग्री पुर्‍याउन सक्छन्।' ढकालका अनुसार लोकल पे पाल नहुँदा उपभोक्ताले ई-कमर्स व्यवसायीको वेबसाइट हेरेर मात्र चित्त बुझाउनुपर्थ्यो।

ठमेल डटकम, इ बे डटकम, मुन्चा डटकमजस्ता आधा दर्जन ई-कमर्स व्यवसायीले अहिले पनि आमाको मुख हेर्ने, बुबाको मुख हेर्ने, दसैं, नयाँ वर्ष तथा भ्यालेन्टाइन डेमा आफन्तलाई उपहार पठाउन चाहने विदेशमा रहेका नेपालीहरूका लागि सेवा उपलब्ध गराइरहेका छन्। आमाको मुख हेर्ने दिन हामीले एक दिनमै १ हजार १ सय उपभोक्ताको घरमा उपहार पुर्‍याएका छौं, ठमेल डटकमका जोशी भन्छन्- 'यो ठमेल डटकमको स्रोत-साधनअनुसार ठूलो उपलब्धि हो।'

ई-सेवाको खातामा पैसा जम्मा हुनेहरूका लागि अर्को खुसीको खबर छ, उनीहरूले केही दिनभित्रै एसएमएसमार्फत सबै किसिमका कारोबार गर्न पाउनेछन्। 'हो, हामी अब एम-सेवा पनि ल्याउँदैछौं,' ई सेवाका ढकालले भने- 'एम सेवा अर्थात् मोबाइल सेवा भर्च्युअल पर्स हो, जसमा भएको पैसा जुनसुकै प्रयोजनमा भुक्तानी गर्न मिल्ने खालको हुने ढकालले बताए। हाल एम सेवाको परीक्षण भैरहेको छ। एमसेवासँगै ११ वटा बैंकसंगको आर्थिक कारोबार पनि सहज हुनेछ, उपभोक्ताले चाहेको खण्डमा बैंकको पैसा एम सेवामा ट्रान्सफर गरे घर बसीबसी सबै सुविधा हासिल गर्न सकिन्छ।

ठूला चाडपर्व आउँदा बजारमा जुन किसिमको भीड हुन्छ, त्यसलाई नियन्त्रण गर्न अनलाइन ई-कमर्स ट्रेडको व्यवसायले सहयोग पुर्‍याउने व्यवसायीहरू बताउँछन्। तपाईंलाई कुनै मोबाइल मन पर्‍यो भने तुरुन्तै पे-पालमार्फत पेमेन्ट गर्दा जुन स्थानमा हुनुहुन्छ त्यही पुर्‍याउने सुविधा पनि उपलब्ध भैसकेको छ। ठमेल डटकमले इन्टरनेट भएका केही स्थानमा मानिस बेखर्ची भएको अवस्थामा इन्टरनेटमार्फत डेबिट क्रेडिट कार्ड सर्भ गरेर पैसा निकाल्न मिल्ने सुविधा पनि मिलाएको छ। खासगरी महावीर पुनले इन्टरनेट पुर्‍याएका स्थानमा पदयात्रामा निस्किएकाहरू बेखर्ची भएको अवस्थामा पदयात्रीले कार्डमार्फत पैसा लिन सक्छन्।

विदेशमा रहेकाहरूलाई लक्षित गरेर दसैंमा खसी बोका उपहार पठाउन खसीबोका डटकम पनि सञ्चालनमा आएको छ। दसैं तिहारको अवसरमा विदेशमा रहेका नेपालीहरूलाई मध्यनजर गरी खसीबोका र सन्देश पुर्‍याउने उद्देश्यले जानकी टेक्नोलोजीले यो वेबसाइटको विकास गरेको हो। यसअघि मुन्चा र ठमेलले उपलब्ध गराइसकेको यो सुविधामा विशुद्ध खसी-बोकाको मात्र अनलाइन कारोबार गर्नेमा जानकी पहिलो भएको जानकीका प्रमुख कार्यकारी अमित अग्रवाल बताउँछन्। अमेरिका, अस्ट्रेलिया, युरोप, खाडी मुलुकजस्ता क्षेत्रमा रहेका नेपालीहरूले खसीबोका डटकममार्फत आफ्नो घरमा खसी-बोकासमेत उपहार पठाउन सक्छन्।

अनलाइन ई-कमर्स बेवसाइटहरूले वेबसाइटबाटै दसैं उपहार कार्यक्रम पनि सुरु गरेका छन्। ठमेल, मुन्चा हाउस डटकमका अतिरिक्त, काठमाडौं मार्ट डटकम, नेटफर नेपाल डटकमलगायतका आधा दर्जन इकमर्स वेबसाइटले यो सेवा सञ्चालनमा ल्याएका हुन्। यो खासगरी एनआरएनहरूलाई लक्षित कार्यक्रम हो, व्यवसायीहरूका अनुसार तर ई-सेवामार्फत नेपालमा बस्ने नेपालीहरूले पनि यो सेवा उपयोग गर्न सक्छन्। व्यवसायीहरू बजार मूल्यमै घरघरमा सामग्री पुर्‍याइदिने दाबी गर्छन्। मुन्चा हाउसले सामान अर्डर आएको ७२ घण्टाभित्र सेवा उपलब्ध गराइसक्ने बताएको छ। गत वर्ष अनलाइन सपिङमार्फत ३० करोडको कारोबार भएको बताउने व्यवसायीहरू यो वर्ष त्यसमा उल्लेख्य वृद्धि हुने अनुमान गर्छन्।






# स्टाइल स्टेटमेन्टको अभिन्न पक्ष फेसन एसेसरिज



● रोजिन शाक्य









### पुरुषका लागि

बदलिँदो परिवेशसँगै फेसनमा पनि धेरै परिवर्तन आएको छ। पुरुष व्यक्तित्वमा हिजोआज फर्मल लुकदेखि क्याजुयल लुक सम्म विभिन्न फेसन एक्सेसरिजको लोकप्रियता बढ्दो छ। टाइ, स्कार्फ, जुत्ता, बेल्ट, ब्रासलेट, पर्स, सनग्लासेज, घडी, क्याप, कफ्लिङ, टाइपिन, ब्रिफकेस आदि एक्सेसरिजले पुरुष स्टाइल स्टेटमेन्टमा छुट्टै स्थान बनाएको छ।

पुरुष स्टाइल स्टेटमेन्टमा सबैभन्दा महत्त्व टाईको छ। फर्मल, सेमिफर्मल, पार्टी तथा क्याजुयल मुडमा टाइको उपयोगिता बढ्दो छ। पातलो खालको टाई प्रचलनमा रहे पनि त्यो जोकोहीलाई सुट हुँदैन। विशेष गरी ४५ भन्दा माथिकाहरूलाई त्यस्तो टाइ सुहाउँदैन। टाइ छनोट व्यक्तिको पेसामा पनि निर्भर गर्छ। कर्पोरेट जगतसित जोडिएकाहरूका लागि मिडियम साइज र न्यारो हाइट राम्रो हुन्छ। सुट, फुल स्लिभ, फर्मल सर्ट तथा सिंगल बटन प्याकेटमा सिल्कको टाइ प्रयोग गर्नु उपयुक्त हुन्छ। एउटै सेडको प्लेन सेडेड सर्टमा डाइगोनल वा होरिजेन्टल प्याटर्न भएको टाई सुहाउँछ। टाइलाई आफ्नो स्टाइल स्टेटमेन्ट बनाउन चाहने हो भने ब्राइट कलरको टाई लगाउनुपर्छ। यदि सटल लुक चाहने हो भने डल कलरको टाई ठीक हुन्छ। टाई लगाउँदा, त्यसको प्रयोग सर्टको सबैभन्दा माथिको बटन छोपिने गरी कोलरको बीचमा हुनुपर्छ। टाइलाई फिटेड तरिकाले बाँध्नुपर्छ। टाई बेल्टभन्दा तल लत्रनु हुँदैन। आफ्नो इच्छाअनुसार सिंगल वा डबल नटमा टाई बाँध्न सकिन्छ। टाईको प्रसंगमा बो-टाइको कुरा पनि आउँछ। बो-टाइ फर्मल ड्रेस कोडमा पनि सुहाउँछ। यद्यपि यसको पर्फेक्ट कम्बिनेसन भने टक्सिडोसित हुन्छ। स्लिक वा सिम्पल बोज नै लगाउनु राम्रो हुन्छ। ब्ल्याक एन्ड ह्वाइट त अल टाइम फेबरेट नै हो, तर फरक देखिने इच्छा छ भने केही ब्राइट कलर जस्तै ब्लु, रेड ब्राउन, मरुन, ऐलो, रेड आदि प्रयोग गर्न सकिन्छ।

टाईको चर्चासँगै मेन फर्मल एक्सेसरिजमा टाइपिन्स तथा कफलिंक बेल्टको पनि प्रसंग आउँछ। टाई पिन्स र कफलिङको आवश्यकता फर्मल मिटिङहरूमा गर्न सकिन्छ। हिजोआज विभिन्न प्रकारका ट्रेन्डी एवं ठूल्ठूला बक्कल भएका लेदर र कपडाका बेल्ट लोकप्रिय छन्। यद्यपि ट्राउजरसित सुहाउँदो स्लिम बेल्ट प्रयोग गर्नु राम्रो हुन्छ। बेल्ट जुत्तासँग सुहाउँदो हुनु राम्रो हुन्छ। कालो जुत्तासित ब्राउन बेल्टको कम्बिनेसन राम्रो हुन्छ। हाइट कम भएकाहरूले पातलो बेल्ट लगाउनु राम्रो हुन्छ। जहाँ फर्मल वेयरमा लेदर बेल्टको कम्बिनेसन राम्रो हुन्छ, त्यही जिन्ससित भने कपडाका बेल्ट सुहाउँदिला मानिन्छन्।

मेल फेसनमा जुत्ताको उपयोगिता पनि कम महत्त्वपूर्ण हुँदैन। फर्मल वेयरका लागि आरामदायक लेसयुक्त लेदर सुजको प्रयोग उपयुक्त हुन्छ। पार्टी वेयरमा लेस नभएको लेदर सुज महत्त्वपूर्ण हुन्छ। कलर रेन्जमा भने ब्ल्याक एन्ड ब्राउन कलर आइडियल हो। क्याजुयल मुडमा भने स्निकर्स वा क्याजुयल स्पोर्ट्स सुजको प्रयोग राम्रो हुन्छ। इन्डियन वा ट्रेडिसन वेयरजस्तै कुर्ता-पाइजामा, शेरावानीसँग भने कोल्हापुरी चप्पल वा मोजडी सुहाउँछ। जुत्तासँगै महत्त्व राख्ने मोजाले पनि मेल फेसन वेयरमा महत्वपूर्ण स्थान राख्छ। मोजाको चयन जुत्ता वा पाइन्टको कलर सुहाउँदो हुनुपर्छ। सकेसम्म मोजा काल्फ लेन्थको हुनु राम्रो मानिन्छ। कलरफुल मोजाको चयन भने स्पोर्टस सुजसित उचित हुन्छ। ब्ल्याक, डार्क, ब्राउन, नेभी ब्लुलाई फर्मल वा पार्टी वेयरका लागि मोजाको आइडियल रंग मानिन्छ।

पुरुष व्यक्तित्वमा स्कार्फको प्रयोग पनि उत्तिकै छ। फरक र स्मार्ट लुकमा स्कार्फको उपयोगिता बढ्दो छ। स्कार्फसित प्लेन वा टेक्सचर्ड सर्टको जोडाले स्मार्ट लुक प्रदान गर्छ। स्कार्फका साथ प्रिन्टेड सर्ट प्रयोग गर्नु हुँदैन। सिल्क स्कार्फ नै आइडियल स्कार्फ भए पनि सिफन, साटन तथा सिल्कको स्कार्फ पनि प्रयोग गर्न सकिन्छ। स्कार्फ आफ्नो चाहना एवं व्यक्तित्वअनुरूप फरक हुन्छ, तर स्कार्फ बाँध्ने शैलीले व्यक्तित्वमा क्याजुयल वा फर्मल पार्टी लुक प्रदान गर्न सकिन्छ। कलर रेन्जमा भने ब्राइट कमर शेडस शोभनीय मानिन्छ। यद्यपि डटेड, प्रिन्टेड, पोल्का डटेड, फलोरल प्रिन्टेड आदि स्कार्फ पनि प्रचलनमा छन्। वेस्कोटको चलन पनि पुरुष फेसनमा बढ्दो छ। मूलतः फ्ल्याट र नेरो कट भएका वेल्ट कोडले पुरुष वार्डरोबमा प्रभाव जमाएको छ। वेस्टको प्रयोग अनुसार यदि दिनमा



हो भने बेज, लाइट ब्राउन, ग्रे, ह्वाइट रंगलाई प्राथमिकता दिनुपर्छ भने साँझका लागि डार्क कलर उपयुक्त हुन्छ। पुरुष फेसनशैलीमा प्रभाव पार्ने अन्य फेसन एक्सेरिजमा कि-चेन, लेदर वालेट, ब्रिफकेस, ल्यापटप ब्याग, फाइल ब्याग, साइड ब्याग, सिगरेट केस, ब्रासलेट स्टड्स, हेयर स्ट्याचर, हेयर ब्यान्ड, मोबाइल केस, सस्पेन्डर आदिको प्रयोग र उपयोगिता पनि उत्तिकै बढ्दो छ।

### महिलाका लागि

वुमेन फेसनमा फुटबेयरले सबैभन्दा बढी महत्व राख्छ। साडी र कुर्ताका लागि जहाँ हाइहिल, प्लेटफर्म, स्यान्डल, बेजहिल, उपयुक्त हुन्छन्, त्यही विविध आकर्षक शैलीका थरीथरीका वर्क गरिएका स्टोन, विड्स आदि जडिएका कोल्हापुरी चप्पल, फयाट स्लिपर, स्लिप अन, फ्लीप फ्लप आदि कुर्ता सलवारसित सुहाउँदो हुन्छ। ट्रेडिसनल एवं फ्युजन वेयरसित भने स्टिलिटोजको जोडा उपयुक्त हुन्छ। वेस्टर्न वेयरसित भने इम्ब्रोइडरी वा मिररवर्कयुक्त ग्लोडिस्टार अर्थात् टाइअप्स प्रयोग गर्नु उचित हुन्छ। रेगुलर प्रयोजनका लागि भने क्लासिक लुक भएको ब्ल्याक स्यान्डल उपयुक्त हुन्छ। फुटवेयरका अन्य स्टाइलमा पिपटो स्यान्डल, टाइअप फ्ल्याट, मम्पसुज क्लोज टो स्यान्डल, वेज हिल, हाइहिल क्लोज सुज आदिको प्रचलन छ। कलर रेञ्जमा भने पिक, रेड ऐलो, ग्रीन, ब्लु, ओरेञ्ज, एकवा ब्लु, मरुनजस्ता कलर शेडका साथै एनिमल, फ्लोरल प्रिन्टसँगै पोल्का डटेडको प्रयोग भैरहेको छ।

जुनसुकै उमेरकी महिला व्यक्तित्वमा ह्यान्ड ब्यागको उपस्थिति आफैंमा एउटा फेसन स्टेटमेन्ट मानिन्छ। ह्यान्ड ब्याग र पर्स त्यस्ता एक्सेसरिज हुन् जसले पहिरनलाई स्टाइल र क्लास मात्र दिँदैन, व्यक्तित्वलाई समेत नयाँ लुक प्रदान गर्छ। ह्यान्ड ब्याग छनोट गर्दा आफ्नो उमेर, उचाइ एवं शारीरिक बनावटलाई ध्यान दिनुपर्छ। आफू उपस्थित हुने वातावरण तथा अवसर पनि उत्तिकै महत्वपूर्ण हुन्छ। साडी र कुर्ताजस्ता ट्रेडिसनल वेयरसित मिरर वर्क वा गोटा वर्कयुक्त स्लिम ब्यागको चयन बढी उपयोगी हुन्छ। फर्मल लुकका लागि सर्ट स्ट्रिङयुक्त तथा चुडीदार कुर्तासित लामो स्ट्रिङयुक्त ब्याग उपयुक्त हुन्छ। वेस्टर्न वेयरसित भने क्लच ब्यागको जोडाले स्मार्ट लुक प्रदान गर्छ। यद्यपि क्रिस्टल वा कुन्दनको बक्कल भएको क्लच फेस्टिभल सिजनमा हरेक किसिमको पहिरनमा सुहाउँदो हुन्छ। ब्राइट कलरको लेदर ब्याग, कटनको स्लिङ ब्याग, हेभी एम्बेलिस्ड ब्यागले पनि मौसमलाई कम्प्लिटमेन्ट गर्छ। चाडपर्वको मौसममा पिंक, मरुन, ऐलो, ग्रीन, ब्लु, रेड, ओरेञ्जजस्ता आइब्रन्ट रंग सुहाउँदो हुन्छ।

बुमेन एक्सेसरिजमा बारुले कम्मरको ग्ल्यामर बढाउने बेल्टको आकर्षणलाई नकार्न सकिदैन। मिडियम साइज बेल्टलाई स्कर्ट र ट्राउजरसित लगाउनु उपयुक्त हुन्छ। श्रग, लो वेस्ट, स्कर्ट, वन पिस ड्रेसमा भने ब्रोड बेल्ट शोभनीय हुन्छ। फेसनेवल लुका लागि वाइड बेल्टको प्रयोग उचित हुन्छ। रंगका सम्बन्धमा रेड, मजेन्टा, लाइम, ग्रीन, ऐलो पर्पल, पिंक आदि फेस्टिभ मुड सुहाउँदो हुन्छ। कुन्दन तथा क्रिस्टल बेल्टबाट फयुजन लुक प्राप्त गर्न सकिन्छ भने वेस्टर्न आउटफिटलाई हाइलाइट गर्न क्रिस्टल रोपबेल्ट वा चेनवेल्ट ट्राइ गर्न सकिन्छ। बेस्ट हाइलाइट गर्न ओरगानिक नट्स, ड्रेप्ड नट्स, कोर्सेट, बेल्ट, थिन स्ट्रिङ बेल्ट पनि प्रचलनमा छ।

उल्लेखित फेसन एक्सेसरिजबाहेक वुमेन पर्सनालिटीमा हेयर स्टाइलको भूमिकालाई नकार्न सकिँदैन। मूलतः स-साना विड्स हेयरपिन, विभिन्न डिजाइनका कम्ब क्लिप, विड्सयुक्त हेयर ब्यान्ड, स्ट्रेचेबल हेयर ब्यान्ड, आदि हेयर स्क्सेसरिजका रूपमा प्रचलनमा छन्। साडीको सुन्दरतामा आकर्षण थप्ने थरीथरीका डिजाइन एवं शैली आकार प्रकारका ब्रोचहरू, व्यक्तित्वमा स्मार्ट लुक सञ्चार गर्ने स्कार्फ फंकी र स्टाइलिस लुकमा आकर्षण थप्ने क्यान्डी कलर प्लास्टिक ब्याङ्गलहरू आदि पनि वुमेन वार्डरोवअन्तर्गत महत्वपूर्ण फेसन एक्सेसरिज हुन।

फेसन एक्सेरिजकै कुरा गर्दा नाडी घडी एवं सनग्लासेज मेल तथा फिमेल वार्डरोब दुवैका लागि महत्वपूर्ण हुन्छ। नाडी घडी डायनामिक एक्सेसरिजको पर्याय बनेको छ। सबै उमेरका लागि यो उत्तिकै उपयोगी र स्टाइल स्टेटमेन्टको अभिन्न पक्षका रूपमा परिचित छ। स्पोर्टस वाचको एभरग्रीन उपयोग आफ्नो ठाउँमा उत्तिकै छ।

आँखाको सुन्दरता र सुरक्षा तथा स्टाइलिस लुकका लागि गगल्स वा चस्माको प्रयोग अपरिहार्य हुँदै गएको छ। चस्माको गुणस्तर, प्रयोग गरिएको सिसा वा प्लास्टिक, चस्माको फ्रेमको क्वालिटी, चस्मा तथा फ्रेमको रंग, मुखाकृति, व्यक्तित्व एवं प्रयोग गरिने अवसर, समय, पहरिनशैली, कम्प्लेक्सन तथा बजेट आदिलाई ध्यान दिनु आवश्यक हुन्छ। राउन्ड, एङगुलर, स्क्वायर, ओभलदेखि अन्य स्टाइल एवं डिजाइनमा उपलब्ध गगल्सहरू म्याटी, ब्ल्याक, वाटर ग्रीन, ओरेन्ज, म्याटी ब्लु, ग्रे, मेटालिक ब्लु, मिरर, गोल्ड आदि रंगमा पाइन्छ। गगल्सको फेसनमा ठूलाठूला शैलीका एभिएटर, ओभर साइड, पोलेराइड स्टाइल, रेट्रो रिमलेस टर्बो आदिको प्रचलन बढ्दो छ।

# मासुको संसार

मानिसले घरपालुवा जनावरका रूपमा कुकुरा पाल्न थालेको १० हजार वर्ष भयो भने बिरालो पाल्न थालेको ९ हजार ५ सय वर्ष, खसी ९ हजार वर्ष, गाई ८ हजार वर्ष त घोडा पाल्न थालेको ६ हजार वर्ष पूरा भएको छ ।




वैज्ञानिकहरूले कुखुराको पुर्खा टाइरानोसोरसलाई मान्छन् । ६ करोड ७० लाख वर्षअघि पृथ्वीकै सबैभन्दा ठूलो जनावर टाइरानोसोरस ४२ फिट लामो, १३ फिट अग्लो तथा ६ हजार ८ सय किलोग्राम तौलको थियो ।





विश्वमा २ सय १० किसिमका खसीका प्रजाति पाइन्छन् । सन् २००१ को तथ्यांकअनुसार पृथ्वीमा ४५ करोड खसी छन् । ती खसीमध्ये ६ देखि ८ प्रतिशत उत्तर अमेरिकामा छन् भने अधिकांश मध्यपूर्व एवं एसियामा छन् ।

विश्वमा ५० अर्ब कुखुरा छन् र तिनको संख्या बर्सेनि वृद्धि भैरहेको छ । एक अनुमानअनुसार अहिले विश्वमा मानिसभन्दा ७ गुणा बढी कुखुरा छन् ।





अमेरिकामा वार्षिक ९ अर्ब कुखुरा काटिन्छ । यदि यसलाई तुलनात्मक रूपमा हेर्ने हो भने ३ करोड ५५ लाख जनावर, ११ करोड ६५ लाख सुँगुर र २७ करोड १० लाख टर्कीको मासु बराबर हुन्छ ।

एक अमेरिकनले वर्षमा औसत साढे ४९ किलो कुखुराको मासु, ३० किलो गोरुको मासु र साढे २८ किलो सुँगुरको मासु खान्छन् ।


विश्व खाद्य तथा कृषि संगठनको पछिल्लो तथ्यांकअनुसार एक नेपालीले वर्षमा औसत १० किलो मासु खान्छन् । दक्षिण एसियामा नेपाली भन्दा बढी मासु खानेमा पाकिस्तानी १२ किलो छन् भने नेपालभन्दा कम मासु खानेमा श्रीलंकनले साढे ६ किलो, भारतीयले ५ किलो, भुटानी एवं बंगलादेशीले ३/३ किलो मासु खाने गरेका छन् ।





सन् १९६१ मा नेपालीले ६ सय ग्राम मासु खपत गर्दा एक चिनियाँले ३ दशमलव ६ किलो मासु खपत गर्थे । अहिले चिनियाँले नेपालीको तुलनामा पाँच गुणा बढी अर्थात् ५२ किलो मासु प्रतिवर्ष खपत गर्छन् ।

नेपालले वार्षिक १५ अर्ब रुपैयाँबराबरको मासु आयात गर्छ । यो खर्च सुन, पेट्रोलियम पदार्थ एवं सवारी साधनपछिको चौथो हो ।





काठमाडौंवासीले प्रतिदिन २ लाख किलो कुखुराको मासु खपत गर्छन् । काठमाडौंमा अन्य महिनामा २० हजारको हाराहारीमा खसीबोका बिक्री हुन्छन् भने दसैंका बेलामा ५९ हजार खसीबोका बिक्री हुन्छन् ।

# पत्याउनु हुन्छ ?

एलेक्ज्यान्डर मोसुले डिजाइन गरेको सुट प्रदर्शन गर्न लाँदा विशेष सुरक्षा व्यवस्था मिलाउनुपरेको थियो । ८० घन्टामा ५ हजार स्टिच लगाएर तयार पारिएको यो सुटमा प्रयोग भएको कपडा दक्षिण अमेरिकामा लोपोन्मुख अवस्थामा रहेको उड (काठ) को रौंबाट निर्माण गरिएको हो । १८ क्यारेटको सुन तथा हिराको टाँकजडित उक्त सुटको मूल्य ८४ लाख रुपैयाँ पर्छ ।




भिक्टोरिया सेक्रेटले तयार पार्ने महिलाको भित्री पोसाक विश्वमै सबैभन्दा लोकप्रिय र महँगो हुन्छ । पछिल्लो पटक सेक्रेटले तयार पारेको स्पोर्ट्स ब्राको मूल्य १ लाख ३९ हजार रुपैयाँ पर्छ । यो ब्रामा आइपोड पकेटका अतिरिक्त स्वारोभस्किका क्रिस्टलहरू छन् ।





रोनाल्ड विन्स्टनले रुबि प्रयोग गरेर तयार पारेको महिलाहरूको जुत्ता विश्वको सबैभन्दा महँगो जुत्ता मानिन्छ । १ हजार ३ सय ५० क्यारेटको ४ हजार ६ सय रुबि प्रयोग भएको उक्त जुत्ताको मूल्य २२ करोड ५० लाख रुपैयाँ छ ।



सी गिल्सनले डिजाइन गरेको महिलाले सुत्दा लगाउने पोसाक (लिङ्गरी) निकै महँगो मानिन्छ । उक्त लिङ्गरीको मूल्य २ लाख रुपैयाँ छ ।

जापानकी फेसन डिजाइनर युमी कात्सुराले तयार पारेको दुलहीको पोसाकमा १ हजार मोती, ५ क्यारेटको हिरा, सेतो सुन तथा ८ क्यारेटको हरियो हिरा जडान गरिएको छ । यो पोसाकको मूल्य ६३ करोड ७५ लाख राखिएको छ ।






चेन्नाईका सिल्कसोफले तयार पारेको साडी विश्वकै सर्वाधिक महँगो मानिन्छ । हातले निर्माण गरिएको यो साडीमा सुन, हीरा, प्लेटिनम, चाँदी, पन्ना, पुष्पराज तथा मोतीहरू जडान गरिएको छ । साडीमा राजा रवि वर्माको चित्र पनि छ । यसको मूल्य ६४ लाख रुपैयाँ छ ।

# कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी





# दसैंमा घोर्ले खसी



● शिव मुखिया

घरमा खसी नभित्र्याए दसैं नै नआउने मानसिकता हाम्रो समाजमा छ। त्यसैले अरू बेला जे-जसो भए पनि दसैं सुरु हुनुअघि नै अधिकांशले खसीको जोहो गर्छन्। वर्ष दिनको चाडमा मीठो-मसिनो खान खसीको परिकार धेरैको रोजाइमा पर्छ। बलि दिनेहरूलाई बोका त अनिवार्य नै हुन्छ। त्यति मात्र होइन, आफन्त वा छिमेकमा देखासिकीका लागि पनि कतिपयलाई घरमा सिंगो खसी नभै हुँदैन। चाडलाई उल्लासमय बनाउन घरैमा खसी काट्ने परम्पराले नेपाली समाजमा गहिरो जरा गाडिसकेको छ। त्यसैले दसैंको मौसममा खसीबोकाको कारोबार उच्च हुने गरेको छ। व्यापारीहरू दसैंमा खसीको माग धान्नै गाह्रो हुने अनुभव सुनाउँछन्।

### राजधानीमा हजारौं खसीबोका

दसैंका लागि राजधानीमा ४४ हजार खसीबोका भित्र्याइएको बताइन्छ, जसमध्ये नेपाल खाद्य संस्थानले ४ हजार र बाँकी निजी क्षेत्रले भित्र्याएको हो। दसैंमा खसीबोकाको अभाव हुन नदिन व्यापारीहरू एक महिनाअघिदेखि नै सक्रिय थिए। उनीहरू खसी खरिदका लागि भारत र तिब्बतसम्म पुगेका थिए। राजधानीमा नुवाकोट, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, धादिङ, मकवानपुर, लमजुङ, गोरखा आदि स्थानबाट खसीबोका ल्याइन्छ। खसीबोकाको जोहो गर्न व्यापारीहरू वीरगञ्ज, कोहलपुर, सल्यान, नेपालगन्ज, बर्दिया, जुम्लासम्म खसीबोका खरिदका लागि पुगेका थिए। ती व्यापारीहरूले १० हजार पहाडी र ३० हजार भारतीय खसिबोका राजधानी भित्र्याएको बताइन्छ। नेपाल खाद्य संस्थानले गत वर्ष लक्ष्यअनुसार खसीबोका भित्र्याउन नसक्दा आलोचना खेप्नुपर्‍यो। यसपालि भने संस्थानले लहान, दाङ, नेपालगन्जबाहेक पाँचखालसमेतमा समेत संकलन केन्द्र सञ्चालन थप गरेको थियो।

गत वर्षको तुलनामा यो वर्ष खसीबोकाको आयात बढेको हो। दसैंका लागि राजधानीमा ६५ हजारभन्दा बढी खसीबोका खपत हुने बताइन्छ। दसैंको पाँच दिनबाहेक उपत्यकामा दैनिक ८ सयदेखि १ हजारसम्म खसीबोका बिक्री हुने गरेको छ । तीन वर्षअघिसम्म प्रतिकिलोग्राम १ सय ६० रुपैयाँमा पाइने जिउँदो खसीको मूल्य बढेर हाल २ सय ८० रुपैयाँसम्म पुगेको छ। खसीबोकाका लागि राजधानीका प्रमुख व्यापारिक केन्द्र कलंकी, टुकुचा, बिजुलीबजार आदि हुन्।

दसैंमा बलि दिने र मासु खाने चलनले खसीबोकाको माग बढ्छ। व्यापारीहरूका अनुसार दसैंतिहारमा राँगा र कुखुराभन्दा खसीबोकाको मासु बढी खपत हुन्छ। लामा कान भएको जमुनापारी, कान छोटा तथा मृगजस्तो देखिने बाबरी जातका खसीबोका एवं तिब्बतबाट आउने भेडा-च्याङ्ग्रा मासुका लागि बढी बिक्री हुने गरेका छन्। ग्रामीण क्षेत्रमा पाइने स्थानीय जातका र दोगल्ला तथा वर्णशंकर गरिएका बोका बलि चढाउन प्रयोग हुने गरेका छन्।

दाना ख्वाएर पालिएका खसीबोकाभन्दा स्थानीय जातको जंगली चरन चरेको बोकाको मासु स्वादिलो हुने अनुभवीहरू बताउँछन्। घरमा पालिएका खसीबोकामा बोसोको मात्रा बढी हुने भएकाले कतिपयले त्यस्तो मासु मन नपराएको पाइन्छ भने कतिपयले जङ्गलमा चरेको बोकाको मासु बोसो नभेटिए पनि गन्ध आउने भएकाले मन पराउँदैनन्। स्थानीय जातका खसीबोकाको मासुले उपभोक्ताको माग पूरा गर्न नसक्ने भएकाले भारत र तिब्बतबाट खसीबोका आयात गर्नुपर्ने व्यापारीहरू बताउँछन्।

### राजधानीमा खसीबोका ल्याउन समिति

दसैंका लागि खसीबोका खरिद गर्न नेपालगन्जमा बाँकेका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल अध्यक्ष तथा नेपाल खाद्य संस्थान र जिल्ला पशुसेवा कार्यलयका प्रतिनिधि सदस्य रहेको खसीबोका खरिद समिति गठनसमेत गरिएको थियो। उक्त क्षेत्रवाट २ हजार खसीबोका खरिद गर्ने बताइएको थियो। समितिले बाँकेको चार स्थानमा खसीबोका खरिद केन्द्र स्थापना गरी कार्य सुरु गरेको थियो।

### इन्टरनेटबाट खसी

खसी किन्न अब टुकुचा, कलंकी या बागबजार नै पुग्नुपर्दैन। तपाईंको घरैमा खसी आइपुग्नेछ। विदेशमा बसिरहेका नेपालीहरूले दसैंको अवसरमा आफन्तलाई खसी उपहार दिन सक्नेछन्। यो इन्टरनेटको चमत्कार हो।

अनलाइन कारोबारमार्फत खसी खरिद गर्न वा उपहार पठाउन सकिने सेवा नेपालमा पनि सुरु गरिएको छ। यसका लागि खसीबोका डटकम, ठमेल डटकम वा मुन्छा डटकम लगअन गर्नुपर्छ। खासगरी दसैं-तिहारमा विदेशमा रहेका नेपालीलाई मध्यनजर राख्दै घरसम्म खसीबोका र सन्देश पुऱ्याउने उद्देश्यले यस्तो सेवा सञ्चालन गरिएको बताइन्छ। इन्टरनेटको सहयोगले विश्वको जुनसुकै स्थानबाट प्रवासी नेपालीले दसैंमा घरसम्म खसीबोका तथा सन्देश पठाउन सक्नेछन्।

खसीबोकाको मात्र अनलाइन कारोबार गरिरहेको खसीबोका डटकमले विदेशबाट २० किलो खसीका लागि १ सय ५ डलरमा घरसम्म पुऱ्याउने व्यवस्था गरेको छ। त्यस्तै २५ किलोलाई १ सय ३० डलर पर्छ। ३० किलो खसीलाई १ सय ५३ डलर मूल्य तोकिएको छ। अमेरिकास्थित भेइडा एलएलसी कम्पनी तथा विश्वभर छरिएका कम्पनीका ब्रान्च अफिसमा खसीको मूल्य छाडेपछि सोही मूल्यअनुसार घरपरिवारले खसी पाउनेछन्।

### मांसहारी संस्कृति

चाडबाडमा मासु खानैपर्ने मानसिकता छ, हाम्रो समाजमा। पाहुना आउँदा होस् वा कुनै रमाइलो गर्नुपर्दा मासु नभै हुँदैन। यस्तो प्रचलनले मासु आयात तीव्र रूपमा बढ्दै गएको छ। मासु आयात गर्नमात्रै वार्षिक झन्डै १५ अर्ब रुपैयाँ खर्च हुने बताइन्छ। सुन, पेट्रोलियम पदार्थ र सवारी साधनपछि मासु आयातमा सबैभन्दा बढी रकम खर्च गरेको छ। अत्यधिक आयातका कारण हालसम्मकै उच्च दरले व्यापार घाटा बढेपछि सरकारले आगामी बजेटमा मासु आयात प्रतिस्थापन नीति ल्याउने भएको छ, जसका लागि देशभित्रै बाखापालन कार्यक्रमलाई प्राथमिकता दिइने बताइन्छ।

## चाडपर्वमा स्वास्थ्य



विभिन्न किसिमका मीठा परिकार बनाएर धेरै खाने नाममा हर्षको चाड कहिलेकाहीं दुःखदायी समेत बन्न पुग्छ।

त्यसैले खानेकुरा खानुअघि आफूलाई फाइदा पुग्ने-नपुग्ने कुराको पनि ख्याल गर्नुपर्छ। हाम्रो भान्सामा चाडपर्वमा पकाइने कतिपय खानेकुरा स्वस्थकर र फाइदाजनक नहुन सक्छन्। राम्रोसँग नपाकेका, बढी चिल्ला वा बढी मसलाहरू प्रयोग गरिएका तथा अपच हुने खालका खानेकुरा नखानु नै बेस हुन्छ। क्षणिक स्वाद र रमाइलोका लागि खाइने खानेकुराले पछि गएर जटिल स्वास्थ्य समस्या निम्त्याउन सक्छन् भन्ने कुरामा विचार पुऱ्याउनुपर्छ।

दसैं भन्नेबित्तिकै असत्यमाथि सत्यको विजय भएको खुसियालीमा मनाइने चाड बुझिन्छ। सम्पूर्ण हिन्दू धर्मावलम्बीहरूले धूमधामसँग आ-आफ्नै तरिकाले दसैं मनाउँछन्। अर्को कुरा, दसैंलाई घरबाट टाढा-टाढा गएका परिवारका सदस्य तथा आफन्तजन एकै ठाउँमा भेला भएर आफ्ना दुःख-पीडा भुलेर रमाउने, मीठा-मीठा परिकार बनाएर खाने, पिङ तथा तास खेल्ने चाडका रूपमा पनि लिइन्छ, तर

चाडपर्वहरूमा बासी खानेकुरा खाने, बढी चिल्लो र मसलेदार खानेकुरा तथा पेयपदार्थको सेवन गर्ने आमपरिपाटीले तत्काल वा दीर्घकालमा विभिन्न स्वास्थ्य समस्या उत्पन्न हुने भएकाले बेलैमा सचेत हुनुपर्ने चिकित्सकहरू बताउँछन्। चाडपर्व सकिएलगत्तै पेट, छाती, मुटु तथा फोक्सोलगायतका समस्या लिएर धेरै मानिस अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा पुग्छन्। त्यसैले बढी चिल्लो पदार्थ पाइने तथा प्रयोग हुने माछा, मासु तथा मिष्ठान्न, त्यसैगरी पकाएर धेरै दिनसम्म खाइने सेल, विभिन्न किसिमका पेयपदार्थ तथा जाँडरक्सी, काँचो तथा पोलेको मासुजस्ता खानेकुरा सकेसम्म खानु हुँदैन।

चाडपर्वलाई देखावटी र बाध्यतापुर्ण तरिकाले आफ्नो स्वास्थ्यलाई नै हानि गर्ने खानेकुरा खाएर मनाउनुभन्दा पनि व्यवस्थित र स्वास्थ्यलाई ध्यान दिएर मनाउनु राम्रो हुन्छ। स्वास्थ्य नै सबैभन्दा ठूलो कुरा हो, त्यसैले हामीले जहिले पनि आफ्नो स्वास्थ्यको ख्याल गर्नुपर्छ। रोग लागेर उपचार गर्नुभन्दा रोगै लाग्न नदिनु बुद्धिमानी हो। रोग लागिसकेपछि हाम्रा धेरै कुरा, जस्तै : स्वास्थ्य, पैसा, समय, खुसीयालीजस्ता धेरै कुरामा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रभाव परिरहेको हुन्छ। त्यसैले चाडपर्वलाई स्वस्थकर तरिकाले अझ बढी खुसी र उमङ्गका साथ मनाउनुपर्छ।

● सुमी गिरी

## कस्तो मासु खाने ?




मासु स्वादका लागि खाइन्छ तर यो रोगको स्रोत पनि वन्न सक्छ। अस्वस्थ्य तरिकाले वध गरिएको, असावधानीपूवर्क भण्डारण गरिएको अस्वस्थ्य मासुले शरीरलाई हानी गर्छ । त्यसैले चाडपर्वको मौसममा जस्तो पायो त्यस्तो मासु नखान चिकित्सकहरूले सुझाव दिँदै आएका छन्।

मासुका लागि स्वस्थ्य पशुपंक्षी वा सरसफाइमा पर्याप्त ध्यान दिइएको बधशाला छान्नुपर्छ। त्यहाँबाट ल्याइएको मासुलाई पनि घरमा भण्डारण गर्दा होस् पुऱ्याउनुपर्छ। चिकित्सकहरूका अनुसार आलो मासुलाई फ्रिजमा राखेर खानु राम्रो हुन्छ। संभव भएसम्म १२ घण्टा फ्रिजमा राख्नुपर्छ।

मासुमा विभिन्न हानिकारक ब्याक्टेरिया हुन सक्छन्। मासु काटेपछि चिसो नबनाई वा फ्रिजमा नराखी सोझै पकाउँदा ब्याक्टेरियाले मानिसको जीवकोष नष्ट गर्न थाल्छ। पशुको छनौटमा असावधानी, असुरक्षित बध एवं अवैज्ञानिक भण्डारणले मासु अस्वस्थ्यकर हुन्छ। क्षयरोग भएको पशुको मासुबाट त्यसको जीवाणु मानिसमा सर्छ भने काँचो वा राम्रोसँग नपाकेको मासु खाँदा रेबिज हुन सक्छ। कतिपय अवस्थामा मुटुका रोगीले त्यस्तो मासु खाँदा दीर्घरोगी हुनुपरेको छ। आउँ, क्षयरोग, पेट फुल्ने, मृगौलाको रोग, फुड पोइजन जस्ता समस्या पनि मासुकै कारणले हुनसक्छ।

नाक रसिलो भएको, ज्वरो आएको, दिशा पातलो भएको, दिशाभित्र किरा भएको, मुखमा ऱ्याल आएको, जिब्रोमा खटिरा भएको, खोकी लागेको पशुपंक्षीको मासु खानु हुँदैन। त्यस्ता पशुपंक्षीको मासु विष सरह हुन्छ। पशुले नियमित रूपमा खाएको खाना उग्राउने गरेको पाइन्छ। यदि पशुले उग्राउने कार्य नगरे, कामे, ऱ्याल चुहाइरहे, आँखाबाट चिप्रा निकाले, हिँड्डुल गर्न नसके पशु रोगी मानिन्छ। ढुवानी गराउने साधन उपयुक्त नहुने, मासु राख्ने ठाउँ सफा नहुने एवं मासुलाई धूलो एवं झिँगाबाट जोगाउन रातो कपडाले छोपेर नराख्ने हो भने त्यो मासु अस्वस्थकर हुन्छ।

त्यस्तै मासु पकाउने क्रममा पनि सावधानी अपनाउनुपर्ने चिकित्सकहरूको सुझाव छ। धेरै मात्रामा चिल्लो हालेर पकाइने मासुका कारण मुटुरोग एवं उच्च रक्तचापको समस्या देखिन सक्छ। धेरै दिन सुकाएर राखेको, सुकुटी बनाइएको तथा धेरै तेल-मसला प्रयोग भएको मासुले पनि स्वस्थ्यमा अनेकौ समस्या उत्पन्न गर्न सक्छ।



# खसीको मासुका परिकार



## साँधेको कलेजो

**सामग्री :** खसीको सिंगो कलेजो, १ सय ग्राम लसुन र अदुवाको पेस्ट, दुई चियाचम्चा धनियाँको धूलो, आधा कप धनियाँको पात, केही हरियो खुर्सानी (मसिनो गरी काटिएको), रातो खुर्सानीको धूलो स्वादअनुसार, तोरीको तेल झान्नका लागि, नुन स्वादअनुसार ।

**विधि :** सबै भन्दा पहिले पानी उमाल्ने । त्यसमा सिंगो कलेजो डुबाएर आधा घण्टासम्म छोपेर राख्ने । त्यसपछि बाहिर पाकेको र भित्र काँचो कलेजो पर्ने गरी टुक्रा पार्ने । अब त्यसमा तेलबाहेक सबै मसला हालेर मोल्ने । आधा घण्टापछि तेलमा मेथी फुराएर झान्ने । धनियाँको पातले सजाएर सर्व गर्ने । यो परिकारलाई ड्रिंक्ससँग स्न्याक्सका रूपमा सर्व गर्न सकिन्छ ।

## साँधेको टाउको

**सामग्री :** खसीको सिंगो टाउको, २ सय ग्राम लसुन र अदुवाको पेस्ट, २ चियाचम्चा धनियाँको धूलो, २ चियाचम्चा जीराको धूलो, आधा कप धनियाँको पात, केही हरियो खुर्सानी (मसिनो गरी काटिएको), रातो खुर्सानीको धूलो स्वादअनुसार, तोरीको तेल झान्नका लागि, नुन स्वादअनुसार ।

**विधि :** सबैभन्दा पहिले टाउकोलाई चार भागमा विभाजन गरेर प्रेसर कुकरमा मासु र हड्डी छुट्टिने गरी उमाल्ने । त्यसपछि मासु र हड्डी अलग-अलग गरी टुक्रा पार्ने । अब त्यसमा तेलबाहेक सबै मसला हालेर मोल्ने । तोरीको तेलमा मेथी फुराएर झान्ने । धनियाँको पातले सजाएर सर्व गर्ने । यो परिकारलाई ड्रिंक्ससँग स्न्याक्सका रूपमा सर्व गर्न सकिन्छ ।

## ह्याकुलाको छोइला

**सामग्री :** खसीको सिंगो ह्याकुला र राजखानी, २ सय ग्राम लसुन र अदुवाको पेस्ट, आधा कप धनियाँको पात, केही हरियो खुर्सानी (मसिनो गरी काटिएको), २५ ग्राम भुटेर पिसेको रातो खुर्सानीको धूलो, तोरीको तेल झान्नका लागि, नुन स्वादअनुसार ।

**विधि :** सबै भन्दा पहिले ह्याकुला र राजखानीलाई आगोमा पाक्ने गरी पोल्ने । त्यसपछि टुक्रा पारेर आधा घण्टासम्म छोपेर राख्ने । अब त्यसमा तेलबाहेक सबै मसला हालेर मोल्ने । आधा घण्टापछि तेलमा मेथी फुराएर झान्ने । धनियाँको पातले सजाएर सर्व गर्ने । यो परिकारलाई ड्रिंक्ससँग स्न्याक्सका रूपमा सर्व गर्न सकिन्छ ।

## भरेको फोक्सो

**सामग्री :** खसीको नफुटेको फोक्सो, २५ ग्राम लसुन र अदुवाको मसिनो पेस्ट, दुई चियाचम्चा जीरा र धनियाँको धूलो, रातो खुर्सानीको धूलो स्वादअनुसार, तेल आवश्यकता अनुसार (तार्नका लागि), नुन स्वादअनुसार, चारवटा अण्डा, २ सय ग्राम बेसन, दुई लिटर पानी ।

**विधि :** सबैभन्दा पहिले अण्डालाई फिँज आउने गरी फिट्ने । त्यसमा पानी, बेसन र अन्य मसलाहरू हालेर राम्रोसँग घोल्ने । त्यसपछि उक्त घोललाई पाइप वा सोलीको सहयोगले फोक्सोमा भर्ने । बेला बेलामा फोक्सोमा फुकेर हावा भर्दै घोल हाल्दा सजिलोसँग भरिन्छ । त्यसपछि भरिएको आलु ताछेर आकार मिलाई फोक्सोको श्वासनलीमा छिराएर राम्रोसँग बन्द गर्ने । अब यसरी भरिएको फोक्सोलाई पाक्ने गरी उसिन्ने । पाकेको फोक्सोलाई चप आकारमा काटेर तेलमा खैरो हुने गरी तार्ने । यो परिकारलाई ड्रिंक्स सँग स्न्याक्सका रुपमा सर्व गर्न सकिन्छ ।

## कवाफ (नेपाली)

**सामग्री :** पाँच किलो खसीको मासु, ३ सय ग्राम लसुन र अदुवाको पेस्ट, तीन चियाचम्चा धनियाँको धूलो, तीन चियाचम्चा जीराको धूलो, रातो खुर्सानीको धूलो स्वादअनुसार, २ सय ५० मिलिलिटर तोरीको तेल, तीन ठूलो चम्चा नेपाली घिउ, २ सय ग्राम मिट मसला, चार-पाँचवटा तेजपात, नुन स्वादअनुसार ।

**विधि :** सबैभन्दा पहिले मासुलाई एकनासको टुक्रा पार्ने । एउटा ठूलो भाँडामा मासु र माथि उल्लेखित मसलाहरू हालेर मोल्ने । त्यसपछि एउटा डेक्चीमा राखेर मन्द आँचमा बसाल्ने । विस्तारै चलाउँदै पकाउने । तेल छुट्टिन थालेपछि कवाफ तयार हुन्छ । यो परिकारलाई एक सातासम्म खान सकिन्छ ।

## मटन चप्स

**सामग्री :** आधा किलो खसीको मासुसहितको करङ, २ सय ग्राम गोलभेँडा, ७५ ग्राम अदुवा, २ चियाचम्चा धनियाँको धूलो, आधा कप धनियाँको पात, केही हरियो खुर्सानी (मसिनो गरी काटिएको), रातो खुर्सानीको धूलो, एक-डेढ कप दही, अलिकति जाइफल, आधा चियाचम्चा गरम मसला, तीन ठूलो चम्चा घिउ वा तेल, नुन स्वादअनुसार ।

**विधि :** सबैभन्दा पहिले एउटा प्रेसर कुकरमा करङ, हरियो खुर्सानी, गोलभेंडा, धनियाँको पात, नुन र अलिकति पानी हालेर करिब पाँच मिनेट पकाउने । पानी सुकेपछि त्यसमा तेल वा घिउ हाली फेरि १० मिनेट पकाउने । दहीमा सबै मसला, खुर्सानीको धूलो, गरम मसला, जाइफल र धनियाँको धूलो हालेर चलाउने । दहीको मिश्रणलाई करङमा खन्याउने र ३ मिनेटसम्म पकाउने । अब फेरि प्रेसरकुकरमा तीनदेखी पाँच मिनेटसम्म पकाउने । धनियाँको पातले सजाएर सर्व गर्ने ।

## मटन फ्राई

**सामग्री :** एक किलो खसीको मासु, दुई ठूलो चम्चा खुर्सानीको धूलो, आधा ठूलो चम्चा लसुन-अदुवाको पेस्ट, एक चियाचम्चा बेसार, एक इन्च दालचिनी, एक चम्चा ल्वाङ, आवश्यकतानुसार पानी, तीनवटा हरियो खुर्सानी, एक ठूलो चम्चा गरम मसला, केही करी पत्ता, एक कप काटेको प्याज, तीन ठूलो चम्चा तेल, नुन स्वादअनुसार ।

**विधि :** एउटा प्रेसरकुकरमा बेसार, दालचिनी, ल्वाङसहित मासुलाई पाक्ने गरी उसिन्ने । अब एउटा कराहीमा तेल तताउने र त्यसमा करी पत्ता तथा हरियो खुर्सानी हाली चलाउने । त्यसपछि प्याज हाल्ने र खैरो भएपछि लसुन-अदुवाको पेस्टका साथ केही बेर भुट्ने । अब पाकेको मासु तथा गरम मसला हाल्ने र राम्रोसँग चलाउने । पानी सुक्ने गरी र मासु खैरो हुन्जेल भुट्ने । धनियाँ पातले सजाएर सर्व गर्ने ।

## रोगन जोस

**सामग्री :** डेढ किलो हड्डी र छाला नभएको खसीको मासु, २ सय ५० ग्राम दही, एक ग्राम केसर, १ सय ५० ग्राम बदाम (आल्मोन्ड), १ सय ५० मिलिलिटर तेल, ७५ ग्राम टुक्रा गरम मसला (जीरा, सुकमेल, अलैंची, दालचिनी, ल्वाङ, सोफ, जाइपत्री, मरिच, धनियाँ आदि, ५० ग्राम प्याज, ५० ग्राम अदुवा र लसुनको पेस्ट, १० ग्राम सुकेको रातो खुर्सानीको धूलो, १० ग्राम धनियाँको धूलो, तीन ग्राम गरम मसलाको धूलो, पाँच ग्राम बेसार, नुन स्वादअनुसार, ५० ग्राम गोलभेंडा पेस्ट, हरियो धनियाँ, १० ग्राम कोरिएको अदुवा ।

**विधि :** खसीको मासुलाई स-साना टुक्रामा काट्ने । दहीलाई फिटेर त्यसमा केसर, नुन, लसुन तथा अदुवाको पेस्टको आधा भाग मिसाउने । त्यसपछि त्यसमा मासुको टुक्राहरू मोल्ने । रातभरि मनतातो पानीमा भिजाइएको बदामलाई पिसेर पेस्ट बनाउने । त्यो पेस्ट मासुमा मोलेर दुई घण्टासम्म राख्ने । टुक्रा मसलाहरू कुट्ने । प्याजलाई मसिनो गरी काट्ने । एउटा बाक्लो पिँध भएको भाँडामा तेल तताउने । तातेपछि कुटेको मसला फुराउने । सुनौलो रंग आउने गरी प्याज भुट्ने । प्याज भुटिएपछि मासु हाल्ने । मासुलाई तीन चौथाइसम्म पाक्ने गरी पकाउने । त्यसपछि सुख्खा मसलाहरू मिसाएर पाँच मिनेटसम्म पकाउने । त्यसपछि गोलभेंडाको पेस्ट हालेर मासु नरम हुन्जेल पकाउने । अन्त्यमा हरियो धनियाँ र कोरेको अदुवाले सजाएर सर्व गर्ने।

# कुखुराको मासुका परिकार



## चिकन डन्डी

**सामग्री :** कुखुराको पखेटा १६ वटा, एक चियाचम्चा अजिनोमोटो, आधा चियाचम्चा मरिचको धूलो, दुईवटा अण्डा, १ सय ग्राम मैदा, ५० ग्राम कर्नफ्लोर, दुई ठूलो चम्चा सुकेकोरातो खुर्सानीको धूलो, तार्नका लागि आवश्यकताअनुसार तेल, नुन स्वादअनुसार ।

**विधि :** पखेटाको तल्लो भागलाई त्यसमा भएको सबै मासु एकैतिर तान्न सकिने गरी काट्ने, अब मैदा, अण्डा, कर्नफ्लोर, चिली सस, अजिनोमोटो तथा मरिच हालेर राम्रोसँग मोल्ने । यसरी मोलेर राखेको पखेटालाई ३० मिनेटसम्म मेरिनेट हुन दिने । त्यसलाई सुनौलो हुने गरी तातो तेलमा तार्ने र लसुनको सससँग सर्व गर्ने ।

## चिकेन टिक्का

**सामग्री :** २ सय ५० ग्राम हड्डी नभएको कुखुराको मासु (चौकोर काटेको), एक कप हरियो धनियाँ, एक मुठी पुदिना, चारवटा लसुनका पोटी, तीन ठूलो चम्चा ताजा क्रिम, एक ठूलो चम्चा मैदा, दुई ठूलो चम्चा तेल, नुन स्वादअनुसार ।

**विधि :** धनियाँ, पुदिना, लसुन र नुन मिसाएर पेस्ट बनाउने, यो मिश्रणलाई कुखुराको मासुमा मोलेर एक घन्टा मेरिनेट गर्ने । क्रिम, मैदा र एक ठूलो चम्चा तेल मिसाएर मेरिनेट गरिएको मासुमा लगाउने र भ्रीरमा उनेर तेल दल्दै कोइलाको रापमा सेक्ने । यसलाई तात्तातै सर्व गर्नुपर्छ ।

## होल चिकेन

**सामग्री :** ७ सय ५० ग्रामको सिंगै कुखुरा, एउटा कागतीको रस, १४ वटा सुकेको खुर्सानी, दुईवटा हरियो खुर्सानी, चारवटा पेपरकर्न, २५ वटा लसुनका पोटी, एक ठूलो चम्चा अदुवा, तार्नका लागि पर्याप्त तेल ।


**विधि :** कुखुरालाई राम्रोसँग सफा गरेर पेटमा सानो प्वाल पारी भित्रको सबै निकाल्ने । त्यसपछि नुन र कागती राम्रोसँग दलेर राख्ने । त्यसपछि खुर्सानी, पेपरकर्न तथा अदुवालाई मसिनो गरी पिसेर कुखुराको भित्र र बाहिर लगाएर १० मिनेट जति छोड्ने । त्यसपछि राम्रोसँग तार्ने र सलादसँग सर्व गर्ने ।

## दम चिकेन

**सामग्री :** एक किलोको एउटा सिँगै कुखुरा (आठ टुक्रा पारेको) १ सय ५० ग्राम मसिनो गरी पिसिएको प्याज, ३० ग्राम लसुन र अदुवाको पेस्ट, १० ग्राम बेसार, ५० ग्राम मसिनो गरी काटिएको हरियो खुर्सानी, १० ग्राम जीरा, १० ग्राम ल्वाङ, १० ग्राम सुकमेल, १० ग्राम तेजपत्ता, २० ग्राम मगज (तरबुजाको बीउ), ३० ग्राम मसिनो गरी काटिएको बदाम (अलमन्ड), ३० ग्राम मसिनो गरी काटिएको काजु, ३ सय ग्राम दही, १५ मिलिलिटर कागतीको रस, तार्नका लागि तेल, नुन स्वादअनुसार ।

**विधि :** कुखुरामा बेसार, लसुन र अदुवाको पेस्ट, खुर्सानी, बदाम, काजु तथा दही मोलेर रातभरि फ्रिजमा राखिदिने । बाक्लो पिँध भएको भाँडामा तेल तताउने र प्याज र अन्य मसलाहरू सुनौलो हुने गरी भुट्ने । मेरिनेट गरेको कुखुरालाई त्यसमा हालेर सानो आँचमा नरम हुने गरी पकाउने ।

# रमाइलो जमघटका लागि केही ककटेल्स



### अल्गोनक्विन

**सामग्री**

३५ मिलिलिटर अमेरिकन रे ह्विस्की, १५ मिलिलिटर ड्राई भरमाउथ, २५ मिलिलिटर भुइँकटहरको जुस, अलिकति अंगोस्टुरा बिटर।

**विधि**

सारा सामग्रीमा बरफका टुक्रा राखेर राम्रोसँग हल्लाउने र ककटेल्स गिलासमा सर्व गर्ने।

### बोकार्डी ककटेल

**सामग्री**

५० मिलिलिटर बोकार्डी रम, २५ मिलिलिटर कागतीको रस, १५ मिलिलिटर ग्रेनाडाइन सिरप।

**विधि**

क्रस्ड बरफ हाली राम्रोसँग चलाएर छान्ने र ककटेल गिलासमा कागतीको बोक्राले सजाएर सर्व गर्ने।

### ब्लडी मेरी

**सामग्री**

५० मिलिलिटर भोड्का, ७५ मिलिलिटर टमाटरको जुस, अलिकति ताजा कागतीको रस, अलिकति वोर्सेस्टरसायर सस, नुन स्वादका लागि, तम्बाकुको सस स्वादका लागि।

**विधि**

सबै सामग्रीलाई राम्रोसँग मिसाएर एउटा ठूलो गिलासमा बरफको टुक्राका साथ सर्व गर्ने।

### ब्राम्बल

**सामग्री**

३५ मिलिलिटर जिन, १५ मिलिलिटर कागतीको रस, १० मिलिलिटर सुगर सिरप।

**विधि**

एउटा ह्विस्की गिलासमा क्रस्ड बरफ राख्ने र त्यसमाथि सबै सामग्री हाले चलाउने, त्यसपछि १५ मिलिलिटर ब्ल्याक बेरी लिक्वाएर माथिबाट खन्याउने। यसलाई कागतीको वा स्ट्रबेरीको स्लाइसले सजाएर सर्व गर्ने।

### ब्रान्डी एलेक्जेन्डर

**सामग्री**

३५ मिलिलिटर कोग्न्याक, १२ दशमलव ५ मिलिलिटर क्रिम डे कोका (लाइट), १२ दशमलव ५ मिलिलिटर क्रिम डे कोका (डार्क), २५ मिलिलिटर क्रिम र दूध (आधा-आधा)।

**विधि**

बरफमा सबै सामग्री मिसाउने र ककटेल गिलासमा खन्याएर जाइफलको धूलो छर्केर सर्व गर्ने।

### ब्रोन्क्स

**सामग्री**

५० मिलिलिटर जिन, २५ मिलिलिटर ताजा सुन्तलाको रस, १० मिलिलिटर ड्राई भर्माउथ, १० मिलिलिटर स्विट भर्माउथ।

**विधि**

सबै सामग्रीका साथ बरफ हाली राम्रोसँग चलाएर छान्ने र ककटेल गिलासमा सुन्तलाको बोक्राको ट्विस्टले सजाउने र सर्व गर्ने।

### स्याम्पेन ककटेल

**सामग्री**

सेतो वा खैरो सुगर क्युब, अलिकति अंगोस्टुरा बिटर, १५ मिलिलिटर कोग्न्याक।

**विधि**

सुगर क्युबलाई अंगोस्टुरा बिटरले अलिकति छोप्ने र त्यसलाई स्याम्पेन गिलासमा खसाल्ने। अब त्यसमा कोग्न्याक हाली बाँकी भाग स्याम्पेनले भर्ने। गिलासलाई सुन्तलाको बोक्राले वरिपरि रगड्ने र सर्व गर्ने।



## ककटेल्सका लागि आवश्यक पदार्थहरू

**ड्राइ सेरी** : स्पेनको जेरेज गाउँमा पहिलोपटक बनाइएको एक प्रकारको जाँड।

**भर्गाउथ** : फ्रान्स र इटालीमा प्रचलित फलफूलबाट तयार गरिएको जाँड। यो गुलियो, अमिलो तथा स्वादरहित गरी तीन फरक स्वादमा उपलब्ध हुन्छ।

**काट्रेस** : फ्रान्समा १ सय ३० प्रकारका मसला तथा जडीबुटीको मिश्रणबाट बनाइएको सुरा। यो पहेंलो, हरियो तथा रातो रंगमा उपलब्ध हुन्छ।

**बारबोन** : अमेरिकाको बारबोन काउन्टीको केन्टुकी सहरमा पहिलोपटक मकैबाट बनाइएको अमेरिकी ह्वीस्की।

**टेक्विला** : मेकजकाल नामक स्थानीय बिरुवाबाट मेक्सिकोमा बनाइने एक प्रकारको रक्सी।

**क्रिम डे मेथ** : पन्ना जस्तो हरियो रंगको एक प्रकारको मदिरा।

**पोर्ट** : पोर्चुगाली रक्सी।

**ग्रेनाडाइन** : अनारबाट बनाइएको गुलाफी रंगको चिनी जस्तो गुलियो स्वाद भएको रक्सी।

**कम्पारी** : रातो रंगको इटालियन रक्सी।

**स्याम्पेन** : सेतो रंगको फ्रान्सेली रक्सी।

**काल्भाडोस** : पहिलोपटक युरोपको नोर्मन्डी क्षेत्रमा स्याउबाट बनाइएको एक प्रकारको ब्रान्डी।

**परफेट एमाउर** : गुलाबी वा बैजनी रंगको सुगन्धित तथा गुलियो स्वाद भएको कागती जातका फलफूलबाट बनाइएको रक्सी।

**क्वाइनट्रयु** : रंगहीन तथा सुन्तलाको स्वाद भएको फ्रान्सेली रक्सी।

**ब्लु कुराकाओ** : सुन्तलाबाट बनाइएको गुलियो स्वाद भएको एक प्रकारको रक्सी। यो हरियो, रातो तथा नीलो रंगमा उपलब्ध हुन्छ।

**अमारेटो** : एप्रिकोटको स्वाद भएको आकाशे रंगको इटालियन रक्सी। सन् १५२५ मा उत्तर इटालीको कोमो नामक तालको पहिलो पटक बनाइएको रक्सी।

*नोटः उपरोक्त पदार्थहरू सबै मध्यम तथा ठूला डिपार्टमेन्टल स्टोरहरूमा सजिलैसँग पाउन सकिन्छ।*

### डार्क एन्ड स्टोर्मी

**सामग्री**

५० मिलिलिटर डार्क रम, १२ दशमलव ५ मिलिलिटर ताजा कागतीको रस, ५ मिलिलिटर सुगर सिरप।

**विधि**

सबै सामग्रीमा क्रस्ड बरफ राखेर राम्रोसँग चलाएर छान्ने अनि कागतीको बोक्राले सजाएर सर्व गर्ने।

### एल डियाब्लो

**सामग्री**

५० मिलिलिटर टकिला, १५ मिलिलिटर ब्ल्याककरन्ट लिक्वाएर, आधा कागतीको रस।

**विधि**

सबैभन्दा पहिले आधा कागतीको रस एउटा गिलासमा खन्याउने अनि त्यसमा बाँकी सबै सामग्री हालेर चलाउने र बरफले भर्ने। यसलाई अदुवाका स-साना टुक्राले सजाएर सर्व गर्ने।

### एल प्रेसिडेन्ड (स्विट)

**सामग्री**

५० मिलिलिटर सेतो रम, १५ मिलिलिटर स्विट भर्माउथ, ५ मिलिलिटर सुन्तलाको गन्ध भएको रक्सी, ५ मिलिलिटर ग्रेनाडाइन सिरप।

**विधि**

सबै सामग्रीमा बरफको टुक्रा हालेर राम्रोसँग चलाउने र ककटेल गिलासमा खन्याउने अनि कागतीको बोक्राले सजाएर सर्व गर्ने।

### फ्रेन्च ७५ (अंग्रेजी भर्सन)

**सामग्री**

१५ मिलिलिटर जिन, १० मिलिलिटर ताजा कागतीको रस, ५ मिलिलिटर सुगर सिरप।

**विधि**

एउटा जगमा सबै सामग्री हालेर राम्रोसँग हल्लाउने र स्याम्पेन गिलासमा खन्याएर सर्व गर्ने।

### फ्रेन्च मार्टिनी

**सामग्री**

५० मिलिलिटर भोड्का, २५ मिलिलिटर भुइँकटहरको रस, १० मिलिलिटर क्याम्बोर्ड (फ्रेन्च रस्पाबेरी लिक्वाएर), ५ मिलिलिटर सुगर सिरप।

**विधि**

सबै सामग्रीलाई बरफको टुक्रामा मिसाउने र ककटेल गिलासमा छानेर खन्याउने अब त्यसमा एउटा रास्पबेरी बीचमा तैरिने गरी सजाएर सर्व गर्ने।

### जिन फिँज

**सामग्री**

५० मिलिलिटर हल्यान्ड जिन, २५ मिलिलिटर ताजा कागतीको रस, १० मिलिलिटर सुगर सिरप।

**विधि**

सबै सामग्रीमा बरफको टुक्रा हालेर राम्रोसँग चलाउने र बरफले भरिएको लामो गिलासमा छान्ने। बाँकी रहेको भाग सोडाले भर्ने अनि आधा काटेको कागतीले सजाएर सर्व गर्ने।

### ग्रेपफ्रुट मोजिटो

**सामग्री**

५० मिलिलिटर क्युबान रम, १५ मिलिलिटर अलमोन्ड सिरप, १५ मिलिलिटर ताजा कागतीको रस, ३५ मिलिलिटर ग्रेपफ्रुट जुस तथा ८ वटा पुदिनाको पात।

**विधि**

पुदिनाको पातलाई हल्का हातले मिचेर शेकरमा हाल्ने। त्यसपछि अन्य सबै सामग्री र बरफ हालेर राम्रोसँग चलाउने अब क्रस्ड बरफ भरिएको लामो गिलासमा छानेर राख्ने र पुदिनाको पातले सजाएर सर्व गर्ने।

### हर्सेस नेक

**सामग्री**

५० मिलिलिटर बारबन ह्विस्की तथा जिन्जर बियर

**विधि**

एउटा अग्लो गिलासमा बरफ हाल्ने र त्यसमा ह्विस्की राखी बाँकी भाग बियरले भर्ने। यसलाई कागतीको बोक्राले सजाएर सर्व गर्ने।

### ज्याक रोज

**सामग्री**

५० मिलिलिटर एप्पलज्याक, २५ मिलिलिटर ताजा कागतीको रस, १५ मिलिलिटर ग्रेनाडाइन सिरप

**विधि**

सबै सामग्रीलाई बरफसँग चलाउने र ककटेल गिलासमा हालेर सर्व गर्ने।

### जुपिटर ककटेल

**सामग्री**

५० मिलिलिटर जिन, १५ मिलिलिटर ड्राई भर्माउथ, ५ मिलिलिटर परफेट एमोर तथा ५ मिलिलिटर ताजा सुन्तलाको रस।

**विधि**

सबै सामग्री बरफमा मिसाउने र छानेर चिसो ककटेल गिलासमा खन्याउने र सर्व गर्ने।

### मार्गेरिटा

**सामग्री**

३५ मिलिलिटर सिल्भर टकिला, १५ मिलिलिटर कोइन्टेरु, १५ मिलिलिटर ताजा कागतीको रस।

**विधि**

सबै सामग्रीमा बरफ हालेर चलाउने र एउटा ककटेल गिलासमा छान्ने। गिलासको टुप्पामा नुन लगाएर सर्व गर्ने।

### मार्टिनी ककटेल

**सामग्री**

७५ मिलिलिटर जिन वा भोड्का, ५ मिलिलिटर ड्राई भर्माउथ।

**विधि**

दुवै सामग्रीमा बरफको टुक्रा हालेर राम्रोसँग चलाउने र छानेर ककटेल गिलासमा खन्याउने अनि जैतुनको गेडा वा कागतीको स्लाइस वा दुवैले सजाएर सर्व गर्ने।

### मोजिटो लन्दन

**सामग्री**

५० मिलिलिटर सेतो रम, १५ मिलिलिटर ताजा कागतीको रस, १५ मिलिलिटर सुगर सिरप, ६ वटा पुदिनाको पात।

**विधि**

एउटा गिलासको फेदमा पुदिनाको पात हाल्ने र त्यसलाई बरफले भर्ने अब सबै सामग्री हालेर चलाउने र कागतीको स्लाइसले सजाएर सर्व गर्ने।

### मंकी ग्लान्ड

**सामग्री**

३५ मिलिलिटर जिन, ३५ मिलिलिटर ताजा सुन्तलाको रस, अलिकति एबसिन्थे, ५ मिलिलिटर ग्रेनेडाइन सिरप।

**विधि**

सबै सामग्रीलाई बरफका साथ चलाउने र एउटा ककटेल गिलासमा छानेर सर्व गर्ने।

### मस्को मुल

**सामग्री**

५० मिलिलिटर भोड्का, आधा कागतीको रस तथा जिन्जर बियर।

**विधि**

एउटा गिलासमा भोड्का राख्ने अनि आधा कागतीको रस निचोर्ने। बाँकी भाग जिन्जर बियरले भर्ने र बरफ हाल्ने अनि कागतीले सजाएर सर्व गर्ने।

### नेग्रोनी

**सामग्री**

२५ मिलिलिटर जिन, २५ मिलिलिटर स्विट भर्माउथ, २५ मिलिलिटर क्याम्पोरी।

**विधि**

सबै सामग्रीमा बरफ हालेर चलाउने। एउटा बरफले भरिएको छोटो गिलासमा छान्ने र सुन्तलाको स्लाइसले सजाएर सर्व गर्ने।

### पलोमा

**सामग्री**

५० मिलिलिटर टकिला, ७५ मिलिलिटर ताजा अंगुरको रस, ५ मिलिलिटर सुगर सिरप।

**विधि**

बरफ सबै सामग्री हालेर चलाउने अनि बरफले भरिएको लामो गिलासमा छान्ने। अब त्यसलाई सोडाले भर्ने र कागतीको स्लाइसले सजाएर सर्व गर्ने।

### पिना कोलाडा

**सामग्री**

५० मिलिलिटर रम, ७५ मिलिलिटर भुइँकटहरको रस, २५ मिलिलिटर नरिवलको क्रिम तथा सुगर सिरप (आवश्यक भएमा)

**विधि**

सबै सामग्रीलाई क्रस्ड बरफसँग ब्लेन्ड गर्ने वा राम्रोसँग चलाउने, लामो गिलासमा छान्ने र भुइँकटहरको स्लाइसले सजाएर सर्व गर्ने।

### मिल्क पन्च

**सामग्री**

३५ मिलिलिटर ब्रान्डी, १५ मिलिलिटर डार्क रम, १० मिलिलिटर सुगर सिरप (सुगर सिरपको सट्टा भेनिला सिरप पनि राख्न सकिन्छ) २५ मिलिलिटर ताजा क्रिम, २५ मिलिलिटर दूध।

**विधि**

सबै सामग्रीलाई एउटा भाँडोमा हाल्ने। त्यसमा बरफका टुक्राहरू राखेर राम्रोसँग चलाउने। अब क्रस्ड बरफ हालिएको एउटा लामो गिलासमा छानेर खन्याउने। यसलाई जाइफलको धूलो छर्केर सर्व गर्ने।


### पिस्को सोअर

**सामग्री**

६० मिलिलिटर पिस्को ब्रान्डी, १५ मिलिलिटर ताजा कागतीको रस, १५ मिलिलिटर सुगर सिरप, २० मिलिलिटर अन्डाको सेतो भाग।

**विधि**

सबै सामग्रीमा बरफ हालेर कडा तरिकाले फिट्ने। बरफले भरिएको गिलासमा छानेर खन्याउने र दालचिनीको धूलो छर्केर सर्व गर्ने।



वेष्टविङ स्कुल लुभु, ललितपुरमा मलाई पढाउने शिक्षक/शिक्षिका तथा मसँग कक्षा ६ मा पढ्ने मेरा सम्पूर्ण साथीहरूलाई विजयादशमीको मंगलमय शुभकामना।

**सरुन महर्जन**

कल्पना, विजयादशमीको हार्दिक शुभकामना।

**म**

साथीहरू विजय, गणेश, प्रदीप, सन्तोष, रुपेश, विक्रम, कृष्ण, मनीष, रोशन, मणिराज, मन्जित, नुच्छेलाल, नैनबहादुर, धनकुमार, रामबहादुर, दाइ रामकृष्ण, बुद्धिमान, भरत, हरि, ज्ञान, सुरेश, नरेन्द्र, गणेश, भिनाजु निरबहादुर, कुमार, कुलबहादुर, सन्तोष, प्रकाश, विश्वराम, मानसिंह, युवराज तथा बुद्धिसिंलाई विजयादशमीको मंगलमय शुभकामना।

**दुर्गाबहादुर माझी**

फर्सी, बारम्बार भेट नभए पनि हरपल-हरक्षण तिमीलाई नै सम्झिरहेको छु। तिमीप्रति आफ्नो माया दर्शाउन मलाई केको आइतबार ? मेरो मायारूपी मिसकलहरूले हरपल तिम्रो जवाफी मिसकल खोजिरहेका छन्। कृपया वार्तालाप गर्न नसके पनि क्षण-क्षणमा मायारूपी मिसकल र एसएमएसहरू बर्साइदेऊ। दुर्गाभवानीले हाम्रो जीनवमा खुसीका हाँसो अनि मायाका बहार प्रदान गरून्- बडादसैंको हार्दिक शुभकामना।

**लौका श्री**

महान चाड विजयादशमीको पावन अवसरमा उमेश, सरिता भाउजू, भाइ प्रविन र एडविन, बहिनी प्रमिला, स्वस्तिका, कमला, इन्दिरा, गीताका साथै सिन्धु, रेवती, दीक्षा, प्रमिला, नितमा, सुजाता, अनोज, खगेन्द्र, दाह्री भाइ, उषा, हीरा एण्ड लुखरी, काका एकराज, महेश लगायत ठूलो बुवा-ठूलो ममीहरू तथा मामामाइजूमा हार्दिक शुभकामना।

**आमोदभाइ**

रानी बनी राज्य चलाउ मेरो मेरो मनको देशभित्र, दुःख पर्दा आँसुपुछि हसाइदिने मायालुलाई, चन्द्रमाझैं राम्री तिमी के भनेर बोलाउँ तिमीलाई, आउँदा जाँदा बाटोमा आँखा जुधाउनेलाई। बडादसैंको पावन अवसरमा अवसरमा मंगलमय शुभकामना।

**प्रमोद**

विजयादशमीको शुभअवसरमा देश-विदेशमा छरिएका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति एवं समृद्धिको हार्दिक शुभकामना।

**वसन्त खालिङ**

विजयादशमीको अवसरमा मेरो घरपरिवार, साथीभाइ तथा सम्पूर्ण नेपालीमा सुख एवं शान्तिका लागि हार्दिक शुभकामना।

**सनि राई**

नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा विजयादशमी धेरै-धेरै शुभकामना। दसैंलाई तडकभडकबिना समय सुहाउँदो पाराले हर्षोल्लासपूर्वक मनाऔं।

**सुमित ढकाल (१७)**

प्रि., विजयादशमीको शुभ अवसरमा तिम्रो सुस्वास्थ्य तथा दीर्घायुको शुभकामना।

**रमेश गौतम**

साथी विपिन, सन्तोष, संशी, मुकेश, प्रदीप, रञ्जु, विनिता, विना तथा पुनमको उत्तरोत्तर प्रगति होस्– विजयादशमीको हार्दिक शुभकामना।

**हरिकुन्दन**

बिन्दुको हरेक पल उन्नति-प्रगति होस्, सफलताको घाम झुल्किरहोस्, सम्पन्नताको जुन उदाई रहोस श्रीवृद्धिको वसन्त बहार छाइरहोस्– विजयादशमीको हार्दिक शुभकामना।

**उदीर्ण राई**

समस्त आफन्तजन, साथीभाइ एवं हितैषीवर्गमा विजयादशमीको मंगलमय शुभकामना। दुर्गा भवानीले सबैको कल्याण गरून्।

**वसन्त खत्री**

समस्त इष्टमित्र एवं नाताकुटुम्बमा बडादसैंको हार्दिक शुभकामना।

**बिन्दु लामा**

विजयादशमीको पावन अवसरमा सम्पूर्ण इष्टमित्र, साथीभाइ, मान्यजन एवं देशवासीमा सु-स्वास्थ्य, दीर्घायु तथा सफलताको हार्दिक शुभकामना, देशमा शान्ति छाओस, हरेक नागरिकले आ-आफ्नो अधिकार स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्ने अवस्था सिर्जना होस्। राष्ट्रलाई विकासको बाटोमा डोऱ्याउँछौं भनेर झुटो आश्वासन दिएर उच्च ओहदामा पुगेका नेताहरूमा नवदुर्गा भवानीले सद्बुद्धि प्रदान गरून्, हरेक नेपालीलाई नवदुर्गा भवानीको आर्शिवाद लागोस।

**सञ्जय न्यौपाने**

विजयादशमीको पावन अवसरमा देशको राजनीतिक अस्थिरता अन्त्य होस भन्दै श्री दुर्गा भवानीसँग प्रार्थना गर्दछु।

**नमुना बस्याल**

सम्पूर्ण आफन्त, इष्टिमित्र एवं साथीभाइहरूलाई विजयादशमीको मंगलमय शुभकामना। दुर्गामाताले सबैको रक्षा गरुन्।

**महेन्द्र लिम्बु**

विजयादशमीको सुअवसरमा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना।

**शम्भु पौडेल**

साथीहरू सुमन, कृष्ण, मंगल, विष्णु, गायत्रा, योगेन्द्र, यज्ञ, जगत् एवं श्यामकिशोरका साथै विन्दु प्रशान्त तथा उज्ज्वलमा विजयादशमीको हार्दिक शुभकामना।

**नीम (सागर)**

मित्रहरू रमेश, कमल, जीवन, कलक, रामकाजी, मनोज, केशव, सोमलाल, रावल, सुर्दशन, टिकाराम, राजु, विनोद, जगन्नाथ, धनराज, प्रेम, श्याम, भरत, समिर मुकेश, विकास, राजेन्द्र, प्रदीप, सुजन, राजकुमार, कृष्ण हरि, सुरेश, पूर्ण पुष्प, राजन, मोहन, चुडामणि तथा रामेश्वरमा विजयादशमीको हार्दिक शुभकामना।

**वसन्त खत्री**

विजयादशमी तथा दीपावलीको पावन अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति एवं आपसी सद्भावका लागि हार्दिक शुभकामना।

**केशवराज धमला**



## ● सन्देश ●

अञ्जु, दीपा मञ्जु, सुजाता, मिलन, सन्तोष, युवराज, निरज, कृष्ण, अजय, किन यसरी माया मारेको ? +२को परीक्षामा को को पास भयौ, त्यो त मलाई थाहा भएन तर जो पास भयौं उनीहरूलाई हार्दिक बधाई तथा शुभकामना।

**सन्तोष**

विजयादशमीको लाखौं लाख शुभकामना- साथीहरू शिवु, मदन, पेमा, दुर्गा, विकास, आकाश, मिनसा, मनिष, सरु, विमला, मेनुका, विमला, राज, विक्रम, सुशीला, चन्द्रिका, टीका, कुमार, रोशन, विवशा, सरोज, पुष्प, मधु तथा अञ्जलीलाई।

**कुसुम**

साथीहरू रिना, रोशन, शेर्पा दाइ, राजु, दिपेश, रविना, सन्देश, अप्सरा श्रेष्ठ, रविन, कल्याण, विनिता, आशिका, बन्दे दाइलगायत सबैलाई मंगलमय शुभकामना छ। राम्रोसँग दसैं मनाउनुहोला। मैले सम्झिरहेको छु...।

**राकेश श्रेष्ठ**

घर परिवार आमाबुवा बहिनी अनुका साथै इष्टमित्रहरूमा विजयादशमीको हार्दिक शुभकामना।

**रञ्जित थारु**

साथीहरू सुरज, मुना, राज, आशिस, अनिल, कृष्ण, भवानी, नवराजसर, गोकुल भाइ तथा माइलामा विजयादशमीको हार्दिक शुभकामना।

**प्रमोद**

सन्ध्या, अञ्जु, मंगल, मञ्जु, महेन्द्र, सुवास, धर्म, रमेश, पूर्ण, इन्द्र, राजेश, लक्ष्मी, रीता, शोभा, गीता, सजिना, सुजिना, सत्य, ज्योति, मीरा, राज्य, सजिता, सरिता, शर्मिला, चन्द्र, सुजाता, चण्डेश्वरी, कमल, पुण्य, गंगा, तुला, मैया, विकास, सुलोचना, निर्मला, फिरोज, रितेश, सीता, अनिता, रत्न, सञ्जीव, संगीता, मञ्चला, शर्मिला, सुनिता, मनिषा, रजनी, मनिता, विमल, राजन, राजेन्द्र, सोनिया, कृष्ण, निपेश, कल्पना, नारायण, बनिता, सुचिता, नवीना, युनिषा तथा पवनलाई विजयादशमीका अवसरमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना।

**राजन सुवाल**

मनोज एवं चन्द्र, गुरुका साथै दाइ सुरेश, मनोज, जरिना, आलोक, कृष्ण, रूपा, रोशन, पद्मा, विमल, समन, अमर, राजु, शंकर, सन्तोष, प्रीति, लक्ष्मी, शन्त, देव, सिंहसर, राम, अर्जुन, केवल, तथा जीवनलाई विजयादशमीको मंगलमय शुभकामना।

**कपिल**

मित्रहरू प्रमिला, सविता, दुर्गा, अप्सरा, हीरा, कमला, मनिषा, अनु, युना, मौसमी, मनोज, सरु, कमल, सन्तोषमा सुख शान्ति छाइयोस हर इच्छा आकांक्षा पूरा हुन्- विजयादशमीको लाखौंलाख शुभकामना।

**मौसम गुरुङ**

नेपालीहरूको महान् चाड वडा दसैंको पावन अवसरमा ममीड्याडी, सानीआमा रेनुका, सरिता, गंगा, मामाहरू सूर्यनारायण, देवकान्त, विजय, सुरेश, अजय, फुपुहरू ललित, सचिन, माइजुहरू, फूपाजुहरू चन्द्रकान्त, रजनी, रमेश, रविन, दादाहरू सौरभ, लकी, नवजीवन, आदित्य, सुजित, सुनिल, उत्सव, उज्ज्वल, जीवन, आनन्द, अजय/विजय, दिदीभिनाजुहरू, दिदी उर्वसी, पूजा तथा देवकीमा हार्दिक शुभकामना।

**सन्दर्भ चौधरी**

विजयादशमीको उपलक्ष्यमा दाइहरू कुमार, जितेन्द्र, उपेन्द्र, तरुण, उमेश, अरुण, श्याम, भाउजु सिता, संतोष, साथीहरू श्यामनन्दन, विनोद, सुरेन्द्र, महेन्द्र, सुदर्शन, धर्मेन्द्र, राकेश, रमेश, मुकेश, कौसल, चिन्तामणि, रामलोचन, लगनदेव, श्याम, भाउजुहरू विनिता, साबित्री, प्रतिमा, सरिता, भाइहरू सुलभ, सुशान्त, चन्द्रप्रकाश, देवकीसन, नितेश, त्रिभुवन, आशा, सविना, शशीकान्त, रञ्जना, पिङ्की तथा मुनीमा हृदयदेखिको शुभकामना।

**गजराज रञ्जित**

विजयादशमीको पावन अवसरमा हजुरआमा, बुवाआमा, दाइहरू सूर्यनारायण, देवकान्त, विजय, सुरेश, भाइहरू लक्की, भाउजुहरू लक्ष्मी, अञ्जु, दिदीभिनाजु रञ्जु, रेनुका, गंगा, सरिता, मामामाइजु, भाञ्जा सन्दर्भ, भतिज, आदित्य, गणेश, बलिकान्त, उमाकान्त, प्रकाश, नवजीवन एवं शुशान्तमा विजयादशमीको मंगलमय शुभकामना।

**अजयकुमार चौधरी**

पूर्व मेचिदेखि पश्चिम महकालीसम्म अनि सिमापारी भविष्यको खुसी खोज्न गएका हाम्रा सम्पूर्ण दाजुभाइ दिदी बहिनीहरूमा महान पर्व बडा दसैंको मंगलमय शुभकामना।

**सांग्रिस डि. मानन्धर**

साथीहरू सुवास, लक्ष्मी, साविती, पारु, रञ्जु, राजु, विमल, मौसम, सम्झना, सविना, सोनु, सुमन, रोनिशा, जनक, दर्पण, बाबुराम, उषा, रेशम, शेखर, सोनी प्यारी दिदी मैया, दीपालगायत समस्त नेपालीजनमा विजयादशमीको हार्दिक शुभकामना।

**मिसुला**

साथीहरू किशोर, श्रीनिवास, सचिन, इमरान, रविना, बसन्त, लक्ष्मण, दिपक, रितेश, सन्ध्या, मुना, शर्मिला, रुविना, सञ्जु दिदी, लक्ष्मी दिदीलगायत सम्पूर्ण साथीहरूलाई विजयादशमीको हार्दिक शुभकामना।

**खतिवडा विनोद**

साथीहरू जमुना, मुना, भावना, प्यारी दिदी युष्मा, राजेन्द्र, तिलक, तारा, शिवराम, यमु, रामु, कृष्ण, तुले, जितेन, किशोर दाइ, तिलक, आकाश, सुरज, दुर्गा, मनीष, बहिनीहरू धनु, सावित्री तथा विष्णुलाई विजयादशमीको हार्दिक शुभकामना।

**रामु खाती**

विजयादशमीको पावन अवसरमा समस्त नेपालीहरूको शान्ति, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना।

**उर्मिला**

आत्मीय साथीहरू कैलाश, पूजा, शिशिर, साजन, सौजन, बिरु, मोहन, विकास, प्रसन्न, दिपेश, लक्ष्मण, अमर, अनु, प्रकाश, टीका, निता, मुना, टीएन, रेनु, बिना, फुर्वा, आरबी, अजय, अंकित, गंगा, सोनिका, रिवज, मनिता, हेमन्त अनिष, सुजल, सुरज, शुक्रराज, त्रिलोचन, चन्द्र, रामचन्द्र, साराजु, सुजु, राजन, प्रसन, अन्जु, मोहन, सुखद, जोशिला तथा पवित्रमा बडादसैंको मंगलमय शुभकामना।

**अनु कुलुङ**

आत्मीय मित्रहरू लेखक, सुजन, सृजना, दिपेन्द्र, शिवराज, विमला, सरला, जानुका, रामकुमार, रविन, राजेन्द्र, हरि वल्लभ, पूर्णिमा, रघुकृष्ण, शिवराज, चम्पा, प्रतिभा, अशोक, तीर्थ, सपना, जीवन, अमृत तथा राजकुमारमा विजयादशमीको हार्दिक शुभकामना।

**सुन्दर बानियाँ**

साथीहरू, सुमी, कविता, मिना, रमा, शारदा, लक्ष्मी, ललिता, पुनम, मधु, सरिता, शिव, सुकदेव, राजेश, केशव, सोम, परिष्कृत, निर्मला, ऋतु, यमुना, पूर्णमाया, स्वीकृति, दिदीबहिनीहरू कोपिला, रिता, सिता, सरस्वती तथा पुनममा शुभ विजयादशमी।

**नारायण शर्मा**

निर्देश, सविना, दीपा, सम्झना, पार्वती, सुजिव, राम, पुकार तथा अविरलमा विजयादशमीको हार्दिक शुभकामना।

**गोकुल अधिकारी**

नेपालीहरूको जीवन खुसीका साथ बितोस् भन्दै टाढा भएर पनि मेरो भावनाका धेरै नजिक रहेका सम्पूर्ण मित्र तथा आफन्तजनलाई विजयादशमीको हार्दिक शुभकामना।

**आशिष आँसु**

सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई विजयादशमीको मंगलमय शुभकामना। विशेषगरी सुलोचना, जीवन, पिपत, अनिल, कृष्ण, सन्जु ब्रजेश, समिर दाइ तथा नवीनलाई।

**निशा रानामगर**

वेष्टविङ स्कुल लुभु, ललितपुरमा मलाई पढाउने शिक्षक/शिक्षिका तथा मसँग कक्षा २ मा पढ्ने मेरा सम्पूर्ण साथीहरूलाई विजयादशमीको मंगलमय शुभकामना।

**संयम महर्जन**

साथीहरू विराज, बिक्रम, बबिता, कविता, रञ्जु, एलिभा, सानु, दीपक, सञ्जीव, शान्ति, मनोज तथा पुनमलाई हयापी विजयादशमी।

**रविन खतिवडा**

एलिमा, सानु, नानु, बबिता, कविता, डोल्मा, यसवन्धना, रञ्जु, पुनम, शुभेच्छा, रबिन, दीपक, संगम, बिक्रम, सिता, रेनु, कुमारी, गिता, मुस्कान, सुष्मा, सुशिला, जय, शर्मिला, मनोज, नबहादुर, सजन, अर्जुन, राज, सुरज भाइ, कृष्ण भाइ, गोरेपाट, प्रकाश दाइ, सुमन दाइ, राजेन्द्र, रोज तथा मानवलाई विजयादशमीको हार्दिक शुभकामना।

**विराज**

सोनु, सूर्य, दीपक, विजय, दुर्गा, रोशनी, प्रकाश दाइ, शेरे दाइ, सुसान दाइ, कल्पना, भान्जा बाबु, उषा भान्जी, सविता, सुवास, बिनु दिदी, बाबा, रोहित दाइ, रविन दाइ, भुपाल दाइ, निशा, विकास, लाक्पा दाइ, विमेश दाइ, हरि दाइ, आशाराम दाइ, प्रतिभा, कविता, तिथी, सदिक्षा, दिनेश, अनुप अंकल, रामहरि भाञ्जा, जितेन, मनोज, भोला दाइ, सन्जु तथा सविता भाञ्जी लाई विजयादशमीको मंगलमय शुभकामना।

**आकाश चौधरी**

लक्ष्मी, विजयादशमीको पावन अवसरमा सुस्वास्थ्य एवं दीर्घायुको कामनाका साथ जन्मोत्सवको धेरैधेरै शुभकामना। सधैं प्रगतिको पथमा अघि बढिरहनु, ती ओठहरूमा मस्कुराहटरुपी तरंगहरू सधैं तरंगी रहोस्। सदा खुसी अनि सुखी रहनु मेरो शुभकामना छ तपाईंलाई।

**विमल**

विजयादशमीको पावन अवसरमा मेरो माइती परिवार, श्रीमान् र सम्पूर्ण परिवार एवं साथीसंगीहरूमा हार्दिक मंगलमय शुभकामना।

**पुनम थापा (आले)**

जीवन, किस्मत, तुल्सीराम, रिमबहादुर, एमबहादुर, प्रशान्त, खगेन्द्र, तासकुमार, ईशा, मनिसरा, विजया, अन्जिना, दिदी नम्रता, अञ्जनाका साथै गाउँघरका साथीभाइहरूमा विजयादशमीको मंगलमय शुभकामना।

**ओमप्रकाश**

विजयादशमीको अवसरमा प्यारी जीवनसंगिनी कमला, छोरी रमिता तथा छोरा सुदर्शनलाई सुस्वास्थ्य तथा दीर्घायुको शुभकामना।


**लोकबहादुर दर्लामी मगर**

रमेश, सञ्जीव, दीलिप, अमर, धनविर, ज्ञानबहादुर, दिनेश, सुवास, वासुदेव, ईश्वर, बरुण, प्रदीप, राजेन्द्र, सिताराम, सुदर्शन, शंकर, ठाकुर, उद्धव, सुरेन्द्र लामा, बिजु, दीपेन्द्र, राजकुमारी, दालचिनी, कमला, बिन्दा ढकाल, भगवती, सावित्री तिवारी, गायत्री भेटुवाल, सुष्मा, नानीमैयाँ, लक्ष्मी, चन्द्रकला बहिनी, पम्फा दिदी, लालमाया तथा अम्बिकामा विजयादशमीको हार्दिक शुभकामना।

**नवराज ढुंगाना**

विजयादशमीको अवसरमा मेरा सम्पूर्ण मित्रहरूमा सुस्वास्थ्य, दीर्घायु एवं सफलताको मंगलमय शुभकामना।

**योगेन्द्र इशु**



दिदीहरू अमृता, कविता, अस्मिता तथा सिर्जनामा विजयादशमीको हार्दिक शुभकामना ।

**टासी गुरुङ**

प्यारी दिदी गीता, दाइहरू तुलसी, दिपेश, ज्ञानेन्द्र, विनोद, बहिनीहरू आशि, मिसुला, साथीहरू तोरण, राकेश, राजु, पारु, ममता, शान्त, उषा, दर्पण, सुवास, बाबुराम, विमल, मितिनी सोनियाँ, शंखर, सुष्मा, निर्मल तथा आकाशमा सुख एवं समृद्धिको हार्दिक शुभकामना ।

**मैया श्रेष्ठ**

सानु सम्झना अनि माया । हाम्रो माया जुन रूपमा अघि बढिरहेको छ, त्योभन्दा गाढा रूपमा अघि बढोस् विजयादशमीको हार्दिक शुभकामना ।

**वसन्त ऋतु**

बडादसैंको अवसरमा रीता, सुशीला, अञ्जना, अनुपा, सरुजा, सनुपा, पार्वती, शिला, निर्मला, सिर्जना, दिपीका, रक्षा एवं रेसिकामा मंगलमय शुभकामना ।

**वसन्तपुरे कार्की**

बडादसैंको अवसरमा काठमाडौं बसेर दसैं मनाउने साथीहरूमा हार्दिक शुभकामना । विशेष गरी गणेश, पदम, ठाकुर, विष्णु, मनोज, महेस, बैकुण्ठ, दिनेश, धनबहादुर, मीनबहादुर, बाबुराम, गुञ्ज, नेत्र, तिलक, सशील, ओम, नथु, भीम, सोनाम, बुद्ध, रुद्र, रामेश्वर, अनिल, राजकुमार, सञ्जीवमा ।

**पालुङे**

महेश, विकेश, सरोज, दीपेन्द्र, मनोज, हरेराम, गोविन्द, ठाकुर, नानीबाबु, मोहन, पुस्कर, विनोद, अर्जुन, सुरेन्द्र, राजेश, सुरेश, दिवाकर, रमेश, दिनेश, ज्ञानराज, पशुपति सन्तोष, मथुराम, राजकाजी, सम्भु, प्रताप, सिवराम, उपेन्द्र, नरेन्द्र, अरुण, कृष्ण, हरि तथा देवकृष्णमा विजयादशमीको हार्दिक शुभकामना ।

**राजु**

सम्पूर्ण इष्टमित्र, आफन्तजन तथा हितैषी साथीहरूमा विजयादशमीको हार्दिक शुभकामना ।

**सदाशिव केसी**

बैनी सरु, आशा, अञ्जना, चिनीमाया, श्रीता, कामना, दिनेश, धन, डम्बर, सानु, विमला, गंगा, पदम, हातिराम, कुमार, धनकुमार, सञ्जप, विनिता, मनु, सानु, सोनी, प्रकाश, विजया, कुवेर, कल्पना, मीना एवं पद्मामा उत्तरोउत्तर प्रगतिको मंगलमय शुभकामना । यहाहरूको सुखमय जीवन फलोस फुलोस अनि प्रत्येक पाइलाले सगरमाथाको शिखर चुमून्– शुभ-विजयादशमी ।

**चञ्योज गुरुङ**

कुन्दन, उर्मिला लगायत परिवारमा दसैंको हार्दिक शुभकामना । उत्तरोत्तर प्रगति होस् दीर्घायु रहोस् नवदुर्गा भवानीले रक्षा गरून् ।

**उदीर्ण**

सम्पूर्ण इष्टमित्रमा दसैंको मंगलमय शुभकामना ।

**मनोज**

साथी विवेक सुनुवारको जन्मदिनका अवसरमा उत्तरोत्तर प्रगतिको कामनाका साथ विजयादशमीको मंगलमय शुभकामना ।

**Bu,4a,Bi, Lal, J, Di and Ro**

विक्रम बुबा, प्रीति मुमा, कुश बुबा-मुमा, सुवास दाइ, सुदीप दाइ, राम दाइ, नारायण दाइ, केशव दाइ, मैयाँ दिदी, कविता दिदी, भरत दाइ, हिरा दिदी, सरिता दिदी र मेरा साथीहरू कुमारी, सपना, कल्पना, सिर्जनादेवी होम, नीरज, निसान, सुनिल, सागर, लेखु, उज्ज्वल, अनिशाका साथै सम्पूर्ण साथीहरूलाई विजयादशमीको मंगलमय शुभकामना ।

**विनोद तामाङ**

सम्पूर्ण इष्टमित्र, नातागोता एवं साथीहरूमा विजयादशमीको हार्दिक शुभकामना ।

**कान्ता लामा**

विजयादशमीका अवसरमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको कामना– जानुका, उमा, अन्जिता, गीता, रमा, ओमकुमार, रमेश, दिनेश, लीला, दुर्गाका साथै सबै आफन्तमा ।



## ● सन्देश ●

**राजु श्रेष्ठ**

देशभित्र तथा बाहिरका सम्पूर्ण राष्ट्रप्रेमी नेपालीहरूमा नेपालीहरूको महान् चाड विजयादशमीको हार्दिक मंगलमय शुभकामना ।

**राजेन्द्र लामा**

महान् चाड बडादसैंका अवसरमा सम्पूर्ण नेपालीहरूलाई शुभकामना, साथै सबैको घरआँगनमा सुख, समृद्धि एवं हर्षोल्लास छाओस्, दसैंले दशाको रूप नलियोस्, सबैको मुहारमा हाँसो र खुसीको वर्षा होस् ।

**सिम्ला मुस्कान**

विवेश दाइ, नमिता बहिनी, प्रेम आले, विजय चौधरीलगायत सम्पूर्ण साथीहरूलाई विजयादशमीको हार्दिक शुभकामना ।

**बी.बी. मगर**

मनदीप, दुर्गा, विदिश, उमा, विश्व तथा मुरारीमा विजयादशमीको हार्दिक शुभकामना ।

**दिनेश आचार्य**

साथीहरू शर्मिला, लक्ष्मी, सन्ध्या, सुस्मिता, निशा, मनीषा, समुद्र, कृष्ण, प्रताप, विजय, राजेन्द्र तथा राजेशमा विजयादशमीको हार्दिक शुभकामना ।

**डिपिन्टी लामा**

मामा गिरीप्रसाद गुरुङलगायत सम्पूर्ण परिवार एवम् काठमाडौंमा बस्ने मामा-भाइजूहरूलाई विजयादशमीको हार्दिक शुभकामना ।

**जी.बी. मगर**

सम्पूर्ण नेमकुल परिवारको उन्नति, प्रगति होस् । इच्छा-आकांक्षाहरू पूरा हुन्- हार्दिक मंगलमय शुभकामना ।

**कृष्णप्रसाद नेमकुल**

नानु, विजयादशमीको मंगलमय शुभकामना । तिमीले मलाई धेरै माया दिएकी छयौ, मीठो साथ दिएकी छयौ, म धेरै खुसी छु । आउने दिनहरूमा पनि मलाई सदैव यसरी नै माया गरिराख । म सदैव तिम्रो हुन चाहन्छु, केवल तिम्रो... ।

**प्रणयल**

विजयादशमीका अवसरमा आमा, श्रीमती मीना, छोरी शलिना तथा छोरा सचिनलगायत देश-विदेशमा रहेका सम्पूर्ण आफन्तहरूमा हार्दिक शुभकामना ।

**शेरु थापा**

विमल, नारायणी, जेशिका, विवेक, लालकुमारलगायत सम्पूर्ण नेपालीहरूमा महान् चाड विजयादशमीको उपलक्ष्यमा सुख, शान्ति एवं समृद्धिको शुभकामना । नेपालको संविधान समयमै बनोस् र देशमा चाँडै शान्ति आओस् ।

**के.एस.**

आत्मीय साथीहरू सन्ध्या, जयन्ती, हरिमाया, सरस्वती, रबिन, इच्छा, शिवराज, युवराज, यू.भी., अर्चना, नानुता, श्याम, निश्चल, एलिना, सजिता, रमिला, तुलसा, दीपेन्द्र, जयकला, श्रेय, देवेन्द्र, विजय, रामुकमार तथा प्रकाश अनि दिदी बबिता, भिनाजु जे.बी., भाइ आदित्य, मनोज, बहिनी ऐश्वर्य तथा अनितालाई उत्तरोत्तर प्रगतिको शुभकामनाका साथ ह्याप्पी विजयादशमी ।

**नमिता राई**

सी., टाढा भएर होला, मलाई विश्वास नगरेको तिमीले । मलाई त तिम्रै हुने मन थियो, के गर्ने ? भेट पनि हुन पाएन । तिम्री दिदीले पनि कुरा बुझिनन्, न त मेरो घरका मान्छेले । अहिले पनि म तिमीलाई त्यत्तिकै माया गर्छु, सक्छयौ भने फोन गर । विजयादशमीको मंगलमय शुभकामना ।

**गोकर्ण**

आत्मीय मित्रहरू राजीव, रवि, ज्योति, आशिष, एशेना, संगम, गोविन्दा, बन्दना, नम्रता, मिलन, इन्दु, सन्तोष, शर्मिला, हरिश, कुमारी, भुपेन्द्र, दिदी कल्पना, सुमित्रा, माइजू मञ्जु, बहिनी पूजा, सुमी दाइ, उद्धव, अनिलका साथै समस्त गाउँवासीहरूमा विजयादशमीको हार्दिक शुभकामना ।

**प्रणयल लामा**

प्यारी चन्द्रवती, आई लभ यु टु मच, हृदयभरि अगाध माया सँगालिएर हिजोआज र भोलि पनि तिम्रै लागि सारा जीवन सुम्पिएको छु । जीवनको सारा दुःख भुलेर तिम्रो संसारमा रम्न आइपुगें । विजयादशमीको पावन अवसरमा तिमीले चालेका हरेक पाइलामा सफलता देख्न पाउँ, श्री नवदुर्गा भवानीले तिमीलाई लाखौंलाख आशिर्वाद दिऊन्- हार्दिक शुभकामना ।

**अविनाश**

आदरणीय कलाकार मित्रहरू प्रकाश ओझा, किरण थापा, यादव देवकोटा 'सरापे', रेशम फिरिरी, केशव सापकोटा, सुरज चापागाईं, राजु कमेडी, दीपेश प्रसाईं एवं चलचित्र निर्देशक रामराजा दाहाल तथा प्रवेश दाहालमा विजयादशमीको धेरै-धेरै शुभकामना ।

**जीवन दाहाल**

आत्मीय साथी प्रकृति, निर्मला, शर्मिला, महेश, पुष्कर, विमल, शिव, उद्धव, डम्बरी श्रेष्ठ, ज्ञान ऐर, टेक ऐर, सानिमा दीपा, माइजू गोमा, बहिनी वसन्ती, तारा तथा मोटुलाई विजयादशमीको पावन अवसरमा सुख, शान्ति एवं समृद्धिको हार्दिक शुभकामना ।

**दीपेन्द्र देउवा**


हडकडवासी ईश्वर दाइ, अर्पण दाइ, राज दाइ, साथी अशोक, नवीन, विकास, भोटे, जीवन, हेम, तारा, उत्तर, सुरज, गौतम, दिल तथा हरिमा विजयादशमीको मंगलमय शुभकामना ।

**एग्नेस**

सुमी, शान्ता, प्रसन्नता, तारा, मधु, राधा दिदी, आफन्तजनका साथै देश-विदेशमा रहेका सम्पूर्ण नेपालीमा विजयादशमीको मंगलमय शुभकामना ।

**बन्दना**

# दसैंका लागि रमाइला SMS



Thulako aashis,
Saanako maya,
Dashainko ramjham
sadhai rahi rahos.
Happy DASHAIN !!!
..................................
Three people are asking ur mobile no. with me.
I didn't give ur no but I gave home address to them.
They are coming at ur home in this Dashain.
They are Sukha, Shanti and Samriddhi.
Please welcome them. SUBHA DASHAIN. enjoy !!
..................................
Ghyampo-bhari raksi hos
nidharma tika hos
sathibhai haru sanga ramailo hos
hathma ekka ko trail hos. HAPPY DASHAIN.
..................................
Changa chait ramailo bhet
Khasiko rato masuko plate
Juwako khal chiurako thal
67 saal Dashain babal
Happy Dashain
Look Outside...
It's so pleasant!
Sun Smiling For you...
Trees Dancing for you...
Birds singing for you...
Because I requested them All to wish You. HAPPY DASHAIN
..................................
Pani khanda bear paros,
Dhara kholda wine bagos,
chicken khanda, sapro paros,
mutton khanda, hyakula paros,
HAPPY DASHAIN 2067
..................................
Uni ma sanga timro adress sodhdai thiee. Maile pani timro gharko thegana diyera pathaidiyeko chhu. Kehi dinma nai uni timi ra timro pariwarko lagi harksha, khushi, umangako koseli liyera timro ghar aaipugnechhin. Sathma maile timi ra timro pariwarko lagi shuvakamana pani pathayeko chhu. Sweekar garnuhola.
..................................
Tika hos nidhar ma,
Jamara hos kanma,
Sukha hos pariwar ma,
Shanti hos desh ma,
Pura hos manokamana,
Yehi cha Vijaya Dashami 2067,
Ko suvakamana.
..................................
Bhimsen ko shakti
Meerabai Ko Bhakti
Dr.Abdul Kalaam Ko Gyan
Mr.Obama ko jasto Shaan
Einstein Ko Buddhi
Nobel Prize Ko Siddhi
Bill gates Ko Sampatti
Dukha bata sadhai Mukti
Mercedez Ko Car
Diamonds Ko Haar
Microsoft Ko Share
Pasia Ko Dher
John Abhraham Ko Style
Aishwarya Ko Smile
Amitabh Ko Personality
Bekham Ko Popularity
Worldtour Ko Ticket
Tendulkar Ko Wicket
Bhagat Singh Ko Deshprem
Sweetheart Ko Amarprem
Dherai bhanda dherai maanche haru ko saath hos
Ghar ma sukha shanti ko sadhai baas hos.
MAA DURGA BHAGAWANI le sadai hamro kalyan garun
..................................
M. Nepalko jasto bhagya hos
B.Bhattaraiko jasto budhhi hos
Ang Sang Sukiko jasto dhairya hos
Soniya Gandhiko jasto tyag hos
Madan-Hariko jasto mel hos
Girija Prasadko jasto aant hos
deshma ashanti nahos
Nepaliko sadhai jaya hos.
..................................
utsaha, umanga
utsav, khusi
shanti, ullas
harsa, sukha
prasannata, subista
aananda, samridhhi
unnati, kalyan
mangal, subidha
abhyudaya
e sabdaharu sabdakos ma maatra narahun
yehi chha bijaya dashami ko subhakamana.
..................................
jaangar dine jamaraa
aant dine achheta
char chimeki gaun basti
aafantako mamata
saradko khusiyaali
chairahos, fulirahos
sabailai sukha milos
shanti milos bhanchhu ma ta
durga bhawani danine hun
sabaiko bhalo hos
sabaiko mangal hos.
..................................
bijaya dashami sadhai aau
timi unnati banera,
chunauti samana
garna chattan banera,
raato tika banera,
jamara banera,
saktidayek banera,
gyanmaya bhayera,
khusi bhayera, ullas bhayera,
sabaika laagi sadhai sadhai,
mangalmaya banera,
sabailai subhakaamana banera
..................................
dashainma durga bhawani dahine rahun,
tiharma laxmile baas garun,
sampurna nepaliko ghar aanganma
durga bhawani, laxmile sadha khusi chharun
Yehi nai hamro sabailai mangal maya subhakaamanana
pyaara istamitraharu sada petrol paiyos,
loadshedding nahos, bandha ra hadtaal naparos,
mobileko network laagos,
netaharuma sadbuddhi aaos,
mahangi kam hos, purahos sabaiko manokaamana.
..................................
yehi chha mero dashain ra tiharko subhakaamana
"aayo dashain dhol bajai
gayo dashain rin bokai"
ukhan ko punarabritti nahos,
jhadapakhalaa pidit ko pet ma anna paros
khokro aadambar tyagera dashain manau
bijaya dashami ko yehi kamana.

















## पुटिनलाई क्यालेन्डर उपहार

**रूसका पूर्वप्रधानमन्त्री भ्लादिमिर पुटिन ५८ वर्ष पुगेको उपलक्ष्यमा मास्को स्टेट युनिभर्सिटीमा पत्रकारिता अध्ययन गरिरहेका छात्राहरूले फोटो सुट गरेर क्यालेन्डर उपहार पठाएका छन् । कामोत्तेजक ढंगमा खिचिएको उक्त क्यालेन्डरको एक भागमा पुटिनलाई शुभकामना दिइएको छ ।**

# कन्डमले
## ढल निकास बन्द



नयाँ दिल्लीमा चलिरहेको राष्ट्रमण्डल खेलकुद प्रतियोगितामा खेलाडी तथा पदाधिकारीहरूले प्रयोग गरेको कन्डमले ढल निकासमा अवरोध सिर्जना गरेको छ । ढल निकास अवरुद्ध भए पनि राष्ट्रमण्डल खेलकुदका अध्यक्ष माइक फेनेलले सन्तोष व्यक्त गरेका छन् । राष्ट्रमण्डल खेलकुद प्रतियोगिता आयोजना गर्दा एकपछि अर्को समस्या भोग्दै आएको नयाँ दिल्लीले कन्डमका कारण खेलग्रामको ढल निकास बन्द भएपछि अर्को झड्का बेहोर्नुपरेको थियो । यस्तो अवस्थामा फेनेलले भने- कससेकम खेलाडीहरूमा सुरक्षित यौनसम्पर्क राख्नुपर्ने धारणा विकास भएको तथा उनीहरूले कन्डमको अत्यधिक प्रयोग गर्नुलाई सकारात्मक रूपमा लिनुपर्ने बताए । फेनेलको दाबी छ खेलाडीहरूको अत्याधिक कन्डम प्रयोगले यो क्षेत्रमा सुरक्षित यौन सम्पर्क राख्नुपर्ने सकारात्मक धारणासमेत वृद्धि हुनेछ ।

राष्ट्रमण्डल खेलकुद प्रतियोगिताका आयोजकले ७ हजार खेलाडी तथा पदाधिकारीलाई पहिलो चरणमा ८ हजार कन्डम वितरण गरेका थिए । पहिलो चरणको कन्डम अपुग भएपछि थप ४ हजार कन्डम वितरण गरिएको आयोजक समितिले जनाएको छ ।

ठूला प्रकृतिका खेलकुद प्रतियोगितामा कन्डम वितरण गर्ने परम्परा सन् १९९२ मा बार्सिलोनामा भएको ओलम्पिक प्रतियोगितादेखि थालिएको थियो । सन् २००० मा सिड्नीले आयोजना गरेको ओलम्पिक प्रतियोगितामा पहिले ७० हजार कन्डम वितरण गरिएको थियो । उक्त कन्डम अपुग भएपछि २० हजार कन्डम थप गरिएको थियो । यस्तै सन् २००४ को एथेन्स ओलम्पिकका पहिलो चरणमै १ लाख ३० हजार थान कन्डम निःशुल्क वितरण गरिएको थियो भने सन् २००८ को बेइजिङ ओलम्पिकमा १ लाख थान कन्डम वितरण गरिएको थियो ।



# स्तन प्रत्यारोपन बन्द

केही वर्ष अघिसम्म स्विडेनका महिलाहरूलाई फ्रान्समा निर्माण भएको स्तन ठूलो पार्ने सिलिकन जेलप्रति अत्याधिक आकर्षण थियो । स्विडेनको स्वास्थ्य विभागका अनुसार स्विडेनका ५ हजार महिलाले फ्रान्सको पोलि इन्प्लान्टले निर्माण गरेको सिलिकन जेल प्रयोग गरेका थिए । हालै फ्रान्सको सरकारले उक्त कम्पनीले निर्माण गरेको सिलिकन जेलमा उल्लेख भएका पदार्थ सिलिकन जेल निर्माणमा प्रयोग नभएको जनाएको छ । सिलिकन जेलको निर्माणमा प्रयोग भएका अन्य पदार्थको प्रयोगले महिलाहरूको स्तनमा विभिन्न किसिमका समस्या आएपछि सरकारले उक्त कम्पनीको उत्पादन निरीक्षण गरेको हो । अहिले उक्त सिलिकन जेलको उत्पादन एवं बिक्रीमा प्रतिबन्ध लगाइएको छ । सन् २००१ देखि उत्पादन थालेको उक्त कम्पनीले अहिलेसम्म ३५ देखि ४० हजार सिलिकन जेल बिक्री गरिसकेको छ ।

# मोटेको क्षमता बढी



मोटा मानिसहरू सधैं हाँसोका पात्र हुन्छन् तर यौनको मामिलामा मोटा मानिसले दुब्लाको तुलनामा बढी आनन्द उठाउँछन् भन्ने कुरा वैज्ञानिक अनुसन्धानले देखाएको छ । इसिएस युनिभर्सिटीका वैज्ञानिकहरूको एक वर्षभन्दा लामो अनुसन्धानपछि उक्त तथ्य सार्वजनिक भएको हो । अनुसन्धानका क्रममा वैज्ञानिकहरूले मोटा मानिसले कुनै महिलासँग ७ दशमलव ३ मिनेटसम्म तथा दुब्ला मानिसले १ सय ८ सेकेन्डसम्म यौन सम्पर्क राख्न सक्ने पाएका थिए ।

मोटा मानिसको शरीर देख्दा महिलाहरूले निकाल्ने सेक्सुअल हार्मोनको मात्रा बढी हुने तथा त्यसले पुरुषलाई बढी सक्रिय तुल्याउने हुँदा उनीहरू महिलाका लागि बढी हितैषी हुन्छन् । पातलो शरीर भएका पुरुषले महिलालाई यौन आनन्द दिन बढी शारीरिक मेहनत गर्नुपर्ने देखिएको वैज्ञानिकहरूले बताए । वैज्ञानिकहरूले यो अनुसन्धानका लागि १ सय जना यौन दुर्बलता भएका एवं १ सय जना यौन सम्पर्कमा सक्षम पुरुषमाथि निरन्तर अनुसन्धान गरेका थिए । यो तथ्यांक सार्वजनिक भएपछि विश्व स्वास्थ्य संगठनले बढी मोटा पुरुषको सूचीको तेस्रो स्थानमा राखेको अमेरिकाका पुरुषहरूलाई केही राहत मिलेको छ ।

## अन्त्यमा...

अस्ट्रेलियाका १० देखि १२ वर्षका केटाकेटीहरूको यौन व्यवहारमा परिवर्तन आएको पछिल्लो एक सर्वेक्षणले देखाएको छ । लाट्रोबी युनिभर्सिटीले गरेको सर्वेक्षणमा १२ वर्ष पुगेका केटाहरूको तुलनामा केटीहरूले बढी यौनसम्पर्क राख्ने गरेको पाइयो । राष्ट्रव्यापी रूपमा भएको उक्त सर्वेक्षणमा १२ वर्ष उमेर पुगेका केटीहरूमध्ये ६१ प्रतिशतले यौनसम्पर्क राखेको बताए भने सोही उमेर समूहका ४४ प्रतिशत केटाले आफ्नो स्वीकारोक्ति दिए । केटाकेटीहरूमा मदिरा सेवन गर्ने लहड बढ्दै गएका कारण उनीहरूको यौन व्यवहारमा परिवर्तन आएको देखियो । १२ वर्ष पुगेका केटीहरूले तीनभन्दा बढी केटासँग यौनसम्पर्क राखेको बताए । यो तथ्यांक सन् २००८ मा गरिएको सर्वेक्षणभन्दा २७ प्रतिशतले बढी थियो । सोही उमेर समूहका केटाहरूमा ३८ प्रतिशतले मात्र तीनभन्दा बढी युवतीसँग यौनसम्पर्क राखेको बताएका थिए ।




अस्ट्रेलियाका ३ सय विद्यालयका ८ हजार ८ सय विद्यार्थीबीच गरिएको उक्त सर्वेक्षणले १० देखि १२ वर्ष उमेर समूहका केटाकेटीहरूको यौन व्यवहारका विभिन्न पक्षमा अनुसन्धान गरेको थियो । पब्लिक हेल्थ जर्नलमा प्रकाशित सर्वेक्षणमा अस्ट्रेलियाका केटाकेटीहरूमा मदिरापानप्रति आकर्षण बढेका कारण उनीहरूको यौनचाहना बढेको बताएको छ । अहिले कम उमेरमै बढी व्यक्तिसँग यौन सम्पर्क गर्नेहरूको संख्या अस्ट्रेलियामा बढी छ । उनीहरूलाई यौन शिक्षा तथा नशालु पदार्थको सेवनबाट अलग गर्ने हो भने मात्र यो तथ्यांकमा कमी आउन सक्ने बताइन्छ ।

## ब्राको राजधानी
# लन्डन

बेलायत अहिले ब्राका लागि विश्वमै सर्वाधिक लोकप्रिय देश मानिन्छ । यहाँ उत्पादन हुने ब्राको गुणस्तर अझै पनि विश्वमै उत्कृष्ट मानिन्छ भने यहाँ पाइने ब्राको विविधताले महिलाहरूलाई थप आकर्षित गरिरहेको छ । अहिले बेलायतमा सर्वाधिक ठूलो स्तन भएका महिलादेखि सानो स्तन भएका महिलाको स्तन बढेको देखाउने किसिमका ब्रा पाइन्छन् । अहिले बेलायत एक्लैले वार्षिक १ खर्ब १२ अर्ब रुपैयाँ बराबरको ब्रा उत्पादन गर्छ । ब्रा उत्पादनमा लोकप्रियता कमाएका ब्रान्डमध्ये अल्टिमोले मात्र १० किसिमको ब्रा डिजाइनमा आफ्नो सर्वाधिकार कायम गरेको छ । अल्टिमोकी माइकल मोनी भन्छिन्- 'हामी कुनै महिलाले ब्रा किन्दा यो बेलायतमा बनेको हो भनेर सोधेको सुन्न चाहिरहेका छौं ।' अहिले बेलायतका प्रत्येक ब्रा कम्पनीले न्यूनतम १४ देखि ३० किसिमका ब्रा उत्पादन गरिरहेका छन् ।

ब्राको नयाँ डिजाइन एवं शैली प्रस्तुत गर्ने क्रममा इको ब्राअन्तर्गत बाँसले बनेको ब्रा प्रस्तुत गरिएको थियो भने स्तनको आकार नमिलेका महिलाहरूका लागि फुकेर लगाउन मिल्ने ब्रासमेत निर्माण गरिएको छ ।








# देशलाई दसैंको उपहार

**साप्ताहिक समाचार**

काठमाडौं- महान् पर्व बडादसैंको पूर्वसन्ध्यामा अभाव, महँगी एवं राजनैतिक अस्थिरताले निम्ताएको अन्योलको वातावरणमा रहेका नेपालीहरूका लागि १९ वर्षमुनिका नेपाली महिला क्रिकेट टिमले सिंगापुरबाट सुखद् समाचार सम्प्रेषण गरेका छन् । एसियाली क्रिकेट काउन्सिल (एसीसी) ले आयोजना गरेको उमेर समूहअन्तर्गतको एसियाली स्तरको क्रिकेट प्रतियोगितामा नेपाली महिला क्रिकेट टिमले लगातार दोस्रो पटक उपाधिमाथि कब्जा जमाएर उमेर समूह क्रिकेटमा आफ्नो वर्चश्व स्थापित गरेको छ ।

एसिसिद्वारा आयोजित १९ वर्षमुनिको महिलाहरूको प्रतियोगिता-२०१० मा अपराजित रहँदै फाइनल यात्रा तय गरेको नेपाली टिमले वर्षाद्वारा बाधित फाइनलमा भुटानलाई ५ विकेटले पराजित गरेको हो । प्रतियोगिताको फाइनलमा एकाबिहानैदेखि वर्षाले बाधा पुऱ्याएपछि निर्धारित २५ ओभरको खेललाई २० ओभरमा सीमित गरिएपछि भुटानले टस हारेर पहिले ब्याटिङ गर्नु परेपछि नेपालको बलिङ चम्किएको थियो । पहिले ब्याटिङ गर्दै भुटानले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै ५३ रन बनाएको थियो । जितका लागि ५४ रनको लक्ष्य पाएको नेपालले प्रतिउत्तरमा ५ विकेट गुमाउँदै १७ दशमलबव २ ओभरमै ५४ रन बनाएर आफ्नो विजय यात्रालाई निरन्तरता दिएको थियो ।

फाइनलमा नेपालका तर्फबाट उत्कृष्ट प्रदर्शन गर्ने सरिता मगरलाई प्लेयर अफ दि म्याच चुनिएको थियो । अलराउन्डरका रूपमा टिममा सहभागी मगरले पहिले बलरका रूपमा २ ओभर बलिङ गर्दै १ ओभर मेडन राखेर ६ रन दिएर १ विकेट लिएकी थिइन् भने ब्याट्सवुमनका रूपमा मगरले संयमित रूपमा ४५ बलमा २३ रन बनाएर नेपालको जितको आधार खडा गरेकी थिइन् ।

उमेर समूहको क्रिकेटमा नेपाली महिलाहरूको यो उपलब्धिले नेपाली महिलाहरूलाई क्रिकेटप्रति थप आकर्षित गर्ने विश्वास गरिएको छ । पुरुष खेलाडीहरूको तुलनामा अवसर र सुविधा दुवै कम पाएका नेपाली महिला खेलाडीहरूको प्रतिभा एवं प्रदर्शन विकासका लागि नेपाल क्रिकेट एसोसिएसनले गम्भीरतापूर्वक सोच्नुपर्ने कुरालाई पनि सिंगापुरमा नेपालले पाएको सफलताले पुष्टि गरेको छ ।

प्रतियोगितामा सहभागी कुल १० टिममध्ये नेपाल हङकङ, कुवेत, कतार तथा आयोजक सिंगापुरसहित समूह 'ए' मा थिए । समूह चरणका खेलहरूमा क्रमशः हङकङलाई ७९ रनले, कुवेतलाई ७ विकेटले, सिंगापुरलाई ७० रनले र कतारलाई ४९ रनले पराजित गरेको नेपालले सेमिफाइनलमा युएईलाई ८१ रनले पराजित गरेर फाइनलमा प्रवेश गरेको थियो ।

कप्तान नेरी थापाको प्रेरणादायी प्रदर्शनका आधारमा नेपालले उपरोक्त सफलता चुमेको थियो । प्रतियोगितामा नेपाली कप्तान नेरी थापाको प्रदर्शन कतिसम्म प्रभावशाली थियो भने नेपालले खेलेका ६ खेलमा कप्तान नेरी थापा सेमिफाइनलसहित ४ खेलमा प्लेयर अफ दि म्याच चुनिएकी थिइन् । बल र ब्याट दुवैमा चम्किएकी कप्तान थापाले प्रतियोगिता अवधिभर ब्याटिङतर्फ १ अर्धशतक (सेमिफाइनलमा ६६ रन) सहित कुल १ सय ९१ रन बनाउँदै ८ बलिङतर्फ ८ विकेट लिएकी थिइन् ।

कप्तान नेरी थापाको यस्तो प्रभावशाली प्रदर्शनले नेपाललाई प्रतियोगितामा सफलता मात्र दिलाएन अपितु स्वयं कप्तान थापालाई समेत प्रतियोगिताकै उत्कृष्ट खेलाडीका रूपमा समेत सम्मानित हुने अवसर जुरायो ।

# सैनिकलाई उपाधि



मोरङ- 'कुलतमा लागेका युवाहरूलाई खेलको माध्यमबाट पुनर्स्थापित गरौं' भन्ने मूल नाराका साथ मोरङको जहदामा आयोजित 'दोस्रो जहदा च्यालेन्ज कप-२०६७'को उपाधि साविक विजेता सैनिक युथ क्लब, झापाले जितेको छ । चर्चब्वाइज फुटबल क्लब, काठमाडौंलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्दै सैनिक युथ क्लब झापाले पुनः उपाधिमाथि कब्जा जमाएको हो ।

गत शुक्रबार भएको फाइनल खेलको २६ औं मिनेटमा विजेता टिमका लागि सुजल श्रेष्ठले एक मात्र निर्णयक गोल थिए । फाइनल खेलको म्यान आफ द म्याच सैनिकका खेलाडी गणेश खड्का र म्यान अफ द सिरिज सैनिककै दिलेन लोक्ताम घोषित भए ।

यो प्रतियोगितामा डाँगिहाट फुटबल क्लब मोरङ, आयोजक नव प्रगतिशील समाजसेवा क्लब जहदा मोरङ, शान्तिनगर फुटबल क्लब इटहरी, पाहुना टिम युनाइटेड फुटबल क्लब कर्साङ भारत पहिलो चरणबाटै बाहिरिएका थिए भने ट्याम्के फुटबल क्लब, धरान तथा चन्द्रगढी फुटबल क्लब, झापा सेमिफाइनलमा पराजित भएका थिए ।

● **अर्जुन जम्नेली राई**

# पुरस्कार खसी, बंगुर, भाले र अन्डा



● **राजु घिसिङ**

काठमाडौं- कुनै पनि प्रतियोगिता जित्नेले के पाउँछन् ? धेरैको जवाफ हुन्छ, 'ट्रफी' वा 'नगद' । यस्तो पुरस्कार त वर्षैभरि हुने प्रतियोगिताका विजेता पाउँछन् । हर्षोल्लाससाथ मनाइने पर्व बडादसैंमा खेलको रौनक बेग्लै हुने गरेको छ । दसैंमा हुने प्रतियोगितामा जित्नेलाई ट्रफी होइन, खसी प्रदान गरिन्छ । त्यसैले प्रतियोगिताको नामै 'खसी कप' राख्ने गरिएको छ । दसैंताका महँगी अचाक्ली बढ्छ । यसपल्ट पनि विगतकैजस्तै महँगी चुलिएको छ । हरेक सामानको मूल्य बढ्दा खसीको मोल पनि नबढ्ने कुरै भएन । त्यसैले दसैंको अवसरमा हुने सबै प्रतियोगितामा विजेता तथा उपविजेतालाई पुरस्कार खसी नै दिइन्छ भन्ने छैन, थोरै खर्चको प्रतियोगितामा पुरस्कार कुखुराको भाले वा अन्डा पनि हुन सक्छ ।

नक्सालका युवाले फूलपातीमा फाइनल सञ्चालन गर्ने गरी खसी कप फुटबल सञ्चालन गरे, जसमा नक्साल वरिपरिका १४ टिम सहभागी थिए । 'दसैंलाई रमाइलो तुल्याउन फुटबल खेलाएका हौं', आयोजक सदस्य दुर्योधन बज्राचार्यले भने, 'त्यसैले विजेतालाई २५ केजीको खसी प्रदान गऱ्यौं । उपविजेताले १५ केजीको खसी पाए । तेस्रो हुनेलाई कुखुराको भाले तथा चौथोलाई तीन क्रेट अन्डा पुरस्कार प्रदान गरियो ।'

खसी टोलमै रहोस् भनेर नक्सालबाहिरका टिमलाई सहभागी नराइएको दुर्योधनले बताए । नक्सालमा मात्र होइन, राजधानी काठमाडौं अनि मोफसलका गाउँ-सहर, टोल-चोक र गल्लीमा दसैंको अवसरमा खसी उपहार दिने प्रतियोगिताहरू सञ्चालन भैरहेका छन् । भदौदेखि सुरु भएका यस्ता प्रतियोगिता तिहारसम्म आयोजित गरिन्छन् ।

धरानको कालो बंगुरको मासु खुबै चर्चित छ । धरानेहरू चाडपर्व मनाउन अगाडि नै हुन्छन् । उनीहरू मनोरञ्जनमा पनि खप्पिस मानिन्छन् । त्यसैले दसैंका बेला धरानका चोक-चोकमा खसी कप मात्र होइन, विजेतालाई बंगुर पुरस्कार दिइने 'बंगुर कप फुटबल' पनि सञ्चालन गर्ने चलन छ । यसपल्ट पनि यस्ता प्रतियोगिता सुरु भएको एक महिना भैसकेको भोटेपुल फुटबल क्लबका अध्यक्ष किशोर गुरुङले बताए ।

खेलको राजाका रूपमा परिचित फुटबलकै धेरै प्रतियोगिता दसैंमा आयोजित गरिन्छ । सायद, खेल्ने तरिका सजिलो, सबैले बुझ्ने नियम र विश्वकै सर्वाधिक लोकप्रिय खेल भएर होला । नेपाली गाउँमा भने भलिबल सर्वाधिक लोकप्रिय खेल हो । त्यसैले खसी उपहार राखेर दुर्गम क्षेत्रका गाउँमा पनि भलिबल प्रतियोगिता गर्ने चलन छ ।

नेपालले अन्तर्राष्ट्रिय स्तरमा पाएको सफलतासँगै क्रिकेट पनि गाउँ-सहर सबैतिर लोकप्रिय बन्दैछ । त्यसैले विभिन्न स्थानमा क्रिकेट पनि भैरहेको छ । कुखुरा र अन्डा पुरस्कार राखेर ब्याडमिन्टन, चेस, टेबलटेनिसलगायतका खेल पनि भैरहेका छन् । यस्ता आकर्षक पुरस्कार र व्यस्त खेलले चाडबाडमा खुबै खेलिने तासको खराब लत छुटाउँछ ।

खसी, बंगुर, भाले र अन्डा पुरस्कार भएका प्रतियोगितामा सधैं खेलमा व्यस्त हुने खेलाडी मात्र सहभागि हुदैनन्, कहिलेकाहीं मात्र प्रतिस्पर्धामा उत्रनेहरूले पनि जोस देखाउँछन् । धेरै खेलाडी वर्षमा एकपटक अर्थात् दसैंका लागि खेल्ने हुन्छन् । उनीहरू खसी, बंगुर, भाले र अन्डा पुरस्कार भएका प्रतियोगिता मात्र खेल्दैनन्, ठूलो रकम बाजीका रूपमा राखेर भिडन्तमा उत्रन्छन् ।



# सत्रौं तिलोत्तमा गोल्डकप

बुटवल- तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको १७ औं संस्करण बुटवल देवीनगरस्थित फिफा टेक्निकल सेन्टरको मैदानमा संचालन हुने भएको छ । प्रतियोगितामा बंगलादेशको एक तथा नेपालका ए डिभिजनका ११ टिमको सहभागिता रहनेछ । नकआउटका आधारमा खेलाइने प्रतियोगितामा रुपन्देही-११, सहारा क्लब पोखरा, ए.पी.एफ., नेपाल आर्मी, नेपाल प्रहरी, धरान फुटबल क्लब, एनआरटी क्लब, जावलाखेल युथ क्लब, फ्रेन्ड्स क्लब, हिमालयन शेर्पा क्लब, एन्फा-११ र बंगलादेश फुटबल क्लबले प्रतिस्पर्धा गर्दैछन् ।

प्रतियोगितामा प्रथम हुनेलाई १ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ नगदसहित गोल्डकप प्रदान गरिनेछ भने दोस्रो हुनेलाई ७७ हजार ७ सय ७७ रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ । त्यसैगरी खेल अवधिभर सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षक सबैलाई ५ हजार ५ सय ५५ रुपैयाँका दरले पुरस्कृत गरिनेछ । प्रतियोगितामा करिब २५ लाख रुपैयाँ खर्च हुने तथा २७ लाख आम्दानी गर्ने लक्ष्य राखिएको छ ।

तिलोत्तमा गोल्डकपको संरक्षक बुटबल नगरपालिकाले प्रतियोगिताको निरन्तरताका लागि आफ्नो वार्षिक बजेटमा ५ लाख रुपैयाँ विनियोजन गर्दै आएको छ । २०३३ सालमा प्रारम्भ भएको तिलोत्तमा गोल्डकप २०४३ सम्म प्रत्येक वर्ष, नवौं संस्करण २०५० मा, दसौं संस्करण २०५२ र पन्ध्रौं संस्करण २०५८ मा सम्पन्न गरेपछि राजनीतिक जटिलताले १६ औं संस्करण गत वर्ष मात्र सम्पन्न भएको थियो ।

● **टोपराज शर्मा**





# हङकङमा नेपाली फेसन शो

● **निर्मल श्रेष्ठ**

हङकङका नेपाली तन्नेरीहरूबीच बर्सेनि सुन्दरी प्रतियोगिता त हुँदै आएको थियो, तर फेसन शोमार्फत पहिरन प्रतिस्पर्धा भने धेरै पछि मात्र आयोजित गरियो। गत आइतबार वानचाइस्थित भर्टिगो अल्ट्रा लङ बारमा आयोजित गेल्म नाइटमा पाँचवटा बुटिकले प्रतिस्पर्धा गरे। करिब मध्यरातमा प्रारम्भ भएको फेसन शोमा विगतमा विभिन्न सुन्दरी प्रतियोगितामा सहभागी प्रतियोगी मात्र होइनन्, विजेता सुन्दरीसहित १५ जनाको सहभागिता थियो। स्थानीय कलाकारहरूका विभिन्न सांगीतिक प्रस्तुतिसहित करिब चार घण्टा चलेको कार्यक्रममा युवाहरू त सहभागी थिए नै, रमाइलो गर्नेमा पाकाहरूसमेत उत्तिकै थिए।

स्थानीय वेबपत्रिका बगैंचा डटकमद्वारा आयोजित फेसन प्रतिस्पर्धामा करिश्मा, माया, ड्रिम्स, स्पाइस वस्त्र तथा नभ्यता कलेक्सनको सहभागिता थियो। उक्त रात बिराला चालमा हिँड्दै बारुली कम्मर मर्काउनेहरूमा मिस पर्ल हङकङ नेपाल दीपा गुरुङ, सेकेन्ड रनर्सअप ज्योति गुरुङलगायत हालै साप्ताहिकको ब्लो अपमा प्रस्तुत भएकी एलिजा पुनसमेत थिइन्। ट्यालेन्ट हन्ट इन्टरनेसनलमा सेकेन्ड रनर्सअपको उपाधि जितेकी गीता थापा मगर तथा मोडल बोना राई समेत आफैले डिजाइन गरेका पहिरनमा प्रस्तुत भए। केही महिनाअघि साप्ताहिकको ब्लो-अपमा छाइसकेकी बोनाका पहिरन एवं चालले बियर र ह्वीस्कीका चुस्कीमा रमाइरहेका दर्शकहरूमा अझ नशा थप्यो। सहभागी मोडलहरू साडी, इभनिङ गाउन तथा क्याजुयल पहिरनमा प्रस्तुत भएका थिए।

डिजाइनरहरूले विभिन्न थिमअनुरूप तयार पारेका पहिरनसहित मोडलहरू एक-एक गर्दै स्टेजमा देखा पर्दै गए। माया फेसनकी माया पुनले इथनिक (अल्पसंख्यक) थिममा पन्जाबी र नेपाली पहिरनको सम्मिश्रण प्रस्तुत गरिन्। नभ्यता कलेक्सनकी रेनु श्रेष्ठले भने एसियन थिममा नेपाली ढाकाको उलन कपडाले तयार पारिएको इभनिङ गाउन प्रस्तुत गरिन्। करिश्मा फेसनकी करिश्मा र स्पाइस बस्त्रकी बोना राईले पनि आ-आफ्ना थिममा बनाइएका पहिरनमा मोडलहरूलाई उतारे, जसमा नभ्यता कलेक्सनको पहिरन उत्कृष्ट ठहरियो। मिस पर्ल हङकङ नेपालकी सेकेन्ड रनर्सअप ज्योति गुरुङ बेस्ट मोडल घोषित भइन्।

फेसन शोमा स्थानीय गायकहरूका सांगीतिक प्रस्तुतिले समेत दर्शकको मन जिते। कार्यक्रमको सुरुमै आएका पूर्ण राईको कर्णप्रिय बासुरी बादनले सबैलाई मन्त्रमुग्ध तुल्यायो। गायक टोपराज लामासमेत उत्तिकै मन पराइए। गायिका सृष्टि सुनुवार, शरद तथा मञ्जु श्रेष्ठका गीतमा पनि दर्शक उत्तिकै ताते। बिहान करिब ३ बजे फेसन शो सम्पन्न भएको घोषणा गरिएको थियो।



# प्रधानमन्त्री पर्यटक बन्दा

**भीषण राई**

चतरा- कामचलाउ प्रधानमन्त्री माधवकुमार नेपालले गत बुधबार कोसी नदीमा सञ्चालित वाटर जेटको उद्घाटन गर्दै त्यसको यात्रा गरे। प्रधानमन्त्री नेपाल त्यस दिन देशको प्रधानमन्त्री होइन, कुनै पर्यटकजस्ता देखिन्थे। कार्यक्रममा भन्दा पनि उनलाई जेट बोट चढ्न हतार भएझैं लाग्थ्यो। प्रधानमन्त्री नेपालले थुप्रै विमान रेल चढेका होलान्, तर आफ्नै देशमा यसरी जेट बोटको यात्रा भने गरेका थिएनन् होला। लाइफ ज्याकेट लगाउँदै जेटमा चढेपछि प्रधानमन्त्री नेपालले आफूसँगै अरूलाई पनि बोटमा चढ्न सङ्केत गरिरहेका थिए। २० जनासम्म अट्ने बोटमा प्रधानमन्त्रीसहित अन्य विशिष्ठ व्यक्तित्वहरूको पनि सहभागिता थियो।

लगत्तै चालकले जेटलाई पानीको मूल भँगालोमा धकेले। केही क्षणमै बोटले आफ्नो गति लिइहाल्यो। जेटमा बस्ने सबैको अनुहारमा उल्लास छायो। निकै भीडभाडयुक्त उद्घाटन स्थलका मानिसहरू बिस्तारै ओझेल पर्दै गए।

बोटले कोसीको अर्को भँगालो समातिसकेको थियो। दाहिनेतर्फको मुख्य भँगालो हुँदै जेट कुद्न थाल्यो भने पैदल हिँड्दा दुई घण्टा लाग्ने बराहक्षेत्र मन्दिर सात मिनेटमा पुगेको कसैले चालै पाएनन्। पवित्र सप्तकोसी र कोकाहाको किनारमा बोट रोकिएपछि मात्र थाहा भयो।

सुनसरीको चतरा कुम्भ स्तम्भबाट प्रधानमन्त्री नेपाल चढेको जेट बराहक्षेत्र मन्दिरमा पुगेको थियो भने त्यहाँ प्रधानमन्त्री माधवकुमार नेपालले बराहक्षेत्र मन्दिरको दर्शन गरेका थिए। केही समयपछि जेटले फेरि प्रधानमन्त्री नेपाललाई ल्याएर उद्घाटनस्थल चतराको कुम्भस्तम्भमा छाडेको थियो।

प्रधानमन्त्री नेपालले जेट बोटबाट ओर्लंदै चतराको मुक्तकण्ठले प्रशंसा गरे। 'यहाँजस्तै अन्यत्र पनि जलयात्रा हुनुपर्छ,' प्रधानमन्त्री नेपालले सप्तकोसी किनारमा पर्यटक यात्रीको शैलीमा भने- 'साँच्चै कति राम्रो ठाउँ।' पर्यटकीय स्थल बराहक्षेत्र भएर बग्ने नेपालकै सबैभन्दा ठूलो र लामो नदी सप्तकोसी नदीमा अहिले जेट बोट घण्टा-घण्टामा चल्न थालेका छन्। यहाँ भर्खरै सुम्निमा जल यातायात प्रालिले आधुनिक जेटबोट सञ्चालनमा ल्याएको छ भने नेपाल रिभर ट्रान्सपोर्टको बोट पनि सञ्चालनमा आएको छ।

अहिले जेटबोट धनकुटाको सिम्लेसम्म पुग्ने गरेको छ। जम्मा १५ किलोमिटरको यात्रा जेटबोटले १३ मिनेटमै सम्पन्न गर्छ। भाडा निर्धारण नगरिए पनि हाल चतराबाट सिम्लेसम्मको २ सय रुपैयाँ भाडा लिने गरिएको छ। बोटमा चढ्ने यात्रुहरूको बिमा गरिएको छ भने लाइफ ज्याकेटको पनि व्यवस्था छ। जेट बोट डुब्ने वा पल्टिने सम्भावना न्यून हुन्छ। यसको चारैतिर ट्युब राखिएको हुन्छ। यो जेटबोट पानी पर्दा र राति पनि कुदाउन मिल्ने खालको छ।

अहिले यसको परीक्षण भैरहेको छ, पछि खोटाङको हलेसीसम्म यात्रा गराउन सकिन्छ- सुम्निमा जल यातायात प्रालीका कार्यकारी सदस्य हरि वैरागी दाहालले भने। वराहक्षेत्र अहिले पर्यटकहरूका लागि आकर्षक क्षेत्र भएको छ। र्‍याफ्टिङ, पिकनिक, माछा मार्ने, पौडी खेल्ने, डुंगा चढ्ने तथा चराहरू अवलोकन गर्ने चतरामा आधुनिक जेट बोट कै कारण पर्यटकहरू वृद्धि हुने विश्वास लिन सकिन्छ।






कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।